निर्वाचन प्रतिवेदन

# नेपालको संविधानसभा निर्वाचन २०१३ को पर्यवेक्षण

## अन्तिम प्रतिवेदन








THE
CARTER CENTER

# नेपालको संविधानसभा निर्वाचन २०१३ को पर्यवेक्षण

अन्तिम प्रतिवेदन

THE CARTER CENTER

वन कोपेनहिल
४५३ फ्रिडम पार्कवे
एटलान्टा, जीए ३०३०७
(४०४) ४२०-५१८८
www.cartercenter.org



© Nations Online Project
NEPAL
National capital
Regional seat
Zonal seat
District seat
International boundary
Regional boundary
Zonal boundary
Main road
Secondary road
Railroad
Airport
0 20 40 60 80 100 km
0 10 20 30 40 50 60 mi
N
CHINA
TIBET
INDIA
BGD
FAR WEST
MID-WEST
WEST
CENTRAL
EAST
MAHAKALI
SETI
KARNALI
BHERI
RAPTI
DHAWALAGIRI
GANDAKI
LUMBINI
BAGMATI
NARAYANI
JANAKPUR
SAGARMATHA
KOSHI
MECHI
Kathmandu
Api
Saipal
Dhaulagiri
Annapurna
Manaslu
Shishapangma
Cho Oyu
Mount Everest
Makalu
Kangchenjunga
Simikot
Darchula
Baitadi
Chainpur
Martadi
Gamagadhi
Dadeldhura
Dipayal
Silghadi
Jumla
Manma
Mahendranagar
Dailekh
Dunai
Dhangadhi
Jajarkot
Birendranagar
Jumlikhalanga
Muktinath
Jomosom
Chame
Salyan
Liwang
Beni
Kusma
Baglung
Pokhara
Bisisahar
Gorkha
Gulariya
Tulsipur
Tamghas
Syangja
Nepalgunj
Ghorahi
Pyuthan
Damauli
Dhunche
Dhadingbesi
Bidur
Chautara
Sandhikharka
Tansen
Butwal
Bharatpur
Bhaktapur
Charikot
Patan
Dhulikhel
Taulihawa
Siddharthanagar
Parasi
Lumbini
Hetauda
Salleri
Khandbari
Taplejung
Okhaldhunga
Ramechhap
Bhojpur
Phidim
Sindhulimadi
Dikte
Terhathum
Kalaiya
Dhankuta
Malangawa
Birgunj
Gaur
Dharan
Ilam
Janakpur
Gaighat
Siraha
Inaruwa
Chandragadhi
Jaleswor
Rajbiraj
Biratnagar

# विषय सूची


मूल सारांश ................................................................ ४

नेपालमा कार्टर सेन्टर ................................................ १२

निर्वाचन पर्यवेक्षण कार्यपद्धति ...................................... १३
- निर्वाचन मूल्यांकनका लागि मापदण्ड ................ १४
- दीर्घकालीन पर्यवेक्षकहरुको परिचालन ................ १५
- अल्पकालीन पर्यवेक्षकहरुको परिचालन ............... १६
- नेतृत्व टोली ................................................ १६
- अन्तर्राष्ट्रिय सहयोग ..................................... १७

ऐतिहासिक र राजनीतिक पृष्ठभूमि ................................ १८
- बहुदलीय प्रजातन्त्र ....................................... १८
- माओवादी द्वन्द्व ........................................... १८
- शान्ति प्रक्रिया ............................................ १९
- पहिलो संविधानसभाको निर्वाचन ....................... २०
- पहिलो संविधानसभा ..................................... २०
- संविधानसभाको विघटन ................................. २१
- संवैधानिक संकट र दोस्रो संविधानसभा निर्वाचन....................................................... २२

निर्वाचकीय निकायहरू र सन् २०१३ को संविधानसभा निर्वाचनको खाका .................................. २३
- अन्तरिम संविधान .......................................... २३
- कानूनी खाका ............................................... २३
- निर्वाचकीय प्रणाली ..................................... २५
- निर्वाचन व्यवस्थापन .................................... २६
- सीमा निर्धारण ............................................ २९

निर्वाचनपूर्वका विकासक्रमहरू ...................................... ३१
- मतदाता दर्ता .............................................. ३१
- मतदाता शिक्षा ............................................. ३२
- उम्मेदवार तथा दल दर्ता ............................... ३४
- निर्वाचन प्रचार ............................................ ३६
- प्रचारप्रसारको खर्च ....................................... ३८
- संचारमाध्यम ............................................... ३९
- निर्वाचन सम्वन्धी हिंसा ................................. ४०
- नागरिक पर्यवेक्षण ........................................ ४२
- निर्वाचकीय विवाद समाधान ............................. ४३

निर्वाचनको दिन ......................................................... ४५
- मतदानको शुरूवात ....................................... ४६
- मतदान ...................................................... ४६
- मतदान समापन तथा गणना केन्द्रतर्फ ढुवानी ...................................................... ४७
- सुरक्षा ....................................................... ४८
- नागरिक पर्यवेक्षक समूहहरुको पहुँच .................. ४९

निर्वाचनपश्चात्का विकासहरू ....................................... ५०
- मतगणना तथा तालिकीकरण ............................ ५०
- निर्वाचन परिणामहरु ...................................... ५२
- निर्वाचनसम्बन्धी विवाद समाधान ..................... ५५

निष्कर्ष तथा सुझावहरू ................................................ ५७
- निष्कर्षहरु ................................................... ५७
- सुझावहरु .................................................... ६२

अनुसूची कः आभार .................................................... ६६

अनुसूची खः कार्टर सेन्टरको पर्यवेक्षण प्रतिनिधिमण्डल र कर्मचारीहरू .................................... ६७

अनुसूची गः प्रयोग गरिएका शब्द-संक्षेप तथा अर्थहरू ....................................................................... ७०

अनुसूची घः नेपाल परियोजना समयरेखा ........................ ७२

अनुसूची ङः वक्तव्यहरू ............................................... ७५

अनुसूची चः निर्वाचनको दिन खटिएका टोलीहरू र खाका ...................................................... १०७

अनुसूची छः चेकलिस्ट (जाँचसूची) हरू ........................ ११०

अनुसूची जः आमन्त्रण पत्र .......................................... ११८

# मूल सारांश

नेपालमा सन् २००६ को नोभेम्बरमा भएको सशस्त्र द्वन्द्वको अन्त्यपश्चात् १९ नोभेम्बर २०१३ मा दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भयो । नयाँ संविधान निर्माणको जनादेश पाएको पहिलो संविधानसभा संघीय राज्यको संरचनालगायतका प्रमुख मुद्दाहरुमा सहमतिमा पुग्न सकेको थिएन । प्रारम्भिक दुई वर्ष र त्यसपछि चार पटक थपिएको अवधिमा पनि संविधान नबनेपछि मे २०१२ मा उक्त सभा विघटन भयो । सर्वोच्च अदालतले त्यसपछि उक्त जनादेशको अवधि थप गर्न अस्वीकार गर्‍यो । नयाँ संवैधानिक खाकाका सम्बन्धमा सहमतिमा पुग्न नसक्नु, संविधानसभाको विघटन तथा नयाँ निर्वाचन गराउने सरकारको नेतृत्व गर्ने दलको सम्बन्धमा भएको असहमतिले राजनीतिक र संवैधानिक संकट लम्बिरह्यो । प्रमुख राजनीतिक

*१९ नोभेम्बर २०१३ का दिन भएको दोस्रो संविधानसभाको निर्वाचन सुसञ्चालित थियो र त्यसले मौलिक लोकतान्त्रिक निर्वाचनका लागि अन्तर्राष्ट्रिय दायित्वहरुको सम्मानमा गहिरो प्रयास प्रदर्शित गर्‍यो ।*

दलहरुबीच भएका छलफलहरुको फलस्वरुप बहालबाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा अन्तरिम सरकार निर्माण गर्ने र दोस्रो संविधानसभाका लागि निर्वाचन गर्ने सहमति बन्यो । यो सहमतिमा मुख्य माओवादी दलबाट अलग भएको समूहको नेतृत्वमा रहेका दलहरु सहमत भएनन् र उनीहरुले निर्वाचन प्रणालीका विरूद्ध बेलावखत हिंसात्मक बहिष्कार पनि गरे ।

कार्टर सेन्टरले नेपालमा सन् २००७ देखि शान्ति प्रक्रिया, संविधानसभाको काम तथा मतदाता दर्तालगायतका मुख्य निर्वाचकीय तयारीहरुको पर्यवेक्षण गर्नका लागि पर्यवेक्षकहरुको एक समूहलाई कायम राखेको थियो । मन्त्रीपरिषद्का अध्यक्ष तथा निर्वाचन आयोगको आमन्त्रणपश्चात् सेन्टरको जारी नियोग २५ सेप्टेम्बर २०१३ देखि अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोगमा परिणत भयो । त्यसपछि नेपालका ६ प्रमुख शहरहरुमा १२ जना दीर्घकालीन पर्यवेक्षकहरु खटाइयो । निर्वाचनको दिन नजिकिँदै गर्दा मतदान तथा गणनाको पर्यवेक्षण गर्नका लागि थप ५४ जना अल्पकालीन पर्यवेक्षकहरु खटिएका थिए । समग्रमा, कार्टर सेन्टरका पर्यवेक्षकहरुले ३१ देशको प्रतिनिधित्व गरेका थिए । नियोग पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टर तथा थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री माननीय डा. सुराकियात साथीराथाईको नेतृत्वमा थियो । कार्टर सेन्टरले आफ्ना मूल्यांकनहरु नेपालको कानूनी खाका तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय सन्धिहरुमा उल्लेखित लोकतान्त्रिक निर्वाचनका लागि नेपालको दायित्वहरुमा आधारित भई गरेको थियो । कार्टर सेन्टरको पर्यवेक्षण नियोग अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका लागि सिद्धान्तहरुको घोषणाको अनुरुप सञ्चालित थियो ।[1]

२ जनवरी २०१४ मा निर्वाचन आयोगले दोस्रो संविधानसभाका औपचारिक परिणामहरु राष्ट्रपतिसमक्ष पेश गर्‍यो । ६०१ सिटको संविधानसभामा नेपाली कांग्रेस तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) नेकपा (एमाले) क्रमशः १९६ तथा १७५ सिटका साथ सबैभन्दा ठूला दुई दल बन्न पुगे । एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी; एनेकपा माओवादी) ले ८० सिटमा विजय प्राप्त गर्‍यो र अघिल्लो संविधानसभामा पाएको सबैभन्दा ठूलो दलको हैसियत गुमायो । राष्ट्रिय प्रजातन्त्र पार्टी-नेपाल (राप्रपा-नेपाल) ले पहिलो हुने (प्रत्यक्ष) तर्फ कुनै सिट नजिते पनि समानुपातिक प्रतिनिधित्वतर्फको परिणामबाट प्राप्त गरेको २४ सिटका साथ संविधानसभाको चौथो ठूलो दलको रुपमा उदायो । मधेश-आधारित दलहरुले समग्रमा ५० सिटहरुमा विजय प्राप्त गरे । समग्रमा, निर्वाचनको प्रतिस्पर्धामा उत्रिएका १२२ दलहरुमध्ये ३० दलहरुसँगै दुई जना स्वतन्त्र उम्मेदवारहरुले संविधानसभामा प्रतिनिधित्व गर्न पाए ।

१. अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा आचारसंहिताका सिद्धान्तहरुको घोषणालाई संयुक्त राष्ट्रसंघले सन् २००५ मा अङ्गीकार गरेको थियो । कार्टर सेन्टर सिद्धान्तहरुको घोषणालाई अनुमोदन गर्ने ४० भन्दा बढी अन्तरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुमध्ये एक हो । थप विवरणका लागि निर्वाचन पर्यवेक्षण कार्यपद्धतिमा हेर्नुहोस् ।

डेभोरा ह्याम्स



काठमाडौंमा एक नेपाली पुरूष राजनीतिक जुलुसका लागि झण्डाहरु तयार पार्दै । मोटरसाइकल वालाहरुले ती झण्डाहरु मोटरसाइकलहरुमा बाँधेर काठमाडौंका साँघुरा सडकहरुमा दौडिएका थिए ।

निर्वाचन प्रणालीको समानुपातिक प्रतिनिधित्वतर्फ राखिएको कोटाको प्रावधानका कारणले गर्दा नेपालको संविधानसभा अहिले पनि दक्षिण एशियामा सबैभन्दा बढी समावेशी भएको वैधानिक निकाय बनेको छ, तर समावेशिताको मात्रा सन् २००८ को भन्दा केही घटेको छ । निर्वाचित ५७५ सभासदमध्ये ३० प्रतिशत महिला छन् । जातीय तथा वर्गीय विविधताको हकमा निर्वाचित अङ्गमा ७ प्रतिशत दलित, ३४ प्रतिशत जनजाति तथा १८ प्रतिशत मधेशीहरुको प्रतिनिधित्व छ । बाँकी रहेको ४१ प्रतिशत भने खस आर्यन र अन्य वर्गमा परेको छ ।[२]

२१ जनवरी २०१४ का दिन संविधानसभाका निर्वाचित सदस्यहरुले शपथ लिए । प्रतिवेदन लेखिँदै गर्दाको समय (फेब्रुअरी २०१४) मा २६ जना मनोनित सदस्यहरुको मनोनयन र चार निर्वाचन क्षेत्रहरुमा पुनःनिर्वाचन हुन बाँकी छ ।

## मुख्य तथ्य तथा सुझावहरू

१९ नोभेम्बर २०१३ का दिन भएको दोस्रो संविधानसभाको निर्वाचन सुसञ्चालित थियो र त्यसले मौलिक लोकतान्त्रिक निर्वाचनका लागि अन्तर्राष्ट्रिय दायित्वहरुको सम्मानमा गहिरो प्रयास प्रदर्शित गर्‍यो । समग्रमा निर्वाचनको सफलतापूर्वक भएको सञ्चालन संविधानसभा विघटन भैसकेपछि महिनौसम्मको राजनीतक संकट र बहिष्कार गरिरहेका केही राजनीतिक दलहरुको निर्वाचन प्रक्रियालाई बिथोल्न खोज्ने प्रयासहरुको सन्दर्भमा एक उल्लेखयोग्य सफलता थियो । यी चुनौतीहरुको वाबजुद निर्वाचन प्रक्रियाका धेरै गहन पक्षहरुमा सन् २००८ मा भएको पहिलो संविधानसभाको निर्वाचनभन्दा सुधार आएको थियो । निर्वाचन अवधिमा हिंसाका छिटपुट घटना तथा सन्त्रासका प्रकरणहरु भए पनि सो प्रक्रिया सन् २००८ को निर्वाचनको भन्दा बढी शान्तिपूर्ण थियो । ती आधारमा, शान्ति प्रक्रियालाई अघि बढाउने र लोकतान्त्रिक वैधतालाई पुनर्स्थापित गर्ने निर्वाचनका लागि नेपालीहरु बधाइका पात्र छन् ।

यी सफलताहरुको वाबजुद भविष्यमा हुने लोकतान्त्रिक निर्वाचनका लागि नेपालका अन्तर्राष्ट्रिय दायित्वहरुको पूर्ण पालना सुनिश्चित गर्न निर्वाचकीय प्रक्रियाहरुमा सुधार ल्याउन सकिने केही क्षेत्रहरु विद्यमान छन् । नयाँ संविधान निर्माणलाई पूर्णता दिने र राष्ट्रको सांगठनिक खाका स्पष्ट पार्ने

२. नेपालमा पहिचानका धेरै ठूला वर्गहरु छन् जुन केही परस्परभेदी छन् । मधेशी शब्दले सीमापारीको भारतीय भूभागसम्म सशक्त सांस्कृतिक, भाषिक तथा सामाजिक सम्बन्ध गाँसिएका समथर भूभागमा बस्नेहरुलाई बुझाउँछ । दलितहरु जाति व्यवस्थामा ऐतिहासिक रुपमा उपेक्षित र भेदभाव गरिएका समुदाय हुन् र नेपालभरि नै छरिएर रहेको पाइन्छ । जनजाति भन्नाले नेपालीभन्दा बेग्लै मातृभाषाका आदिवासी जनताहरुलाई बुझाउँछ । खस आर्य भन्नाले बाहुन, क्षेत्री तथा ठकुरीजस्ता नेपाली भाषा बोल्ने प्रभुत्वशाली जातहरुलाई बुझाउने छाता शब्द हो ।

जनादेश पाएको यो दोस्रो संविधानसभासँग आगामी निर्वाचन कानूनहरुलाई परिष्कृत गर्ने अद्वितीय अवसर पनि छ । निर्वाचन आयोगसँग पनि चौतर्फी अपेक्षा गरिएको स्थानीय निर्वाचन हुनुअघि २०१३ को निर्वाचनको सफलतालाई निरन्तरता दिँदै मतदाता दर्ता, मतदाता शिक्षा, निर्वाचन अधिकारीहरुलाई प्रशिक्षण तथा निर्वाचन प्रक्रियाका अन्य पक्षहरुसँग सम्बन्धित चुनौतीहरुलाई सम्बोधन गर्ने अवसर छ ।

यस अन्तिम प्रतिवेदनमा कार्टर सेन्टरले नेपालको कानूनी खाका तथा लोकतान्त्रिक निर्वाचनप्रतिका दायित्वहरुको परिवेशमा नेपालमा सम्पन्न निर्वाचनको मूल्यांकन गरेको छ । सेन्टरले प्रतिवेदनमा भएका तथ्य तथा सुझावहरुलाई संविधानसभा, निर्वाचन आयोग, सरकार, राजनीतिक दल तथा नागरिक समाजद्वारा निर्वाचन सुधारको बारेमा गरिने छलफलहरुमा ध्यान दिइने अपेक्षा राखेको छ । कार्टर सेन्टरको निर्वाचन पर्यवेक्षण नियोगले प्राप्त गरेका मुख्य तथ्य तथा सुझावहरु यसप्रकार छन्ः

## कानूनी रूपरेखा

*निर्वाचकीय कानूनलाई सुदृढ बनाउनुपर्छ र सुधारहरुको थालनी गर्नुपर्छ ।*

कानूनी खाका अधिकांशतः सन् २००८ को निर्वाचनसँगै मिल्दोजुल्दो र समग्रमा निर्वाचन सञ्चालनका लागि पर्याप्त रह्यो । अन्तरिम संविधानले व्यापक राजनीतिक सहभागितामा जोड दिएको छ र यो नै नेपालको संविधानसभा सदस्यहरुको समावेशिताको जग हो । तथापि, अन्तरिम संविधानमा दोस्रो संविधानसभाको निर्वाचनको परिकल्पना गरिएको थिएन र नयाँ संविधान निर्माण नहुँदै पहिलो संविधानसभा विघटन भएपछि संविधानमा संशोधन गर्नु जरुरी भयो । मूल निर्वाचन ऐनको ग्रहण र राष्ट्रपतिद्वारा जारी अध्यादेशद्वारा अन्तरिम संविधानमा गरिएको संशोधनले संविधानसभाको विघटनपछि देशमा स्थित असाधारण राजनीतिक अवस्थालाई प्रतिबिम्बित गऱ्यो । निर्वाचनका लागि यी सबै कार्य आवश्यक भए पनि यो जनताद्वारा निर्वाचित प्रतिनिधिहरुद्वारा कानून निर्माण गरिनुपर्ने लोकतान्त्रिक अभ्यासभन्दा बाहिर गएर स्वीकार गरिएको थियो ।

नयाँ संविधान बनिसकेपछि निर्वाचकीय कानूनमा उल्लेख्य सुधार गर्नु आवश्यक हुनेछ । ठूलो संख्यामा रहेका ऐन, निर्देशिका, विनियमहरु तथा आचारसंहिताले गर्दा जटिल बनाएको निर्वाचनको कानूनी खाकाले सरोकारवालाहरुलाई तिनको अर्थ लगाउन र कार्यान्वयन गर्न बेलावखत असहज भयो । सुधारको आवश्यकता रहेका कानूनी खाकाका पक्षहरु अंशतः राज्यका भावी अङ्गहरुको संरचनामा पनि निर्भर हुने भए पनि ती सुधारहरुले निर्वाचन कानूनलाई सुदृढ बनाउनु जरुरी हुनेछ । वर्तमान कानूनी संरचनामा सम्बोधन गरिनुपर्ने क्षेत्रहरु निर्वाचकीय प्रणाली, निर्वाचन क्षेत्रहरुको सीमा निर्धारण, मतदाता दर्ता योग्यता, उम्मेदवारका अधिकारहरु, पर्यवेक्षकका अधिकारहरु, प्रचारप्रसार खर्च नियमन, निर्वाचनको दिनका नियमहरु तथा निर्वाचनपश्चात् उम्मेदवारहरुको मनोनयनको प्रावधानलगायत छन् । निर्वाचनका सहभागीहरुले पालना गर्नुपर्ने आचारसंहितामा विशेषतः निष्पक्ष प्रचारप्रसार वातावरण बनाउने र महिलाका अधिकारहरुलाई अझ सुदृढ गर्ने सन्दर्भमा केही सकारात्मक मापदण्डहरु पनि छन्, तर दल तथा उम्मेदवारहरुको प्रचारप्रसार गतिविधिको नियमन गर्ने केही प्रावधानहरु बढी नै कठोर छन् ।

## निर्वाचकीय प्रणाली

*सबै सभासदहरू जनमतद्वारा निर्वाचित गरिनुपर्छ ।*

नेपालका सबै जिल्लाहरुबाट र ठूलो संख्याका जातीय, भाषिक तथा अन्य समूहहरुबाट प्रतिनिधित्व सुनिश्चित गर्नका लागि संविधानसभाको निर्वाचकीय प्रणालीमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष), समानुपातिक प्रतिनिधित्व र सरकारद्वारा गरिने मनोनयनलगायतको एक मिश्रित प्रणाली रहेको छ । यसबाहेक, महिला, अल्पसंख्यक, पिछडिएका समूहहरुका लागि कोटा प्रणाली छ जसले सहभागितालाई व्यापक बनाउँछ र निर्वाचित सभालाई नेपालको विविधतायुक्त जनसंख्यालाई अझ बढी दर्शाउने खालको बनाउँछ ।

तथापि, वर्तमान प्रणालीका केही पक्षहरु लोकतान्त्रिक सिद्धान्तहरुसँग पूर्ण मेल भने खाँदैनन् । राजनीतिक दलहरुले समानुपातिक प्रतिनिधित्वका सूचीहरुबाट उम्मेदवार छान्न पाउने व्यवस्था निर्वाचनको दिनपछि मात्र कार्यान्वयन गर्नुपर्ने र संविधानसभाका केही सदस्यहरुको मनोनयन मन्त्रीपरिषद्ले गर्ने व्यवस्थाले आफ्ना प्रतिनिधिहरु छनौट गर्न पाउने मतदाताहरुको अधिकारलाई कुण्ठित तुल्याइदिन्छ । नयाँ संविधानअन्तर्गत बन्ने निर्वाचकीय प्रणालीमा मतदाताहरुले व्यवस्थापिकाको कम्तीमा एउटा सदनका सबै प्रतिनिधिहरुको सोझै छनौट गर्न पाउने सुनिश्चित गरिनुपर्छ । कार्टर सेन्टर नयाँ निर्वाचकीय प्रणालीले महिला, आदिवासी समूह, अल्पसंख्यक तथा अन्य समूहहरुको सहभागिता तथा प्रतिनिधित्वलाई प्रबर्द्धन गर्न यसअघि नै हासिल गरिसकिएका उपलब्धिहरुको संरक्षण र विस्तार हुने अपेक्षा गर्दछ ।

## निर्वाचन व्यवस्थापन

*पारदर्शिता वृद्धि गर्दै सफलतालाई कायम राख्नुपर्छ ।*

राजनीतिक संकटको अवस्था, केही राजनीतिक दलहरुद्वारा गरिएको बहिष्कार तथा निर्वाचन हुन्छ कि हुँदैन भन्नेबारेको अनिश्चितताका वाबजुद निर्वाचन आयोगले योजना, तयारी तथा विश्वसनीय निर्वाचन सम्पन्न गर्नका लागि सराहनीय काम गऱ्यो । सहमतिका आधारमा निर्वाचन आयुक्तहरुको नियुक्ति र आयोगको स्वतन्त्र निकायका हैसियतमा काम गर्ने प्रयासले निर्वाचनमा सर्वसाधारणको विश्वासको आधार प्रदान गऱ्यो । क्षेत्र तहमा संगठन र निर्वाचन सञ्चालनका लागि दोहोरो प्रणाली थियो जसमा निर्वाचन आयोगका कर्मचारी र न्यायक्षेत्रका अधिकारीहरु संलग्न थिए । मतदाता परिचयपत्रको

वितरणमा भएको ढिलाइले केही चासो उत्पन्न गरे पनि अधिकांश सरोकारवालाहरु निर्वाचनको तयारीप्रति सन्तुष्ट थिए । तथापि, आयोगको मतपत्र छपाइको पर्यवेक्षण गर्न नदिने निर्णय पूर्ण पारदर्शिता र विश्वास अभिवृद्धि गर्ने सन्दर्भमा गुमेको अवसर थियो ।

आगामी निर्वाचनअघि मतदाता दर्ता किताबमा अझ बढी नागरिकहरुलाई समेट्न, निर्वाचनसम्बन्धी कानूनहरुमा स्पष्टता ल्याउन, मतदाता शिक्षालाई परिष्कृत बनाउन, पहुँच विस्तार, मतदान तथा गणना अधिकारीहरुको प्रशिक्षण, उजुरी संयन्त्रलाई अझ प्रभावकारी बनाउन, निर्वाचन अधिकारीहरुमा महिला तथा अल्पसंख्यकहरुको संख्या वृद्धि गर्न तथा आफ्ना निर्णय-प्रक्रियाको पारदर्शिता वृद्धि गर्न यति बेला निर्वाचन आयोगसँग यसै सफलताको जगमा बनेको ठोस आधार छ ।

## सीमा निर्धारण

*निर्वाचन क्षेत्रका सीमाहरुलाई समान मतसंख्या सुनिश्चित हुने गरी मिलाउनु पर्छ ।*

अन्तरिम संविधानले नेपालका प्रशासनिक जिल्लाहरुमा निर्वाचन क्षेत्रहरुको वितरण र प्रत्येक निर्वाचन क्षेत्रको मतदाता संख्याले जनगणनाद्वारा निर्धारित जनसंख्यालाई प्रतिबिम्बित गर्ने सुनिश्चित गर्नका लागि प्रत्यक्ष तर्फका निर्वाचन क्षेत्रका सीमाहरुको पुन:निर्धारण गर्न सक्ने अधिकार प्रदान गरेको छ । सन् २०११ मा सम्पन्न भएको जनगणनाको परिणाम आएपछि निर्वाचन क्षेत्रका सीमाहरुमा हेरफेर गरिनु पर्थ्यो, तथापि अन्तरिम संविधानमा निहित विरोधाभाषपूर्ण प्रावधानहरुका कारणले गर्दा निर्वाचन क्षेत्र सीमा निर्धारण आयोगले निर्वाचन क्षेत्र पुनर्निधारण गर्ने सम्बन्धमा थोरै मात्र काम गर्न सक्‍यो - अन्ततः तराई क्षेत्रले गर्ने प्रतिनिधित्वमा केही कम हुन पुग्यो । आयोगले एकै जिल्लाभित्रका निर्वाचन क्षेत्रका सीमाहरुमा हेरफेर गर्न कुनै कदम चालेन । फलस्वरुप एउटै जिल्लाका कुनै निर्वाचन क्षेत्रमा छिमेकी निर्वाचन क्षेत्रभन्दा बढी जनसंख्या भयो जसले मतदानको संख्याको समानतालाई प्रभावित पार्‍यो । निर्वाचन क्षेत्रबीचका जनसंख्या यथासक्य समान रहेको सुनिश्चित गर्नका लागि आगामी निर्वाचन हुनुभन्दा निकै समय अगाडि सन् २०११ को जनगणना तथ्यांकको आधारमा निर्वाचन क्षेत्रका सीमाहरुमा हेरफेर गरिनुपर्छ ।

## मतदाता दर्ता

*मतदाता दर्ता किताबको अडिट (परीक्षण) गर्नुका साथै सबै वयस्क नागरिकहरुलाई समावेश गर्न दर्ता विस्तार गरिनुपर्छ ।*

मतदाता दर्ता कार्यक्रमले विश्वव्यापी तथा समान मताधिकार सुनिश्चित गर्ने सम्बन्धमा नेपालका अन्तर्राष्ट्रिय दायित्वहरु पूरा गर्ने सन्दर्भमा महत्वपूर्ण कदम चाल्यो । सन् २००८ को निर्वाचनमा विवादको एक प्रमुख स्रोत रहेको मतदाता सूचीका सम्बन्धमा पहिचान गरिएका केही समस्याहरुलाई सम्बोधन गर्नका लागि निर्वाचन आयोगले नयाँ बायोमेट्रिक मतदाता दर्ता किताब निर्माण गर्‍यो । नयाँ दर्ता किताबमा मतदाताको योग्यता सम्बन्धी मापदण्डहरु दृढतापूर्वक लागू गरिए । परिणामतः सरोकारवालाहरुमाझ मतदाता सूचीमा समाविष्ट व्यक्तिहरु मतदानका लागि योग्य रहेको र निर्वाचनको दिनमा मतदाताहरुलाई सहज रुपमा चिन्न सकिने विश्वास निर्माण भयो । मतदाता सूचीहरुमा सर्वसाधारणको पहुँचले यस विश्वासलाई झन् प्रगाढ बनाएको थियो ।

तथापि, मतदाता दर्ताले अन्तर्राष्ट्रिय दायित्वहरु पूर्णतः पूरा गरेको ठान्नुअघि सम्बोधन गरिनुपर्ने मुद्दाहरु धेरै नै छन् । दर्ता किताबमा रहेका मतदाताहरुको संख्या निर्वाचन आयोगले दर्ता हुने अपेक्षा गरेको प्रारम्भिक संख्याभन्दा निकै कम छ र २०११ को जनगणनामा देखिएको योग्य मतदाताहरुको सम्भाव्य संख्यासँग तुलना गर्दा त अझ कम छ । यो असमानताका कारणहरु पहिचान गर्नका लागि नयाँ मतदाता दर्ता किताबको परीक्षण यो प्रतिवेदन तयार पार्दासम्म गरिएको छैन । योग्यताका प्रावधानहरुले केही विवाहित महिला, पिछडिएका जनता तथा नागरिकताको प्रमाण देखाउन नसक्ने अन्य नागरिकहरुलाई असहज बनाएको छ । नेपालबाहिर अस्थायी बसोबास गरिरहेका व्यक्तिहरु दर्ता हुन सकेका छैनन् र देशभित्रै बसाईसराइ गरेका नागरिकहरुले पनि बसोबास गर्ने गरेको खास निर्वाचन क्षेत्रको मतदाता सूचीमा दर्ता हुन प्रायः कठिनाइ बेहोरेका छन् । कार्टर सेन्टर सरकार, संविधानसभा तथा निर्वाचन आयोगसमक्ष मतदाता दर्ता किताबलाई पूर्ण समावेशी बनाउनका लागि आवश्यक कदम चाल्नका लागि सुझाव व्यक्त गर्दछ । ती सुझावहरुमा मतदाता दर्ता किताबको अडिट (परीक्षण), सबै वयस्क नागरिकलाई समेट्नका लागि मतदाता दर्ता विस्तार तथा सबै नागरिकहरु, विशेषगरी महिला तथा नागरिकता प्रमाणपत्र नभएका व्यक्तिहरुलाई मतदाताका रुपमा दर्ता हुन आवश्यक कागजात भएको सुनिश्चित गर्न सकारात्मक कदम चाल्नेलगायत छन् ।[3]

> *मतदाता परिचयपत्रको वितरणमा भएको ढिलाइले केही चासो उत्पन्न गरे पनि अधिकांश सरोकारवालाहरु निर्वाचनको तयारीप्रति सन्तुष्ट थिए ।*

३. विवाहित महिलाहरुले नागरिकता प्रमाणपत्र प्राप्त गर्नका लागि प्रायः आफ्ना सासुससुराको सहयोगमा आश्रित रहनु पर्छ । थप जानकारीका लागि मतदाता दर्ताबारेको खण्डमा हेर्नुहोस् ।



डेबोरा ह्याम्स

## उम्मेदवार तथा राजनीतिक दल दर्ता

*उम्मेदवारीका प्रावधानहरुमा रहेका अनावश्यक कडाइहरुलाई हटाउनुपर्छ, कोटाको प्रावधानलाई पालना गराउन एक संयन्त्र खडा गर्नुपर्छ र उम्मेदवारका सूचीहरुलाई समयमै पूर्णता दिइनुपर्छ ।*

दल तथा उम्मेदवारहरुको दर्ता समावेशी थियो र त्यसले मतदाताहरुलाई छनौटको व्यापक अवसर प्रदान गऱ्यो । यस प्रक्रियाले नागरिकहरुको निर्वाचनमा खडा हुन पाउने अधिकार सुनिश्चित गर्ने सम्बन्धमा नेपालको दायित्वलाई पूरा गऱ्यो, यद्यपि राज्यद्वारा रोजगारी प्राप्त (निर्वाचित र नियुक्त पदबाहेक) व्यक्तिले उम्मेदवारी दिन नपाउने प्रावधानलाई अनावश्यक बन्देज मान्न सकिन्छ ।

समानुपातिक प्रतिनिधित्वतर्फका उम्मेदवारहरुको सूची प्रकाशित गर्ने अन्तिम म्याद निर्वाचनको दिनको नजिकै थियो, जसले गर्दा उम्मेदवारहरुसँग परिचित हुनका लागि मतदाताहरुसँग थोरै मात्र समय बाँकी रह्यो । दलहरुले समानुपातिक प्रतिनिधित्वतर्फका उम्मेदवारका सूचीहरुमा महिलाका लागि छुट्याइएको ५० प्रतिशत कोटाको प्रावधानको पालना गरे, तर प्रत्यक्ष तर्फका उम्मेदवारहरुमा महिलाहरुको संख्या १०.८ प्रतिशत मात्र थियो । कूल उम्मेदवारीको कम्तीमा ३३ प्रतिशत महिला हुनैपर्ने कानूनी प्रावधानको पालना सबै दलले गरेनन् । नागरिकहरुको निर्वाचित हुने तथा आफ्ना प्रतिनिधिहरु छान्न पाउने अधिकारका सम्बन्धमा आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरुलाई नेपालले पूर्ण पालना गर्नका लागि कार्टर सेन्टर समानुपातिक प्रतिनिधित्वतर्फका सूचीहरुलाई प्रक्रियाको शुरुवातमै पूर्णता दिने गरी समयसीमा निर्धारण गर्न, कोटाका प्रावधानहरुलाई कडाइका साथ लागू गर्न एक संयन्त्र स्थापित गर्न र उम्मेदवारीमा चासो बाझिने पदहरुमा रहेका व्यक्तिहरुका लागि निर्वाचित हुने अधिकारका सम्बन्धमा बन्देजहरु घटाउने सुझाव व्यक्त गर्दछ ।

काठमाडौंस्थित एक घरेलु निर्वाचन पर्यवेक्षण संस्था राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिमा, एकजना कामदार पर्यवेक्षकको मान्यतापत्र देखाउँदै ।

## मतदाता शिक्षा

*मतदाता शिक्षा सन्देशहरु लक्षित समूहलाई ध्यानमा राख्दै अल्पसंख्यक भाषाहरुको अझ प्रभावकारी प्रयोगका साथ निर्माण गर्नुपर्छ ।*

निर्वाचन आयोगले राष्ट्रिय तथा स्थानीय तहका आम सञ्चारका साथै लगभग १५,००० मतदाता शिक्षा सवयंसेवकहरुको प्रयोग गर्दै सघन मतदाता शिक्षा प्रयासहरु सञ्चालन गऱ्यो । ती प्रयासहरुलाई निर्वाचन अवधिमा भएका सार्वजनिक बिदाहरुले केही प्रभावित पारे, र स्थानीय भाषामा सामग्रीहरु प्रकाशन नभएका वा उपलब्ध नभएका कारणले गर्दा धेरै स्थानमा तिनको प्रभाव कमजोर हुन पुग्यो । मतदान गर्नका लागि एउटा फोटोसहितको परिचय पत्र चाहिन्छ भन्ने प्रावधानको बारेमा मतदाताहरुलाई ज्ञान रहेको देखियो । तथापि, बदर मतहरुको प्रतिशत अपेक्षाकृत उच्च रह्यो, सन् २००८ को भन्दा थोरै मात्र कम । यसले उल्लेख्य संख्याका मतदाताहरु मतदानका आधारभूत पद्धतिहरुमा अनभिज्ञ रहेको संकेत गर्दछ, जसले संविधानसभाका प्रतिनिधिहरुको छनौट व्यक्त गर्ने उनीहरुको अवसर गुमाइदियो । दलित, जनजाति जस्ता अल्पसंख्यक समुदाय तथा महिलाहरुलाई लक्षित गर्ने विशेष मतदाता शिक्षा प्रयासहरु छोटो अवधि र सामग्रीहरुको वितरणमा भएको ढिलाइका कारण प्रभावित भए । आगामी निर्वाचनहरुका लागि मतदाता शिक्षा स्वयंसेवकहरुले पर्याप्त समयअगावै प्रशिक्षण प्राप्त गर्नुपर्छ र पहुँच विस्तारका लागि निश्चित लक्ष्य दिइनुपर्छ । निर्वाचन आयोगले पनि मतदाता शिक्षा सामग्रीहरुमा स्थानीय भाषाको अझ प्रभावकारी प्रयोगलाई सुनिश्चित बनाउनुपर्छ ।

## प्रचारप्रसार वातावरण, प्रचारप्रसार खर्च र सञ्चारमाध्यम

*आचारसंहिताको गम्भीर उल्लंघन, हिंसा र मत-खरिद भएको खण्डमा जरिवाना लगाउनुपर्छ । प्रचारप्रसार खर्चको नियमनलाई अझ सशक्त बनाउनुपर्छ ।*

प्रचारप्रसारको वातावरण सन् २००८ को निर्वाचनको तुलनामा

उल्लेख्य सुदृढ थियो । अधिकांश परिदृश्यमा, प्रतिस्पर्धी राजनीतिक दलहरुबीच भएका छिटपुट झडप तथा बहिष्कार गरिरहेका केही दलले अपनाएका अवरोधजन्य रणनीतिका वाबजुद प्रचारप्रसार अवधिमा उम्मेदवार तथा दलहरु सम्भाव्य मतदाताहरुसमक्ष आफ्ना सन्देशहरु सहजताका साथ प्रवाह गर्न सक्षम थिए । प्रारम्भमा प्रचारप्रसार कमै थियो जसले निर्वाचन हुन्छ कि हुँदैन भन्नेमा नै आशंकाहरु उब्जाइरहेको थियो । निर्वाचनको दिन नजिकिँदै गर्दा जब प्रचारप्रसार घनीभूत हुँदै गयो, प्रतिस्पर्धी दलहरुबीच हिंसात्मक घटनाका संख्याहरु पनि बढ्दै गए र मत किनिएका दृष्टान्तहरु देखिनुका साथसाथै आचारसंहिताको उल्लंघनका केही घटनाहरु पनि भए जसको कुनै पनि सजाय भएन ।

प्रचारप्रसारको खर्चका सम्बन्धमा थोरै मात्र कानूनी प्रावधानहरु थिए र केही उम्मेदवारहरुले खर्चको सीमालाई बेवास्ता गरेको देखियो । विद्युतीय र छापाका सञ्चारमाध्यमहरुले निर्वाचनसम्बन्धी समाचारहरुको व्यापक प्रसारण गरे । कार्टर सेन्टरको नियोगले सञ्चारमाध्यमको व्यवस्थित अनुगमन त गरेन, तर क्षेत्रगत पर्यवेक्षणले सञ्चारमाध्यमहरुले समग्रमा स्वतन्त्र वातावरणमा काम गर्न पाइरहेको संकेत गरे, जसले मतदाताहरुलाई प्रतिस्पर्धी धारणाहरुमाथिको पहुँचमा सहज बनायो ।

नेपाली नागरिकहरुको राजनीतिक अधिकारको हितमा रहेका उम्मेदवार तथा राजनीतिक अभियानसँग सम्बन्धित अन्तर्राष्ट्रिय दायित्वहरुको रक्षाका निम्ति अझ कडा प्रचारप्रसार खर्च नियमन र मत-खरिदलाई रोक्ने कार्य आगामी निर्वाचन हुनुभन्दा अघि गरिनुपर्ने सुधारका प्राथमिक क्षेत्र बन्नु पर्छ । यसबाहेक, हिंसालगायत आचारसंहिताका गम्भीर उल्लंघनका प्रकरणहरुमा जरिवाना लगाइएको सुनिश्चित गर्न निर्वाचन आयोगका अनुगमन संयन्त्रहरुको समग्र मूल्यांकन गरिनुपर्दछ ।

## निर्वाचनसँग जोडिएको हिंसा

*कानूनी तथा संवैधानिक भूमिका र जिम्मेवारीहरुको सन्दर्भमा सुरक्षा बलहरुको प्रशिक्षणलाई थप सुदृढ बनाइनुपर्छ ।*

सन् २००८ को निर्वाचनको तुलनामा हिंसाका घटनाहरुमा ठूलो कमी आएको थियो । अपितु, गम्भीर घटनाहरुमा परी केही घाइते भएका थिए भने केही घटनाहरुको परिणामतः मृत्यु पनि भएका थिए । प्रतिस्पर्धी दलका समर्थकहरुबीच भएका छिटपुट हिंसात्मक विवादका अलावा निर्वाचन नजिकिँदै गर्दा बहिष्कार गरिरहेका दलहरुले हिंसा र डर देखाउने शैलीको प्रयोग गर्ने श्रृंखला पनि बढ्यो । बहिष्कार गरिरहेका केही दलहरुले १० दिने यातायात हड्ताल लागू गराउने क्रममा कैयौं बस तथा अन्य सवारीसाधनहरुमा बम आक्रमण भयो । मत खसाल्नका लागि धेरै मानिसहरु आफ्नो जिल्लातर्फ फर्किरहेको समयमा भएका ती घटनाहरु त्रासको वातावरण सिर्जना गर्न र मतदाता संख्या घटाउनमा लक्षित थिए । बहिष्कार गरिरहेका दलहरुको चेतावनीको जवाफस्वरुप सुरक्षा बलहरुको सघन परिचालनका कारणले निर्वाचन बिथोल्ने उनीहरुको सामर्थ्यमा उल्लेख्य कमी आएको देखियो । कार्टर सेन्टर यी उपब्धिहरुलाई कायम राख्न र समग्र निर्वाचकीय प्रणालीको दौरान सुरक्षा बलहरुको कानूनी र संवैधानिक भूमिका तथा जिम्मेवारीहरुको सम्बन्धमा दिइने प्रशिक्षणलाई सुदृढ बनाउने सुझाव व्यक्त गर्दछ ।

## नागरिक पर्यवेक्षण

*नागरिक पर्यवेक्षकका अधिकारहरु कानूनमै स्पष्ट गरिनुपर्छ । योग्यताका मापदण्डहरुलाई खुकुलो पारिनु पर्छ ।*

निर्वाचनभन्दा अघि, निर्वाचनको दौरान र त्यसपछिका दिनहरुमा अन्तर्राष्ट्रिय पर्यवेक्षकका अलावा नागरिक समाज संगठनहरुद्वारा पनि ठूलो संख्यामा पर्यवेक्षकहरु खटाइएका थिए । नागरिक पर्यवेक्षकहरु प्रक्रियाका अधिकांश पक्षहरुको पर्यवेक्षण गर्न सक्षम थिए र उनीहरुको प्रयासले पारदर्शिता वृद्धि गर्न र निर्वाचनको समग्रताप्रति जनविश्वास वृद्धि गर्नेतर्फ सकारात्मक योगदान पुऱ्यायो । तथापि, कानूनमा पर्यवेक्षकका अधिकारहरु स्पष्ट परिभाषित छैनन् र निर्वाचन अधिकारीहरुले उनीहरुको प्रवेश अस्वीकार गरेका केही दृष्टान्तहरु भेटिए । निर्वाचन पर्यवेक्षकहरु, विशेषतः घरेलु पर्यवेक्षक, साथै अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुलाई समेत राष्ट्रिय तथा स्थानीय तहमा हुने निर्वाचन अधिकृतका बैठक, मतपत्रको छपाइ, मतदान तथा गणनालगायत निर्वाचकीय प्रणालीका सबै क्षेत्रमा प्रवेश दिइनुपर्छ । पर्यवेक्षकहरुको मनोनयनका सन्दर्भमा निर्वाचन आयोगका नियमहरु बढी नै कठोर थिए, यद्यपि एउटा नागरिक पर्यवेक्षक समूहले मुद्दा दायर गरेपछि सर्वाधिक कठोरमध्येको एउटा नियमलाई खारेज गरिएको थियो । कार्टर सेन्टर पर्यवेक्षकका अधिकारहरुलाई निर्वाचन ऐनमै स्पष्ट पार्न र नागरिक पर्यवेक्षण बन्नका लागि निर्धारित मापदण्डहरुलाई मतदाता हुनका लागि आवश्यक योग्यतासँग मिल्ने गरी खुकुलो बनाउन सुझाव व्यक्त गर्दछ ।

*दल तथा उम्मेदवारहरुको दर्ता समावेशी थियो र त्यसले मतदाताहरुलाई छनौटको व्यापक अवसर प्रदान गऱ्यो ।*

## मतदान

*मतदानसँग सम्बन्धित मामिलाहरुको सम्बोधन गर्नुपर्छ र प्रशिक्षणहरुमा मतको गोप्यतामाथि जोड दिनुपर्छ ।*

अधिकांश सन्दर्भमा, नेपालले मतदान तथा गणना प्रक्रियाको निष्ठालाई सुनिश्चित गर्ने सम्बन्धमा आफ्ना अन्तर्राष्ट्रिय

दायित्वहरु पूरा गऱ्यो । कार्टर सेन्टरका पर्यवेक्षकहरुले भ्रमण गरेकामध्ये लगभग ९० प्रतिशत मतदान केन्द्रहरुमा मतदान सञ्चालनको सकारात्मक मूल्यांकन गरे, समग्रमा डरधम्की वा जबरजस्तीबाट मुक्त शान्तिपूर्ण वातावरण, मतदाताको पहिचान जाँच गर्ने एकनासको अभ्यास, मतदान कर्मचारीहरुको निष्पक्षता तथा आवश्यक सामग्रीहरुको उपलब्धताको पनि टिपोट गरे । नयाँ मतदाता सूचीले सहज रुपमा मतदान सञ्चालन हुन सहयोग गऱ्यो भने अधिकांश स्थानमा दल तथा उम्मेदवारका प्रतिनिधि र नागरिक पर्यवेक्षकहरुको उपस्थितिले पारदर्शिता सुनिश्चित गरेको थियो । निर्वाचन आयोगका अनुसार देशभरिको कूल मतदान संख्या ७८.३४ प्रतिशत थियो ।

तथापि, केही मतदान केन्द्रहरुमा मतको गोप्यता सुनिश्चित गर्ने तथा पद्धतिहरुको अनुसरण गर्ने कार्य, विशेषगरी दोहोऱ्याएर मत हाल्ने सम्भावनालाई निस्तेज पार्न मतदाताहरुको औंलामा मसी लगाउने कार्यको सम्बन्धमा केही कमजोरी देखियो । केही निर्वाचन क्षेत्रहरुमा "बुथ कब्जा" (कुनै दल/उम्मेदवारका समर्थकहरुले मतदानलाई प्रभावित पार्नका लागि प्रक्रियामाथि कब्जा जमाउने घटनालाई बुझाउन प्रयोग गरिने शब्दावली) का संकेत देखिए । बहिष्कार गरिरहेका दलहरुले निर्वाचन बिथोल्न गरेका प्रयासहरुसँग जोडिएका बम आक्रमण तथा मतदाताहरुमाथि डरधम्कीका साथै प्रतिस्पर्धी उम्मेदवार तथा दलहरुबीच भएका छिटपुट झडपहरुलगायतका सुरक्षा घटनाका छिटपुट विवरणहरु पनि प्राप्त भएका थिए ।

*अधिकांश निर्वाचनक्षेत्रहरुमा गणनाको प्रक्रिया बिस्तारै शुरु भयो र अधिकांश निर्वाचन क्षेत्रहरुमा गणना कार्य धेरै दिनसम्म चल्यो ।*

कार्टर सेन्टर भविष्यमा हुने निर्वाचनहरुमा मतदानका पद्धतिहरुलाई सुदृढ बनाउनका निम्ति निर्वाचन आयोगका नियमहरुमा बिग्रिएका मतपत्र र नमेटिने मसीको जाँचका सम्बन्धमा व्यवस्था गर्न, मतको सुरक्षा सुनिश्चित गर्ने सम्बन्धमा मतदान अधिकृतहरुका लागि अझ बढी प्रशिक्षण र मतपत्रहरुमा संकेत चिह्नका अलावा दल तथा उम्मेदवारहरुका नामहरु पनि समावेश गर्ने व्यवस्था गर्न सुझाव व्यक्त गर्दछ ।

### गणना

*मतगणनाको तरिका देशभरि एकनासको भएको सुनिश्चित गर्नुपर्छ ।*

मतदान सम्पन्न भएपछि हरेक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रबाट बन्द मतपेटिकाहरु मतगणना केन्द्रतर्फ ढुवानी गरियो । अधिकांश निर्वाचनक्षेत्रहरुमा गणनाको प्रक्रिया बिस्तारै शुरु भयो र अधिकांश निर्वाचन क्षेत्रहरुमा गणना कार्य धेरै दिनसम्म चल्यो । पर्यवेक्षण गरिएका गणना केन्द्रहरुमा गणना प्रक्रियाको निष्ठालाई सामान्यतः कायम राखिएको देखियो, यद्यपि पद्धतिहरुको एकनासले अनुसरण गरिएको थिएन । विशेषतः प्रत्यक्ष तर्फका मतपत्रहरुमा बदर मतको दर अनुपातिक रुपमा उच्च थियो । गणना शुरु भैसकेपछि एनेकपा(माओवादी) सहितका केही दलहरुले गणना केन्द्रतर्फ मतपेटिकाको ढुवानीमा व्यापक धाँधली भएको आरोप लगाउँदै आफ्ना पर्यवेक्षक तथा प्रतिनिधिहरुलाई गणना केन्द्रबाट फिर्ता बोलाए । दावीहरुबारे छानवीन हुने सहमति भएपछि ती दलहरुले नयाँ संविधानसभामा सहभागी नहुने चेतावनी पनि फिर्ता लिए ।

गणना प्रक्रियाको निष्ठाप्रतिको जनविश्वासलाई अझ वृद्धि गर्न मतपेटिकाहरु गणना केन्द्रतर्फ ढुवानी गर्दा अत्यधिक पारदर्शिता सुनिश्चित हुने ढंगमा गरिनुपर्छ । मतपेटिकाहरु मध्यवर्ती स्थानमा भण्डारण गरिनु हुँदैन । यसबाहेक, गणना तथा मतको तालिकीकरणका लागि सबै पद्धतिहरु पहिले नै निर्धारित गरिनुपर्छ । सबै सहभागीहरुलाई गणना प्रक्रियाबारे राम्ररी बुझाउनका लागि निर्वाचनको दिनअगावै निर्वाचन अधिकारीहरुले उम्मेदवार, दलका प्रतिनिधि तथा नागरिक पर्यवेक्षकहरुका लागि जानकारीमूलक कार्यक्रम सञ्चालन गर्न सक्छन् ।

### विवाद समाधान

*उजुरीहरुका सम्बन्धमा भूमिका तथा जिम्मेवारीहरु स्पष्ट गर्नुपर्छ र प्रभावकारी उपचार सुनिश्चित गरिनुपर्छ ।*

निर्वाचनको दिनअघि निर्वाचन क्षेत्रतहमा थोरै मात्र लिखित उजुरीहरु दर्ता गरिएका थिए, अधिकांश उजुरीहरु मौखिक थिए र अनौपचारिक तवरमै सम्बोधन गरिएका थिए । निर्वाचन आयोगले उल्लंघनका केही मामिलाहरु त फेला पाऱ्यो तर जरिवाना नलगाई चेतावनी मात्र जारी गऱ्यो । केही क्षेत्रीय दलहरुले निर्वाचन आयोग तथा स्थानीय निर्वाचन अधिकृतहरु ठूला दलहरुलाई कारवाही गर्न उदासीन रहेको आरोप लगाउँदै उजुरी प्रणालीप्रति अविश्वास व्यक्त गरे । उम्मेदवारी दर्ताका सम्बन्धमा आएका गुनासोहरुका सन्दर्भमा भने आयोग कडा देखियो ।

निर्वाचनको दिनपछि आयोगले मतदान प्रक्रियामा भएका अनियमितताका आरोपसम्बन्धी गुनासोहरुमाथि छानवीन गरेन, उसले सम्बन्धित स्थानीय निर्वाचन अधिकृतहरुले ती आरोपहरुको पुष्टि गर्छन् कि गर्दैनन् भनेर सोध्नमा मात्र आफूलाई सीमित बनायो । आयोगले ती प्रकरणहरुमा लिखित निर्णय दिएन । आयोगको अधिकारका केही क्षेत्रहरु संविधानसभा अदालत (एक विशेष संवैधानिक निकाय) सँग बाझिएका छन् । उक्त अदालतमा २२ वटा जति मुद्दाहरु परेका थिए, तर प्रतिवेदन लेखिँदाको समयसम्म कुनैको पनि अन्तिम किनारा लागिसकेको छैन । यी मुद्दाहरुको निर्क्यौलका लागि कुनै समयसीमा नभएको र संविधानसभाको

प्रारम्भ भएको लामो समय बितिसक्दा पनि तिनको अवस्थामा परिवर्तन नआएको हुँदा यसले रहेका प्रभावकारी उपचारको अधिकारलाई कमजोर बनाउन सक्छ ।

दल, उम्मेदवार तथा मतदाताहरुलाई उजुरी पेश गर्ने स्थानबारे जानकारी रहेको र सबै उजुरीहरुको पारदर्शी ढंगले सम्बोधन गरिन्छ भन्ने सुनिश्चित गर्न उजुरीहरुमाथि गरिने कारवाहीको सम्बन्धमा निर्वाचन अधिकृतका भूमिका तथा जिम्मेवारीहरुलाई स्पष्ट बनाउन र प्राप्त उजुरी तथा तिनमाथि हुने कारवाहीको जानकारी सार्वजनिक रुपमा उपलब्ध गराउन कार्टर सेन्टर सुझाव व्यक्त गर्दछ । प्रभावकारी तथा समयमै उपचार सुनिश्चित गर्नका लागि मतदान तथा गणना प्रक्रियाबारे प्राप्त उजुरीहरुको शीघ्र निराकरण हुनेमा आश्वस्त बनाउन निर्वाचकीय कानूनलाई पुनरावलोकन गरिनुपर्छ ।

डेभोरा ह्यापस




काठमाडौंमा एक उम्मेदवार महिलाको तस्वीर/पर्चा ।

## महिला तथा अल्पसंख्यक समूहहरूको सहभागिता

*सबै निर्वाचित परिषद्हरुमा महिला र पुरूषको समान संख्या सुनिश्चित गर्नेतर्फ ध्यान पुऱ्याइनुपर्छ ।*

महिला, जातीय अल्पसंख्यक तथा अन्य समूहहरुको प्रतिनिधित्वको न्यूनतम कोटाबारे कानूनी प्रावधान राजनीतिक प्रतिनिधित्वमा समावेशिताको प्रबर्द्धनका लागि सकारात्मक कदमहरु हुन् जसले नेपालको हरेक नागरिकको सार्वजनिक मामिलाहरुमा सहभागी हुनसक्ने सामर्थ्य सुनिश्चित गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्वलाई केही हदसम्म पूरा गरेका छन् । अपितु, प्रत्यक्षतर्फका उम्मेदवार तथा विजयीहरुमा महिला र उपेक्षित समुदायका सदस्यहरुको प्रतिनिधित्वमा सन् २००८ को भन्दा कमी आउनुले सामाजिक समावेशिताको लक्ष्य हासिल गर्नका लागि अस्थायी प्रकृतिका विशेष व्यवस्थाहरुको निरन्तरताका साथसाथै आन्तरिक लोकतन्त्रीकरणको पनि आवश्यकता देखिन्छ ।

राजनीतिक दलहरुभित्रका निर्णय कार्यहरुमा महिला, दलित तथा अन्य उपेक्षित समुदायको सहभागितालाई सशक्त बनाउनका लागि अग्रगामी कदमहरु चालिनुपर्छ । समावेशी नीतिहरुमा अझ सुधार ल्याउने सन्दर्भमा नयाँ संविधान निर्माणको अवधि एक अवसर पनि हो र सबै तहका निर्वाचित परिषद्हरुमा महिला र पुरूषहरुको समानता सुनिश्चित गर्नेतर्फ ध्यान दिइनुपर्छ ।

# नेपालमा कार्टर सेन्टर

सन् २००३ मा नेपालमा जारी द्वन्द्व अन्त्य गर्न सघाउने मार्गहरु खोजी गर्ने आग्रह प्राप्त गरेपछि कार्टर सेन्टर नेपालमा कार्यरत रहेको हो । सेन्टरले आफ्ना सहायताहरु उपयोगी भएनभएको निर्क्यौल गर्न नेपालमा विभिन्न मूल्यांकन नियोगहरु सञ्चालन गऱ्यो ।

नेपाल सरकार, मुख्य राजनीतिक दलहरु तथा निर्वाचन आयोगको आमन्त्रणमा पहिलो संविधानसभा निर्वाचन प्रक्रियाको पर्यवेक्षण गर्नका लागि कार्टर सेन्टरले जनवरी २००७ मा नेपालमा आफ्नो उपस्थिति जनायो र मार्च २००७ मा पाँचै विकास क्षेत्रमा दीर्घकालीन पर्यवेक्षकहरु खटाइए । अप्रिल २००८ मा भएको पहिलो संविधानसभाको निर्वाचनपश्चात् सेन्टरले आफ्नो उपस्थितिलाई एक दीर्घकालीन राजनीतिक पर्यवेक्षण नियोगको रुपमा निरन्तरता दियो र राजनीतिक विकासक्रमको पर्यवेक्षण जारी राख्नका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दीर्घकालीन पर्यवेक्षकहरु पाँचै विकास क्षेत्रहरुमा स्थायी रुपमा खटिए । जनवरी २००७ र सेप्टेम्बर २०१३ बीचको आफ्नो पर्यवेक्षण अवधिमा सेन्टरले संविधान निर्माण, राजनीतिक तथा शान्ति प्रक्रियाको अनुगमन तथा मतदाता दर्तालगायत प्रमुख निर्वाचन तयारीहरुका सम्बन्धमा जम्मा २५ वटा प्रतिवेदनहरु प्रकाशित गऱ्यो । नेपालका ७५ वटै जिल्लाहरुमा औपचारिक पर्यवेक्षण सञ्चालन गरिएको थियो ।

सेप्टेम्बर २०१३ मा कार्टर सेन्टरले १९ नोभेम्बरका लागि तोकिएको दोस्रो संविधानसभा निर्वाचनको पर्यवेक्षण गर्नका लागि नेपाल सरकार तथा निर्वाचन आयोगबाट फेरि औपचारिक आमन्त्रण प्राप्त गऱ्यो । जारी नियोग २५ सेप्टेम्बर मा एक अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोगको रुपमा परिणत भयो, निर्वाचनअघिको प्रक्रियाका सबै पक्षहरुको निकट पर्यवेक्षण गर्नका लागि धनगढी, नेपालगंज, पोखरा, काठमाडौं, बिरगंज तथा बिराटनगरस्थित ६ वटा क्षेत्रीय कार्यालयहरुमा राष्ट्रिय कर्मचारीहरुसँग सामेल हुनका लागि दीर्घकालीन पर्यवेक्षकहरु खटाइयो । उक्त अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोग अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएड), वेलायतको अन्तर्राष्ट्रिय विकास विभाग (डिफिड) तथा नर्वेको विदेश मामिला मन्त्रालयको आर्थिक सहयोगमा सञ्चालित थियो ।

कार्टर सेन्टरले १ अक्टोबरमा मतदाता दर्ता प्रक्रियाबारेको आफ्नो छैटौं एवं अन्तिम प्रतिवेदन प्रकाशित गऱ्यो जसमा मतदाता दर्ता किताबमा सुधार ल्याउन निर्वाचन आयोगद्वारा भएका प्रयासहरुको सराहना गरिएको थियो । ३१ अक्टोबरमा जारी भएको निर्वाचनपूर्वको वक्तव्यमा निर्वाचनको तयारीका सम्बन्धमा कार्टर सेन्टरका मुख्य पर्यवेक्षणहरुका साथसाथै निर्वाचन आयोग, उम्मेदवार, दल तथा सरकारका लागि केही सुझावहरु पेश गरिएका थिए । निर्वाचन हुनुभन्दा केही समयअघि अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोगमा पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टर तथा थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री डा. सुराकियात साथीराथाईको नेतृत्वमा अल्पकालीन पर्यवेक्षकहरु सहभागी भएका थिए । २१ नोभेम्बरका दिन कार्टर सेन्टरको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोगले १९ नोभेम्बरमा सम्पन्न संविधानसभाको निर्वाचनबारे प्रारम्भिक तथ्य तथा निष्कर्षहरुबारे वक्तव्य प्रकाशित गऱ्यो । अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोगका दीर्घकालीन पर्यवेक्षकहरुले निर्वाचनको दिनभन्दा पछि पनि निर्वाचन प्रक्रियाको अनुगमन जारी राखे, र डिसेम्बर १९ मा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोगले निर्वाचन-पश्चात्को एक प्रतिवेदन जारी गऱ्यो जुन गणना प्रक्रिया, तालिकीकरण तथा परिणाम घोषणा र विवाद समाधानमा केन्द्रित थियो ।

# निर्वाचन पर्यवेक्षण कार्यविधि

कार्टर सेन्टरले नेपालमा सन् २००८ मा भएको संविधानसभाको निर्वाचनसमेत गरी सन् १९८९ देखि ३८ देशहरुमा सम्पन्न ९६ वटा निर्वाचनहरुको पर्यवेक्षण गरेको छ ।[४] संयुक्त राष्ट्रसंघद्वारा सन् २००५ मा अङ्गीकार गरिएको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका लागि सिद्धान्तहरुको घोषणा र अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको आचारसंहितालाई अनुमोदन गर्ने ४० भन्दा बढी अन्तरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुमध्ये सेन्टर पनि एक हो ।[५] अनुमोदन गर्ने संस्थाहरुले आफ्ना निर्वाचन पर्यवेक्षण नियोगहरुको निष्ठा तथा पारदर्शिताप्रति आश्वस्त पार्ने प्रतिबद्धता गरेका छन्, र आफ्नो नियोगका उद्देश्य, क्षेत्र तथा सञ्चालनलाई मार्गदर्शन गर्न यसै दस्तावेजलाई आधार मान्दछन् ।

अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुले निर्वाचन प्रक्रियाको विश्वसनीय तथा निष्पक्ष मूल्यांकनद्वारा लोकतन्त्रको प्रवर्द्धनमा खेल्न सक्ने महत्वपूर्ण सहयोगी भूमिकाहरुले निर्वाचन परिणामहरुका सम्बन्धमा विश्वास वृद्धि गर्छन् र प्रक्रियामा सुधार ल्याउन सक्ने क्षेत्रहरुको बारेमा सुझावहरु प्रदान गर्दै लोकतान्त्रिक प्रक्रियालाई सशक्त तथा सुदृढ बनाउन सहयोग सक्छन् भन्ने कार्टर सेन्टरको ठहर छ ।

निर्वाचन हुनुअघि र पछि पर्यवेक्षकहरुलाई पर्याप्त समय स्थानीय क्षेत्रमै खटाएर पर्यवेक्षणको गुणस्तरलाई वृद्धि गर्न सकिने पनि सेन्टरको मान्यता छ । लामो समयको खटाइले निर्वाचनसँग सरोकार राख्ने सबैसँग सार्थक सम्बन्ध विस्तार गर्न सहज हुनुका साथसाथै अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुको भूमिकाका बारेमा घरेलु बुझाइ वृद्धि गर्न पनि सहयोग गर्दछ । नेपालको मामिलामा, सेन्टरको लामो समयको उपस्थितिले राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय सरोकारवालाहरुसँग निकट तथा दीर्घकालीन सम्पर्क स्थापित गर्दै निर्वाचन प्रक्रियाको मात्र नभई समग्र लोकतान्त्रिक प्रक्रियाको विस्तृत पर्यवेक्षण र विश्लेषण गर्न सम्भव भयो ।

निर्वाचन पर्यवेक्षण नियोगको उद्देश्य जारी शान्ति प्रक्रिया, राजनीतिक वातावरण, निर्वाचित वैधानिक सदनको अभाव र संविधानको आवश्यकतालाई ध्यानमा राख्दै नेपालको निर्वाचकीय प्रक्रियाको विश्वसनीय तथा निष्पक्ष मूल्यांकन प्रदान गर्नु नै हो । यसअलावा, सेन्टरले आफ्नो उपस्थितिमार्फत घरेलु पर्यवेक्षक समूहहरुको विश्वसनीयतालाई सुदृढ बनाउन सहयोग गर्ने, देशका अन्य लोकतान्त्रिक पहलहरुका लागि आधार खडा गर्ने तथा नेपालमा अन्तर्राष्ट्रिय मापदण्डहरु पूरा हुने गरी हुने विश्वसनीय निर्वाचनहरुप्रति अन्तर्राष्ट्रिय समुदायको चाहना तथा सहयोग प्रदर्शन गर्ने उद्देश्य पनि राख्यो ।

फिल्ड अफिस डाइरेक्टर र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कर्मचारीहरु सम्मिलित मुख्य समूह सदस्यहरुले दलका नेता, सरकारी तथा निर्वाचन अधिकारीहरु, नागरिक समाजका नेताहरु तथा अन्तर्राष्ट्रिय समुदायका सदस्यहरुसँग राम्रो सम्बन्ध कायम राख्दै अन्तर्वार्ता गरे । सेन्टरले क्षेत्रीय र राष्ट्रिय

*लामो समयको खटाइले निर्वाचनसँग सरोकार राख्ने सबैसँग सार्थक सम्बन्ध विस्तार गर्न सहज हुनुका साथसाथै अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुको भूमिकाका बारेमा घरेलु बुझाइ वृद्धि गर्न पनि सहयोग गर्दछ ।*

दुवै तहबाट जानकारीहरु संकलन गर्दै निर्वाचन प्रक्रियाका सम्बन्धमा आवधिक सार्वजनिक वक्तव्य तथा प्रतिवेदनहरु तयारी र प्रकाशन गर्‍यो, ती प्रतिवेदनहरुको व्यापक वितरण गरिएको थियो र तिनले स्थानीय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा राम्रो स्थान पाएका थिए ।

सेन्टरले केन्द्र तथा जिल्ला दुवै तहमा संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमको निर्वाचन सहयोग परियोजना (युएनडीपी-

४. नेपालको सन् २००८ को संविधानसभा निर्वाचनसहित कार्टर सेन्टरको निर्वाचन पर्यवेक्षण नियोगका विगतका प्रतिवेदनहरुका लागि कृपया www.cartercenter.org/news/publications/election_reports.html मा जानुहोस् ।
५. घोषणाको मूलपाठका लागि www.cartercenter.org/peace/democracy/des_declaration.html मा जानुहोस् ।

रामलाल ताम्राकार, ७५, कार्टर सेन्टरका एक पर्यवेक्षकसँग बोल्दै, “सास हुँदासम्म आस” । उनी संविधानसभामा निर्वाचित भएकाहरुले अन्ततः नेपालको संविधान बनाउने ठान्दछन् ।




डेबोरा ह्याम्स

इएसपी), संयुक्त राष्ट्रसंघ क्षेत्रीय संयोजकको कार्यालय (युएन-आरसीएचसीओ), नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई), द एशिया फाउण्डेशन (टीएएफ), निर्वाचन प्रणालीहरुका लागि अन्तर्राष्ट्रिय प्रतिष्ठान (आइएफइएस) तथा निर्वाचन प्रक्रियामा संलग्न अन्य अन्तर्राष्ट्रिय संस्थाहरुसँग निकट कार्यसम्बन्ध कायम राख्यो । निर्वाचनको समय नजिकै कार्टर सेन्टरले अन्य दुई अन्तर्राष्ट्रिय पर्यवेक्षक समूहहरुसँग बैठकहरु गऱ्यो: युरोपेली युनियन निर्वाचन पर्यवेक्षण नियोग (इयुइओएम) तथा स्वतन्त्र निर्वाचनका लागि एशियाली सञ्जाल (एनफ्रेल) ।

सेन्टरले राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति, लोकतन्त्र र निर्वाचन पर्यवेक्षण (डीइडब्ल्यू-नेपाल), तथा पर्यवेक्षण गरिरहेका अन्य साना नागरिक समाज संगठनहरुसँग पनि नियमित भेटघाट गऱ्यो । निर्वाचनको दिन र निर्वाचन-पश्चातको अवधिमा सेन्टरले निर्वाचन पद्धतिहरु, पर्यवेक्षक नियम तथा विनियम आदिका बारेमा जानकारीहरु साट्न र बढी भूभागलाई समेट्न  तथा एउटै स्थानमा पर्यवेक्षकहरु दोहोरिने अवस्थालाई घटाउनका लागि अल्पकालीन पर्यवेक्षकहरु खटाउँदा अन्य पर्यवेक्षक समूहहरुसँग समन्वय गऱ्यो ।

## निर्वाचन मूल्यांकनका लागि मापदण्ड

कार्टर सेन्टरले नेपालको निर्वाचन प्रक्रियाको मूल्यांकन देशको कानूनी खाका तथा अन्तर्राष्ट्रिय सन्धि एवं अन्य दस्तावेजहरुमा समाविष्ट लोकतान्त्रिक निर्वाचनका दायित्वहरुको अनुमोदनका आधारमा गरेको हो । यस प्रतिवेदनको संरचनाले व्याख्यात्मक दस्तावेजहरुलगायत अन्तर्राष्ट्रिय दस्तावेजहरु, विशेषगरी संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति (युएनएचआरसी)का सामान्य टिप्पणीमा निहित लोकतान्त्रिक निर्वाचनहरुसँग सम्बन्धित आधारभूत अधिकार/दायित्वहरुलाई प्रतिबिम्बित गर्दछ ।

**तालिका क: नेपालको अन्तर्राष्ट्रिय दायित्वहरूका प्रमुख स्रोतहरू**

| सन्धि/घोषणा | अवस्था | मिति |
|---|---|---|
| संयुक्त राष्ट्रसंघ, महिलाहरुको राजनीतिक अधिकारका बारेमा सम्मेलन | अनुमोदित/स्वीकृति प्रदान | २६ अप्रिल, १९६६ |
| संयुक्त राष्ट्रसंघ, सबै प्रकारका जातीय भेदभावको उन्मूलनबारे अन्तर्राष्ट्रिय सम्मेलन | अनुमोदित/स्वीकृति प्रदान | ३० जनवरी, १९७१ |
| संयुक्त राष्ट्रसंघ, बाल अधिकारबारे सम्मेलन | अनुमोदित/स्वीकृति प्रदान | १४ सेप्टेम्बर, १९९० |
| संयुक्त राष्ट्रसंघ, महिलाबिरूद्ध हुने सबै प्रकारका भेदभावको उन्मूलनबारे अन्तर्राष्ट्रिय सम्मेलन | अनुमोदित/स्वीकृति प्रदान | २२ अप्रिल, १९९१ |
| संयुक्त राष्ट्रसंघ, नागरिक तथा राजनीतिक अधिकारहरुबारे अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | अनुमोदित/स्वीकृति प्रदान | १४ मे, १९९१ |
| संयुक्त राष्ट्रसंघ, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुबारे अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | अनुमोदित/स्वीकृति प्रदान | १४ मे, १९९१ |
| संयुक्त राष्ट्रसंघ, नागरिक तथा राजनीतिक अधिकारहरुबारे अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रका लागि वैकल्पिक शिष्टाचार | अनुमोदित/स्वीकृति प्रदान | १४ मे, १९९१ |
| संयुक्त राष्ट्रसंघ, महिलाबिरूद्ध हुने सबै प्रकारका भेदभावको उन्मूलनबारे अन्तर्राष्ट्रिय सम्मेलनका लागि वैकल्पिक शिष्टाचार | अनुमोदित | १५ मे, २००७ |
| संयुक्त राष्ट्रसंघ, आदिवासी तथा जनजाति सम्मेलन | अनुमोदित | २२ अगष्ट, २००७ |
| संयुक्त राष्ट्रसंघ, अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका बारेमा सम्मेलन | अनुमोदित | ७ मे, २०१० |
| संयुक्त राष्ट्रसंघ, अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका बारेमा सम्मेलनका लागि वैकल्पिक शिष्टाचार | अनुमोदित | ७ मे, २०१० |
| संयुक्त राष्ट्रसंघ, भ्रष्टाचार विरूद्धको सम्मेलन | अनुमोदित | ३१ मार्च, २०११ |
| संयुक्त राष्ट्रसंघ, मानवअधिकारको विश्वव्यापी घोषणापत्र | सहभागी पक्ष | |

## दीर्घकालीन पर्यवेक्षकहरूको परिचालन


निर्वाचन आयोग, नेपाल तथा अन्तरिम निर्वाचन परिषद्का अध्यक्षबाट निमन्त्रणा प्राप्त भएपछि कार्टर सेन्टरको जारी नियोग २५ सेप्टेम्बर २०१३ मा एक अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोगमा परिणत भयो ।

सेप्टेम्बर महिनाको अन्त्यतिर काठमाडौंमा मुख्य समूह सदस्यहरुका साथसाथै राष्ट्रिय सरोकारवाला तथा अन्य अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरु सहभागी भएको प्रारम्भिक बैठकपश्चात् सेन्टरले आठ देशका १२ जना अन्तर्राष्ट्रिय दीर्घकालीन पर्यवेक्षकहरुलाई पहिलेदेखि नै क्षेत्रमा रहेका क्षेत्रीय संयोजकहरुसँग सहभागी हुनका लागि खटायो । दीर्घकालीन पर्यवेक्षकहरुलाई पाँच विकास क्षेत्र र एक प्रमुख शहरका लागि दुई दुई जना गरी खटाइएको थियो । उनीहरु धनगढी, नेपालगंज, पोखरा, काठमाडौं, बिरगंज र बिराटनगरमा अवस्थित थिए । बिरगंजको समूहले पूर्वी र मध्य तराईका ठूला भूभागहरु समेटेको थियो ।

पर्यवेक्षक समूहहरुले आफ्ना निर्दिष्ट भूभागभरि यात्रा गरे, निर्वाचनपूर्वको अवधिमा ७५ मध्ये धेरै जिल्लाहरुको भ्रमण गरे । उनीहरुले राजनीतिक दलका नेता, निर्वाचन अधिकारी, सुरक्षा बल, उपेक्षित समूहका प्रतिनिधि, नागरिक समाजकर्मी, घरेलु पर्यवेक्षक, पत्रकार, अन्तर्राष्ट्रिय संघसंस्था तथा मतदाताहरुसँग भेट गरे । निर्वाचनपूर्वको अवधिमा उनीहरुले चार मुख्य विषयहरुमा अन्तर्वार्ताहरु गरे: १) निर्वाचनपूर्वको सुरक्षा, २) निर्वाचन प्रशासन तथा मतदाता शिक्षालगायत निर्वाचनपूर्वका तयारीहरु, ३) राजनीतिक दलहरु, निर्वाचन प्रचारप्रसार, सञ्चारमाध्यम तथा आचारसंहिता, र ४) नागरिक समाज, उपेक्षित समूह तथा निर्वाचन पर्यवेक्षकहरुको सहभागिता । उनीहरुले उम्मेदवार दर्ता, जनसभा तथा प्रचारप्रसार जुलुस आदिको अवलोकन गरे र अल्पकालीन पर्यवेक्षकहरुलाई खटाउने तयारी गरे । दीर्घकालीन पर्यवेक्षकहरुले साप्ताहिक विवरणहरुका साथै भेला, घटना तथा अन्य आवश्यक विवरणहरु पठाए ।

निर्वाचनको दिनमा दीर्घकालीन पर्यवेक्षकहरुले व्यापक पर्यवेक्षण गरे । निर्वाचनको दिनपश्चात्, दीर्घकालीन पर्यवेक्षकहरुले मुख्य समूहका सदस्यहरुसँगै गणना र उजुरी तथा अपील प्रक्रियाको पर्यवेक्षण गरे । उनीहरुले जानकारीमा आएका घटना तथा निर्वाचनपश्चातको अवधिका अन्य सम्बन्धित पक्षहरुलाई पछ्याउनुका साथसाथै निर्वाचन प्रक्रियाबारे जानकारीहरु संकलन गर्नका लागि सरोकारवालाहरुसँगका बैठकहरुलाई पनि जारी राखे । अन्तिम प्रतिवेदन तयार गरिसकेपछि र मुख्य समूहसँग समापन छलफल गरिसकेपछि दीर्घकालीन पर्यवेक्षकहरु डिसेम्बर १५ मा नेपालबाट बिदा भए ।

कार्टर सेन्टरका पर्यवेक्षक रामिरो मार्टिनेज निर्वाचनभन्दा अघिल्लो दिन कर्मचारीहरुले एक मतदानस्थल निर्माण गर्दै गरेको अवलोकन गर्दै ।




डेबोरा ह्यामस

## अल्पकालीन पर्यवेक्षकहरूको परिचालन

सेन्टरले निर्वाचन हुने दिनको आसपासको अवधिका लागि २८ देशका ५४ अल्पकालीन पर्यवेक्षकहरुलाई खटायो । अल्पकालीन पर्यवेक्षकहरु १३ नोभेम्बरका दिन काठमाडौं ओर्लिए र उनीहरुले नेपालको राजनीतिक अवस्था, निर्वाचकीय खाका तथा तयारीहरु, सुरक्षा निर्देशिका, लजिस्टिक्स तयारी, निर्वाचनको दिनका पद्धतिहरु तथा रिपोर्ट गर्ने प्रावधानबारे दुई दिने जानकारी हासिल गरे । जानकारी सत्रमा आइएफइएस-नेपालको सहयोगमा सञ्चालित नमूना मतदान अभ्यास पनि समावेश थियो । उनीहरुले सेन्टरको निर्वाचन अनुगमन प्रविधिको प्रयोगबारे पनि प्रशिक्षण लिए जुन प्रविधि पर्यवेक्षण गरिएका चेकलिस्ट (जाँच सूची) हरुलाई हाते ट्याब्लेटहरुको प्रयोगमा विद्युतीय माध्यमद्वारा पठाउनका लागि प्रयोग गरिएको थियो । यसअलावा, सबै अल्पकालीन पर्यवेक्षकहरुले आफ्ना दीर्घकालीन पर्यवेक्षकहरुसँग बैठकहरु गरे जसले उनीहरुलाई क्षेत्रीय जानकारीका साथै उनीहरु खटिएका क्षेत्रहरुको विवरण सम्मिलित सामग्रीहरु पनि दिए ।

अल्पकालीन पर्यवेक्षकहरु निर्वाचनभन्दा तीन दिन अघि आफ्ना जिम्मेवारीका क्षेत्रहरुमा खटाइएका थिए । यो अवधिमा उनीहरुले स्थानीय निर्वाचन वातावरणको अझ राम्रो समझका लागि स्थानीय सरोकारवालाहरुसँग बैठकहरु गरे । अघिल्ला पर्यवेक्षण, ऐतिहासिक परिवेश, संवेदनशिलताको तह, निर्वाचन आयोगका प्रावधानहरु, राजनीतिक वातावरण र उपेक्षित समूहहरुको उपस्थिति लगायतमा आधारित भै गरिएको पूर्ण मूल्यांकनपछि जिम्मेवारीका क्षेत्रहरु छनौट गरिएका थिए । निर्वाचनको दिन सेन्टरका पर्यवेक्षकहरुले पाँचै विकास क्षेत्र र तीनै पर्यावरणीय क्षेत्रका ३१ जिल्लाका ३३६ मतदान केन्द्रहरुको भ्रमण गरे ।

काठमाडौंस्थित मुख्य समूहका कर्मचारीले अल्पकालीन पर्यवेक्षकहरु खटिउन्जेल उनीहरुसँग सम्पर्क कायम राखे, र साथसाथै निर्वाचनको दिन मतदान खुला हुने, मतदान र समापन प्रक्रियाका बारेमा विद्युतीय चेकलिस्टहरु प्राप्त गर्ने र विश्लेषण गर्ने काम गरे । अधिकांश अल्पकालीन पर्यवेक्षक समूहहरु गणना प्रक्रियाको केही खण्डको पर्यवेक्षणका लागि निर्वाचनपछिका तीन दिनसम्म आफूहरु खटिएको क्षेत्रमै रहे । २४ नोभेम्बरमा देश छाड्नुअघि अल्पकालीन पर्यवेक्षकहरुसँग काठमाडौंमा समापन बैठक गरिएको थियो ।

## नेतृत्व टोली

नेपालको पर्यवेक्षण प्रतिनिधिमण्डललाई उच्च तहका राजनीतिक नेता तथा कार्टर सेन्टरका वरिष्ठ कर्मचारीहरु सम्मिलित एक टोलीले नेतृत्व गरेको थियो । नेतृत्व टोलीमा पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टर, थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री डा. सुराकियात साथीराथाई, कार्टर सेन्टरका वरिष्ठ सल्लाहकार

राजदूत ए. पिटर बर्ले, थाइल्याण्डका पूर्व राजदूत कोब्साक चुटिकुल, कार्टर सेन्टरका अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत डा. जोन हार्डस्यान, कार्टर सेन्टरको प्रजातन्त्र कार्यक्रमका सहनिर्देशक डा. डेविड पोट्टी तथा नेपालस्थित कार्टर सेन्टरका फिल्ड अफिस डाइरेक्टर डेविड भी. ह्यामिल्टनसमेत थिए ।

निर्वाचनपूर्व र पछिल्ला दिनहरुमा टोलीले राजनीतिक नेताहरु, निर्वाचन आयुक्तहरु, नागरिक समाजका नेताहरु तथा घरेलु र अन्तर्राष्ट्रिय पर्यवेक्षण प्रतिनिधिमण्डलका प्रतिनिधिहरुसँग भेट गऱ्यो । निर्वाचनको दिन नेतृत्व टोलीका सदस्यहरुले काठमाडौं उपत्यकाका विभिन्न मतदानस्थलहरुको भ्रमण गरे । टोलीको उपस्थितिले नेपालको निर्वाचन प्रक्रिया तथा सेन्टरका पर्यवेक्षण प्रयासहरुमा जनताको चासो र वैधानिकता बढाउने काम गऱ्यो । २१ नोभेम्बर २०१३ मा राष्ट्रपति कार्टर, डा. हार्डस्यान, डा. पोट्टी तथा श्री ह्यामिल्टनले काठमाडौंमा भएको एक पत्रकार सम्मेलनमा कार्टर सेन्टरका प्रारम्भिक तथ्य तथा निष्कर्षहरु सम्मिलित वक्तव्य जारी गरे ।

## अन्तर्राष्ट्रिय सहयोग

अन्तर्राष्ट्रिय समुदायले सन् २००८ को संविधानसभाको निर्वाचनदेखि नै नेपालका जनता, राजनीतिक दलहरु, नागरिक समाज तथा निर्वाचन आयोगलाई निष्ठापूर्ण सहयोग प्रदान गरिरहेका छन् । कार्टर सेन्टरका अलावा निर्वाचकीय प्रक्रियालाई विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरुले दीर्घकालीन सहयोग प्रदान गरेका छन्, विशेषगरी आइएफइएस, एनडीआई र युएनडीपी उल्लेखयोग्य छन् । सरोकारवाला संस्थाहरु, राजनीतिक दलहरु, नागरिक समाजको क्षमता वृद्धि गर्न तथा निर्वाचन प्रक्रियामा सुधार ल्याउनका लागि यो सहायता अपरिहार्य रहेको छ । द्विपक्षीय तथा शान्ति कोष नेपालमार्फत भएको अन्तर्राष्ट्रिय दातृसंस्थाहरुको योगदान निर्वाचनमा सहयोग पुऱ्याउनका लागि प्रभावकारी रहेको छ ।

कार्टर सेन्टरका साथसाथै एनफ्रेल र युरोपीयन युनियनद्वारा पनि दीर्घकालीन निर्वाचन पर्यवेक्षण नियोगहरु खटाइएका थिए । निर्वाचनको दिन दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को एक विज्ञ समूहले द एशिया फाउन्डेशनको सहजीकरणमा निर्वाचनको कारवाहीको पर्यवेक्षण गऱ्यो, नेपालस्थित विभिन्न राजदूतावासका पर्यवेक्षकहरुले पनि त्यसो गरे ।

# ऐतिहासिक र राजनीतिक पृष्ठभूमि

पृथ्वी नारायण शाहले काठमाडौं उपत्यका र यसको छेउछाउका क्षेत्रहरुलाई जितेर उक्त क्षेत्रलाई एक एकीकृत राज्य घोषणा गरेपछि सन् १७६८ मा आधुनिक राज्यको रुपमा नेपालको जन्म भएको थियो । सन् १८४६ मा राणाहरुले प्रतिस्थापित गर्नु अघिसम्म उनका सन्तानहरुले वंशाणुगत राजाको रुपमा राज्य गरे । राणाहरुले सन् १९५१ सम्म वंशाणुगत प्रधानमन्त्रीको रुपमा राज्य गरे । राणा शासनको अन्त्य भएपछि मात्र स्थायी संविधान निर्माणका लागि संविधानसभाको निर्वाचनमा लक्षित छलफलहरु गर्न सम्भव भयो । राजनीतिक अस्थिरताका कारण १९५९ सम्म ढिलाइ भएको पहिलो निर्वाचनमा नेपाली कांग्रेस दलले विजय प्राप्त गरेको थियो । अपेक्षाअनुरुपको

*राजनीतिक अस्थिरताका कारण १९५९ सम्म ढिलाइ भएको पहिलो निर्वाचनमा नेपाली कांग्रेस दलले विजय प्राप्त गरेको थियो ।*

संविधानसभा नभई एउटा संसद निर्वाचित भएको थियो र दलीय राजनीतिज्ञहरु समावेश भएको एक मस्यौदा आयोगद्वारा एउटा संविधान लेखियो जसमा कार्यकारी अधिकार राजालाई दिइयो । लगत्तै राजा महेन्द्रले कू गरे र सन् १९६० मा सरकारको नियन्त्रण तथा राज्यका अधिकांश मामिलाहरुमाथि कब्जा गरे । राजा र सल्लाहकार परिषद्द्वारा प्रत्यक्ष शासन हुने राजा महेन्द्रद्वारा स्थापित प्रणालीलाई *पञ्चायत* भनियो (पाँच ज्येष्ठहरुको सभा) र त्यो सन् १९९० सम्म निरन्तर रह्यो ।

### बहुदलीय प्रजातन्त्र

सन् १९९० मा पञ्चायत शासनको विरूद्धमा ठूलो विद्रोह (जनआन्दोलन) भयो । यो विद्रोह नेपाली कांग्रेस र संयुक्त वाममोर्चाको छातामुनि रहेका विभिन्न वाम दलहरु सम्मिलित एक गठबन्धनको अगुवाइमा भएको थियो । पञ्चायत काल (१९६०-१९९०) मा सबै राजनीतिक दल तथा उनीहरुका क्रियाकलापहरुमाथि औपचारिक प्रतिबन्ध लगाइएको थियो । ती दलहरु राजा वीरेन्द्र वीरविक्रम शाहदेवलाई पञ्चायत प्रणालीको विघटन, नयाँ संविधान निर्माण र ब्रिटिश मोडलमा आधारित राजनीतिक प्रणाली लागू गर्न राजी बनाउन सफल भए । यो प्रणालीअन्तर्गत राजा संवैधानिक राजाको रुपमा रहे र सरकार छान्नको लागि हरेक पाँच वर्षमा निर्वाचन हुने भयो । राजा तथा राजनीतिक दलका नेताहरुले चुनेका थोरै व्यक्तिहरुको समूहले एउटा नयाँ संविधानको मस्यौदा गर्‍यो जुन १९९० मा लागू भयो ।

सन् १९९० को संविधान सम्झौताको दस्तावेज थियो । यसले राज्यको बहुजातीय र बहुभाषिक प्रकृतिलाई आत्मसात गर्दै राज्यको विविधतालाई स्वीकार गर्‍यो र प्रजातान्त्रिक प्रणालीका लागि अपरिहार्य नागरिक तथा राजनीतिक स्वतन्त्रता प्रदान गर्‍यो । तथापि, संविधानसभाको निर्वाचन वा नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गर्नुपर्ने मागहरुलाई भने नजरअन्दाज गरियो । संविधानले राज्यलाई हिन्दु राजतन्त्रकै रुपमा परिभाषित गर्‍यो र सेनामाथिको निर्णायक नियन्त्रण राजासँगै रह्यो ।

निर्वाचित नागरिक सरकार र संवैधानिक राजतन्त्रको यो खाकाभित्र सन् १९९१, १९९४ र १९९९ मा आम निर्वाचनहरु भए । यस अवधिका अधिकांश सरकारहरु नेपाली कांग्रेसको नेतृत्वमा थिए भने नेकपा(एमाले), र केही मात्रामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) (पूर्व पञ्चायत-कालीन राजनीतिज्ञहरुद्वारा बनेको) प्रतिपक्षमा रहे ।

लगातारको अन्तरदलीय तथा दलभित्रैका गम्भीर विवाद र गुटबाजीले नेतृत्वमा बारम्बार परिवर्तन ल्यायो, सन् १९९० देखि सन् २००० सम्मको एक दशकमा नौवटा सरकारहरु गठन भए । राजनीतिक खिचातानी, अत्यधिक कमजोर गठबन्धन तथा विशेषतः हरेक सरकारको छोटो आयुले यस अवधिमा नीति निर्माण तथा कार्यान्वयन ठप्पप्रायः भयो । नेपालका नयाँ प्रजातान्त्रिक नेताहरुप्रति व्यापक मोहभंगको परिणाम अनुमान लगाउन सजिलो थियो ।

### माओवादी द्वन्द्व

सन् १९९६ मा नेपाल कम्युनिष्ट पार्टी-माओवादी नामको एउटा सानो वाम दलले मूलधारको संसदीय राजनीति त्याग्यो

र सरकारविरूद्ध सशस्त्र विद्रोह सञ्चालन गऱ्यो । प्रारम्भमा नेपालको पश्चिमी पहाडमा आधारभूमि भएको उक्त दलको विद्रोह त्यसपछिको दशकभरिमा नेपालभरि फैलियो । त्यस अवधिमा ग्रामीण क्षेत्रहरुमा रहेका प्रहरी चौकी तथा शक्तिका अन्य केन्द्रहरु माओवादी आक्रमणको निशानामा पटक पटक परे ।

जुन २००१ मा युवराजधिराज दीपेन्द्रद्वारा घटाइएको भनिएको घटनामा नारायणहिटी राजदरबारभित्र राजपरिवारका नौ सदस्यहरु मारिएपछि उनका काका ज्ञानेन्द्र वीरविक्रम शाहदेवको राज्याभिषेक भयो । घटनाको यथार्थप्रति जनतामा रहेको व्यापक सन्देहले राजा ज्ञानेन्द्रको सत्ताको वैधता शुरुदेखि नै संकटमा पऱ्यो । नोभेम्बर २००१ मा संकटकालको घोषणा गरियो र माओवादी विद्रोहीहरुलाई दबाउन सेना परिचालन गरियो । मे २००२ मा राजा ज्ञानेन्द्रले जनमतद्वारा निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई निर्वाचन गराउन नसकेको आरोपमा अपदस्थ गर्दै राज्यसत्ताको सम्पूर्ण शक्ति पुनः प्राप्त गर्नका लागि पहिलो कदम चाले । फेब्रुअरी २००५ मा राजा ज्ञानेन्द्रले शाही नेपाली सेनाको सहयोगमा कु गरे र मूलधारका संसदीय दलका धेरै राजनीतिक नेताहरुलाई घरमै नजरबन्द बनाए । माओवादी विद्रोहलाई नियन्त्रण गर्नमा राजनीतिक वर्गको असफलताले उनलाई प्रत्यक्ष शासन गर्ने बहाना प्रदान गऱ्यो ।

## शान्ति प्रक्रिया

सरकार र माओवादीबीच सन् २००१ र सन् २००३ मा भएका शान्ति वार्ताहरु द्वन्द्व समाधान गर्न असफल भए । नोभेम्बर २००५ मा सात दलीय गठबन्धन भन्ने गरिएको संसदीय दलहरुको एक समूहले माओवादीहरुसँग १२-बुँदे सहमति गरे जसमा उनीहरुले निरंकुश राजतन्त्र विरूद्ध राष्ट्रव्यापी प्रजातान्त्रिक आन्दोलन सिर्जना गर्ने प्रतिज्ञा गरे । उक्त सम्झौता भारतीय सहयोगमा भारतमै हस्ताक्षर गरिएको थियो । नयाँ संविधान निर्माणका लागि संविधानसभाको निर्वाचन गर्ने दुवै पक्षको प्रतिबद्धता यो सम्झौताको एक महत्वपूर्ण अवयव थियो ।

माओवादी र सातदलीय गठबन्धन दुवैको सहभागितामा अप्रिल २००६ मा भएको १९ दिने जनआन्दोलन (जनआन्दोलन दुई) को परिणामस्वरुप राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन अन्त्य भयो । २३ जना आन्दोलनकारीहरु मारिएको यो आन्दोलनले राजा ज्ञानेन्द्रलाई सन् १९९९ को प्रतिनिधिसभालाई पुनर्स्थापित गर्न दवाब दियो जुन सभा सन् २००२ मा विघटन गरिएको थियो । उक्त प्रक्रियाको एक खण्डका रुपमा, नेपाल हरेक नागरिकको राजनीतिक प्रतिनिधित्व हुने गरी धर्मनिरपेक्ष, संघीय र गणतान्त्रिक राज्य निर्माणको राजनीतिक परिवर्तनतर्फ अघि बढ्यो ।

नोभेम्बर २००६ मा माओवादी र सात दलीय गठबन्धनबीच एक विस्तृत शान्ति सम्झौता सम्पन्न भयो । जनवरी २००७ मा प्रतिनिधिसभा विघटन गरी त्यसलाई एक अन्तरिम विधानसभाद्वारा प्रतिस्थापित गरियो जसमा माओवादीहरु पनि समावेश भए । अप्रिल २००७ मा माओवादीहरु अन्तरिम सरकारमा सामेल भए । सबै दलहरुको निमन्त्रणामा जनवरी २००७ मा संयुक्त राष्ट्रसंघको नेपाल नियोग (अनमिन) को स्थापना भयो र अनमिनलाई हतियार व्यवस्थापनको अनुगमन गर्ने तथा निर्वाचन आयोगलाई संविधानसभाको निर्वाचनको तयारीका लागि प्राविधिक सहयोग प्रदान गर्ने जिम्मेवारी दिइयो । अनमिनका हतियार अनुगमनकर्ताहरुले जनमुक्ति सेना र नेपाली सेना दुवैका हतियारहरुको दर्ता र भण्डारण तथा नेपालका विभिन्न स्थानमा स्थापित जनमुक्ति सेनाका सात शिविरहरुको निगरानी गरे ।

निर्वाचित संविधानसभाद्वारा घोषणा गरिने नयाँ संविधानमा जनआन्दोलन दुई र विस्तृत शान्ति सम्झौताका परिणामहरु झल्किने अपेक्षा गरिएको थियो । तथापि, सन् २००८ सम्म संविधानसभाको निर्वाचन हुन सकेन र त्यसपछि पनि तोकिएको समयसीमा पटकपटक गुज्रियो । तसर्थ शुरुमा दुई वर्षको (२००६-२००८) भनी परिकल्पना गरिएको सो प्रक्रिया अन्ततः सन् २०१३ को दोस्रो संविधानसभाको निर्वाचनसँगै लम्बियो, र संविधान निर्माणको प्रक्रिया जारी छ । दोस्रो संविधानसभाका सभासदहरूले नयाँ संविधानका लागि जनवरी २२, २०१५ को समयसीमा निर्धारण गरेका छन् ।

*सन् १९९६ मा नेपाल कम्युनिष्ट पार्टी–माओवादी नामको एउटा सानो वाम दलले मूलधारको संसदीय राजनीति त्याग्यो र सरकारविरूद्ध सशस्त्र विद्रोह सञ्चालन गऱ्यो ।*

यस अवधिमा, दशक लामो विद्रोहमा माओवादीहरुको आधार विन्दु रहेका देशभरिका ऐतिहासिक उपेक्षित समूहहरुले आफ्ना अधिकार तथा राष्ट्रियस्तरका मामिलाहरुमा अझ बढी समावेशिताका लागि तीव्र दवाब दिन थाले । यो आन्दोलन विशेष गरी नेपालको दक्षिणी समथर भूभाग (तराई) मा बस्ने मधेशी जनताहरुबाट भएको थियो । धेरैले माओवादीहरु सरकारमा आएपछि उपेक्षित समुदायहरुसँग गरेका वाचाहरु प्रभावकारी रुपमा पूरा गर्न असक्षम वा उदासीन भएको ठाने, तीमध्ये प्रमुख वाचाहरु स्वायत्त जातीय राज्य स्थापना र समावेशिता वृद्धि गर्नका लागि सुदृढ राष्ट्रिय नीतिहरुको निर्माण थिए । नेपालको असमावेशी अभ्यासको इतिहास तथा अत्यन्त केन्द्रिकृत राज्यलाई दशक लामो सशस्त्र द्वन्द्वलाई मलजल गर्ने प्रमुख तत्वको रुपमा लिइन्छ । परिणामस्वरुप, सन् २००६ मा हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौता र सन् २००७ को अन्तरिम संविधान दुवैको एक प्रमुख विशेषता ऐतिहासिक रुपमा उपेक्षित समुदायहरुलाई हित गर्ने भाषाको स्पष्ट समावेश थियो ।

## पहिलो संविधानसभाको निर्वाचन

सन् २००७ भरि मधेशी, महिला, दलित र जनजाति (आदिवासी जनता) लगायत ऐतिहासिक रुपमा पिछडिएका धेरै समूहहरुले राज्य संरचनामा परिवर्तन, सरकारी निकायहरुमा प्रतिनिधित्वका लागि थप आरक्षण तथा निर्वाचन प्रणालीमा हेरफेरको माग राख्दै विरोध प्रदर्शनहरु गरे । पूर्वतयारीको कमी र न्यून राजनीतिक इच्छाशक्ति सँगसँगै तराईमा भएको उथलपुथलले जुन २००७ का लागि तोकिएको संविधानसभाको निर्वाचनमा ढिलाइ भयो । सन् २००७ मा मधेशी विरूद्ध सरकारले गरेको भेदभावका विरूद्ध तराईमा भएका जनप्रदर्शनहरुमा ३० भन्दा बढी व्यक्तिहरु मारिए जसलाई मधेश आन्दोलन भनियो । मार्च २००७ मा मधेशी जनाधिकार फोरम नामको एक प्रमुख मधेशी संगठन र माओवादीका समर्थकहरुबीच भएको एउटा झडपमा झण्डै ३० जना माओवादी कार्यकर्ताहरुको मृत्यु भएपछि तनाव झन् भड्कियो । आवधिक हड्ताल, बन्द, हिंसा भड्किने तथा सशस्त्र समूहहरु जन्मिने क्रममा तीव्र वृद्धि भएसँगै तराईमा धेरै महिनासम्म अशान्ति जारी रह्यो ।

सन् २००७ को हिउँदभरि सरकारले नोभेम्बर २००७ मा गर्ने भनिएको निर्वाचनका लागि मार्ग तयार गर्न उपेक्षित

*नेपालको असमावेशी अभ्यासको इतिहास तथा अत्यन्त केन्द्रिकृत राज्यलाई दशक लामो सशस्त्र द्वन्द्वलाई मलजल गर्ने प्रमुख तत्वको रुपमा लिइन्छ ।*

समुदायहरुको राजनीतिक र निर्वाचन प्रक्रियाहरुमा अझ बढी समावेशिताका मागहरु पूरा गर्ने वाचा गर्दै प्रमुख मधेशी तथा जनजाति समूहहरुसँग महत्वपूर्ण सम्झौताहरु गऱ्यो । सेप्टेम्बर २००७ मा माओवादीले निर्वाचन प्रणालीमा परिवर्तन, नेपाललाई गणतन्त्र घोषणा तथा पहिले गरिएका सम्झौताहरुको व्यवहारतः पालनालगायतका पूरा नगरिएका आफ्नै मागहरु तेर्स्याउँदै सरकारबाट बाहिरियो । सहमतिमा पुग्न असफल भएका कारण एकपटक फेरि निर्वाचन स्थगित भयो । डिसेम्बर २००७ मा निर्वाचकीय कानूनमा संशोधन तथा संविधानसभाको पहिलो बैठकले राजतन्त्रलाई अन्त्य गर्ने प्रावधानलगायतको एक सहमति भयो । माओवादीहरु फेरि सरकारमा सामेल भए र निर्वाचनका लागि अप्रिल १०, २००८ को नयाँ मिति घोषणा गरियो ।

सरकार आफूहरुसँग गरेका प्रतिबद्धताहरुको कार्यान्वयन गर्न लगभग पूरै असफल भएको भन्दै उपेक्षित समूहहरुले गरेका विरोधहरुले नियोजित निर्वाचन खल्बलिने चुनौती खडा भयो । फेब्रुअरी २००८ मा तीन अलग मधेशी दलहरुको गठबन्धनको नेतृत्वमा (मधेशी जनाधिकार फोरम, सदभावना पार्टी तथा तराई मधेश लोकतान्त्रिक पार्टी) सरकारमाथि दवाव दिन लक्षित एक हड्ताल १६ दिनसम्म चल्यो । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा भनिने गठबन्धनका मुख्य मागहरु आत्मनिर्णयको अधिकारसहितको एक एकल, स्वायत्त मधेश प्रदेश निर्माण तथा निर्वाचकीय कानूनमा थप संशोधन थिए । हड्तालले काठमाडौं र अन्य पहाडी क्षेत्रहरुमा अत्यावश्यक सामग्रीहरुको आपूर्ति असहज बनायो । यो अवधिमा तराईका जिल्लाहरुमा हड्तालका समर्थकहरु र प्रहरीबीच लगातार भिडन्त भए जसमा कम्तीमा पाँच जनाको मृत्यु भयो भने सैयौं घाइते भए ।

२८ फेब्रुअरीमा सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच एक सम्झौतामा हस्ताक्षर भयो । फलस्वरुप सबै किसिमका बिरोधहरु फिर्ता भए र ती समूहहरुले निर्वाचनमा सहभागी हुने वाचा गरे । दुई दिनपछि सरकारले पूर्वी पहाड र हिमालमा आन्दोलन गरिरहेको संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चासँग पनि अर्को सम्झौतामा हस्ताक्षर गऱ्यो । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले मागे बमोजिम उम्मेदवारी दर्ताको समयसीमा थप गर्नेतर्फ निर्वाचन आयोगले देखाएको तत्परताले ती आन्दोलनकारी समूहहरुले पनि निर्वाचन भाग लिने अवसर पाउने सुनिश्चित गर्न सहयोग पुग्यो ।

जे भए पनि, शान्ति प्रक्रियाका महत्वपूर्ण पक्षहरु सन् २००८ को संविधानसभाको निर्वाचनभन्दा अघिसम्म अपूर्ण नै रहे, सबैभन्दा महत्वपूर्ण रुपमा माओवादी लडाकूहरुको समायोजन, अवकाश तथा पुनर्स्थापना तथा मानवअधिकार उल्लंघन तथा द्वन्द्वकालीन अपराधको लेखाजोखा ।

## पहिलो संविधानसभा

डिसेम्बर २००७ मा राजनीतिक दलहरुका बीच संविधानसभा निर्वाचनका सम्बन्धमा अन्तिम सहमति जुट्यो । यसमा ६०१ सिटको सभाको योजनाबारे व्याख्या गरियो - ३३५ जना समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत निर्वाचित हुने, २४० जना पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणाली अन्तर्गत र २६ जनालाई मन्त्रीपरिषद्ले मनोनित गर्ने ।

महिनौंको विलम्ब र राजनीतिक खिचातानी पश्चात् अप्रिल २००८ मा निर्वाचन सम्पन्न भयो । दर्ता भएकामध्ये लगभग ६० प्रतिशतले मतदान गरे जसलाई सन् २००६ मा विस्तृत शान्ति सम्झौतामा भएको हस्ताक्षरसँगै शुरु भएको शान्ति प्रक्रियामा अघि बढेको महत्वपूर्ण पाइलाको रुपमा हेरियो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (जुन पछि एनेकपा( माओवादी) भयो) संविधानसभाको सबैभन्दा ठूलो दल बन्दै २२० सिटहरुमा जित दर्ता गऱ्यो । नेपाली कांग्रेसले ११० सिटका साथ दोस्रो ठूलो दलमा कब्जा जमायो भने नेकपा (एमाले) ले १०३ सिट जित्दै नेपाली कांग्रेसलाई नजिकैबाट पछयायो । मधेशी दलहरुले समग्रमा ८३ सिट जितेर चौथो ठूलो भागमा कब्जा गरे ।

डेभोरा ह्याम्स



काठमाडौंको एक मतदान केन्द्रका प्रमुख । "यो धेरै ठुलो दिन हो", उनले भने ।

संविधानसभाले आफ्नो पहिलो बैठकबाट नेपाली राजनीतिमा राजतन्त्र र यसको औपचारिक भूमिकालाई प्रभावकारी रुपमा अन्त्य गर्दै नेपाललाई एक संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गऱ्यो ।

प्रारम्भमा संविधानसभालाई नयाँ संविधान निर्माणका लागि दुई वर्षको समयसीमा दिइएको थियो, तर यो मितिलाई चार पटकसम्म थपियो - पहिलो पटक एक वर्ष, त्यसपछि ३ महिना, फेरि ३ महिना र अन्त्यमा ६ महिना - अन्तिम समयसीमा २७ मे, २०१२ भयो । त्यसपछि उक्त जनादेशको थप विस्तारलाई सर्वोच्च अदालतले स्पष्टः रुपमा निषेध गरिदियो, नयाँ संविधान निर्माण गर्न असफल भएकोले २७ मे, २०१२ मा संविधानसभा विघटन हुन पुग्यो ।

आफ्नो चार वर्षे पदावधिमा संविधानसभाले केही महत्वपूर्ण उपलब्धिहरु हासिल गऱ्योः विवादास्पद मुद्दाहरुमा छलफल गर्नका लागि ३५ विषयगत आयोगहरु बनाइए र तीमध्ये ३२ वटा अन्ततः निर्क्यौलमा पुगेका थिए । नोभेम्बर २०११ मा भएको एक सहमतिले माओवादी लडाकूहरुलाई शिविरबाट निकाल्न र स्वैच्छिक अवकाशको आर्थिक प्याकेज वितरण गर्न सहज भयो । अप्रिल २०१२ मा अन्तिम टुङ्गो नलागुन्जेल माओवादी लडाकूहरुलाई नेपाली सेनामा समायोजन गर्ने मुद्दा भने अत्यन्त विवादास्पद बनिरह्यो ।[६]

सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएकाहरुको लागि छानबिन  आयोग गठनका प्रस्तावहरु विभिन्न समयमा संविधानसभाका तालिकामा राखिए र राजनीतिक दलहरुका बीचमा भएका सम्झौताको निरन्तर अंश बनिरहे । तथापि, प्रस्तावित मस्यौदाहरुले अन्तर्राष्ट्रिय मान्यता पूरा गरेनन् र सर्वोच्च अदालतका विभिन्न निर्णय तथा रोक आदेशको चपेटामा परे । गम्भीर मानवअधिकार उल्लंघनका लागि पनि उन्मुक्ति दिन निर्मित विशेष प्रावधानहरुले युद्धकालीन अपराधका लागि दण्डहीनताको संस्कारलाई बढावा दिएको भन्दै मानवअधिकार रक्षक तथा पीडित संघसंस्थाहरुबाट कडा आलोचना भयो ।[७]

## संविधानसभाको विघटन

संविधान निर्माणको समयसीमा नजिकिँदै गर्दा संघीय पुनर्संरचनाका मूलभूत स्वरुपहरुको सम्बोधन गर्न बाँकी नै

६. संयुक्त राष्ट्रसंघको संयुक्त समायोजन टोलीले मूल पहिचान गरेका लगभग १९,००० पूर्व जनमुक्ति सेनाका लडाकूहरुमध्ये कूल १,४६२ पूर्व जनमुक्ति सेनाका लडाकूहरु अन्ततः नेपाली सेनामा समायोजन भए ।

७. मे २०१२ मा संविधानसभा विघटन हुनुभन्दा थोरै मात्र अघि एक मन्त्रीपरिषद् निर्णयले हत्या तथा बलात्कारका मुद्दाहरुसहित थप ४२५ द्वन्द्वकालीन मुद्दाहरु फिर्ता गरियो ।

रहेको हुँदा नागरिकहरुका बीच साम्प्रदायिक तनावको त्रास बढ्न पुग्यो । यस अवधिमा भएका विरोधहरुले नेपालभरि साम्प्रदायिक दङ्गा भड्काउन सक्ने सबैभन्दा ठूलो कारक तत्व संघीयतामाथिको विवाद नै रहेको पुरानै मान्यतालाई पुष्टि गरे । तथापि अप्रिल/मे २०१२ मा भएका पहिचान-आधारित परिचालनहरुले व्यापक साम्प्रदायिक तनावहरु भड्किएनन् तर केही क्षेत्रका अन्तर-साम्प्रदायिक सम्बन्धहरुलाई भने झन् बिगारिदिए । संविधानसभा विघटन हुनेबित्तिकै ती स्थानका सम्बन्धहरुमा सुधार आयो, यद्यपि तनाव हटाउनका लागि स्थानीय द्वन्द्व मध्यस्थकर्ताहरुले पहल गरेको देखियो ।

कठोर र केही नरम समूहहरुबीचको वर्षौं लामो अन्तरविरोधपश्चात् जुन २०१२ मा माओवादी दल औपचारिक रुपमा फुट्यो । फुटेर बनेका दुई दलहरुमध्ये नेकपा-माओवादीको नेतृत्व मोहन वैद्य ("किरण") ले गरे भने एनेकपा (माओवादी) को नेतृत्व पुष्पकमल दाहाल ("प्रचण्ड") ले ।

## संवैधानिक संकट र दोस्रो संविधानसभा निर्वाचन

संविधान नबनाई संविधानसभाको विघटन भएपछि एनेकपा(माओवादी) को तर्फबाट बनेका तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई कामचलाउ सरकारको प्रमुखको हैसियतमा रहे भने राजनीतिक नेताहरुले नयाँ निर्वाचन गर्नका लागि नयाँ सरकार गठनको लागि छलफल गरे । राजनीतिक दलहरु सरकार निर्माणका विषयमा सहमत हुन नसक्दा नोभेम्बर २०१२ र त्यसपछि २०१३ को वसन्त ऋतुमा निर्वाचन गर्ने कैयौं मौकाहरु खेर गए ।

१३ मार्च २०१३ मा प्रमुख चार राजनीतिक दलका नेताहरुले नेपालको लामो अवधिदेखिको संवैधानिक तथा राजनीतिक संकटलाई अन्त्य गर्नका लागि एक ११ बुँदे सहमतिमा हस्ताक्षर गरे । यो सहमतिको फलस्वरुप बहालबाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा निर्वाचन सरकारको रुपमा एक अन्तरिम निर्वाचन परिषद्को गठन भयो र संवैधानिक अड्चनहरु हटाउनका लागि राष्ट्रपतिद्वारा एक २५-बुँदे बाधाअड्काउ अध्यादेश पारित भयो । त्यसपछि, अन्तरिम निर्वाचन परिषद्लाई सघाउनका लागि नेपालका सबैभन्दा ठूला राजनीतिक दलहरुको एक खुला गठबन्धन, उच्चस्तरीय राजनीतिक समितिको गठन भयो । १३ जुन २०१३ मा अन्तरिम निर्वाचन परिषद्ले १९ नोभेम्बर २०१३ का दिन संविधानसभाको निर्वाचन हुने घोषणा गऱ्यो ।

नेकपा-माओवादीको नेतृत्वमा रहेको ३३ दलीय गठबन्धनसहित केही साना दलहरुद्वारा बहालबाला प्रधानन्यायाधीशलाई अन्तरिम निर्वाचन परिषद्को अध्यक्षमा नियुक्ति र निर्वाचनको मिति घोषणा दुवैको सार्वजनिक विरोध गरियो । उक्त गठबन्धनले जसले बेलाबखतमा, विशेष गरी निर्वाचनको दिन नजिकिँदै गर्दा निर्वाचन प्रक्रियाको हिंसात्मक बहिष्कार पनि गऱ्यो । त्यस्ता चेतावनीहरुलाई मध्यनजर गर्दै अन्तरिम निर्वाचन परिषद्ले निर्वाचनको सुरक्षा व्यवस्थापनमा प्रहरी, सशस्त्र प्रहरी बल तथा सेनालाई सम्मिलित गरी एक सुरक्षा योजनाको घोषणा गऱ्यो । सुरक्षा कार्यका लागि म्यादी प्रहरी तथा सेना खटाउने कार्य विवादास्पद बनेको थियो ।

# निर्वाचकीय निकायहरू र सन् २०१३ को संविधानसभा निर्वाचनको खाका

## अन्तरिम संविधान

सन् २००७ को अन्तरिम संविधानले मतदान गर्ने तथा निर्वाचित हुने अधिकार, निर्वाचकीय प्रणाली, निर्वाचकीय कानूनको आधार, स्वतन्त्र निर्वाचन व्यवस्थापन अङ्ग (निर्वाचन आयोग, नेपाल), निर्वाचन क्षेत्र सीमा निर्धारण आयोग र निर्वाचनका सम्बन्धमा प्राप्त कुनै पनि उजुरीमाथि फैसला गर्ने एक विशेष न्यायिक निकाय (संविधानसभा अदालत) लगायत संविधानसभाका लागि निर्वाचकीय प्रक्रियाका आधारस्तम्भहरु स्थापित गऱ्यो ।[८]

अन्तरिम संविधानले नेपाललाई लोकतन्त्रीकरण र सबै नागरिकहरुको अझ बढी समावेशिताका लागि कैयौं उपाय तथा अधिकारहरुको थालनी गऱ्यो । तथापि, यो स्थायी दस्तावेज हुन लक्षित नभएको हुँदा यसमा रिक्तताहरु थिए जसले निर्वाचन प्रक्रियालाई प्रभावित पारे । यीमध्ये प्रमुख, अन्तरिम संविधानले संविधानसभा विघटन हुनुभन्दा अगाडि यसले संविधान जारी गर्दैन भन्ने परिकल्पना गरेको थिएन र यसमा एउटा मात्र संविधानसभा निर्वाचनको प्रावधान राखियो । यसले संविधानसभा विघटन भैसकेपछि नयाँ संविधानसभाको निर्वाचन गर्नका लागि मतदाताको योग्यता, निर्वाचनको मिति तथा संस्थागत अवरोधहरुलगायत कैयौं कानूनी व्यवधानहरु उत्पन्न गऱ्यो । मार्च २०१३ मा मुख्य दलहरुबीच ११ बुँदे सहमति भैसकेपछि नयाँ निर्वाचनका लागि राष्ट्रपतिद्वारा पारित एक अध्यादेशद्वारा अन्तरिम संविधानमा संशोधन गरियो, त्यस बेला जुन २०१३ मा निर्वाचन गर्ने योजना थियो ।

## कानूनी खाका

लोकतान्त्रिक निर्वाचनहरुको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय कानून तथा अन्तर्राष्ट्रिय दायित्वहरुको पालना गर्ने राम्रो कानूनी निर्वाचकीय खाका अपरिहार्य हुन्छ ।[९] अन्तरिम संविधानका अलावा नेपालको निर्वाचकीय कानूनी खाकामा अन्य विभिन्न कानूनहरु समावेश छन्: संविधानसभा सदस्य निर्वाचन अध्यादेश (२०१३), निर्वाचन आयोग ऐन, मतदाता नामावली ऐन, संविधानसभा अदालत ऐन, निर्वाचन (कसुर र सजाय) ऐन, नागरिकता ऐन तथा राजनीतिक दल ऐन । यसैअनुरुप, निर्वाचकीय प्रक्रियालाई थप नियमन गर्नका लागि निर्वाचन आयोगले विभिन्न निर्देशिका, ऐन तथा आचारसंहिताहरु जारी गरेको छ ।

मार्च २०१३ को अध्यादेशमा निर्वाचन प्रणालीमा उल्लेख्य परिवर्तन आउने प्रारम्भिक परिकल्पना गरिएको थियो जसमा सिट संख्या ६०१ बाट घटाएर ४९१ बनाउने, समानुपातिकतर्फ थ्रेसहोल्डको व्यवस्था गर्ने र मनोनित सदस्यहरुको संख्या घटाउने लगायत थियो । यी परिवर्तनहरु भएका भए संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल तथा अल्पसंख्यक समूहहरुको संख्या घट्ने सम्भावना हुन्थ्यो, तर साना जातीय दलहरुको माग पूरा गर्नका लागि सेप्टेम्बर २०१३ मा तिनलाई हटाइयो ।

*अन्तरिम संविधानले नेपाललाई लोकतन्त्रीकरण र सबै नागरिकहरुको अझ बढी समावेशिताका लागि कैयौं उपाय तथा अधिकारहरुको थालनी गऱ्यो ।*

त्यस कारण, सन् २०१३ को संविधानसभा निर्वाचनको कानूनी खाका सन् २००८ को सँग मिल्दोजुल्दो नै थियो । नयाँ कानून भनेको संविधानसभाका सदस्यहरुको निर्वाचनसम्बन्धी अध्यादेश (२०१३) मात्र थियो । यसले सन् २००८ को संविधानसभा निर्वाचनका लागि लागू गरिएको संविधानसभा निर्वाचन ऐन (२००७) लाई प्रतिस्थापित गऱ्यो । कानूनी खाकामा गरिएका सबैभन्दा उल्लेख्य परिवर्तनहरु उम्मेदवारको योग्यतामा परिवर्तन, घरेलु निर्वाचन पर्यवेक्षकहरुका लागि लगाइएका नयाँ बन्देज तथा निर्वाचकीय आचारसंहितामा गैरसरकारी संस्थाहरुलाई समेत समावेश गर्नेलगायत थिए ।

८. यी सबै तत्वहरुबारे यस प्रतिवेदनका पछिल्ला खण्डहरुमा विस्तारमा छलफल गरिएको छ ।

९. नागरिक तथा राजनीतिक अधिकारहरुबारे अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आइसीसीपीआर), धारा २, संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति (युएनएचआरसी) सामान्य टिप्पणी २५, अनुच्छेद ५, ७, ९, १९, २० ।

नेपालको कानूनी खाकाले निर्वाचकीय प्रक्रियाका सबै मुख्य पक्षहरुलाई परिभाषित गरेको छ र मौलिक निर्वाचनहरुका लागि आवश्यक संगठन, सभा, अभिव्यक्ति तथा आन्दोलनको स्वतन्त्रता प्रदान गरेको छ। तथापि, उच्च संख्यामा रहेका कानून, नियम तथा निर्देशिकाहरुले कहिलेकाहीं कानूनी खाका बुझ्न असहज बनाइदिन्छन्, किनभने कानूनी प्रावधानहरुमा कतिपय दोहोरिएका, विरोधाभाषपूर्ण र कतैकतै रिक्तताहरु छन्। ती मामिलाहरुमा निर्वाचन क्षेत्रका सीमा निर्धारण, अति कठोर प्रचारप्रसार नियमहरु, पर्यवेक्षकका अधिकारहरुमा अनावश्यक सीमा, प्रचारप्रसार खर्च नियमनमा रिक्तता तथा निर्वाचनको दिनका नियमहरुमा रिक्तता लगायत छन्।[१०]

## सन् २०१३ को निर्वाचन आचारसंहिता

निर्वाचन ऐनले निर्वाचन आयोगलाई निर्वाचन प्रक्रियाबाट प्रभावित हुने सम्बन्धित सरोकारवालाहरुसँगको परामर्शमा उनीहरुका लागि कानूनी रुपमा पालना गर्नुपर्ने आचारसंहिता जारी गर्ने अधिकार दिएको छ।[११] निर्वाचन आयोगले राजनीतिक दल, उम्मेदवार, सरकार, सञ्चारमाध्यम तथा गैरसरकारी संस्थाका लागि, घरेलु पर्यवेक्षकका लागि तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुका लागि गरी तीनवटा आचारसंहिताहरु जारी गर्‍यो। तीमध्ये पहिलो, राजनीतिक दल, उम्मेदवार, सरकार, सञ्चारमाध्यम र गैरसरकारी संस्थाहरुको लागि जारी गरिएको आचारसंहिता प्रचारप्रसार अवधिभरि दल, उम्मेदवार तथा सञ्चारमाध्यमको मुख्य सन्दर्भविन्दु थियो।

यो आचारसंहिताले निर्वाचकीय प्रक्रियाका सहभागीहरुका लागि स्पष्ट आधारभूत नियमहरु तय गरेको सन्दर्भमा समग्रमा यो सकारात्मक थियो। उदाहरणका लागि, प्रचारप्रसारको अवधिमा सरकारी अधिकारीहरुको हस्तक्षेपलगायत राज्यका साधनस्रोतहरुको दुरुपयोगमा रोक लगाउनका लागि धेरै धाराहरुले काम गरेका छन्। अन्य सकारात्मक मापदण्डहरुमा जुलुस, भेला तथा अन्य प्रचारप्रसार कार्यक्रमहरुका लागि उचित नियमहरु, प्रचारप्रसार अवधिभर घृणा जगाउने भाषणमा बन्देज, २००८ को निर्वाचनमा प्राप्त परिणामको अनुपातमा टेलिभिजन र रेडियोमा राजनीतिक दलहरुका लागि निःशुल्क समयको व्यवस्था र हिंसाका आरोपहरुको छानवीनका लागि एक संयन्त्रलगायत थिए।

तथापि, केही सन्दर्भहरुमा आचारसंहिता बढी नै व्याख्यात्मक र कठोर थियोः प्रचारप्रसार अवधिमा जनधारणा सर्वेक्षणमा बन्देज, लोगो सहितका ब्यानर र तुल टाँग्न बन्देज तथा निर्वाचन सामग्रीहरु (पम्प्लेट, झण्डा आदि) निश्चित



डेबोरा ह्यामस

एक महिला आफ्नो मतदाता पहिचानपत्र देखाउँदै। उनले कार्टर सेन्टरका पर्यवेक्षकसमक्ष उनले यो निर्वाचनले देशको भविष्य निर्धारण गर्ने ठानेको, र उनी महिलाका अधिकारहरु समावेश हुनेमा ढुक्क हुन चाहेको बताइन्।

१०. यी मामिलाहरुलाई प्रतिवेदनका पछिल्ला खण्डहरुमा सम्बोधन गरिएको छ।

११. निर्वाचन आयोग ऐन, २०६३ (२००७), धारा २८ र २९।

ढाँचामा हुनु पर्ने प्रावधान । आवश्यक भएको खण्डमा मात्र अभिव्यक्तिको स्वतन्त्रतामा बन्देज लगाउन पाउने नेपालको अन्तर्राष्ट्रिय दायित्वसँग त्यस्ता प्रावधानहरु मेल खाँदैनन् ।[१२] यसबाहेक, अनावश्यक बन्देजहरु राख्नाले आचारसंहिता लागू गराउनलाई असहज भयो र त्यसैको कारणले गर्दा बढी महत्वपूर्ण र लागू गर्नुपर्ने प्रावधानहरुप्रतिको सम्मानमा कमजोरी देखिएको हुन सक्छ ।

## महिला, अल्पसंख्यक तथा उपेक्षित समूहहरूको सहभागिता

नेपाल ती अन्तर्राष्ट्रिय सम्मेलनहरुको एक सदस्य हो जसले राज्यहरुले भेदभाव अन्त्य गर्नका लागि सकारात्मक कदमहरु चाल्ने र सबै नागरिकहरुको समानतालाई व्यवहारतः सुनिश्चित गर्ने प्रतिबद्धता गरेका छन् । यसमा नागरिक तथा राजनीतिक अधिकारहरुबारे अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आइसीसीपीआर) का अलावा महिलाहरु विरूद्धका सबैखाले भेदभावको उन्मूलनबारे सम्मेलन, आदिवासी जनजाति सम्मेलन १९८९ (नं. १६९), तथा सबैखाले जातीय भेदभावहरुको उन्मूलनबारे अन्तर्राष्ट्रिय सम्मेलनलगायत छन् । अन्तरिम संविधानले “राज्य सदस्य रहेका अन्तराष्ट्रिय सन्धि तथा सम्झौताहरुको प्रभावकारी कार्यान्वयन गर्नु” राज्यको दायित्व रहेको बताएको छ ।[१३]

अन्तरिम संविधानमा कानूनको नजरमा सबै नागरिक समान रहेको र यसले “धर्म, वर्ग, जाति, जनजाति, लिङ्ग, मूल, भाषा अथवा वैचारिक आस्था” का आधारमा हुने भेदभावलाई विशेष रुपमा निषेध गरेको उल्लेखित छ ।[१४] यसले महिला तथा दलित,[१५] आदिवासी जनता, मधेशी, अपाङ्गता भएका व्यक्तिहरु तथा अन्यको “संरक्षण, सशक्तिकरण वा उत्थान” का लागि विशेष कानूनी प्रावधानहरुको बाटो खुला गरेको छ । संविधानले भेदभावको अन्त्य र “राज्यका सबै अङ्गहरुमा समानुपातिक समावेशिताको आधारमा” संरक्षित समूहहरुको सहभागितालाई सुनिश्चित गर्नु राज्यको दायित्व रहेको स्पष्ट पारेको छ ।[१६]

यी सिद्धान्तहरु संविधानसभाको निर्वाचनका लागि कोटा प्रणालीका साथसाथै निर्वाचन प्रक्रियामा अन्य कानूनतः संरक्षणका पनि आधार हुन् । नेपालको कानूनी खाकामा यी सिद्धान्तहरु समावेश हुनु धेरै सकारात्मक छ । तथापि, यो निर्वाचनमा ती सिद्धान्तहरुको सधैं समान कार्यान्वयन भएन, विशेषगरी महिला र केही अल्पसंख्यकहरुको हकमा मतदानमा दर्ता हुनका लागि र निर्वाचन अधिकारी तथा उम्मेदवारको रुपमा सहभागी हुनका लागि आवश्यक नागरिकता प्रमाणपत्र प्राप्त गर्ने पहुँचको मामिलामा यो समान रुपमा लागू हुन सकेन ।

## निर्वाचकीय प्रणाली

अन्तर्राष्ट्रिय कानूनद्वारा कुनै निश्चित निर्वाचकीय प्रणाली निर्धारित गरिएको नभए पनि मौलिक लोकतान्त्रिक निर्वाचन गर्नका लागि सुस्पष्ट परिभाषित निर्वाचकीय प्रणालीको स्थापना अपरिहार्य हुन्छ जसअन्तर्गत मतदाताहरुले स्वतन्त्रतापूर्वक आफ्ना प्रतिनिधिहरु छान्न पाउँछन् ।[१७]

अन्तरिम संविधानअनुसार, संविधानसभा ६०१ सिट भएको एकल सदन व्यवस्था हो । निर्वाचकीय प्रणालीले नेपालका ७५ वटै जिल्ला र ठूलो संख्याका जातीय, भाषिक तथा अन्य समूहहरुको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि पहिलो हुने (प्रत्यक्ष), समानुपातिक प्रतिनिधित्व तथा मनोनयनको मिश्रित प्रणाली अपनाएको छ । संविधानसभाको मिश्रण यस्तो छः

*अन्तर्राष्ट्रिय कानूनद्वारा कुनै निश्चित निर्वाचकीय प्रणाली निर्धारित गरिएको नभए पनि मौलिक लोकतान्त्रिक निर्वाचन गर्नका लागि सुस्पष्ट परिभाषित निर्वाचकीय प्रणालीको स्थापना अपरिहार्य हुन्छ जसअन्तर्गत मतदाताहरुले स्वतन्त्रतापूर्वक आफ्ना प्रतिनिधिहरु छान्न पाउँछन् ।*

- पहिलो हुने निर्वाचित हुनेः एकल-जनादेश निर्वाचन क्षेत्रबाट निर्वाचित २४० सदस्यहरु
- समानुपातिक प्रतिनिधित्वः दलहरुका श्रेणीविहीन, बन्द सूचीबाट सम्पूर्ण राष्ट्रलाई एक निर्वाचन क्षेत्र मानी त्यसैको आधारमा निर्वाचित ३३५ सदस्यहरु
- मनोनयनः निर्वाचनको दिनपछि मन्त्रीपरिषद्को सहमतिपूर्ण निर्णयबाट मनोनित २६ सदस्यहरु । संविधान अनुसार, यी सदस्यहरु “निर्वाचनबाट प्रतिनिधित्व गराउन नसकिएका र राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तित्वहरु तथा आदिवासी जनताहरु” हुनुपर्नेछ ।[१८]

---

१२. आइसीसीपीआर, धारा १९(३) अभिव्यक्तिको स्वतन्त्रतामा “(क) अरुका अधिकार वा ख्यातिको सम्मानका लागि, (ख) राष्ट्रिय सुरक्षा वा जनताको सुव्यवस्था, वा जनताको स्वास्थ्य वा नैतिकताका लागि आवश्यक भएमा” मात्र बन्देज लगाउन पाइन्छ ।

१३. नेपालको अन्तरिम संविधान, धारा ३३ (ड)

१४. नेपालको अन्तरिम संविधान, धारा १३

१५. पादटिप्पणी २ हेर्नुहोस् ।

१६. नेपालको अन्तरिम संविधान, धारा १३ (घ१)

१७. मानव अधिकारको विश्वव्यापी घोषणापत्र (युडीएचआर), धारा २१(३), र आइसीसीपीआर, धारा २५ । युएनएचआरसी, सामान्य टिप्पणी २५, अनु. २१ पनि हेर्नुहोस्: “आइसीसीपीआरले कुनै निश्चित निर्वाचकीय प्रणाली लागू नगरे पनि, कुनै पनि राज्यमा सञ्चालित प्रणाली धारा २५ ले संरक्षित गरेका अधिकारहरुसँग मेल खाने हुनै पर्छ र मतदाताहरुको इच्छाको स्वतन्त्र अभिव्यक्तिको कार्यान्वयनलाई सुनिश्चित गर्नैपर्छ ।”

१८. नेपालको अन्तरिम संविधान, धारा ६३(३)(ग)

मिश्रित निर्वाचकीय प्रणालीको फलस्वरुप हरेक मतदाताले दुईवटा मतपत्रहरु पाए, एउटा प्रत्यक्षतर्फको मतपत्र जसमा मतदाताको निर्वाचन क्षेत्रका व्यक्तिविशेष उम्मेदवार थिए र अर्को समानुपातिक मतपत्र जसमा राजनीतिक दलहरु राष्ट्रिय तहमा प्रतिस्पर्धा गरिरहेका थिए ।

निर्वाचकीय प्रक्रियाले नेपालको विविधतायुक्त जनसंख्याको व्यापक प्रतिनिधित्वलाई प्रकट रुपमा सुनिश्चित गरेको छ । संविधान तथा निर्वाचकीय कानूनले महिला, आदिवासी जनता तथा अन्य ऐतिहासिक रुपमा पिछडिएका समूहहरुको प्रतिनिधित्वका लागि विशिष्ट प्रावधानहरु बनाएको छ । तथापि, निर्वाचकीय प्रणालीको समानुपातिक प्रतिनिधित्वको अङ्गले राजनीतिक दलहरुले निर्वाचनका परिणामहरु आइसकेपछि उनीहरुको श्रेणीहीन सूचीमा रहेका कुन उम्मेदवारहरुलाई जनादेश दिने भन्ने छनौट गर्न पाउने व्यवस्था गरिदिनु प्रणालीको एक कमजोर पक्ष हो । मतदान गर्ने समयमा मतदाताहरुलाई दलहरुले कुन उम्मेदवार छनौट गर्छन् भन्ने थाहा नहुने भएकाले निर्वाचकीय प्रणालीको यस पक्षले मतदाताहरुको स्वतन्त्र रुपमा आफ्ना प्रतिनिधिहरु छान्ने मौलिक अधिकारलाई कमजोर बनाइदिन्छ ।

संविधानसभाका २६ सदस्यहरुको मनोनयन मन्त्रीपरिषद् द्वारा हुने प्रावधानले पनि जनताको आफ्ना प्रतिनिधिहरु स्वतन्त्र रुपमा छान्न पाउने अधिकारलाई कमजोर बनाएको छ ।[१९] निर्वाचनको माध्यमबाट प्रतिनिधित्व नपाएका अल्पसंख्यकहरुको प्रतिनिधित्व गराउने उद्देश्य सकारात्मक भए पनि मन्त्रीपरिषद्ले यो उद्देश्यको पालना गर्नै पर्छ भन्ने कुरा संविधान वा निर्वाचकीय कानूनमा उल्लेख छैन । व्यवहारतः मन्त्रीपरिषद्ले आफ्नो इच्छा अनुसार जोसुकैलाई छान्ने सम्भावना रहन्छ । यसबाहेक, यो प्रावधानले प्राविधिक रुपमा कार्यकारी अङ्गलाई वैधानिक अङ्गको सम्मिश्रण गर्ने अधिकार दिन्छ । सन् २००८ को निर्वाचनमा "सहमतिको आधारमा" भन्ने शब्दावलीलाई प्राप्त जनादेशलाई प्रमुख राजनीतिक दलहरुका बीचमा बाँडफाँड गर्ने अर्थ लगाइयो ।

## महिला, अल्पसंख्यक तथा उपेक्षित समूहहरूको सहभागिता

संविधानसभामा महिला, जातीय अल्पसंख्यक, पिछडिएका समूहहरु तथा अन्य समूहहरुको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने प्रावधान संविधानसभाको एक ऐतिहासिक सफलता थियो । विशेष रुपमा, राजनीतिक दलहरुले समानुपातिकतर्फका उम्मेदवारहरुको मनोनयन सूचीमा महिला, दलित, उत्पीडित समुदायहरु, आदिवासी जनता, अल्पविकसित क्षेत्रका जनता, मधेशी तथा "अन्य वर्गहरु" को समानुपातिक प्रतिनिधित्व हुनैपर्दछ ।[२०] निर्वाचकीय कानूनले जनगणनाका आधारमा यी समूहका उम्मेदवारहरुका लागि निश्चित कोटा तोकेको छः महिलाका लागि समानुपातिक प्रतिनिधित्व सूचीमा ५० प्रतिशतको कोटा छ । निर्वाचकीय कानूनले अन्तरिम संविधानका धारा १३ र ३३ लाई आधार मानि विशेष वर्गको परिभाषालाई अपाङ्गता भएका व्यक्ति, गरिब किसान तथा मजदुरसम्म विस्तार गरेको छ ।

कुनै पनि दलले प्रत्यक्ष तथा समानुपातिक दुवैमा मनोनयन गर्ने कुल उम्मेदवारको कम्तीमा एक तिहाई संख्या महिला हुनै पर्ने अर्को संवैधानिक प्रावधान पनि छ । प्रत्यक्षतर्फ मनोनयन गर्दा दलहरुले समावेशिताको सिद्धान्तको ख्याल राख्नैपर्छ तर यसको अनिवार्य कार्यान्वयन भएको छैन ।[२१]

कोटाहरु राजनीतिक सहभागिताको परिधिलाई उच्च विस्तार गर्ने सकारात्मक प्रावधानहरु हुन् र पहिलो संविधानसभालाई एशियाकै सबैभन्दा बढी समावेशीमध्ये एक राष्ट्रिय प्रतिनिधिमूलक अङ्ग बनाएका थिए । तथापि, सन् २००८ को निर्वाचन हुनुअघि कानूनमा भएका संशोधनहरुले (र सन् २०१३ को निर्वाचनका लागि पनि अङ्गीकार गरिएका) ३३५ समानुपातिक उम्मेदवारमध्ये कम्तीमा ३० प्रतिशतको उम्मेदवारी दिने दलका लागि मात्र लागू हुने व्यवस्था बनाएर यी प्रावधानहरुको सम्भाव्य प्रभावकारितालाई सीमित तुल्याइदिए । १०० जना भन्दा कम समानुपातिक उम्मेदवारहरुको मनोनयन गर्ने दलहरुले कोटालाई "सम्भव भएसम्म" मात्र पालना गर्नुपर्ने भयो ।[२२] यो छुटले अन्तरिम संविधानको यथासम्भव व्यापक सहभागिता विस्तार गर्ने उद्देश्यबाट बाटो बिराएको प्रतीत हुन्छ ।

## निर्वाचन व्यवस्थापन

पारदर्शी तथा व्यवसायिक कार्यसञ्चालन गर्ने स्वतन्त्र र निष्पक्ष निर्वाचन व्यवस्थापन निकायलाई नागरिकहरु मौलिक लोकतान्त्रिक निर्वाचकीय प्रक्रियामा सहभागी हुन सक्षम भएको सुनिश्चित गर्ने प्रभावकारी माध्यमको मान्यता हुन्छ ।[२३] अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरुमा व्याख्या गरिएझैं निर्वाचनसम्बन्धी मौलिक अधिकारहरुको सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदमहरु चाल्नु पनि निर्वाचन व्यवस्थापन निकायको जिम्मेवारी हो ।[२४]

निर्वाचन आयोगमा हुने नियुक्तिलाई अन्तरिम संविधानले नै नियमन गर्दछ । निर्वाचन आयोग प्रमुख आयुक्तसहित अधिकतम पाँच आयुक्तहरुबाट बनेको हुन्छ । आयुक्तहरु संवैधानिक परिषद्को सिफारिशका आधारमा छ वर्षको पदावधिका लागि

१९. आइसीसीपीआर को धारा २५ को सामान्य टिप्पणी २५ मा, संयुक्त राष्ट्रसंघ मानवअधिकार समितिले उल्लेख गऱ्यो कि "मतदानको माध्यमद्वारा स्वतन्त्र रुपमा छनौट गरिएका प्रतिनिधिहरुको माध्यमद्वारा सहभागिता..."

२०. नेपालको अन्तरिम संविधान, धारा ६३(४) ।

२१. नेपालको अन्तरिम संविधान, धारा ६३(४) ।

२२. संविधानसभा सदस्यहरुको निर्वाचन अध्यादेश (२०१३), धारा ७(१५) । यो छुट महिला उम्मेदवारहरुको हकमा लागू हुँदैन, जतिसुकै उम्मेदवारहरुको मनोनयन भए पनि उनीहरुको प्रतिनिधित्व समान हुनैपर्छ ।

२३. युएनएचआरसी, सामान्य टिप्पणी, अनुच्छेद २० ।

२४. युएनएचआरसी, सामान्य टिप्पणी, अनुच्छेद २० ।

डेबोरा ह्यान्स



निर्वाचनको दिन भक्तपुर स्क्वायरमा मतदान खुला हुने समय कुर्दै लाइनमा मतदाताहरु ।

राष्ट्रपतिद्वारा नियुक्त हुन्छन् । संवैधानिक परिषद् भनेको एक राजनीतिक अङ्ग हो जसले संविधानसभाका प्रतिपक्षी नेताका साथसाथै प्रधानमन्त्री, प्रधानन्यायाधीश, तीनजना मन्त्री तथा सभामुखलाई समेटेको हुन्छ । सन् २०१३ को शुरुतिर अघिल्ला आयुक्तको पदावधि सकिएको र संविधानसभा पनि नभएको परिस्थितिमा संवैधानिक परिषद्लाई पूर्णता दिन सकिएन र निर्वाचन आयोगका नयाँ आयुक्त नियुक्त गर्न सकिएको थिएन । मार्च २०१३ मा भएको ११ बुँदे सम्झौताको एक अंशमा राजनीतिक सहमतिद्वारा निर्वाचन आयोग र अन्य संवैधानिक नियुक्तिहरु गरिने भएपछि  राष्ट्रपतिद्वारा पारित एक अध्यादेशमार्फत यो अवरोध हटाइयो । यसै आधारमा निर्वाचन आयोगका पाँच सदस्यहरुको लगत्तै नियुक्ति भयो ।

निर्वाचन आयोगसँग निर्वाचन तयारीको व्यवस्थापनबाहेक राजनीतिक दल दर्ता तथा समानुपातिक उम्मेदवारका सूची दर्ता गर्ने, ऐन, नियम र आचारसंहिता कार्यान्वयनको अनुगमन गर्ने तथा उल्लंघनका उजुरीहरुबारे निर्णय गर्ने जिम्मेवारी थियो । यी कामकाजमा आयोगलाई सरकारी कर्मचारीहरु सम्मिलित एक सचिवालयले सघाएको थियो । दुर्भाग्यवशः सचिवालयका कर्मचारीहरु बारम्बार परिवर्तन भैरहन्थे किनभने उनीहरुले कर्मचारी सेवाको नियमित पद्धतिअनुसार चल्नुपर्थ्यो । यसको अर्थ निर्वाचन आयोगका कर्मचारीहरुमा प्रायः निरन्तरताको अभाव थियो ।

निर्वाचन आयोगले आफ्ना निर्णयहरु सहमतिका आधारमा लियो जसले गर्दा निर्वाचनको समग्रताप्रति जनविश्वास वृद्धि गर्न बल पुग्यो । आयोगले आफ्ना निर्णय तथा गतिविधिहरुबारे जानकारी दिन नियमित प्रेस बैठकहरु गरे पनि आयुक्तहरुले बैठकमा पर्यवेक्षक तथा दलका प्रतिनिधिहरुलाई उपस्थित हुने अनुमति दिँदैनथे र बैठकका माइन्युटहरु प्रकाशित गर्दैनथे जसले निर्णयकार्यको पारदर्शितालाई सीमित बनाइदियो ।

क्षेत्रगत तहमा निर्वाचनको व्यवस्थापन ७५ जिल्ला निर्वाचन अधिकारी तथा २४० निर्वाचन अधिकृतहरुद्वारा गरिएको थियो । जिल्ला निर्वाचन अधिकारीहरु निर्वाचनभन्दा अघिको मतदाता दर्ता र मतदाता शिक्षा, मतदान कर्मचारीहरुका लागि प्रशिक्षण तथा सामग्रीहरुको वितरणलगायतका सञ्चालन तयारीका लागि जिम्मेवार थिए । निर्वाचन अधिकृतहरु निर्वाचन क्षेत्रतहमा निर्वाचन सम्पन्न गर्नका लागि अस्थायी रुपमा नियुक्त भएका थिए । कानूनतः निर्वाचन अधिकृतहरु कम्तीमा नेपालको न्याय प्रणालीका अधिकृत थिए र धेरै न्यायाधीशहरु पनि थिए । ७५ वटै जिल्लाहरुमा एकजना निर्वाचन अधिकृतलाई प्रमुख निर्वाचन अधिकृत तोकिएको थियो । निर्वाचन अधिकृतका जिम्मेवारीहरु प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता, मतदान तथा गणना कर्मचारीको नियुक्ति, गणना कर्मचारीहरुको प्रशिक्षण, मतदान प्रक्रियाको

निष्ठा सुनिश्चित गर्ने, गणना प्रक्रिया सञ्चालन गर्ने, प्रत्यक्षतर्फको निर्वाचन परिणाम घोषणा गर्ने र सम्बन्धित निर्वाचन क्षेत्रको समानुपातिक तर्फको परिणामबारे निर्वाचन आयोगलाई जानकारी दिनेलगायत थिए ।

पर्यवेक्षकहरुले देशभरिका जिल्लामा मतदाता शिक्षा स्वयंसेवकको रुपमा महिलाहरुको प्रतिनिधित्व राम्रो रहे पनि अधिकांश जिल्ला निर्वाचन कार्यालयहरुमा महिला कर्मचारीको संख्या थोरै रहेको र ती पनि प्रायः कनिष्ठ पदका भएको टिप्पणी गरे । २४० जना निर्वाचन अधिकृतहरुमध्ये दुई जना र ७५ जिल्ला निर्वाचन अधिकारीहरुमध्ये चारजना मात्र महिला थिए । केन्द्रतहमा निर्वाचन आयोगमा एकजना आयुक्त मात्र महिला थिइन्, सहसचिवमा कोही थिएनन् र दुईजना उपसचिवहरु मात्र महिला थिए ।

सामान्यतः निर्वाचन आयोग, जिल्ला निर्वाचन अधिकारी तथा निर्वाचन अधिकृतहरु निष्पक्ष मानिन्छन्, यद्यपि तराईमा केही साना दलका प्रतिनिधिहरुले निर्वाचन अधिकारीहरु ठूला दलहरुले गरेको आचारसंहिताको उल्लंघनलाई रोक्ने खालको कारवाही गर्न उदासीन रहेको र लागू गराउने क्रियाकलापहरुलाई कम शक्तिशाली दलहरुमा मात्र केन्द्रित गरेको कार्टर सेन्टरका पर्यवेक्षकहरुसमक्ष बताए । निर्वाचनपश्चात् एनेकपा(माओवादी) ले मतपत्रहरुको ढुवानीमा व्यापक धाँधली भएको आरोप लगायो र यसका लागि "अदृश्य शक्तिहरु" तथा सेनाका साथै निर्वाचन आयोगलाई पनि केही दोष दियो ।

> *पर्यवेक्षकहरुले देशभरिका जिल्लामा मतदाता शिक्षा स्वयंसेवकको रुपमा महिलाहरुको प्रतिनिधित्व राम्रो रहे पनि अधिकांश जिल्ला निर्वाचन कार्यालयहरुमा महिला कर्मचारीको संख्या थोरै रहेको र ती पनि प्रायः कनिष्ठ पदका भएको टिप्पणी गरे ।*

संवैधानिक संकट, निर्वाचन गर्नका लागि कसिलो समयरेखा, जटिल भूबनावटको देशमा संवेदनशिल सामग्रीहरुको सुरक्षित र प्रभावकारी ढुवानीमा असहजता तथा बहिष्कार गरिरहेका केही दलहरुको निर्वाचन विथोल्ने आरोपहरुका वावजुद निर्वाचन आयोग प्रक्रियाको प्राविधिक पक्षलाई अधिकांशतः यथासमयमै अघि बढाउन सक्षम भयो । अधिकांश स्थानहरुमा मतदाता सूची तथा मतपत्रलगायत मतदानका अन्य आवश्यक सामग्रीहरु समयमै पुगेका थिए ।

मतपत्रहरुको मुद्रण पारदर्शितापूर्ण ढंगमा गरिएको थिएन, किनभने मतपत्रको छपाइ र प्याकिङको समयमा पर्यवेक्षकहरुलाई उपस्थित हुन दिइएको थिएन । कार्टर सेन्टर तथा अन्य अन्तर्राष्ट्रिय पर्यवेक्षण नियोगहरुले मतपत्र मुद्रणको पर्यवेक्षण गर्नका लागि बारम्बार आग्रह गरे तर ती सबै आग्रहहरुलाई अस्वीकार गरियो । निर्वाचन आयोगले प्रत्यक्ष तर्फका लागि १४,९५२,००० र समानुपातिक तर्फका लागि पनि त्यत्तिकै संख्याका मतपत्रहरु छापेको जानकारी दियो (यो निर्वाचनका लागि दर्ता भएका मतदाताहरुको संख्या १२,१४७,८६५ थियो) । निर्वाचन आयोगले आवश्यकभन्दा बढी संख्याका मतपत्रहरु छाप्नुको कारण हरेक मतदान केन्द्रका लागि थप मतपत्र राख्नका लागि भएको बतायो, ती मतपत्रहरु आकस्मिक परिस्थितिमा प्रयोग गर्न पाउने गरी निर्वाचन अधिकृतहरुका साथमा सिलबन्द खामभित्र राखिन्थ्यो ।

केही जिल्लाहरुमा प्रशिक्षण सामग्रीहरु पुऱ्याउन भएको ढिलाइको वावजुद सेन्टरका पर्यवेक्षकहरु उपस्थित भएका स्थानहरुमा मतदान र गणना कर्मचारीहरुका लागि प्रशिक्षण व्यावसायिक रुपमा सञ्चालन भएका थिए । अधिकांश परिस्थितिहरुमा जिल्ला तहका राजनीतिक दलहरु निर्वाचनपूर्वको तयारीप्रति सन्तुष्ट थिए, मतदाता परिचयपत्रको वितरण भने यो मामिलाको उल्लेखयोग्य अपवाद थियो ।

निर्वाचन आयोगले १ करोड २१ लाख फोटोसहितका मतदाता परिचयपत्र छापेर निर्वाचनको दिनभन्दा अघि नै तिनको वितरण गरिसक्ने योजनामा अघि बढ्ने निर्णय ढिला गरी लियो । कार्टर सेन्टरका पर्यवेक्षकहरुले मतदाता परिचयपत्र वितरणमा भएको ढिलाइ र वितरणको कडा नियन्त्रण नभएमा तिनको दुरुपयोग हुन सक्ने सन्दर्भमा स्थानीय निर्वाचन अधिकारीहरुमाझ व्यापक चासो रहेको उल्लेख गरे । परिचयपत्र वितरण कार्य १४ नोभेम्बरसम्म शुरु भएन र वितरण कसरी गर्ने र निर्वाचनकै दिनमा वितरण गरिने हो कि भन्ने सम्बन्धमा निर्वाचन आयोगले विरोधाभाषपूर्ण सन्देशहरु दियो जसले यस विषयमा सर्वत्र अन्यौल निम्त्यायो ।

अन्ततः निर्वाचनको दिन नजिकिँदै गर्दा परिचयपत्रहरु मतदान केन्द्रहरुमा नै बाँडिएका थिए, तर अधिकांश सन्दर्भमा निर्वाचनकै दिनमा भने होइन । मतदान केन्द्रका कर्मचारीहरुसँग गरिएका अन्तर्वार्ताहरुले लगभग ७० प्रतिशत मतदाताहरुले आफ्ना परिचयपत्र निर्वाचनको दिनअघि नै पाएको संकेत गरे । पूर्वपरिस्थितिसँग दाँजेर हेर्दा मतदाता परिचयपत्रको वितरण राम्रैसँग भयो । मतदान केन्द्रको छनौटमा त्रुटि, परिचयपत्रहरुमा गलत विवरण तथा केही सन्दर्भमा परिचयपत्रमा उल्लेखित नाम र फोटो नमिलेको सम्बन्धमा केही समस्याहरु रहेको जानकारी दिइए पनि ती समस्याहरु एकाध मात्र रहेको देखियो ।

समग्रमा, निर्वाचन व्यवस्थापनको प्रणालीले यस सम्बन्धमा नेपालको अन्तर्राष्ट्रिय दायित्वलाई अधिकांशतः पूरा गऱ्यो, विशेषगरी यस निर्वाचनको संस्थागत तथा सुरक्षा चुनौतीहरुको परिप्रेक्ष्यमा । अपितु, पारदर्शिता वृद्धि गर्न, मतदाता परिचयपत्रको वितरणमा सुधार ल्याउन तथा निर्वाचकीय नियम उल्लंघनलाई प्रतिबन्ध लगाउनका लागि कदमहरु चाल्नेतर्फ ध्यान दिन सकिन्छ ।

डेबोरा ह्यान्स



निर्वाचनभन्दा अघिल्लो दिन कीर्तिपुरमा एकजना पुरूष आफ्नो मतदानस्थलबाट आफ्नो मतदाता पहिचानपत्र लिँदै ।

## सीमा निर्धारण

विश्वव्यापी मताधिकार तथा समान प्रतिनिधित्वका सिद्धान्तहरु पालना गर्नका लागि निर्वाचकीय सिमानाहरुको उचित निर्धारण पूर्वशर्त हो ।[२५] सीमाहरु हरेक मतदातासँग लगभग समान मत शक्ति हुनेगरी समान मताधिकारको सिद्धान्तलाई संरक्षित गर्ने हिसाबमा कोरिनु पर्छ ।[२६]

संविधानसभाको निर्वाचनका लागि अङ्गीकार गरिएको मिश्रित निर्वाचकीय प्रणालीमा समानुपातिक प्रणालीका लागि पूरै देशलाई एक निर्वाचन क्षेत्र मानिएको छ, जबकि प्रत्यक्षतर्फका उम्मेदवारहरुले २४० निर्वाचन क्षेत्रहरुमा प्रतिस्पर्धा गर्दछन् । प्रत्यक्षतर्फका निर्वाचन क्षेत्रहरु प्रशासकीय जिल्लाहरुभित्र निर्मित हुन्छन् र हरेक जिल्लामा कम्तीमा एक निर्वाचन क्षेत्र हुन्छ । निर्वाचन क्षेत्रका सिमानाहरुले जिल्लाको सिमानालाई नाघ्न सक्दैनन्, र अन्तरिम संविधानले संविधानसभाका सदस्यहरुको निर्वाचनका लागि एक स्वतन्त्र निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा पछिल्लो जनगणना तथ्यांकमा आधारित रही निर्वाचन क्षेत्रहरु निर्धारित गरिनुपर्छ भन्ने उल्लेख गरेको छ ।

तराईको जनसंख्याको न्यायोचित प्रतिनिधित्व गराउनु पर्ने मागलाई सम्बोधन गर्नका लागि अन्तरिम संविधानमा सीमा निर्धारणसम्बन्धी प्रावधानहरु समावेश गरिएको थियो । तथापि, प्रत्यक्ष निर्वाचन क्षेत्रहरुको सीमा निर्धारणका सम्बन्धमा अन्तरिम संविधानमा रहेका कैयौं विरोधाभाषपूर्ण प्रावधानहरुको कारणले हरेक मतदातालाई लगभग समान मतशक्ति प्रदान गर्ने उद्देश्य त्यो समयदेखि नै पूरा हुन सकेको छैन ।

सन् २००८ को पहिलो संविधानसभा निर्वाचनअघि सन् २००१ को जनगणनाबमोजिम जनसंख्याको वितरणलाई प्रतिबिम्वित गर्न र तराईको समग्र जनसंख्याको अनुपातमा

२५. संयुक्त राष्ट्रसंघ, मानवअधिकार तथा निर्वाचनहरुः निर्वाचनका कानूनी, प्राविधिक तथा मानवअधिकारका पक्षहरुबारे एक हातेपुस्तिका (A Handbook on the Legal, Technical, and Human Rights Aspects of Elections), अनु. १०३ ।

२६. युएनएचआरसी, सामान्य टिप्पणी, अनु. २१: "एक व्यक्ति एक मतको सिद्धान्त लागू हुनै पर्छ, र हरेक राज्यको निर्वाचकीय प्रणालीको खाकाभित्र एक निर्वाचकको मत अर्कोको सँग समान हुनुपर्छ... निर्वाचकीय सिमानाहरु कोर्ने काम र मतहरुको स्थान निर्धारण गर्ने पद्धतिले मतदाताहरुको वितरणलाई खल्बल्याउनु हुँदैन वा कुनै पनि समूहका विरूद्ध भेदभाव गरिनु हुँदैन र नागरिकहरुको स्वतन्त्रतापूर्वक आफ्ना प्रतिनिधिहरु छान्ने अधिकारलाई अकारण वर्जित गर्नु वा बन्देज लगाइनु हुँदैन ।"

निर्वाचन क्षेत्रहरु बढाउन (सन् २००१ को जनगणना अनुसार ४८.४ प्रतिशत) निर्वाचकीय सिमानाहरु पुनः कोरिएका थिए। जनवरी २००७ मा भएको मधेश आन्दोलनका मुख्य मागहरुमध्ये यो एक थियो र संविधानसभालाई अझ बढी समावेशी बनाउनेतर्फ या एक महत्वपूर्ण कदम थियो।[२७] सन् २००७ मा निर्वाचन क्षेत्र सीमा निर्धारण आयोगले पहाडी र तराई दुवै भौगोलिक क्षेत्रका पहिले जनसंख्याको न्यूनप्रतिनिधित्व भएका २२ जिल्लाहरुमा ३५ वटा निर्वाचन क्षेत्रहरु थप गर्‍यो। फलस्वरुप, तराईका निर्वाचन क्षेत्रहरुको संख्या ८४ बाट ११६ पुग्यो र पहाडी क्षेत्रका निर्वाचन क्षेत्रहरुको आदर्श आकार ९४,३७२ बासिन्दाहरुको र तराईमा १०२,०४० बासिन्दाहरुको भयो। आयोगद्वारा सन् २००७ मा प्रत्यक्षतर्फका लागि २४० निर्वाचन क्षेत्रहरुको संख्या निर्धारण यसै हिसाबमा गरिएको थियो र लगत्तै यसलाई अन्तरिम संविधानमा समावेश गरियो।[२८]

मार्च २०१३ को २५-बुँदे अध्यादेशले यीमध्ये कुनै पनि प्रावधानलाई संशोधन गरेन। तथापि, त्यसै समयमा सन् २०११ को जनगणनाका आंकडाहरु जारी भए। तथ्यांकले जनसंख्याको गतिशिलतामा स्पष्ट परिवर्तन आएको देखायो। विशेष रुपमा, जनगणनाका परिणामहरुले शहरी केन्द्रहरुमा जनसंख्याको तीव्र वृद्धि भएको र तराईमा बस्ने जनसंख्याको आकार पनि बढेको देखायो, जुन सन् २००१ को ४८.४ प्रतिशतबाट बढेर सन् २०११ मा ५०.२७ प्रतिशतमा पुग्यो।

तसर्थ, मधेशवादी दलले उठान गरेका मुद्दाहरुको प्रत्युत्तरस्वरुप र ताजा जनगणना तथ्यांकबमोजिम निर्वाचन क्षेत्रहरुको सिमाना निर्धारण गर्नुपर्ने संवैधानिक प्रावधानलाई पालना गर्नका लागि जुन २०१३ मा नयाँ निर्वाचन क्षेत्र सीमा निर्धारण आयोग गठन गरियो र सरकारसमक्ष प्रतिवेदन पेश गर्नका लागि आयोगलाई एक महिनाको समय दिइयो। तथापि, निम्नसहितका विभिन्न विरोधाभाषपूर्ण संवैधानिक प्रावधानहरुलाई मिलाउने प्रयास गर्न थाल्दै गर्दा आयोग चाँडै समस्यामा फस्यो:

- अघिल्लो निर्वाचन क्षेत्र सीमा निर्धारण आयोगले निर्धारण गरेका २४० निर्वाचन क्षेत्रहरुको संख्यालाई कायम राख्ने (आवश्यक संख्याका निर्वाचन क्षेत्रहरु निर्धारण गर्न स्वतन्त्र सन् २००७ को आयोगको कार्यादेशको सट्टा),
- कम्तीमा, सन् १९९९ को संसदीय निर्वाचनका लागि बनेको कानूनअन्तर्गत हरेक जिल्लाका निर्वाचन क्षेत्रहरुको संख्या उही कायम राख्ने (त्यस समयमा संसदका लागि २०५ निर्वाचन क्षेत्रहरु थिए),
- ताजा जनगणना तथ्यांकको आधारमा हरेक जिल्लाको जनसंख्या र जनादेशको अनुपात सकेसम्म समान राख्ने।[२९]

यी प्रावधानहरुको अर्थ उक्त आयोगले सन् २००७ मा २२ जिल्लाहरुमा थप गरेका तिनै ३५ निर्वाचन क्षेत्रहरुलाई मात्र यताउता गर्न सक्थ्यो, किनभने यसले सन् १९९९ मा बनाइएका निर्वाचन क्षेत्रहरुको संख्या घटाउन सक्दैनथ्यो र २४० निर्वाचन क्षेत्रहरुमा अरु थप गर्न पनि सक्दैनथ्यो। किनभने सन् २००७ मा थपिएकामध्ये अधिकांश निर्वाचन क्षेत्रहरु तराईका जिल्लाहरुमा थिए र जनगणनाका आंकडाहरुले काठमाडौं उपत्यकाको महानगरपालिकाका क्षेत्रहरुमा तराईमा भन्दा बढी जनसंख्या वृद्धि भएको देखाएको थियो, निर्वाचन क्षेत्रहरु थपिँदा तराईमा विद्यमान ४८.३ प्रतिशतभन्दा बढी थप्न मिल्ने सम्भावना थिएन। तसर्थ नयाँ सीमा निर्धारणले अन्तरिम संविधानमा स्पष्ट उल्लेख गरिएका उद्देश्यहरुमध्ये एउटा उद्देश्य पूरा गर्न सक्दैनथ्यो, त्यो थियो पछिल्लो जनगणना अनुसार तराईमा बस्ने जनसंख्या (५०.२७ प्रतिशत) र निर्वाचन क्षेत्रको संख्याको अनुपात मिलाउने।

तथापि, जनगणनाको तथ्यांकले भिन्न जिल्लाका निर्वाचन क्षेत्रहरुको जनसंख्याको आकारका बीच मात्र उल्लेख्य फरक देखाएन, एउटै जिल्लाका निर्वाचन क्षेत्रहरुबीच पनि जनसंख्याको आकारमा रहेको फरक पनि देखाइ दियो। उदाहरणका लागि ललितपुरको निर्वाचन क्षेत्र नं. १ र ३ को जनसंख्याको फरक १२०,००० भन्दा बढीको थियो। केही जिल्लाहरुमा निर्वाचन क्षेत्रका सीमाहरुको पुनः निर्धारण गर्ने प्रस्ताव पनि नआएका होइनन्, तर यी प्रस्तावले आयोगमा बहुमत पाएनन्। अन्ततः, आयोगको प्रतिवेदनले सरकारले विद्यमान २४० निर्वाचन क्षेत्रहरुलाई नै त्यत्तिकै छाडिदिने सुझाव दियो।

मतको समानता सुनिश्चित गर्नका लागि निर्वाचन क्षेत्रका सीमाहरु निर्धारण गर्ने सम्बन्धमा यस निर्वाचनमा नेपालको अन्तर्राष्ट्रिय दायित्वको पूर्ण पालना भएन। केही मात्रामा यो संवैधानिक अड्चनको कारणले भएको थियो, तर जिल्लाभित्रै पनि ताजा जनगणना आंकडाबमोजिम निर्वाचन क्षेत्रका सीमाहरुमा हेरफेर भएन, जसका लागि ती कानूनी व्यवधानहरु लागू हुँदैनथे। कार्टर सेन्टर एउटै जिल्लाका निर्वाचन क्षेत्रहरुबीचको जनसंख्या आंकडाको असमानतालाई सपार्ने प्रयास खेर गएकोमा दुःखी छ। भावी निर्वाचनहरुका लागि निर्वाचन क्षेत्र सीमा निर्धारणका संवैधानिक प्रावधानहरुले मतको समानतालाई सुनश्चित गर्नुपर्छ र निर्वाचन क्षेत्रको सीमा निर्धारण निर्वाचनभन्दा निक्कै अघि नै भैसक्नुपर्छ।

२७. सन् २००१ को जनगणना तथ्यांकले नेपालका ४८.४ प्रतिशत जनता तराईमा बस्ने गरेको देखायो, जबकि उक्त समयमा विद्यमान २०५ निर्वाचन क्षेत्रहरुमध्ये तराईमा ८४ वटा (४१ प्रतिशत) मात्र छुट्याइएको थियो।

२८. आयोगले यो काम दुई चरणमा पूरा गर्‍यो, पहिले जनगणनाको तथ्यांकले जनसंख्याको न्यून प्रतिनिधित्व देखाएका पहाडी वा हिमाली जिल्लाहरुमा निर्वाचन क्षेत्रहरु थप गरेर र त्यसपछि दुवै क्षेत्रका जनसंख्यालाई जनगणनाअनुरुप समान बनाउन र पहाडी तथा हिमाली भूभागका निर्वाचन क्षेत्रहरुको संख्यासँग मिलान गर्नका लागि तराईमा निर्वाचन क्षेत्रहरु थप गरेर।

२९. नेपालको अन्तरिम संविधान, धारा ६३(३)(क), २८ डिसेम्बर, २००७ मा संशोधन भएअनुसार।

# निर्वाचनपूर्वका विकासक्रमहरू

## मतदाता दर्ता

अधिकतम नागरिकहरुका लागि सञ्चालन गरिने विस्तृत तथा समावेशी मतदाता दर्ता प्रक्रिया विश्वव्यापी मताधिकारको सुनिश्चितता तथा मतदान गर्ने र निर्वाचित हुने मौलिक अधिकारको उपभोगका लागि एक प्रमुख तत्व हो ।[३०]

मतदाता नामावलीहरुको शुद्धताप्रतिको विश्वासमा रहेको व्यापक अभावका कारण मतदाता दर्तामा सुधार सन् २००८ को संविधानसभा निर्वाचनपछि कार्टर सेन्टर तथा अन्य पर्यवेक्षण संस्थाहरुको एक प्रमुख सुझाव थियो । निर्वाचन आयोगले हरेक मतदाताको फोटो तथा औंठाको छापलगायत बायोमेट्रिक तथ्यांकसहितको पूर्णरुपमा नयाँ मतदाता दर्ता किताब निर्माण गरेर त्यस समस्यालाई सम्बोधन गऱ्यो । नयाँ दर्ता किताब देशव्यापी दर्ता अभियानद्वारा निर्माण गरिएको थियो जसमा नागरिकहरुको सक्रिय सहभागिता र योग्यताको प्रमाणको आवश्यकता पर्दथ्यो । आयोग १२,१४७,८६५ मतदाताहरुलाई दर्ता गराउन सफल भयो (१५ जुलाई २०१३ मा १८ वर्ष पुगेका वा त्योभन्दा माथिका नागरिकहरु) । यो संख्या आयोगको १ करोड ४७ लाख मतदाता दर्ता गर्ने प्रारम्भिक लक्ष्यभन्दा कम थियो र सन् २०११ को जनगणनाका आधारमा सम्भाव्य योग्य मतदाता १ करोड ६० लाख हुने अनुमानभन्दा निकै कम थियो ।

अन्तर्राष्ट्रिय दायित्वहरु अन्तर्गत नेपालले मतदाता दर्तालाई सहज बनाउनुपर्छ र दर्तामा हुने व्यवधानहरु, विशेषगरी व्यवहारतः भेदभावजन्य हुने व्यवधानहरुलाई हटाउनुपर्छ ।[३१] योग्यताको प्रमाणको प्रावधान मतदाता दर्ताको हकमा एक निरन्तर संवेदनशिल मुद्दा बनेको छ । सन् २०११ मा सर्वोच्च अदालतले नेपालको कानूनअन्तर्गत कुनै व्यक्ति नागरिक भएको र मतदान गर्नका लागि योग्य रहेको प्रमाणित गर्न नागरिकताको प्रमाणपत्रलाई मात्र प्रयोग गर्न सकिने निर्णय गऱ्यो । यो प्रावधानले नेपाली नागरिकता नभएका व्यक्तिहरुलाई दर्ता हुनबाट रोके पनि यसले नागरिकता प्रमाणपत्र प्राप्त गर्नका लागि आवश्यक कागजपत्र नभएका नागरिकहरुका लागि पनि दर्ता गर्न समस्या खडा गऱ्यो, जुन समस्या ऐतिहासिक रुपमा उपेक्षित समुदाय, विवाहित महिलाहरु[३२] तथा भूमिहीनहरुमा उच्च थियो । सम्बन्धित अन्य मामिलाहरुमा नागरिकता प्रमाणपत्रको अनिवार्यताका कारण सन् २००८ को मतदाता सूचीमा समावेश रहेका केही जनताहरुले पनि मतदानका लागि आफ्नो योग्यता प्रमाणित गर्न सकेनन् ।

सर्वोच्च अदालतले निर्वाचन आयोग तथा सम्बन्धित निकायहरुलाई दर्ता गर्न अधिकारप्राप्त सबैले दर्ता गर्न साँच्चै सकेको सुनिश्चित गर्नका लागि कदमहरु चाल्न पनि निर्देशन दियो । सर्वोच्च अदालतको निर्णयअनुरुप सम्बन्धित निकायहरुले

*मतदाता नामावलीहरुको शुद्धताप्रतिको विश्वासमा रहेको व्यापक अभावका कारण मतदाता दर्तामा सुधार सन् २००८ को संविधानसभा निर्वाचनपछि कार्टर सेन्टर तथा अन्य पर्यवेक्षण संस्थाहरुको एक प्रमुख सुझाव थियो ।*

नागरिकता प्रमाणपत्रको पहुँच वृद्धि गर्नका लागि हरेक जिल्लामा घुम्ती वितरण टोलीहरु पठाउने, अङ्गीकृत नागरिकका छोराछोरीलाई नागरिकता दिलाउन कानूनमा संशोधन गर्ने

३०. आइसीसीपीआर, धारा २५(ख); तथा युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेद ११ ।

३१. युएन सामान्य टिप्पणी २५, अनु ११ ।

३२. मतदाता दर्ता प्रक्रियाबारेको आफ्नो पर्यवेक्षणमा कार्टर सेन्टरले निर्देशिकाले केही महिलाहरुलाई मतदानका लागि दर्ता हुनमा प्रभावित पारेको पायो जसअनुसार विवाहित महिलाले नागरिकता प्रमाणपत्रका लागि आवेदन दिन आफ्नो पति वा ससुराको सहयोग लिनुपर्ने प्रावधान जुन नागरिकता ऐन २०६३ (२००६) का प्रावधानहरुभन्दा पनि कडा थियो । गृहमन्त्रालयले विवाहित महिलाहरुका हकमा नागरिकता प्राप्त गर्नका लागि पिताको नागरिकतालाई नै सहयोगी कागजको रुपमा प्रयोग गर्न मिल्ने अनुमति दिँदै जिल्ला प्रशासन कार्यालयहरुलाई जनवरी २०१३ मा नै निर्देशन जारी गरिसकेको सेन्टरलाई जानकारी दियो । तथापि, नागरिकता लिनका लागि पिताको नागरिकताको प्रयोग गर्ने महिलाहरुले पतितर्फको सम्पत्तिको अधिकार गुमाउन सक्थे (यदि उनीहरुसँग विवाहको प्रमाणपत्र नभएको स्थितिमा) र उनीहरुका बच्चाहरुलाई नागरिकता प्रमाणपत्र लिन समस्या सिर्जना हुन सक्थ्यो । थप जानकारीका लागि निर्वाचन आयोगको फोटोसहितको मतदाता दर्ता कार्यक्रमबारे कार्टर सेन्टरको छैटौं अन्तरिम प्रतिवेदन हेर्नुहोस्, अक्टुबर १, २०१३ ।

तथा सन् २००८ को निर्वाचनमा दर्ता भएका व्यक्तिहरुसँग नागरिकता प्रमाणपत्र नभए पनि सन् २०१३ को निर्वाचनका लागि मतदाता नामावलीमा समावेश गर्ने गरी मतदाता दर्ता ऐनमा संशोधन गर्ने (सन् २०१३ को वसन्तमा संशोधन गरिएको) लगायतका सुधारात्मक कदमहरु चाले ।

तथापि, विशेषगरी तराईका केही राजनीतिक दलहरुले मतदाता नामावलीप्रति आफ्ना असन्तुष्टि पोख्दै नियमावलीका केही परिवर्तनहरु प्रक्रियाको अन्त्यमा मात्रै भएको र तिनको लाभ उठाउन अपेक्षाकृत कम जनताले मात्र पाएको बताए । उदाहरणका लागि, सन् २००८ को मतदाता सूचीमा समाविष्ट रहेको आधारमा जम्मा ३,९४७ व्यक्तिहरुले मात्र यो निर्वाचनका लागि दर्ता गरे ।

धेरै आन्तरिक बसाइ सराई गर्नेहरुलाई कानूनी रुपमा आफ्नो नयाँ बासस्थानबारे प्रमाणित गर्न अप्ठ्यारो छ । निर्वाचन आयोगले आन्तरिक प्रवासीहरुलाई टाढैबाट आफ्नो गृह जिल्लाका लागि दर्ता गर्न सहज बनाउन जिल्ला बाहिरको मतदाता दर्ता सञ्चालन गऱ्यो जसले दर्ता गर्ने सम्बन्धमा रहेको एक मुख्य अवरोध हट्यो । तथापि मतदानमा सघाउ पुऱ्याउने सन्दर्भमा यो कदमको प्रभावकारिता सीमित थियो, जिल्ला बाहिरको दर्ता गराउनेहरुले आफू नामावलीमा समावेश भएको स्थानको मतदान केन्द्रमा गएर मात्र मतदान गर्न पाउँथे । २,०००,००० वा त्यो भन्दा बढी नेपालीहरु विदेशमा काम गरिरहेको अनुमान रहे पनि देशबाहिरबाट दर्ता वा मतदान गर्न पाउने कुनै प्रावधान छैन ।[३३]

> *अनुमान गरेभन्दा कम संख्यामा भएको मतदाता दर्ता र केही नागरिकहरुलाई मतदानका लागि दर्ता गर्न भैरहेको निरन्तर असहजताका वाबजुद नयाँ मतदाता दर्ता किताब सन् २०१३ को निर्वाचकीय प्रक्रियामा भएको एक मुख्य सुधार थियो ।*

समग्रमा, प्रायः असहज परिस्थितिहरुमा भए पनि मतदाता दर्ता सुसञ्चालित थियो । अन्तर्राष्ट्रिय दातृनिकायहरुले परीक्षणका लागि प्राविधिक र आर्थिक सहयोगको प्रस्ताव राखेका भए पनि निर्वाचनअघि मतदाता दर्ता किताबको अडिट नगरिएकाले त्रुटिहरुको प्रतिशत (जस्तै गलत मतदान स्थल निर्धारण, गलत पहिचान विवरण) बारे थाहा हुन सकेन । सकारात्मक रुपमा, निर्वाचन अवधिको दौरान राजनीतिक दलहरुलाई मतदाता नामावलीसम्मको पहुँच थियो र पर्यवेक्षकहरुसँग उनीहरुले दर्ता किताबका बारेमा अपेक्षा गरिएभन्दा थोरै मात्र चासो व्यक्त गरे ।

राष्ट्रपतिद्वारा मार्च २०१३ मा अनुमोदित अध्यादेशमा निर्वाचन आयोगलाई मतदान गर्न योग्य हुनका लागि उमेरको हकमा अन्तिम मिति निर्धारण गर्ने अधिकार दिइएको थियो । निर्वाचन आयोगको निर्णयअनुसार १५ जुलाई २०१३ सम्ममा १८ वर्ष पुग्ने नागरिकहरु मतदानका लागि योग्य थिए । यसको अर्थ, सबै नभए पनि १८ वर्ष पुगेका अधिकांश नागरिकहरु यो निर्वाचनमा मतदान गर्नका लागि योग्य थिए । यो १८ वर्ष उमेर पुगेका सबैलाई वर्जित गरिएको सन् २००८ को भन्दा परिष्कृत अवस्था थियो ।

अनुमान गरेभन्दा कम संख्यामा भएको मतदाता दर्ता र केही नागरिकहरुलाई मतदानका लागि दर्ता गर्न भैरहेको निरन्तर असहजताका वाबजुद नयाँ मतदाता दर्ता किताब सन् २०१३ को निर्वाचकीय प्रक्रियामा भएको एक मुख्य सुधार थियो । यसले सन् २००८ को निर्वाचनताका उल्लेख्य विवाद सिर्जना गरेको एउटा प्रमुख मुद्दालाई उच्चरुपमा सम्बोधन गऱ्यो ।

नेपालका अन्तर्राष्ट्रिय दायित्वहरुप्रति पूर्ण सम्मान सुनिश्चित गर्नका लागि मतदाता दर्ता किताबको समावेशिता र शुद्धताका सन्दर्भमा सम्बोधन गर्नुपर्ने महत्वपूर्ण मुद्दाहरु अझै पनि छन् । विशेषगरी, विवाहित महिला, आदिवासी जनता, भूमिहीन तथा अन्य कमजोर वर्गहरुले दर्ता हुनमा व्यवहारतः भोगिरहेका कठिनाइहरुको सामना गर्नु नपरोस् भन्ने सुनिश्चित गर्नका लागि नागरिकता तथा मतदाता दर्तासम्बन्धी कानूनहरुको पुनरावलोकन गरिनुपर्छ । दर्ता गर्ने नागरिकहरुको संख्यामा कमी र दर्ता किताबमा भएका कुनै पनि प्राविधिक समस्याको प्रकृति तथा परिमाण निर्धारण गर्न मतदाता दर्ता किताबको एक स्वतन्त्र परीक्षण गरिनुपर्छ । आन्तरिक बसाइसराई गर्नेहरुको दर्ता र मतदानलाई सहज बनाउन, मतदाताहरुले सकेसम्म आफू यथार्थमा बसोबास गरिरहेको स्थानबाटै अस्थायी वा स्थायी रुपमा मतदान गर्न पाउने सुनिश्चित गर्न बसोबासको प्रमाणको प्रावधानलाई पुनरावलोकन गर्नुपर्छ । अन्त्यमा, संविधानसभाले नेपालमा लामो अवधिदेखि बसोबास गरिरहेका र यहींको नागरिक भएको दावी गर्ने तर हाल नागरिकता प्राप्त गर्नको लागि योग्यताको प्रमाण नभएकाहरुको नागरिकतासम्बन्धी मामिलाहरुलाई सम्बोधन गर्नेतर्फ ध्यान दिनुपर्छ ।

### मतदाता शिक्षा

विस्तृत तथा प्रभावकारी मतदाता शिक्षा मतदाताहरुलाई उनीहरुका अधिकारबारे सूचित गर्न मात्र नभई निर्वाचनको दिनभन्दा अघि पद्धतिहरुबारे स्पष्ट पारी नागरिकहरुले आफ्ना निर्वाचकीय अधिकारहरुको अभ्यास गर्न सक्छन् भन्ने सुनिश्चित गर्न समेत अपरिहार्य छ ।[३४]

३३. विश्व बैंक, "नेपालको श्रम प्रवासनको नियमन" ("Governing Labour Migration in Nepal"), २००९

३४. आइसीसीपीआर, धारा २५(ख), तथा युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेद ११ ।

डेबोरा ह्यान्स



एकजना पुरूषले आफ्नो मतदाता पहिचान पत्र लिन खोज्दै गर्दा मतदान कर्मचारीहरु मतदाता नामावलीमा उनको नाम रूजु गर्दै । यो मतदान स्थलमा सम्पूर्ण कर्मचारीहरु महिला थिए, समुदायको लागि गर्वको एक विषय ।

निर्वाचन आयोगले २४ वटा भाषामा टेलिभिजन तथा रेडियो प्रसारण, पर्चा तथा पोष्टर वितरण, मतदाता शिक्षा स्वयंसेवकहरुको प्रयोगमा सडक नाटक र घरदैलो अभियानलगायतको सघन मतदाता शिक्षा अभियानको तयारी गरेको थियो, तर मतदाता शिक्षालाई अपेक्षाकृत कम विस्तृत र प्रभावकारी बनाउने धेरै तत्वहरु थिए ।

देशभरिका पर्यवेक्षकहरुले मतदाता शिक्षा सामग्री राम्रोसँग बनाइएको र विस्तृत रहेको उल्लेख गरे । तथापि, १५,००० मतदाता शिक्षा स्वयंसेवकहरुका लागि स्पष्ट निर्देशन तथा प्रशिक्षणको अभाव, केन्द्र तहबाट स्थानीय तहमा सामग्रीहरु पठाउने कार्यमा ढिलाइ, नेपालीबाहेकका भाषामा सीमित लिखित सामग्रीहरु तथा बिदाको समय परेको हुनाले मतदाता शिक्षा सञ्चालन गर्न थोरै मात्र समय बचेकोलगायतका चुनौतीहरु प्रमुख थिए । यी चुनौतीहरुको वाबजुद स्थानीय मतदाता शिक्षा स्वयंसेवकहरुको उच्च संख्या र उनीहरुको स्थानीय सम्पर्क र जानकारी,[३५] ले व्यापक संख्याका मतदाताहरुसम्म पुग्न सम्भव बनायो । सेन्टरका पर्यवेक्षकहरुद्वारा अन्तर्वार्ता गरिएका धेरै मतदाताहरुले आफूहरुलाई दिइएको जानकारीप्रति सन्तुष्टि व्यक्त गरे । मतदाताहरुले मतदाता शिक्षाबारे असन्तुष्टि व्यक्त गरेका अधिकांश दृष्टान्तहरुमा उनीहरुले त्यसको लागि निर्वाचन आयोगभन्दा पनि राजनीतिक दलहरुलाई जिम्मेवार बताए, उनीहरुको भनाइमा राजनीतिक दलहरु मतदाता शिक्षाका लागि या त आवश्यक मात्रामा लागेनन् या अपूरो जानकारी मात्र दिए । यो भावनालाई स्थानीय निर्वाचन अधिकारीहरुले पनि दोहोऱ्याएका थिए जसले मतदाता शिक्षाका सम्बन्धमा राजनीतिक दलहरुसँग सहकार्य गर्ने सम्बन्धमा कुनै निर्देशन नपाएको बताए ।

मूलभूत मतदाता शिक्षाका अलावा, निर्वाचन आयोगले सन् २००८ को संविधानसभा निर्वाचनमा बदर मतहरुको संख्या उच्च रहेका २२ जिल्लाका निर्वाचन क्षेत्रहरुमा केन्द्रित विशेष कार्यक्रम पनि सञ्चालन गऱ्यो । लक्षित निर्वाचन क्षेत्रहरुमध्ये केहीमा बदर मतहरुको प्रतिशत थोरै घटे पनि पर्यवेक्षकहरुले लक्षित शिक्षा कार्यक्रम अपेक्षाकृत ढिला सञ्चालन गरिएको उल्लेख गरे र केही सन्दर्भहरुमा जिल्ला निर्वाचन अधिकारीहरुले त्यसलाई आफ्नो नियमित मतदाता शिक्षा कार्यक्रमकै अतिरिक्त सामग्रीको रुपमा लिएका थिए[३६], यसलाई केन्द्र तहबाट

३५. मतदाता शिक्षा स्वयंसेवकहरुमध्ये बहुसंख्यक बाल शिक्षाका शिक्षकहरु थिए जो आफ्ना गृह जिल्लाहरुमा मतदाता शिक्षा सञ्चालन गरिरहेका थिए ।

३६. लक्षित मतदाता शिक्षा अभियान सन् २००८ को निर्वाचनमा सबैभन्दा बढी बदर मत (औसत ७.२ प्रतिशत) खसेका २२ जिल्लाका ७१ निर्वाचन क्षेत्रहरुमा सञ्चालन गरियो । सन् २०१३ मा ती क्षेत्रहरुमा प्रत्यक्ष तर्फमा बदर मतको औसत प्रतिशत १.२ ले घटेको थियो (औसत ६ प्रतिशत) । तर तीमध्ये १२ वटा निर्वाचन क्षेत्रहरुमा भने प्रत्यक्ष तर्फको बदर मतको प्रतिशतमा वृद्धि भएको थियो ।

काठमाडौंमा एकजना महिला आफ्नो मतदान गर्दै ।



डेबोरा ह्याक्स

सूचना र स्पष्ट निर्देशनको अभावसँग जोड्न सकिन्छ । ठूलो संख्याका मतहरुलाई बदर ठहऱ्याइनुको कारण मतपत्रहरुमा छाप लगाउनमा भएको गल्ती नै रहेको यथार्थले पनि मतदान प्रक्रियाबारे मतदाताहरुमाझ ज्ञानको अभाव रहेको देखाउँछ ।

निर्वाचन आयोगको सघन मतदाता शिक्षा प्रयासका वाबजुद मतदाताहरु निर्वाचकीय प्रक्रियाबारे पर्याप्त जानकार छन् भन्ने सुनिश्चित गर्नुपर्ने चुनौतीहरु यथावत छन्, विशेषगरी गोप्य मतपत्रको हक तथा मतपत्रमा छाप लगाउने

*निर्वाचित कार्यालयका लागि खडा हुन पाउने अधिकारको प्रभावकारी कार्यान्वयनले मतदाताहरुलाई उम्मेदवारहरुको स्वतन्त्र छनौट गर्ने अवसर हुन्छ भन्ने सुनिश्चित गर्दछ ।*

सही पद्धतिका सम्बन्धमा । भावी निर्वाचनहरु हुनुभन्दा अघि मतदाताहरुको चेतना वृद्धि गर्नका लागि एक दीर्घकालीन नागरिक तथा मतदाता शिक्षा प्रयास र अल्पसंख्यक भाषाहरुको प्रयोगमा ध्यान पुऱ्याउनुपर्छ ।

## महिला, अल्पसंख्यक तथा उपेक्षित समूहहरूको सहभागिता

दलित, जनजाति तथा महिलाहरुमा लक्षित विशेष मतदाता शिक्षा प्रयासहरु सराहनीय थिए र ती प्रयासहरुका प्रतिफल निर्वाचनको दिनमा देखिएको महिलाहरुको उच्च संख्याले प्रकट गऱ्यो । तथापि, यो अभियान पनि मतदाता शिक्षा सञ्चालन गर्ने समयसीमाको कमीका साथसाथै क्षेत्रतहमा सामग्रीहरुको ढिलो वितरण र स्थानीय भाषाहरुमा लिखित सामग्रीहरुको अभावबाट पनि गुज्रियो ।

पर्यवेक्षकहरुले बहुसंख्यक मतदाता शिक्षा स्वयंसेवीहरु महिला रहेको पाए जसले निर्वाचन व्यवस्थापनका पक्षहरुमध्ये मतदाता शिक्षामा महिलाहरुको सर्वाधिक प्रतिनिधित्व थियो । कार्टर सेन्टर निर्वाचकीय प्रक्रियामा महिलाहरुलाई समावेश गर्ने प्रयासहरुको सराहना गर्दछ र यसलाई अन्य क्षेत्रहरुमा पनि विस्तार गरिने अपेक्षा गर्दछ । तथापि, मतदाता शिक्षा स्वयंसेवकहरुलाई भविष्यमा आफ्ना कामहरु प्रभावकारी ढंगमा सञ्चालन गर्न सहज बनाउन उनीहरुले यथेष्ठ र समयमै प्रशिक्षण पाएको सुनिश्चित गर्नु जरूरी छ ।

## उम्मेदवार तथा दल दर्ता

### निर्वाचनमा खडा हुन पाउने मापदण्ड

निर्वाचित कार्यालयका लागि खडा हुन पाउने अधिकारको प्रभावकारी कार्यान्वयनले मतदाताहरुलाई उम्मेदवारहरुको स्वतन्त्र छनौट गर्ने अवसर हुन्छ भन्ने सुनिश्चित गर्दछ ।[३७] तसर्थ, राजनीतिक दल तथा उम्मेदवार दर्ता प्रक्रियाहरुमा लगाइने कुनै पनि शर्त औचित्यपूर्ण र भेदभावमुक्त हुनुपर्दछ ।[३८]

कानुनतः, उम्मेदवारहरु नेपाली नागरिक हुनैपर्दछ र कम्तीमा २५ वर्ष उमेरको र राज्य वा राज्य-कोषबाट सञ्चालित कुनै निकायको कर्मचारी हुनु हुँदैन । उनीहरु दर्ता भएका मतदाता पनि हुनुपर्दछ र "नैतिक पतन देखिने फौजदारी कसुरमा संलग्न" भै अदालतको अन्तिम निर्णयको पर्खाइमा रहेको हुनुहुँदैन, हत्याको आरोपमा आजीवनमा कैद भुक्तानी गरिरहेको हुनुहुँदैन, आशयपूर्वक कुनै ऋण नतिरेको हुनुहुँदैन र "मानसिक सन्तुलन" गुमाएको हुनुहुँदैन ।[३९] उम्मेदवार राज्यको सरकारी निकायका कुनै पनि पदमा आसिन हुनुहुँदैन भन्ने प्रावधानलाई बढी नै कठोर मान्न सकिन्छ किनभने यो रुची बाझ्ने समस्या सिर्जना गर्न सक्ने पदहरु मात्र नभई शिक्षक तथा हुलाकका कर्मचारीजस्ता तल्लो तहका पदहरुमा पनि लागू हुन्छ ।[४०]

३७. आइसीसीपीआर, धारा २५(क) । युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेद १५ ।

३८. युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेद १५ - १७ ।

३९. संविधानसभाका सदस्यहरुका लागि निर्वाचन अध्यादेश, धारा १८ र १९ ।

४०. युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेद १६ मा उल्लेख छ, "यदि निश्चित पदहरु (जस्तै न्यायपालिका, सैनिक कार्यालयको उच्च तह, सार्वजनिक सेवा) निश्चित निर्वाचित कार्यालयहरुमा रहनका उपयुक्त नहुने उचित आधारहरु भएमा, रुची बाझिने स्थितिबाट जोगाउने कदमहरुले अनुच्छेद (ख) (आइसीसीपीआर को धारा २५ को) ले संरक्षित गरेका अधिकारहरुलाई अवाञ्छित तवरमा सीमित पार्नु हुँदैन ।

ऐनमा खुलाइएका सबै प्रावधानहरु, विशेषतः दर्ता भएको मतदाता भएको, ऋण नतिरेको अवस्था नभएको र मानसिक क्षमता भएकोजस्ता प्रावधान अन्तरिम संविधानमा उल्लेख गरिएका छैनन् । बरू, अन्तरिम संविधानले उम्मेदवारीका लागि “कुनै पनि कानूनले अयोग्य नबनाएको” प्रावधान उल्लेख गरिएको छ ।[४१] यसले उम्मेदवारीको मौलिक अधिकारको संरक्षणलाई संवैधानिक तहबाटै स्थानान्तरण गरिदिन्छ र अन्तर्राष्ट्रिय दायित्वहरुसँग मेल नखाने गरी सीमा तोक्न सकिने सम्भावना निर्माण गर्न सक्छ ।

कानूनतः अघिल्लो संविधानसभामा प्रतिनिधित्व नगरेका दलहरुले निर्वाचनका लागि दलको रुपमा दर्ता गर्न १०,००० जना दर्ता भएका मतदाताहरुको हस्ताक्षर पेश गर्नुपर्ने प्रावधान छ । यसबाहेक, प्रत्यक्ष तर्फका हरेक उम्मेदवार तथा समानुपातिकको सूचीका लागि रकम धरौटी राख्नुपर्ने प्रावधान छ । उच्च संख्याका दल तथा उम्मेदवारहरुले दर्ता गरेको हुनाले यी शर्तहरु भने अनुचित नभएको स्पष्ट भयो ।

प्रत्यक्ष तर्फका उम्मेदवारहरुले चाहेमा दुई वटासम्म निर्वाचन क्षेत्रबाट उठ्न सक्छन्, यद्यपि उनीहरुले प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीमा एकसाथ प्रतिस्पर्धा गर्न पाउँदैनन् । कुनै उम्मेदवारले दुई वटै निर्वाचन क्षेत्रमा विजय प्राप्त गरेमा उसले संविधानसभाको पहिलो बैठक भएको ३० दिनभित्र दुईमध्ये १ सिटबाट राजीनामा दिनुपर्ने हुन्छ । त्यसपछि रिक्त सिटका लागि उप-निर्वाचन हुन्छ ।

**दल तथा उम्मेदवार दर्ताको सञ्चालन**

राजनीतिक दल तथा उम्मेदवारको दर्ता सामन्यतः समावेशी थियो र अवाञ्छित अवरोधहरुबिना नै सञ्चालन गरिएको थियो, जसले मतदाताहरुका लागि राजनीतिक विकल्पहरुको व्यापक छनौट प्रदान गऱ्यो र नागरिकहरुको निर्वाचित हुन पाउने अधिकारको सम्मान गऱ्यो । प्रारम्भिक राजनीतिक दल दर्ता तथा दलहरुका समानुपातिक उम्मेदवारका सूची दर्ता निर्वाचन आयोगद्वारा केन्द्र तहमै गरिएको थियो । प्रत्यक्षतर्फका उम्मेदवारीहरुको दर्ता हरेक निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतहरुद्वारा गरिएको थियो । कुल मिलाएर १२२ दलका १०,७०९ उम्मेदवारहरु समानुपातिक सूचीमा दर्ता भएका थिए भने १,११५ स्वतन्त्रसहित जम्मा ६,१२८ उम्मेदवारहरुले प्रत्यक्षतर्फका निर्वाचन क्षेत्रहरुमा दर्ता गरेका थिए ।[४२] दर्ता अस्वीकार गरिएका मामिलाहरु (२० प्रत्यक्ष उम्मेदवार तथा ३०२ समानुपातिक सूचीका उम्मेदवारहरु) उचित आधारमा भएका देखिए, र उम्मेदवार तथा दलहरुलाई आफ्ना आवेदन कागजातमा रहेका त्रुटि सच्याउनका लागि अवसर दिइएको थियो । समानुपातिक सूचीहरुका सम्बन्धमा निर्वाचन आयोगले उम्मेदवारी अस्वीकार गर्नुको मुख्य कारण मनोनयनमा परेकाहरु मतदानका लागि दर्ता नभएको हुनु, २५ वर्षभन्दा कम उमेरको वा अर्को कुनै दलको उम्मेदवारको सूचीमा परेको हुनु थियो ।

बहिष्कार गरिरहेका समूहहरुको हड्ताल वा हिंसाको धम्कीका कारण पूर्वी नेपालका केही निर्वाचन क्षेत्रहरुमा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता प्रभावित वा तनावग्रस्त भएको थियो, तर अन्ततः देशभरि नै त्यो सफलतापूर्वक सम्पन्न भयो । समानुपातिक सूचीहरुलाई निर्वाचनको दिनभन्दा पाँच दिनअघि मात्रै पूर्णता दिइएको थियो, जसले मतदाताहरुलाई उनीहरुसँग परिचित हुन थोरै मात्र समय बाँकी रह्यो ।

महिला तथा अन्य समूहहरुका लागि कोटाको प्रावधान व्यवहारतः धेरै दलहरुका लागि जटिल बनेको थियो । निर्वाचन आयोगले समानुपातिक उम्मेदवारका कतिपय सूचीहरुमा निश्चित समूहबाट अपूर्ण संख्या परेको देखिएपछि ती सूचीहरु सच्याउनका लागि दलहरुलाई नै फर्काइदियो । जनजातिलगायतका केही समूहहरुको बारेमा कानूनमै स्पष्ट पारिएको छ, जबकि मधेशी तथा केही हदसम्म दलितजस्ता अन्य समूहहरुको कानूनी परिभाषा छैन ।

दलहरुले अन्ततः आफ्ना समानुपातिक सूचीहरुमा ५० प्रतिशत महिला कोटाको प्रावधानलाई पालना गरेपनि प्रत्यक्षतर्फ महिला उम्मेदवारीको संख्या भने धेरै कम थियो, जम्मा ६१२८ प्रत्यक्ष उम्मेदवारहरुमध्ये ६६७ जना मात्र महिला थिए (१०.८ प्रतिशत) । यसअलावा, केही महिलाहरुलाई जित्ने सम्भावना न्यून रहेका निर्वाचन क्षेत्रहरुबाट उठाइएको बताइएको थियो ।

समग्रमा, प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारी दुवैलाई एकसाथ जोड्दा महिलाहरुको अनुपात कूल संख्याको ३५.४ प्रतिशत थियो तर कानूनले हरेक दलले दिएको उम्मेदवारीमध्ये कम्तीमा ३३ प्रतिशत उम्मेदवारी महिलाको हुनुपर्ने प्रावधान पनि राखेको छ (प्रत्यक्ष र समानुपातिक उम्मेदवार मिलाएर) । पन्ध्र दलहरुले यो प्रावधानको पूर्ण पालना गरेनन् ।[४३] निर्वाचन आयोगले यी दलहरुले कानूनी प्रावधान पूरा नगरेको स्वीकार गऱ्यो, अंशतः किनभने आयोगसँग लागू गराउने स्पष्ट संयन्त्र थिएन । तीमध्ये अधिकांश दलहरुले यो कोटामा एक वा दुई महिला उम्मेदवारहरु पुऱ्याउन सकेनन् तर पाँचवटा दलहरु कोटाभन्दा धेरै तल थिए । उल्लेख्य रुपमा, पहिलो पटक निर्वाचनमा एकजना तेस्रो लिङ्गी उम्मेदवार पनि प्रतिस्पर्धा गरिरहेका थिए ।

अल्पसंख्यक, आदिवासी तथा ऐतिहासिक रुपमा पिछडिएका समूहहरुको निर्वाचकीय प्रक्रियामा सहभागिताका सम्बन्धमा अवस्था झन् जटिल छ । निश्चित आदिवासी समूह

४१. धारा ६५ (ग१) ।

४२. १३० दलहरुले निर्वाचनमा सहभागी हुने आफ्नो अभिलाषा दर्ता गरे, अन्ततः १२२ दलहरुले उम्मेदवार सूचीहरु पेश गरे ।

४३. यीमध्ये केही दलहरुले समग्र कोटालाई पूरा गर्न आफ्ना समानुपातिक सूचीहरुमा ५० प्रतिशतभन्दा बढी महिला उम्मेदवारहरुको मनोनयन गरे । सन् २००८ मा अनुमति भए पनि, प्रत्यक्ष उम्मेदवारका रुपमा महिलाहरुको सहभागिता वृद्धि गर्नका लागि कानूनमा गरिएको एउटा परिवर्तनले सन् २०१३ को निर्वाचनभन्दा अघि नै यो छिद्रलाई प्रभावकारी रुपमा बन्द गरिदियो ।

वा क्षेत्रीय समूहहरु संख्यात्मक हिसाबले सशक्त रहेका केही जिल्लाहरुमा, जस्तै लमजुङमा गुरूङ, मनाङमा थकाली तथा पूर्वी र मध्य तराईका जिल्लाहरुमा मधेशीहरु, प्रत्यक्षतर्फको उम्मेदवारीमा उनीहरुको राम्रो प्रतिनिधित्व गराइएको कार्टर सेन्टरका पर्यवेक्षकहरुले पाए । यस विपरीत, दीर्घकालीन पर्यवेक्षकहरुले भ्रमण गरेका अधिकांश जिल्लाहरुमा प्रत्यक्ष उम्मेदवारीमा दलितहरुको प्रतिनिधित्व कम थियो ।

समग्रमा, दर्ता प्रक्रियाले नागरिकहरुको निर्वाचनका लागि खडा हुन पाउने अधिकारलाई सुनिश्चित गर्ने सम्बन्धमा नेपालको दायित्वको उच्च पालना गऱ्यो । तथापि, प्रत्यक्षतर्फका उम्मेदवारहरुमा महिला र दलितहरुको संख्या खेदजनक रुपमा न्यून थियो । निर्वाचित हुने अधिकार तथा नागरिकहरुको आफ्ना प्रतिनिधिहरु छान्न पाउने अधिकारका सम्बन्धमा नेपालले आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरुलाई पूर्ण पालना गर्नका लागि, कार्टर सेन्टर समानुपातिक प्रतिनिधित्वका उम्मेदवारहरुको सूचीलाई प्रक्रियाको शुरुमा नै पूर्णता दिने गरी समयसीमा निर्धारण गर्न, कोटाका प्रावधानहरु समान रुपमा लागू गर्न संयन्त्र निर्माण गर्न र उम्मेदवारीमा रुची बाफिएकोस्पष्ट

*प्रतिस्पर्धी राजनीतिक दलहरुबीच भएका छिटपुट झडप तथा बहिष्कार गरिरहेका दलका गतिविधिहरुको वाबजुद, औपचारिक प्रचारप्रसार अवधिमा उम्मेदवार तथा दलहरु सम्भाव्य मतदाताहरुसमक्ष अधिकांशतः सजिलै पुगिरहेका थिए र आफ्ना सन्देशहरु सजिलै प्रवाह गरिरहेका थिए*

देखिने पदहरुका लागि निर्वाचित हुने अधिकारको बन्देजको हद घटाउन सुझाव व्यक्त गर्दछ । राजनीतिक दलहरुले पनि महिला, दलित तथा अन्य उपेक्षित समूहहरुको सहभागिता तथा प्रतिनिधित्वलाई सशक्त बनाउनका लागि प्रत्यक्षतर्फ उम्मेदवारीका साथसाथै राजनीतिक दलभित्रै निर्णय कार्य तथा नेतृत्वदायी पदहरुमा स्थान दिनेतर्फ ध्यान दिनुपर्छ । त्यस्ता मापदण्डहरुमा दलका सबै तहका नेतृत्वदायी पद तथा स्थानीय र राष्ट्रिय निर्वाचनहरुमा उम्मेदवारीका हकमा यी समूहका सदस्यहरुका लागि कोटा छुट्याउने दलीय नीतिहरु नै समावेश गर्न सकिन्छ । सबै तहका निर्वाचित परिषद्हरुमा महिला र पुरूषबीच समता सुनिश्चित गर्न पनि ध्यान दिन सकिन्छ ।

## निर्वाचन प्रचार

समावेशी र पारदर्शी हुनुका अलावा, एक वास्तविक लोकतान्त्रिक निर्वाचनमा प्रचारप्रसारको अवधिको पनि आवश्यकता हुन्छ जसमा धारणा तथा अभिव्यक्तिको स्वतन्त्रता, संगठनको स्वतन्त्रता, गतिविधिको स्वतन्त्रता, व्यक्तिको सुरक्षा तथा सूचनामाथिको पहुँचजस्ता अधिकारहरुलाई निर्वाचनका सबै सरोकारवालाहरुद्वारा सम्मान र प्रबर्द्धन गरिन्छ ।[४४]

प्रतिस्पर्धी राजनीतिक दलहरुबीच भएका छिटपुट झडप तथा बहिष्कार गरिरहेका दलका गतिविधिहरुको वाबजुद, औपचारिक प्रचारप्रसार अवधिमा उम्मेदवार तथा दलहरु सम्भाव्य मतदाताहरुसमक्ष अधिकांशतः सजिलै पुगिरहेका थिए र आफ्ना सन्देशहरु सजिलै प्रवाह गरिरहेका थिए ।[४५] सन् २००८ मा समस्या देखिएको बताइएका केही क्षेत्रहरुमा, उदाहरणका लागि पूर्वी र मध्य तराई तथा पूर्वका हिमाली जिल्लाहरुमा प्रचारप्रसारको वातावरणमा उल्लेखयोग्य सुधार आएको थियो, यद्यपि केही गम्भीर घटनाहरु भने घटे । बहिष्कार गरिरहेका दलहरुद्वारा प्रचारप्रसारका कार्यक्रममा अवरोध, उम्मेदवार तथा दलका प्रतिनिधिहरुमाथि आक्रमण, सवारी साधनहरुमा आगजनी तथा सडक अवरोधलगायतका विभिन्न घटनाहरु भए । यी अवरोधहरुको उत्कर्षमा बहिष्कार गरिरहेका दलहरुको आह्वानमा निर्वाचनको दिनभन्दा अघिदेखि निर्वाचनको दिनसहित १० दिने राष्ट्रव्यापी हड्ताल भयो । यो अवधिमा, त्रासको वातावरण सिर्जना गर्न बसहरुमा अविवेकी ढंगले पेट्रोल बम आक्रमण, प्रायःजसो मतदान स्थल छेउछाउ विष्फोटक सामग्री र नक्कली बमहरु राख्ने कार्यहरु भए ।

प्रसारप्रसार अभियान ३ अक्टोबरका दिन प्रत्यक्ष तर्फका उम्मेदवारहरुको उम्मेदवारीसँगै शुरु भयो । शुरुमा केही मन्द भए पनि दशैं, तिहारको बिदा र तराईमा छठको बिदा सकिएसँगै प्रचारप्रसारका क्रियाकलापहरुले गति लिए । यसले निर्वाचन स्थगित हुन्छ कि भनेर त्यसबेला विद्यमान एक खालको अन्यौललाई प्रतिबिम्वित गऱ्यो र राजनीतिक दलहरुलाई आफ्ना चुनावी घोषणापत्र बनाउनमा पनि ढिलाइ भयो । स्थानीय क्षेत्रमा रहेका पर्यवेक्षकहरुलाई अक्टोबर ३ मा भएको उम्मेदवारी दर्ता अपेक्षाकृत सहज भएपछि मात्र राजनीतिक दल र सर्वसाधारण घोषित मितिमै निर्वाचन हुन्छ भन्ने कुरामा पुनः आश्वस्त भएको कुरा बारम्बार बताइयो ।

अधिकांश चुनावी घोषणापत्रहरु अक्टोबर महिनाको आधा समयपछि मात्र बनेका थिए । तिनीहरुले नयाँ संविधानमा अङ्गीकार गरिनुपर्ने शासकीय स्वरुप तथा संघीयताका ढाँचाका साथसाथै संविधान निर्माण प्रक्रियाका थाँती रहेका मुद्दाहरुमा आफ्ना अडानहरुलाई चित्रित गरे । प्रमुख राष्ट्रिय दलहरुले पहिलो संविधानसभामा भएका सहमतिहरुको सम्मान गर्ने र आफ्नो दलले बहुमत प्राप्त गरे एक वर्ष वा कम अवधिमा संविधान निर्माण प्रक्रिया सम्पन्न गर्ने कुरामा पनि प्रतिबद्धता जनाउनु सुखद कुरा हो । अघिल्लो संविधानसभाबाट संविधान निर्माण

४४. आइसीसीपीआर, धारा ९, १२, १९, २२, र युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेद २५ ।

४५. निर्वाचनको दिनभन्दा ४८ घण्टाअघिबाट लागू हुने मौन अवधिको कानूनी प्रावधानलाई सम्मान गर्नका लागि औपचारिक प्रचारप्रसारको समय १६ नोभेम्बरको मध्यराति सकियो ।

गर्न नसकेकाले गर्दा केही दलहरुले परिकल्पना गरिएको एक वर्ष भित्रै विवादास्पद वा सुल्भिन नसकेका संवैधानिक मुद्दाहरुलाई कसरी सम्बोधन गर्ने भन्ने सम्बन्धमा पनि पद्धतिहरु उल्लेख गरे। यसबाहेक, दलका घोषणापत्रहरुले आर्थिक विकासका प्रतिबद्धताहरुलाई पनि महत्वसाथ समावेश गरे र उम्मेदवारहरुले सडक निर्माण तथा विद्युतीकरणजस्ता स्थानीय चासोका विषयहरुलाई बारम्बार उठाएको पर्यवेक्षकहरुले उल्लेख गरे।

पहिलो संविधानसभा विघटन हुने समय नजिकिँदै गर्दा संघीयताको मुद्दा जसरी विभाजित भएको थियो, त्यसले यसपालिको प्रचारप्रसारमा कम भूमिका खेल्यो, र कार्टर सेन्टरका पर्यवेक्षकहरुका अनुसार यो तराई र पूर्वका जिल्लाहरुमा अपेक्षाकृत बढी महत्वपूर्ण देखियो। नेपाली कांग्रेसको प्रचारप्रसार उक्त दलले संघीयतामा कम जोड दिएको कारण उल्लेखनीय रह्यो भने वार्ता गरिएका नेकपा (एमाले) र एनेकपा(माओवादी) का व्यक्तिहरु संघीयताबारे दलको अडान प्रस्तुत गर्न बढी व्यग्र रहेको पर्यवेक्षकहरुले पाए। प्रचारप्रसारको वातावरण सन् २०१२ मा संविधानसभा विघटन हुनलाग्दाको समयमा भन्दा धेरै कम ध्रुवीकृत भएको थियो।

प्रचारप्रसारका गतिविधिहरुमा घरदैलो, आमसभा, मोटरसाइकल वा सवारी जुलुस, पर्चा वितरण तथा दलका झण्डाहरुको प्रदर्शन सबैभन्दा बढी देखिए। केही दलहरुले देशव्यापी अभियान पनि सञ्चालन गरे, जस्तै एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा मेची-महाकाली राष्ट्रिय जनचेतना अभियान तथा राष्ट्रिय प्रजातन्त्र पार्टी-नेपालद्वारा रथ यात्रा। तर समग्रमा पर्यवेक्षकहरुले बढीजसो प्रचारप्रसार व्यक्तिगत सम्पर्क तथा घरदैलोमा केन्द्रित भएको पाए। विशेषगरी पहाड र हिमालमा यस्तो देखियो। यसो हुनुका पछाडि प्रचारप्रसार अवधि खेतीको व्यस्त समय तथा बिदाको समयमा भएको तथ्य दिइयो।

प्रचारप्रसार तीव्र हुँदै गर्दा देशभरि नै आचारसंहिता उल्लंघन भएका खबरहरुमा पनि वृद्धि भयो। तीमध्ये अधिकांश सामान्य उल्लंघन थिए, तर अनधिकृत सवारीसाधनको प्रयोग, प्रचारप्रसार गतिविधिहरुमा विद्यालय क्षेत्रको प्रयोग तथा निर्वाचन आयोगसँग अनुमति नलिई हेलिकप्टरको प्रयोगजस्ता उल्लंघनहरु पनि थिए। उल्लंघनहरुको छानवीनका लागि निर्वाचन आयोगले पाँचै विकास क्षेत्रहरुमा अनुगमन टोलीहरु पठायो। धेरै उम्मेदवारहरुसँग स्पष्टीकरण सोधिएको र चेतावनी दिइएको भए पनि कुनै जरिवाना लगाइएन।

केही जिल्लाहरुमा सम्भाव्य घटनाहरुलाई न्यून गर्न राजनीतिक दलहरुले प्रचारप्रसारको समयका सम्बन्धमा अन्य दलहरुसँग अग्रीम रुपमा परामर्श गरेको र जिल्ला प्रशासनसँग समन्वय गरेको पर्यवेक्षकहरुले पुष्टि गरे। सन् २००८ मा माओवादी वा लिम्बुवान समूहहरुको पकड भएका स्थानहरुमा गतिविधि सञ्चालन गर्न बारम्बार रोक लगाइएका 'राजावादी' र 'संघीयता विरोधी' राप्रपा र राप्रपा-नेपालका उम्मेदवारहरुले पनि स्वतन्त्रतापूर्वक प्रचारप्रसार गर्न पाएको बताए।

निर्वाचनको दिन नजिकिँदै गर्दा पर्यवेक्षकहरुले मतदाताहरुलाई नगद वा त्यसैप्रकारका प्रलोभनको प्रस्ताव गरिएका केही मामिलाहरु पाए। विशेषगरी तराईका जिल्लाहरुमा त्यस्तो पाइए पनि अन्य स्थानहरुमा पनि त्यस्ता गतिविधिका छिटपुट विश्वसनीय विवरणहरु पाइएका थिए।[४६] आरोपित अभ्यासहरुमा सरसामान उपहार (अधिकांशतः लत्ताकपडा तथा चाडपर्व र परम्परासँग सम्बन्धित खाद्यसामग्रीहरु) र आर्थिक उपहार (नगद वितरण) लगायत थिए। संलग्न दल र/अथवा उम्मेदवारहरुले लक्षित मतदान केन्द्रहरुमा विजय सुनिश्चित गर्नका लागि यथाशक्य बढी मतदाताहरुसम्म पुग्ने उद्देश्यका साथ उपहार दिएका व्यक्तिहरुको नाम अभिलेखित गरेको बताइयो। एउटा दृष्टान्तमा, डोल्पामा रहेका पर्यवेक्षकहरुले स्थानीय बासिन्दाहरुले एकजना उम्मेदवारबाट आफ्ना छानाका लागि टिनका पाता पाएको टिपोट गरे। महोत्तरी जिल्लाको भ्रमणका दौरान तमलोपाका कार्यकर्ताहरुले आफूले निर्वाचन हारिसकेकाले मतदाताहरुसँग पैसा फिर्ता मागिरहेको पर्यवेक्षकहरुले देखे।

प्रतिस्पर्धी दलका समर्थकहरुको संलग्नतामा केही हिंसात्मक घटनाहरु पनि भएका थिए। त्यस्ता घटनाहरु नोभेम्बर १३ भन्दा अघिका सप्ताहहरुमा बढे र तोडफोड, प्रचारप्रसारमा अवरोध, झगडा तथा गम्भीर आक्रमण (निर्वाचनसम्बन्धी हिंसाको खण्डमा विस्तृत गरिएको) लगायतका क्रियाकलापहरु भए। छिटफुट भए पनि फरक दलका समर्थकहरुबीच भएका त्यस्ता झडपहरु देशैभरि भएका थिए, विशेषगरी निर्वाचकीय हिंसाको विरासत अथवा निकटतम प्रतिस्पर्धा भएका निर्वाचन क्षेत्रहरुमा।

प्रचारप्रसार वातावरणमा बहिष्कार गरिरहेका दलका गतिविधिहरुले पनि प्रतिकूल प्रभाव पारेका थिए। देशभरि रहेका कार्टर सेन्टरका पर्यवेक्षकहरुले नेकपा-माओवादी तथा पूर्वमा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्का पोष्टरहरु पहाड र हिमालका गाउँहरुमा निकै पाएको उल्लेख गरे, यद्यपि मध्य अक्टुबरमा प्रहरीले ती पोष्टरहरुलाई हटाउन थालिसकेको थियो। कार्टर सेन्टरका पर्यवेक्षकहरुले झापाको उत्तर-पूर्वी भाग र रोल्पामा केही यस्ता दृष्टान्तहरु पाए जहाँ निर्वाचनको विरूद्धमा रहेका दलहरुले आफ्ना सन्देश फैलाउन भित्तेलेखन पनि गरे र वडातहका भेलाहरु गरे वा अक्टुबर ३ मा उम्मेदवारी दर्ताको समयमा प्रदर्शनहरु गरे। नेकपा-माओवादीले देशभरिका निर्वाचन अधिकृत तथा जिल्ला निर्वाचन अधिकारीहरुलाई निर्वाचनको तयारी रोक्न पत्राचार गरे र केही उम्मेदवारहरुलाई पनि पत्र दिए। बहिष्कार गरिरहेका दलहरुको गतिविधि बढी गोप्य, व्यक्ति लक्षित तथा

४६. नोभेम्बर १७ को दिनसम्ममा निर्वाचन आयोगले मतदाताहरुलाई नगद वा त्यस्तै प्रकारका प्रलोभन दिइएका २१ वटा उजुरीहरु अभिलेखित गरेको थियो।

राति गरिएका हुनाले अक्टोबरको अन्त्य र नोभेम्बरको शुरुतिर प्रहरीले उनीहरुका गतिविधिमा कैयौंपटक छापा मार्‍यो ।

समग्रमा, नेपालले सन् २००८ पछि मतदाता, राजनीतिक दल तथा उम्मेदवारहरुले आफ्ना मौलिक अधिकारहरुको अभ्यास गर्न सक्ने खालको स्वतन्त्र प्रचारप्रसार वातावरणलाई सुनिश्चित गर्ने सन्दर्भमा आफ्ना अन्तराष्ट्रिय दायित्वहरु पूरा गर्न उल्लेख्य प्रगति गरेको छ । तथापि, प्रचारप्रसारको अवधिमा देखिएका हिंसा र डरधम्कीका दृष्टान्तहरुको केही मात्राले अन्तर्राष्ट्रिय कानूनअन्तर्गत प्रत्याभूत गरिएका स्वतन्त्रततालाई वास्तविकतामा सुनिश्चित गर्न अझै प्रयास गर्नुपर्ने संकेत गर्दछन् । यसका लागि सम्बन्धित निकायद्वारा कानूनको कडा पालना सँगसँगै राजनीतिक दलहरुले पनि त्यस्ता घटनाहरु हुन नदिन थप प्रयासहरु गर्नुपर्छ ।

## प्रचारप्रसारको खर्च

प्रचारप्रसार खर्चको स्पष्ट र निष्पक्ष नियमन राज्यका लागि नागरिकहरुको सार्वजनिक मामिलाहरुमा सहभागी हुने अधिकार तथा उम्मेदवार र दलहरुबीच समानताको आवश्यकतालाई सन्तुलित राख्ने एक महत्वपूर्ण माध्यम हो ।[४७]

निर्वाचन आयोगको आचार संहिताले प्रचारप्रसार खर्चको सीमा तोकेको भए पनि तुलनात्मक रुपमा प्रचारप्रसार खर्चका सम्बन्धमा थोरै मात्र प्रावधानहरु छन् । यसले कुन स्रोतको रकमलाई अनुमति दिने भन्नेबारे केही बोलेको छैन अथवा खर्चको स्रोत खुलाउनु पर्ने अनिवार्यता छैन । निर्वाचनपश्चात् सबै उम्मेदवारहरुले खर्चका विवरणहरु निर्वाचन आयोगमा पेश गर्नुपर्छ, तर आयोगले ती कागजातहरुको औपचारिक जाँच मात्र गर्छ र तिनीहरुको लेखापरीक्षण गर्ने वा सार्वजनिक गर्ने काम गर्दैन । दल वा उम्मेदवारहरुले गरेको खर्चका सम्बन्धमा क्षेत्रगत अनुगमन गरिँदैन ।

प्रचारप्रसार खर्च नीतिलाई सशक्त बनाउनका लागि थप्न मस्यौदा गरिएका नयाँ प्रावधानहरुलाई आचार संहिताको अन्तिम संस्करणबाट हटाइनु खेदजनक थियो ।

यी थोरै कानूनी प्रावधानहरुको बाबजुद, उल्लेख्य संख्याका उम्मेदवारहरुले निर्दिष्ट ३५ दिनको समयसीमाभित्र आफ्ना खर्चका विवरणहरु बुझाएनन् ।[४८] यसबाहेक, प्रत्यक्षतर्फको उम्मेदवारका लागि रू. १० लाख र समानुपातिक तर्फको लागि रू. ७०,००० को खर्चको सीमा अत्यन्तै कम रहेको र केही उम्मेदवारहरुले तोकेको सीमाभन्दा धेरै नै बढी खर्च गरेको संकेत गरेको कार्टर सेन्टरका पर्यवेक्षकहरुले धेरै सरोकारवालाहरुबाट सुने ।[४९] सबैभन्दा बढी खर्च स्वयंसेवकहरुलाई प्रचारप्रसार अभियानका अवधिमा भएका यात्रामा दिइने खाना र आवासमा, तराईमा सवारीसाधनका लागि र स्थानीय उम्मेदवारहरुको समर्थनमा हुने आमसभाहरुमा सम्बोधन गर्न आउने वरिष्ठ राजनीतिज्ञहरुको यातायातमा भएको देखिन्छ ।

नेपालमा सार्वजनिक प्रचारप्रसार कोष नभएको हुँदा प्रचारप्रसार खर्चका लागि राजनीतिक दलहरु आफ्ना सदस्यहरुको योगदान, मनोनित उम्मेदवारहरुको व्यक्तिगत साधनस्रोत तथा नगद वा समान प्रकारका चन्दाहरुमा निर्भर रहन्छन् । पर्यवेक्षकहरुले संविधानसभा निर्वाचनमा सहभागी दलहरुले जबरजस्ती चन्दा मागेका प्रमाण भेटेनन् । कार्यकर्तामा आधारित कम्युनिष्ट दलहरुले आफ्ना सदस्यता शुल्कहरु बढाएको वा निर्वाचनको समयमा थप लेवी उठाएको बताइयो । उम्मेदवारहरुले शुभचिन्तकहरुको सञ्जाल, सहयोगको आह्वानमार्फत रकम संकलन गरे वा आफ्नो प्रचारप्रसार खर्चको केही रकम उठाउन भगिनी संगठनका सदस्यहरुको विविध सहयोगमा भर परे । तथापि, पर्यवेक्षकहरुले प्रत्यक्षतर्फका अधिकांश उम्मेदवारहरु आफ्नै साधनस्रोतमा निर्भर रहेको पनि देखे, ती उम्मेदवारहरुले प्रचारप्रसार सामग्री वा लाउडस्पिकरहरुबाहेक आफ्ना दलहरुबाट थोरै मात्र आर्थिक सहयोग पाए वा त्यो पनि पाएनन् । प्रमुख राष्ट्रिय दलहरुका हकमा पनि अवस्था यस्तै रहे पनि राप्रपा, राप्रपा-नेपाल तथा संघीय समाजवादी नेपालजस्ता साना दलहरुमा भने अवस्था



डेभोरा ह्यामस्

निर्वाचनको दिन दिउँसो एक मतदान स्थलमा मतदान कर्मचारीहरु मतदातासूचिहरुको व्यवस्थापन गर्दै ।

४७. युएनएचआरसी, सामान्य टिप्पणी २५, अनु. १९, “मतदाताहरुको स्वतन्त्र छनौटलाई कमजोर नतुल्याइने अथवा कुनै पनि उम्मेदवार वा दलको तर्फबाट हुने अनुचित खर्चले लोकतान्त्रिक प्रक्रिया मा खलल नपुग्ने सुनिश्चित गर्नुपर्ने आवश्यकता भएको खण्डमा मात्र प्रचारप्रसार खर्चमा उचित सीमा लगाउनु उचित हुन सक्छ ।” यस बाहेक, भ्रष्टाचार विरूद्ध संयुक्त राष्ट्रसंघको प्रतिज्ञापत्रको धारा ७.३ मा उल्लेख गरिएको छ “हरेक राज्यपक्षले निर्वाचित सार्वजनिक कार्यालयका लागि उम्मेदवारहरुको वित्त तथा औचित्यअनुसार राजनीतिक दलहरुको वित्तमा पारदर्शिता वृद्धि गर्नका यस प्रतिज्ञापत्रको उद्देश्यहरुसँग मेल खाने गरी र आफ्नो घरेलु कानूनका आधारभूत सिद्धान्तअनुरुप उचित कानूनी तथा प्रशासनिक कदमहरु चाल्नेतर्फ पनि ध्यान दिनुपर्छ” ।

४८. १० जनवरी २०१४ मा निर्वाचन आयोगले काठमाडौंको जिल्ला निर्वाचन कार्यालयलाई जिल्लाका प्रत्यक्षतर्फका २२ उम्मेदवारहरुसँग स्पष्टीकरण माग्न निर्देशन दियो किनभने उनीहरुले आफ्ना खर्चका विवरणहरु पेश गरेका थिएनन् ।

४९. विगतमा राजनीतिक दलहरुका लागि लेखापरीक्षणको अनिवार्यता तथा सार्वजनिक गर्ने संयन्त्रहरुको कार्यान्वयन कमजोर रहेको छ । हेर्नुहोस्, मार्टिन चौतारी, फेब्रुअरी २०१२, “राजनीतिक वित्त तथा सार्वजनिक अधिकार” (“Political Finance and the Public Right"), संक्षिप्त पत्र नं. ६ ।

यही नै रहेको देखियो । व्यक्तिगत सम्पत्ति नभएका साना दलका उम्मेदवारहरुको प्रचारप्रसार गतिविधि अत्यन्त सीमित भयो । राजनीतिक दलहरुले प्रत्यक्षतर्फको दौडमा महिलाहरुको बढी उम्मेदवारी नदिनुका पछाडि यसलाई पनि एक कारणको रुपमा देखाइएको थियो ।[५०]

निर्वाचन विरोधी दलहरुले आफ्ना बहिष्कार अभियानहरुको खर्च जबरजस्ती असुली र "जबरजस्ती चन्दा" बाट जुटाएको विवरणहरु पनि पाइए, तर ती छिटपुट थिए र तिनको पुष्टि गर्न प्रायः असहज भएको थियो । ती दलहरुले पूर्वाञ्चल क्षेत्रमा भ्रष्टाचारजन्य गतिविधिमा रहेको संलग्नतालाई खुलासा गरिदिने धम्की दिँदै स्थानीय व्यापारी र सरकारी अधिकारीहरुलाई लक्षित गरिरहेको पर्यवेक्षकहरुलाई बताइयो । संखुवासभा जिल्लामा पर्यवेक्षकहरुले एकजना स्थानीय व्यापारीले आफूमाथि जबरजस्ती असुलीको प्रयास भएपछि त्यसलाई सार्वजनिक गरेको दृष्टान्त पाए ।

समग्रमा, प्रचारप्रसार खर्चमा पारदर्शिता र प्रचारप्रसारका लागि समान अवसर सुनिश्चित गर्ने सम्बन्धमा नेपालको कानून र अभ्यासले अन्तर्राष्ट्रिय दायित्वहरुलाई पूर्ण प्रतिविम्वित गरेको सुनिश्चित गर्नका लागि थप कदमहरु चालिनुपर्छ । त्यस्ता मापदण्डहरुमा दल तथा उम्मेदवारहरुद्वारा आयको घोषणा, बढी यथार्थवादी प्रचारप्रसार खर्च सीमा, प्रचारप्रसार लेखाको सार्वजनिकीकरण तथा निर्वाचन आयोगको कार्यान्वयन गर्ने सामर्थ्यमा वृद्धिलगायत हुन सक्छन् ।

## सञ्चारमाध्यम

सञ्चारमाध्यम र निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वहरुमा अभिव्यक्तिको स्वतन्त्रता, धारणाको स्वतन्त्रता तथा सञ्चारमाध्यमहरुमा सूचना खोज्ने, प्राप्त गर्ने र तिनको हिस्सा बन्ने अधिकार लगायत पर्दछन् ।[५१]

निर्वाचन आयोगको आचारसंहितामा रहेका विभिन्न प्रावधानहरुले निर्वाचन अवधिभरि आमसञ्चारका गतिविधिहरुको नियमन गरे । ती प्रावधानहरुमा समाचारको प्रसारण निष्पक्ष र तथ्यमा आधारित हुनुपर्ने, उम्मेदवार वा दलविशेषको पक्षमा लाग्न नहुनेलगायत थिए ।[५२] आचारसंहितामा सञ्चारगृहहरुले ४८ घण्टे वैधानिक मौन अवधिको सम्मान गर्नुपर्ने प्रावधान थियो । कार्यान्वयन भए नभएको अनुगमन गर्नका लागि आयोगले सञ्चार अनुगमन केन्द्र स्थापना गर्‍यो । आयोगले जिल्लातहका पत्रकारहरुलाई निर्वाचनसम्बन्धी मामिलाहरुको सूचना प्रवाह गर्ने सम्बन्धमा प्रशिक्षण पनि प्रदान गर्‍यो । कार्टर सेन्टरले बृहत सञ्चार अनुगमन नगरे पनि समग्र सञ्चार खाकामा गरेका निम्न पर्यवेक्षणहरु प्रस्तुत गरेको छ ।

टेलिभिजन, रेडियो तथा छापाका सञ्चारमाध्यमहरुमा निर्वाचनसम्बन्धी समाचारहरुले बाक्लो स्थान पाए । टेलिभिजन तथा स्थानीय एफएम रेडियो स्टेशनहरुले उम्मेदवारका बहस तथा जनतासँगका सवालजवाफ सत्रहरु पटकपटक चलाए र केही सञ्चारगृहले राजनीतिक दलका सशुल्क विज्ञापन पनि प्रसारण गरे । पर्यवेक्षकहरुले अखवार वितरण सीमित रहेको वा ढिलो आउने गरेको तथा निरक्षरताको दर उच्च रहेका ग्रामीण तथा दुर्गम भूभागहरुमा स्थानीय एफएम रेडियो स्टेशन नै सूचनाको महत्वपूर्ण स्रोत रहेको पाए ।[५३] निर्वाचन आयोगले पनि आफ्नो मतदाता पहुँच विस्तार कार्यक्रमका लागि विद्युतीय सञ्चारमाध्यमको व्यापक उपयोग गर्‍यो ।

स्थानीय सञ्चारमाध्यममा राजनीतिक दल तथा उम्मेदवारहरुको पहुँच सामन्यतः राम्रो रहेको प्रतित हुन्छ । केही सन्दर्भमा मधेशी वा अन्य साना तथा क्षेत्रीय दलहरुले स्थानीय सञ्चारमाध्यममा राम्रो पहुँच भए पनि राष्ट्रिय सञ्चारगृहहरुले आफ्ना गतिविधिहरुलाई वास्ता नगरेको आरोप लगाए ।

सेन्टरले जिल्ला र राष्ट्रिय दुवै तहका केही सञ्चारगृह निश्चित राजनीतिक दल वा उम्मेदवारको व्यक्तिगत स्वामित्वमा रहेको वा उनीहरुले प्रबर्द्धन गरेको वा उनीहरुसँग सम्बन्धित रहेको जानकारी प्राप्त गर्‍यो । स्थानीय सञ्चारमाध्यम बेलाबखत ध्रुवीकृत भएको विश्लेषण गरिएको थियो । तर सञ्चारमाध्यमहरुको अधिक संख्या र स्वतन्त्र सञ्चारमाध्यमको उपस्थितिले त्यस्ता पूर्वाग्रहहरुलाई केही मात्रामा प्रभावहीन बनाइदिएको देखियो ।

*प्रचारप्रसार खर्चको स्पष्ट र निष्पक्ष नियमन राज्यका लागि नागरिकहरुको सार्वजनिक मामिलाहरुमा सहभागी हुने अधिकार तथा उम्मेदवार र दलहरुबीच समानताको आवश्यकतालाई सन्तुलित राख्ने एक महत्वपूर्ण माध्यम हो ।*

१८ नोभेम्बरका निर्वाचन आयोगले एबीसी टेलिभिजनले आफ्नो प्रसारणमा स्पष्ट रुपमा एक राजनीतिक दलको पक्ष लिइरहेको पाइएकाले सरकारलाई उक्त च्यानलको प्रसारण भोलिपल्ट साँझ ५ बजेसम्मका लागि बन्द गराउन निर्देशन दियो । यद्यपि, एबीसी टेलिभिजनबाट आएको आपत्तिपछि सरकारले सो निर्देशन कार्यान्वयन गरेन ।

५०. उदाहरणका लागि, नवलपरासीकी संघीय समाजवादी नेपालकी एक महिला उम्मेदवारले पर्यवेक्षकहरुलाई भनिन् कि उनको प्रचारप्रसारको मुख्य तरिका महिलाहरुको लघुवित्त समूहहरुमार्फत थियो, किनभने उनीसँग घरदैलो अभियान र जनसभाका लागि साधनस्रोतको अभाव थियो ।

५१. आइसीसीपीआर, धारा १९ । युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेद २५ ।

५२. यसअलावा, निर्वाचन आयोगले सरकारी टेलिभिजन तथा रेडियोहरुमा राजनीतिक दलका कार्यक्रम प्रसारण गर्नका लागि समय छुट्याइदियो, तर ती सञ्चारगृहहरुलाई आफ्ना सम्पादकीयमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा काम नगर्न पनि निर्देशित गर्‍यो ।

५३. यद्यपि अत्यधिक दुर्गममध्ये केही क्षेत्रहरुमा एफएमको संकेत आउँदैन ।

केही अपवादबाहेक कार्टर सेन्टरले पत्रकारहरुले स्वतन्त्रतापूर्वक काम गर्न सकिरहेको पायो । संघीय लिम्बुवान राज्य परिषद्को पकड रहेको मानिएका पूर्वाञ्चल क्षेत्रका केही जिल्लाहरुको प्रेस स्वतन्त्रतामा सन् २००८ को तुलनामा उल्लेख्य सुधार आएको थियो । रूकुम र रौतहटमा "अनुचित" रिपोर्टिङ गरेको आरोपमा पत्रकारहरुले दल वा उम्मेदवार विशेषको धम्की खेपेको जनाइयो ।

निर्वाचन नजिकिँदै गर्दा परिस्थितिलाई थप ध्रुवीकृत नबनाउनका लागि राष्ट्रिय सञ्चारमाध्यमहरुले बहिष्कार गरिरहेका दलहरुको यातायात हड्तालको प्रभावलाई आशयपूर्वक कम महत्व दिएको स्पष्ट देखिएको थियो ।

समग्रमा, बृहत अनुगमन नगरे पनि सेन्टरले सञ्चारमाध्यमहरुले सामान्यतः स्वतन्त्र वातावरणमै काम गर्न पाइरहेको देखियो, जसले मतदाताहरुलाई प्रतिस्पर्धी अवधारणाबारे बुझ्न सहज बनाइरहेको थियो । तथापि प्रेसमा आएका केही घटनाका विवरणहरुको पर्याप्त जाँच गरिएको थिएन ।

> *समग्रमा, बृहत अनुगमन नगरे पनि सेन्टरले सञ्चारमाध्यमहरुले सामान्यतः स्वतन्त्र वातावरणमै काम गर्न पाइरहेको देखियो, जसले मतदाताहरुलाई प्रतिस्पर्धी अवधारणाबारे बुझ्न सहज बनाइरहेको थियो ।*

## निर्वाचनसम्बन्धी हिंसा

व्यक्तिको सुरक्षाको अधिकारमा मतदाता, उम्मेदवार, मतदान कर्मचारी तथा पर्यवेक्षकहरुलाई जबरजस्ती, धम्की र हिंसाबाट जोगाउने लगायत पर्दछन् ।[५४]

भ्रमण गरिएका जिल्लाहरुको सुरक्षा अवस्था सन् २००८ को निर्वाचनताका भन्दा अपेक्षाकृत शान्त रहेको पर्यवेक्षकहरुले उल्लेख गरे । सन् २००८ को निर्वाचनताका राजनीतिक तथा निर्वाचनसम्बन्धी हिंसामा ५० जना मारिएका थिए, १२८६ जना घाइते भएका थिए भने ११६ जना अपहरणमा परेका थिए । सन् २००८ को तुलनामा यसपालिको निर्वाचनपूर्वको वातावरणमा आएको सुधारको केही जस राजनीतिक परिदृश्यमा आएको परिवर्तन तथा शान्ति प्रक्रियाको विकासलाई दिन सकिन्छ, त्यसको साथसाथै सरकारद्वारा लागू गरिएको राम्रो समन्वय भएको सुरक्षा योजनालाई पनि दिनु पर्दछ ।[५५]

कार्टर सेन्टरले सुरक्षा वातावरणमा स्पष्ट सुधार आएको पाएका क्षेत्रहरुमा मध्य तथा पूर्वी तराईको सुरक्षा वातावरण, विगतमा माओवादीको सशक्त पकड रहेका भूभागहरुमा राजनीतिक खुलापनमा कम अवरोध र राप्रपा तथा राप्रपा-नेपाल जस्ता 'राजावादी' भनिने दलहरुलाई पनि देशैभरि स्वतन्त्रतापूर्वक प्रचारप्रसार गर्नमा भएको सहजतालगायत थिए ।

भारतसँगको खुला दक्षिणी सीमाभरि सशस्त्र समूहहरुको कुनै महत्वपूर्ण गतिविधि नहुनु विशेष रुपमा उल्लेखयोग्य थियो । केही समयदेखि सशस्त्र समूहका गतिविधिहरुमा कमी आएको भए पनि नोभेम्बरको निर्वाचनलाई विफल बनाउनका लागि जुलाई २०१३ मा १२ सशस्त्र समूहहरु एकीकरण हुनलागेको खबरले हिंसाको त्रास बढाएको थियो । सन् २००८ मा भन्दा फरक, सेन्टरले डरधम्की वा हिंसात्मक क्रियाकलापमा राजनीतिक दलका युवा समूहहरुको संलग्नताबारेका थोरै घटनाहरुबारे मात्र सुन्यो । अपितु, निर्वाचनसँग सम्बन्धित प्रतिस्पर्धी दलका समर्थकहरुबीच झडप तथा निर्वाचन बहिष्कार गरिरहेका दलहरुका हिंसात्मक क्रियाकलापजस्ता केही घटनाहरु भने भएका थिए जसको विवरण तल दिइएको छ ।

## अन्तरदलीय झडपहरू

दशैंको बिदाअघि गरिएका जिल्ला भ्रमणहरुमा (अक्टुबरको दोस्रो हप्तामा) कार्टर सेन्टरका पर्यवेक्षकहरुले सुरक्षाको वातावरण सन् २००८ को निर्वाचनको अनुपातमा शान्त रहेको पाएका थिए । प्रत्यक्षतर्फको मनोनयनमा असफल भएका दावेदारहरुले ३ अक्टुबरका दिन दलका कार्यालय अगाडि धर्ना दिए वा तालाबन्दी गर्दै गर्दा दलमा रहेका आन्तरिक प्रतिस्पर्धा सतहमा आएका थिए ।

अक्टुबर महिनाको दोस्रो सातापछि प्रचारप्रसारमा आएको तीब्रतासँगै सामान्य विवाद तथा गम्भीर झडप दुवै खाले घटनामा वृद्धि भयो । ती घटनाहरुमा तोडफोड, प्रचारप्रसारका गतिविधिमा अवरोध, विवाद र गम्भीर आक्रमणलगायत थिए । प्रमुख घटनाहरुमध्ये १७ अक्टुबरमा सर्लाही जिल्लामा तमलोपा र मधेशी जनाधिकार फोरम नेपालका कार्यकर्ताहरुबीच भएको झडपमा परी पाँज जना गम्भीरसहित १७ जना घाइते भए; २२ अक्टुबरमा रूकुम जिल्लामा एनेकपा (माओवादी) र नेपाली काँग्रेसबीच भएको झडपमा कम्तीमा तीनजना घाइते भए; १४ नोभेम्बरमा रौतहट जिल्लामा एनेकपा (माओवादी) र

५४. आइसीसीपीआर, धारा ९ र २५; युएनएचआरसी सामान्य टिप्पणी २५, "मतदानको अधिकार पाएका व्यक्तिहरुले आफ्नो इच्छाको स्वतन्त्र अभिव्यक्तिमा खलल पुऱ्याउन वा निषेध गर्नसक्ने कुनै पनि अवाञ्छित हस्तक्षेप वा धम्कीबाट मुक्त भै निर्वाचनका कुनै पनि उम्मेदवारका लागि र जनमतसंग्रहका लागि प्रस्तुत गरिएको कुनै पनि प्रस्तावको पक्ष वा विपक्षमा स्वतन्त्रतापूर्वक मतदान गर्न पाउनैपर्छ र सरकारको पक्ष वा विपक्षमा रहन स्वतन्त्र हुनैपर्छ । मतदाताहरुले स्वतन्त्रतापूर्वक धारणा निर्माण गर्न पाउनुपर्छ, हिंसा वा हिंसाको त्रास, बाध्यता र कुनै पनि किसिमको प्रलोभन वा अराजक हस्तक्षेपबाट मुक्त हुनैपर्छ ।

५५. समग्रमा, सरकारले ४९,००० नेपाल प्रहरी, ३२,०१९ सशस्त्र प्रहरी, ६१,९९५ नेपाली सेना, ४५,००० म्यादी प्रहरी तथा १,८५० राष्ट्रिय अनुसन्धान विभागका व्यक्तिहरुलाई एकीकृत सुरक्षा प्रणाली अन्तर्गत खटायो । सुरक्षा मापदण्डका अनुसार हरेक मतदान स्थललाई उच्च संवेदनशिल, संवेदनशिल वा सामान्य भनेर मूल्यांकन गरिएको थियो ।

मधेशी जनाधिकार फोरम-नेपालबीच भएको मुठभेडमा बन्दुक र ग्रिनेडको प्रयोग भएको बताइयो र १५ नोभेम्बरमा बैतडी जिल्लामा नेकपा (एमाले) को प्रचार अभियानमा एनेकपा (माओवादी) का समर्थकहरुले गरेको आक्रमणमा परी कम्तीमा छ जना घाइते भएको लगायत थिए ।

विभिन्न दलका समर्थकहरुबीच भएका झडपहरु छिटपुट भए पनि ती देशभरि भएका थिए, विशेषगरी निर्वाचकीय हिंसाको इतिहास भएका वा उच्च प्रतिस्पर्धा हुने ठानिएका निर्वाचन क्षेत्रहरुमा त्यस्ता घटना भएका थिए । त्यस्ता घटनाहरु १३ नोभेम्बरभन्दा अघिल्लो साता उत्कर्षमा पुगे ।

४ अक्टुबरमा बारा जिल्लाको क्षेत्र नं. ४ का नेकपा (एमाले) का एक उम्मेदवार तथा प्रमुख मुस्लिम नेतामाथि गोली प्रहार भयो र लगत्तै उनको मृत्यु भयो । सो हत्या निर्वाचनसँग प्रत्यक्ष सम्बन्धित थियो वा थिएन भन्ने स्पष्ट भएन, तर उम्मेदवारी दर्ताको एक दिनपछि भएको गोलीप्रहारले छिमेकका तराई जिल्ला तथा मुस्लिम उम्मेदवारहरुमाझ उल्लेख्य त्रास पैदा गरेको पर्यवेक्षकहरुले उल्लेख गरे । कम्तीमा अरु दुईजनाको हत्या पनि भएको थियो जसमा राजनीतिक वा निर्वाचनसम्बन्धी पृष्ठभूमिको आशंका गरियो, यद्यपि तीमध्ये कोही उम्मेदवार थिएनन् ।[५६]

## निर्वाचन बहिष्कारको पक्षमा रहेका दलको संलग्नतामा भएका घटनाहरू

प्रचारप्रसार वातावरणमा बहिष्कार गरिरहेका दलहरुको गतिविधिको प्रभाव पनि परेको थियो । नेकपा-माओवादीले आफ्नो बहिष्कार अभियान शान्तिपूर्ण हुने आश्वासन दिए पनि विशेषगरी पूर्वाञ्चल क्षेत्रमा नेकपा-माओवादी र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् दुवैले दवाबपूर्ण अवरोध र आक्रामक शैलीकै सहारा लिए । अक्टुबर महिनाको प्रारम्भमा निर्वाचन आयोगका मतदाता शिक्षा सामग्रीहरु तोडफोड गरिएका कैयौं घटना भए । केही घटनाहरुमा, दुर्गम भेगमा नेकपा-माओवादीका कार्यकर्ताहरुले राजनीतिक दलका प्रचारसामग्रीहरु कब्जा र नष्ट गर्ने काम पनि गरे । तीमध्येको एक प्रकरणमा, २३ नोभेम्बरका दिन नुवाकोटमा जलाइन लागेका प्रचारसामग्री निकाल्ने प्रयास गर्दै गर्दा एनेकपा(माओवादी) की एक महिला कार्यकर्ता आगोमा जलेर गम्भीर घाइते भइन् ।

मध्य अक्टुबरदेखि उम्मेदवारहरुले प्रचार अभियानका लागि प्रयोग गरिरहेका सवारीसाधन पार्किङ गरेर राखेको समयमा आगजनी गर्ने घटनामा वृद्धि भयो । अक्टुबरको अन्त्यसम्ममा, नेकपा-माओवादीले आफ्नो ध्यानलाई उम्मेदवारका प्रचारप्रसार गतिविधिहरुमा अवरोधमा केन्द्रित गरेको थियो र प्रमुख दलका वरिष्ठ नेताहरुलाई निशाना बनाउन थालेको थियो । सबैभन्दा बढी अपनाइएको शैली नेताको प्रचार भ्रमणभन्दा अघि गरिने क्षेत्रीय हड्ताल थियो र त्यो प्रायः एनेकपा(माओवादी) का अध्यक्षप्रति लक्षित थियो । तथापि, पर्यवेक्षकहरुले सुदूरपश्चिम र पूर्वाञ्चल क्षेत्रहरुमा ती हड्तालहरुको प्रभाव न्यून रहेको पाए । यसो हुनुको केही कारण प्रहरीले हड्तालअघि नै गिरफ्तारीमा तीव्रता ल्याएकोले थियो ।[५७]

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्ले अक्टुबर १९ देखि पूर्वका नौ जिल्लाका उम्मेदवारहरुलाई निर्वाचन क्षेत्रमा प्रवेश निषेधको घोषणा गर्‍यो । परिषद् र नेकपा-माओवादीका कार्यकर्ताहरुले पाँचथर, ताप्लेजुङ, इलाम र धनकुटालगायतका जिल्लाहरुमा प्रचारप्रसार गतिविधिमा आक्रमण र क्षणिक अवरोध पनि पुर्‍याए, तर तिनको असर सामान्य मात्र थियो ।[५८]

निर्वाचन विरोधी दलहरुले नोभेम्बर ११ देखि २० सम्मका लागि आमहड्ताल आह्वान गरे । पहिलो दिनपछि आमहड्तालको स्वरुपलाई यातायात हड्तालमा परिवर्तित गरियो । हड्ताल लागू गराउने कैयौं व्यक्तिहरुलाई पक्राउ गरिएपछि र हड्तालको प्रभाव क्षीण हुँदै गएको देखेपछि निर्वाचनको दिन

*समग्रमा निर्वाचन हिंसा सन् २००८ र सम्भवतः त्यसभन्दा अघिल्ला निर्वाचनहरुको तुलनामा पनि घटेको थियो ।*

नजिकिँदै गर्दा बहिष्कार गरिरहेका दलहरुले हिंसा र त्रासको शैली मात्र अपनाउन थाले । रणनीतिक महत्वका केही स्थानमा विष्फोटक सामग्री राखिए । त्यस्ता अधिकांश सामग्रीहरुलाई सुरक्षा बलले पहिचान गरी निष्क्रिय पारिदिएका थिए, तर ती मामिलाहरुमा हताहती भएका केही जानकारी पनि आएका थिए जसमा १३ नोभेम्बरका दिन मकवानपुर जिल्लामा एउटा बम बिस्फोट हुँदा त्यसको छर्रा लागेर नेपाली कांग्रेसका चारजना सदस्यहरु घाइते भएको लगायत थिए । हड्तालको अवज्ञा गर्ने बस र ट्रकहरु आक्रमण र आगजनीको निशानामा परेका थिए । पेट्रोल बमद्वारा गरिएका त्यस्ता आक्रमणमा १६ नोभेम्बरको

५६. नोभेम्बर ५ मा दैलेख जिल्लाका एकजना नेपाली कांग्रेसका युवा समूहसदस्यको मृत शरीर भेटियो, उनलाई स्पष्टतः मर्नेगरी पिटिएको थियो । प्रहरीले उक्त घटनाको सम्बन्धमा एक प्रतिद्वन्द्वी दलका चार समर्थकहरुलाई पक्राउ गर्‍यो । नोभेम्बर ६ मा नेपाल सदभावना पार्टीका एक समर्थकको मृत शरीर भेटिएको थियो जसमा छुरीका धेरै चोटहरु थिए । यो राजनीतिप्रेरित थियो वा थिएन भन्ने स्पष्ट भएन ।

५७. प्रहरीको पूर्व-सक्रियतालाई २४ अक्टुबरका दिन संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्ले झापा र मोरङमा र्‍याली र "शक्ति प्रदर्शन" गर्ने योजना रद्द गर्नुको मुख्य कारणको रुपमा दर्शाइएको थियो । आयोजकहरुले मोरङ र झापा जिल्लाबाट १०,००० समर्थकहरु भेला पार्ने लक्ष्य घोषणा गरेका थिए ।

५८. पाँचथरको लुङरुपा गाविस र रोल्पाको थवाङ गाविसमा सबै दलका प्रचारप्रसारमा प्रत्यक्ष रोक लगाइएको थियो, र दुवै मामिलामा नेकपा-माओवादी जिम्मेवार थियो ।



डेबोरा ह्याम्स

नोभेम्बर १९ का दिन काठमाडौंको एक मतदानस्थलबाहिर राष्ट्रपति कार्टरलाई अविभादन गर्दै एक नेपाली युवक ।

दिन काठमाडौं छाड्दै गरेको एक यात्रुबाहक बस समेत पर्‍यो जसमा परी ९ जना घाइते भए, १४ नोभेम्बरका दिन सुर्खेत जिल्लामा नेपाली कांग्रेसका समर्थकहरु बोकेको बसमा भएको आक्रमणमा ९ जना घाइते भए र १२ नोभेम्बरको दिन ललितपुर जिल्लामा भएको आक्रमणमा परी एकजना बालक घाइते भए । १४ नोभेम्बरका दिन बारा जिल्लामा पेट्रोल बम आक्रमणमा परी घाइते भएका एकजना ट्रक चालकको तीन दिनपछि मृत्यु भयो । मतदान गर्नका लागि धेरै नागरिकहरु आफ्नो गृह जिल्लातर्फ फर्कदै गरेको समयमा भएका त्यस्ता घटनाहरु त्रास जगाउन र मतदान संख्या घटाउन लक्षित थिए ।

घटनाहरुको वाबजुद, समग्रमा निर्वाचन हिंसा सन् २००८ र सम्भवतः त्यसभन्दा अघिल्ला निर्वाचनहरुको तुलनामा पनि घटेको थियो । भावी निर्वाचनहरुमा हिंसा न्यूनीकरणका रणनीतिहरु निर्माण गर्नका लागि कार्टर सेन्टर यो अपेक्षाकृत शान्तिपूर्ण वातावरण ल्याउने तत्वहरुको पूर्ण समीक्षा गर्ने सुझाव व्यक्त गर्दछ ।

## नागरिक पर्यवेक्षण

निर्वाचन पर्यवेक्षणद्वारा प्रदान गरिने पारदर्शिता निर्वाचनको समग्रताका लागि एक महत्वपूर्ण तत्व हो । आफ्नो देशका सार्वजनिक मामिलाहरुमा निर्वाचन पर्यवेक्षणलगायत मार्फत सहभागी हुन पाउने नागरिकहरुको अधिकार लोकतान्त्रिक निर्वाचनहरुका लागि एक प्रमुख अन्तर्राष्ट्रिय दायित्व हो ।[५९]

निर्वाचन पर्यवेक्षणको अधिकार अन्तरिम संविधान र कानूनद्वारा प्रदत्त हुन्छ । ४६ संस्थाका ३१,६५४ घरेलु (नागरिक) पर्यवेक्षक र ३ संस्थाका २४९ अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुले निर्वाचन पर्यवेक्षणको अनुमति पाएका थिए । नागरिक पर्यवेक्षकहरु व्यवहारतः प्रक्रियाका अधिकांश पक्षहरुको पर्यवेक्षण गर्न सक्षम थिए । तथापि, कानूनले पर्यवेक्षकका अधिकारहरुलाई स्पष्ट परिभाषित गरेको छैन र त्यसले निर्वाचन अधिकारीहरुले पर्यवेक्षकहरुको पहुँचमा अस्वीकृतिको सम्भावना खुला छाडिदिएको छ । उदाहरणका लागि, निर्वाचन आयोगका बैठक वा मतपत्र छपाइका कार्यहरुमा पर्यवेक्षकहरुको उपस्थितिबारे कानून मौन छ र आयोगले घरेलु वा अन्तर्राष्ट्रिय पर्यवेक्षक कसैलाई पनि यी गतिविधिहरुको पर्यवेक्षण गर्न

५९. आइसीसीपीआर, धारा २५(क); युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेदहरु ८ र २० ।

दिएन । आयोगको निर्वाचन प्रक्रियासम्बन्धी निर्देशिकाले कुनै मतदान केन्द्रमा एक निश्चित समयमा अधिकतम पाँच जना पर्यवेक्षकहरु उपस्थित हुन पाउने उल्लेख गरेको छ । अपितु, यसै निर्देशिकाबमोजिम गणना केन्द्रहरुमा उपस्थित हुन पर्यवेक्षकहरुले निर्वाचन अधिकृतको अनुमति लिइराख्नु पर्दैन र प्रवेश अस्वीकार गर्न सक्ने आधारहरु पनि उल्लेख छैन । कार्टर सेन्टरका पर्यवेक्षकहरुले नागरिक पर्यवेक्षकहरुलाई कतैकतै मतदान र गणना प्रक्रियाहरुमा पूर्ण प्रवेश नदिइएको पाए ।

निर्वाचन आयोगका नीतिहरुले पर्यवेक्षकहरुमाथि केही अनावश्यक बन्देजहरु पनि लगाए । उदाहरणतः, नागरिक पर्यवेक्षकहरु कम्तीमा २१ वर्षको उमेरका र निश्चित शैक्षिक योग्यताका हुनुपर्ने प्रावधान थियो । यी प्रावधानहरु मतदाता हुनका लागि चाहिनेभन्दा पनि कठोर थिए र त्यसै कारण केही नागरिकहरुको आफ्नो देशका सार्वजनिक मामिलाहरुमा सहभागी हुन पाउने अधिकार कुण्ठित भयो । यो बाहेक, शैक्षिक योग्यताको प्रावधानले ऐतिहासिक रुपमा कमजोर शैक्षिक स्तर रहेका महिला र उपेक्षित समूहहरुका विरूद्ध भेदभाव गऱ्यो ।

एक घरेलु पर्यवेक्षक समूह (निर्वाचन पर्यवेक्षण समिति) द्वारा सर्वोच्च अदालतमा दायर गरिएको एक रिटपछि निर्वाचन आयोगले अक्टुबर महिनामा अर्को एउटा कठोर प्रावधानलाई संशोधन गर्ने निर्णय गऱ्यो जसअन्तर्गत पर्यवेक्षकहरुले आफ्नो गृह निर्वाचनक्षेत्र भन्दा बाहिर मात्र पर्यवेक्षण गर्न पाउँथे । यो प्रावधानलाई पर्यवेक्षक मतदाता नामावलीमा दर्ता भएको स्थानको मतदान केन्द्रको लागि मात्र लागू गर्ने गरी संशोधन गरियो । कार्टर सेन्टरद्वारा उक्त परिवर्तनको सराहना गरिएको थियो ।

निर्वाचकीय प्रक्रियाको सत्यनिष्ठामा जनताको विश्वास प्रवर्द्धन गर्न र कायम राख्नका लागि निर्वाचन पर्यवेक्षण एक अभिन्न अङ्ग हो । स्वतन्त्र पर्यवेक्षण गर्न दिने मामिलामा नेपालले आफ्नो अन्तर्राष्ट्रिय दायित्वको उच्च सम्मान गऱ्यो । तथापि, प्रक्रियाका सबै चरणहरु पर्यवेक्षकहरुका लागि पूर्ण खुला गर्न केही सुधारहरुको खाँचो छ । निर्वाचकीय प्रक्रियाका सबै पक्षहरुमा पारदर्शिता सुनिश्चित गर्नका लागि पर्यवेक्षकका अधिकारहरुलाई कानूनमै अझ स्पष्ट बनाइनु पर्छ र पर्यवेक्षकहरुका लागि शैक्षिक योग्यतालगायतका केही अनुचित बन्देजहरुलाई हटाइनुपर्छ ।

डेबोरा ह्याक्स



कीर्तिपुरमा एकजना महिला आफ्नो मतदान गर्दै ।

## निर्वाचकीय विवाद समाधान

निर्वाचकीय प्रक्रियासम्बन्धी मौलिक अधिकारहरुको हननलाई रोक्ने प्रभावकारी उपायहरु रहेको सुनिश्चित गर्न न्यायिक निकायमा हुने निष्पक्ष र सार्वजनिक सुनुवाइको व्यवस्थालगायत निर्वाचकीय विवादका सम्बन्धमा प्रभावकारी संयन्त्रहरु अपरिहार्य हुन्छन् ।[६०] तसर्थ, प्रभावकारी विवाद समाधान संयन्त्रहरु निर्वाचन प्रक्रियाका दौरान जनताका इच्छाहरुको प्रवर्द्धन सुनिश्चित गर्नका लागि अभिन्न अंश हुन् ।

६०. आइसीसीपीआर, धारा २(३): "यस सम्झौतामा सम्मिलित हरेक राज्यपक्षले यी कार्यहरु गर्नेछन्: (क) कुनै पनि व्यक्तिको अधिकार वा स्वतन्त्रता हनन भएको पाइएमा त्यस्तो हनन गर्ने कार्य अख्तियार प्राप्त रुपमा काम गरिरहेका व्यक्तिद्वारा भएको भए पनि त्यसको लागि प्रभावकारी उपचार हुनेछन्; (ख) यस्तो उपचारको खोजी गर्ने कुनै पनि व्यक्तिका लागि सक्षम न्यायिकबाहेक प्रशासनिक या वैधानिक निकाय वा राज्यको कानूनद्वारा प्रदत्त अन्य सक्षम निकायद्वारा उपचार पाउने र न्यायिक उपचारका लागि सम्भावना खोजी गर्ने अधिकार रहन्छ भन्ने सुनिश्चित गर्नुपर्छ; (ग) त्यस्ता उपायहरु प्रत्याभूत गरिएको खण्डमा सक्षम निकायद्वारा त्यसको कार्यान्वयन सुनिश्चित गर्नुपर्छ ।", युएनएचआरसी, सामान्य टिप्पणी ३२, अनुच्छेद २५: "निष्पक्ष जाँचको प्रस्तावमा निष्पक्ष तथा सार्वजनिक सुनुवाईको प्रत्याभूति पनि समावेश हुन्छ ।"

निर्वाचनको दिनभन्दा अघि निर्वाचन क्षेत्रतहमा अपेक्षाकृत थोरै मात्र लिखित उजुरीहरु दर्ता भएका थिए, अधिकांश उजुरीहरु मौखिक थिए र तिनको सम्बोधन पनि अनौपचारिक नै थियो । अपितु, कार्टर सेन्टरका पर्यवेक्षकहरुले क्षेत्रमा रहेका निर्वाचन अधिकारीहरुसँग उजुरी संयन्त्रबारे एकनासको बुझाइ नभएको टिपोट गरे र केही राजनीतिक दलहरुले उजुरी दर्ता गर्ने प्रक्रियाबारे यथेष्ट जानकारी नभएको वा उक्त प्रक्रियाप्रति विश्वास नभएको बताए ।

निर्वाचन आयोगले जुलाई २३ र नोभेम्बर १७ का बीचमा आचारसंहिता उल्लंघनका १८७ वटा उजुरीहरु प्राप्त गर्‍यो । अधिकांश प्रकरणहरुमा आयोगको कारवाही चेतावनी दिने वा दल तथा उम्मेदवारविशेषलाई फेरि अवज्ञा नगर्न अनुरोध गर्ने थियो । आयोगसँग जरिवाना लगाउने अधिकार रहे पनि (र गम्भीर उल्लंघनका सम्बन्धमा उम्मेदवारलाई अयोग्य ठहर्‍याउनेसम्म) उसले त्यसो गरेन । आयोगका अनुसार, जिल्लाहरुमा पनि निर्वाचन अधिकारीहरुद्वारा कुनै जरिवाना लगाइएन । यी उल्लंघनहरुको प्रत्यूत्तरस्वरुप सशक्त कारवाही नगरेकोमा केही दल, नागरिक समाज तथा सञ्चारमाध्यमहरुद्वारा निर्वाचन आयोगको आलोचना गरियो ।

निर्वाचन आयोगले उम्मेदवारहरुको कानूनी योग्यता नपुगेको सम्बन्धमा सात वटा उजुरी प्राप्त गर्‍यो जसमध्ये दुईवटालाई सही ठहर्‍याइयो । एउटा मामिलामा, हत्याको आरोपमा जन्मकैदको सजाय भोगिरहेका व्यक्तिहरु उम्मेदवार हुन नपाउने नयाँ कानूनी प्रावधानअन्तर्गत सन् २००८ मा निर्वाचित एकजना संविधानसभा सदस्यलाई अयोग्य ठहर्‍याइएको थियो । अर्का उम्मेदवार सरकारी पदमा कार्यरत रहेको कारणले उम्मेदवारी दिन अयोग्य ठहरिएका थिए ।[६१] बाँकी उजुरीहरु प्रमाणको अभावमा खारेज भए । कानूनमा उम्मेदवारीका सम्बन्धमा आयोगले गरेका निर्णयहरुमा अपिल गर्ने व्यवस्था छैन । तथापि, अन्तरिम संविधानअन्तर्गत, कुनै पनि नागरिकले अधिकार हनन भएको ठानेमा सर्वोच्च अदालतमा सीधै आवेदन गर्न सक्छन् । यसले निर्वाचन आयोगका निर्णयहरुको न्यायिक पुनरावलोकनको लागि एक स्थान त प्रदान गर्छ, तर समयमै उपचार भने प्रदान नगर्न पनि सक्छ ।

सर्वोच्च अदालतले निर्वाचनअघिको अवधिसँग सम्बन्धित धेरै मुद्दाहरुको सुनुवाइ गर्‍यो । ती मुद्दाहरु घरेलु नागरिक पर्यवेक्षकका अधिकार, सर्वोच्च अदालतका प्रधानन्यायाधीशले प्रधानमन्त्रीको रुपमा गरिरहेको कार्यको संवैधानिकता, मतपत्रमा “सबैका विरूद्ध मत” को प्रावधानको अभाव, महिला उम्मेदवारहरुको संख्यामा कमी तथा बहिष्कार गरिरहेका दलहरुले गरेको १० दिने हड्ताल लगायतसँग सम्बन्धित थिए । सर्वोच्च अदालतले निर्वाचन हुनुअघि कुनै पनि मुद्दामा अन्तिम निर्णय दिएन, यद्यपि उसले १० दिने हड्तालविरूद्ध भने रोक आदेश जारी गर्‍यो । जनवरी ५ मा सर्वोच्च अदालतले भविष्यमा हुने कुनै पनि निर्वाचनका लागि “अस्वीकार को अधिकार” (वा “सबैका विरूद्ध मत”) को व्यवस्था गर्नका लागि उचित कानून निर्माण गर्न सरकारलाई निर्देशन दियो, यद्यपि आयोगले यस निर्वाचनका लागि त्यस्ता प्रावधान नराखी मतपत्र छाप्ने निर्णय गरेकोमा त्यसलाई खारेज गर्न भन्दै निवेदकले अक्टुबरमा दर्ता गरेको मागदावीलाई भने अदालतले खारेज गरिदियो ।

६१. निर्वाचन आयोगले गरेको छानवीनपछि निर्वाचनभन्दा अघिल्लो दिन लमजुङ जिल्लाका एकजना प्रत्यक्षतर्फका उम्मेदवारलाई पनि अयोग्य ठहर्‍याइएको थियो किनभने उनी उम्मेदवारी दिन नमिल्ने पदमा (हुलाक कर्मचारी) कार्यरत थिए ।

# निर्वाचनको दिन

कुनै पनि देशले लोकतान्त्रिक निर्वाचन सञ्चालन गर्नेतर्फ आफ्ना दायित्वहरुलाई कत्तिको प्रबर्द्धन गरेको छ भन्ने निर्धारण गर्न निर्वाचनको दिनको मतदान सञ्चालनको गुणस्तर तथा मौलिक निर्वाचकीय अधिकारप्रतिको सम्मान महत्वपूर्ण हुन्छ । यस सन्दर्भमा अन्तर्राष्ट्रिय कानूनमा निहित प्रमुख दायित्वहरु निर्वाचन गोप्य मतद्वारा, दबावमुक्त, "एक व्यक्ति, एक मत" को सिद्धान्तमा आधारित हुनुपर्ने छन् ।[६२] समग्रमा, डरधम्की र राजनीतिक प्रतिशोधबाट जोगाउन मतदान गरिएको मतपत्रलाई कुनैपनि मतदातासँग जोड्न सकिँदैन र प्रदान गरिएको हरेक मतको मूल्य अर्को मतको बराबर हुन्छ भन्ने मापकहरुले जनताको इच्छा स्वतन्त्रतापूर्वक व्यक्त हुन्छ भन्ने सुनिश्चित गर्दछन् । नेपालले नोभेम्बर १९ को निर्वाचनमा यी महत्वपूर्ण दायित्वहरुको उच्च पालना गरेको देखिन्छ ।

नेपालको निर्वाचन कानूनमा यी दायित्वहरुसँग सम्बन्ध राख्ने प्रमुख पक्षहरु छद्म मतदान रोक्नका लागि मतदाताहरुले फोटोसहितको परिचयपत्र देखाउनु पर्ने र दोहोऱ्याएर मतदान गर्नबाट रोक्न मतदाताहरुको औंलामा नमेटिने मसी लगाइनुपर्ने थिए । मतदाताको पहिचानलाई मतदाता सूचीमा छापिएका फोटोहरुसँग रूजु गरिन्थ्यो । कानूनतः मतदान कर्मचारीहरुले मतको गोप्यतालाई कडाइका साथ सुनिश्चित गर्नुपर्छ, यद्यपि सहयोग आवश्यकता हुने र सहयोगका लागि आग्रह गर्ने व्यक्तिहरुलाई भने कसैले सहयोग गर्न सक्छन् ।

नेपालमा मतदान प्रक्रियाको मुख्य इकाई मतदान केन्द्र हो । १०,०१३ स्थलहरुमा स्थित १८,४३८ केन्द्रहरुबाट मतदान भयो । निर्वाचनका लागि खटिएका सुरक्षाबल तथा सरकारी अधिकारीहरुका लागि थप ३३७ अस्थायी मतदान केन्द्रहरु थिए । हरेक मतदान केन्द्रमा ९०० जनासम्म मतदाता र एकजना मतदान अधिकृत, एकजना सहायक मतदान अधिकृत र मतदाता सूचीमा भएका मतदाताहरुको संख्याका आधारमा नौ जनासम्म कर्मचारी राख्न मिल्थ्यो । मतदान केन्द्रको परिधि भित्र र बाहिर लाइन व्यवस्थापनका लागि थप सुरक्षाकर्मीहरु जिम्मेवार थिए । अधिकांश मतदान केन्द्रहरु खुला स्थानमा अवस्थित थिए र प्राकृतिक प्रकाशमा निर्भर थिए; तसर्थ, मतदानका सबै कार्यहरु दिउँसोको समयमा भए । मतदान केन्द्रहरु बिहान ७ बजेदेखि दिउँसो ५ बजेसम्म खुला रहनु पर्थ्यो ।

मतदान सम्पन्न भएपछि सबै सामग्रीहरुलाई सुरक्षित ढंगले प्याकिङ गरिनुपर्छ र दल/उम्मेदवार तथा पर्यवेक्षकहरुको उपस्थितिमा निर्वाचन क्षेत्रको केन्द्रस्थानमा अवस्थित गणना केन्द्रतर्फ ढुवानी गरिनुपर्छ । धेरै मतदान स्थलहरुमा विद्युतको अभाव हुने हुनाले मतगणनाका लागि गणना केन्द्रकै प्रयोग गरिन्छ, र गणना प्रक्रियाको क्रममा सुरक्षा व्यवस्थालाई केन्द्रित गर्न पनि तिनको प्रयोग हुन्छ । विशेषगरी ग्रामीण

*यस सन्दर्भमा अन्तर्राष्ट्रिय कानूनमा निहित प्रमुख दायित्वहरु निर्वाचन गोप्य मतद्वारा, दबावमुक्त, "एक व्यक्ति, एक मत" को सिद्धान्तमा आधारित हुनुपर्ने छन् ।*

क्षेत्रका मतदाताहरुविरूद्ध हुन सक्ने डरधम्की वा प्रतिशोधको भावनाबाट सुरक्षित राख्न अलग अलग मतदान केन्द्रका मतपत्रहरु एकैठाउँ मिसाएर गणना गर्ने पद्धति बनाइएका हुन्छन् । गणना केन्द्रको प्रयोग गर्नुको असुविधा भनेको रातिकै समयमा भए पनि बन्द मतपेटिकाहरु ढुवानी गर्नैपर्ने प्रावधान हो र प्रायः लामो दूरी तथा पहाडी इलाकाहरुमा त्यसको पर्यवेक्षण असहज हुन जान्छ ।

कार्टर सेन्टरले नेपालका ७५ मध्ये ३१ जिल्लाका ३३६ मतदान केन्द्रहरुमा मतदानको शुरुवात, मतदानको समय र बन्द हुने पद्धतिहरुको पर्यवेक्षण गऱ्यो । कार्टर सेन्टरको पर्यवेक्षण पद्धतिअनुसार पर्यवेक्षकहरु दुई वा दुईभन्दा बढीको

६२. युडीएचआर, धारा ३२(३); आइसीसीपीआर, धारा २५(ख); युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेद २०: "...राज्यले निर्वाचनका दौरान मतको गोप्यताको प्रावधानलाई प्रत्याभूत गर्नका लागि आवश्यक कार्यहरु गर्नुपर्छ... यसको तात्पर्य मतदाताहरुलाई उनीहरुले कसरी मतदान गर्न चाहन्थे वा कसरी गरे भन्ने खुलाउनका लागि कुनै पनि प्रकारका दबाव वा बाध्यताबाट, र मतदान प्रक्रियामा हुनै कुनैपनि गैरकानूनी वा सशस्त्र हस्तक्षेपबाट जोगाउनु पर्छ ।" युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेद २१: "... एक व्यक्ति, एक मतको सिद्धान्त लागू हुनै पर्छ..."

समूहमा खटिएका थिए, हरेक समूहले आफ्ना भ्रमणमा विस्तृत जाँचसूची (चेकलिस्ट) भर्दै सम्भव भएसम्म तिनलाई विद्युतीय हाते यन्त्रहरुद्वारा पठाउने गर्थे । हरेक चेकलिस्टमा भरिएका पर्यवेक्षणहरुलाई केन्द्रतहमा एकत्रित गरिएको थियो । सेन्टरले नेपालका सबै विकास क्षेत्र तथा भौगोलिक क्षेत्र र विविधताहरु समेट्ने गरीका जिल्लाहरुमा पर्यवेक्षक टोलीहरु खटाएको थियो ।

### मतदानको शुरूवात

मतदान केन्द्रहरु बिहान ७ बजे खोलिनु पर्थ्यो, शुरुवातका सबै आवश्यक पद्धतिहरु त्यसअघि नै सम्पन्न हुनुपर्थ्यो । ती पद्धतिहरु मतदान केन्द्रको भौतिक तयारी र मतदाता सूची, मतपत्र, मतपेटिका, मतपेटिका सिल, मतपत्रमा छाप लगाउनका लागि मसी र छाप, मतदाताका औंलामा छाप लगाउनका लागि नमेटिने मसी, गोप्य आवरण (पर्दा) तथा अन्य सबै सामग्री प्राप्त भएको पुष्टि गर्न विवरणहरु भर्नेलगायत थिए ।

> *अधिकांश मतदान केन्द्रहरुले मतदान प्रक्रियाका पद्धतिहरुको अनुसरण गरे, कार्टर सेन्टरका पर्यवेक्षकहरुले पर्यवेक्षण गरिएका मतदान केन्द्रहरुमध्ये ९० प्रतिशतमा मतदान प्रक्रियाको सकारात्मक मूल्यांकन गरे ।*

हरेक मतदान केन्द्रमा दुई किसिमका मतपत्र वितरण गरिएका थिए र दुई किसिमकै मतपेटिकाहरु थिए - नीलो रंगका मतपत्रहरु प्रत्यक्ष निर्वाचनका लागि र रातो रंगका मतपत्रहरु समानुपातिक निर्वाचनका लागि ।

कार्टर सेन्टरका पर्यवेक्षकहरुले ३१ मध्ये १० मतदान केन्द्रहरु समयमै खुलेको र बाँकीमध्ये अधिकांश केन्द्रहरु पनि बिहान ७:३० बजेसम्म  खुलिसकेको जानकारी दिए । दिउँसो मतदान प्रक्रियाका दौरान भ्रमण गरिएका मतदान केन्द्रहरुमा ८० प्रतिशत व्यक्तिले मतदान केन्द्र समयमै खुलेको बताएका थिए । अधिकांश स्थितिमा, खुला हुनमा ढिलाइ दलका प्रतिनिधिहरुको ढिलो आगमनको कारणले भएको देखियो, किनभने ती प्रतिनिधिहरुको अनुपस्थितिमा मतदान कर्मचारीहरु प्रक्रिया शुरु गर्न चाहँदैनथे । विलम्बको वाबजुद, लगभग सबै पर्यवेक्षक टोलीले खुला हुने अवधिको सकारात्मक मूल्यांकन गरे । पर्यवेक्षण गरिएका मतदान केन्द्रहरुले आवश्यक सबै सामग्रीहरु प्राप्त गरेका थिए र मतदान कर्मचारीहरु उपस्थित थिए ।

### मतदान

बहिष्कार र हिंसाका धम्कीहरुका वाबजुद देशका अधिकांश भूभागमा मतदाताहरुको संख्या अपेक्षाकृत उच्च रह्यो । निर्वाचन आयोगका अनुसार प्रत्यक्षतर्फ देशव्यापी रुपमा ७८.३४ प्रतिशत मतदान भयो ।[६३]

अधिकांश मतदान केन्द्रहरुले मतदान प्रक्रियाका पद्धतिहरुको अनुसरण गरे, कार्टर सेन्टरका पर्यवेक्षकहरुले पर्यवेक्षण गरिएका मतदान केन्द्रहरुमध्ये ९० प्रतिशतमा मतदान प्रक्रियाको सकारात्मक मूल्यांकन गरे । समग्रमा, पर्यवेक्षकहरुले शान्तिपूर्ण वातावरण, सहज मतदान सञ्चालन, मतदाताको पहिचान जाँच गर्ने अभ्यासमा समानता, मतदान कर्मचारीहरुको निष्पक्षता एवं लगभग सबै मतदान केन्द्रमा आवश्यक सामग्रीको उपलब्धता आदिमा आफ्ना सकारात्मक मूल्यांकनहरुलाई आधारित गरेका थिए । भ्रमण गरिएका लगभग सबै मतदानस्थलमा विभिन्न दल तथा उम्मेदवारका प्रतिनिधिहरु उपस्थित थिए । भ्रमण गरिएका मतदान केन्द्रहरुमा लगभग एक तिहाइ मतदान कर्मचारी महिला थिए र त्यो निर्वाचन आयोगको ५० प्रतिशतको लक्ष्य भन्दा निकै कम थियो ।

फोटोसहितको नयाँ मतदाता सूचीले मतदानका समग्र पद्धतिहरुको असल सञ्चालनलाई मद्दत गर्‍यो र सन् २००८ को निर्वाचनपछि निर्वाचन प्रक्रियामा आएको सबैभन्दा प्रमुख सुधार यो नै भएको देखियो । सूचीहरु पहिलो नामअनुसार वर्णानुक्रममा उल्लेखित थियो र मतदान कर्मचारीहरुलाई मतदाताको नाम खोज्न खासै गाह्रो भएको थिएन । मतदाताको पहिचान रूजु गरिँदै गर्दा दलका प्रतिनिधिहरु प्रायः मतदान कर्मचारीहरुको पछाडिपट्टि बसेका हुन्थे र उनीहरुले प्रक्रियालाई राम्ररी अवलोकन गर्न सक्थे । नयाँ मतदाता सूचीको अर्को उपलब्धिस्वरुप दलहरुले सूचीमा मतदाताहरुको नाम खोजिदिन मतदान केन्द्रबाहिर बुथ राख्नु परेन । यो सन् २००८ को एक जल्दोबल्दो मुद्दा थियो ।[६४] भ्रमण गरिएकामध्ये १४ प्रतिशत मतदान केन्द्रहरुमा मात्र दलका बुथहरु देखिएका थिए, र तीनवटा दृष्टान्तमा मात्र बुथमा रहेका दलका व्यक्तिहरुले प्रचारप्रसार गरिरहेका वा मतदाताहरुलाई दबाव दिइरहेको पाइएको थियो ।

मतदान प्रक्रियाका दौरान केही समस्याहरुको पर्यवेक्षण पनि गरिएको थियो  । सबैभन्दा आम मुद्दा भनेको भ्रमण गरिएकामध्ये २० प्रतिशत मतदान केन्द्रहरुमा नमेटिने मसी गलत औंलामा लगाइएको थियो वा लगाइएकै थिएन । यसले मतदान सञ्चालनमा प्रत्यक्ष प्रभाव नपारे पनि दोहोर्‍याएर

६३.  सबैभन्दा कम मतदान बैतडीको निर्वाचन क्षेत्र नं. २ मा ६७.३ प्रतिशत र सबैभन्दा बढी डोल्पाको क्षेत्र नं. १ मा ८९.५ प्रतिशत थियो ।

६४.  सन् २००८ को निर्वाचनमा दलका बुथहरुले भीड बढाउन र दोहोर्‍याएर मतदान गर्ने वा अयोग्य व्यक्तिले मतदान गरेको आशंका बढाउन मद्दत गरेका थिए ।

मतदान गर्नबाट जोगाउन असजिलो भयो । ७ प्रतिशत पर्यवेक्षणमा मतदान केन्द्रमा अनधिकृत व्यक्तिहरु उपस्थित थिए र ७ प्रतिशतमा भीड बढी भएको बताइएको थियो ।

भ्रमण गरिएका ७ प्रतिशत मतदान केन्द्रहरुमा मतको गोप्यतालाई पूर्ण सुनिश्चित गरिएको थिएन । यस्तो हुनुको मुख्य कारण मतदान केन्द्रको अपूर्ण भौतिक संरचना थियो, तर केही अवस्थाहरुमा दलका प्रतिनिधि वा सुरक्षाकर्मीहरु पनि यस्तो ठाउँमा बसेका थिए जहाँबाट उनीहरुले मतदाताहरुले मतपत्रमा छाप लगाइरहेको देख्न सक्थे । सिराहा जिल्लाको एउटा मतदान केन्द्रमा प्रहरी र मतदान कर्मचारीहरुले मतदाताहरुको मतपत्रमा छाप लगाइदिएको र पट्याइदिएको पर्यवेक्षण गरियो । नेत्रहीनहरुलाई अनुचित किसिमले सघाइएका केही दृष्टान्तहरु पनि पाइए ।

मतदाताहरुले मतपत्र प्राप्त गर्नुअघि मतपत्रका अर्धकट्टीहरुमा हस्ताक्षर गर्नुपर्थ्यो, हस्ताक्षर गर्न नसके औंठाछाप लगाउनु पर्थ्यो । भ्रमण गरिएका २३ प्रतिशत मतदान केन्द्रहरुमा यसरी छाप लगाउने मतदाताका औंलामा बाँकी रहेको मसी सफा राम्ररी गरिएको थिएन । पर्यवेक्षकहरुले केही मतदान केन्द्रहरुमा लेख्न जान्ने मतदाताहरुलाई पनि मतपत्रको अर्धकट्टीमा औंठाको छाप नै लगाउन लगाइएको पाए । यसले केही निर्वाचन क्षेत्रहरुमा बदर मतको संख्या बढाएको हुन सक्छ, किनभने गणनाको समयमा पर्यवेक्षकहरुले कानूनतः स्वस्तिक छाप लगाउनुपर्ने भए पनि केही मतपत्रहरुमा औंठाको छाप लागेको र तिनलाई बदर गरिएको देखेका थिए ।

पर्यवेक्षण गरिएका लगभग सबै मतदान केन्द्रहरुमा मतदानको प्रक्रिया सामान्यतः शान्त र अवरोधमुक्त थियो । तथापि, अन्य स्थानहरुमा केही घटनाहरु भएका थिए । निर्वाचन आयोगका अनुसार जुम्ला जिल्लाको एक मतदान स्थलमा नेकपा-माओवादीका कार्यकर्ताहरुको अवरोधका कारण मतदान स्थगित भएको थियो र २२ नोभेम्बरमा पुनः मतदान भयो । सप्तरीको क्षेत्र नं. २ को एक मतदानस्थलमा मतपत्रहरुको संख्या पुनर्मिलानमा गल्ती भेटिएपछि त्यहाँ २३ नोभेम्बरमा पुनः मतदान भएको थियो । दैलेख जिल्लाको एक मतदान स्थलमा निर्वाचनको दिन बिहानै भएको झडप र अवरोधको परिणामस्वरुप तत्कालै पुनः मतदान भयो । रौतहट, गोरखा, पर्वत र हुम्ला जिल्लाका एक एक निर्वाचन क्षेत्रहरुमा पनि मतदान क्षणिक अवरूद्ध भएको थियो ।

राजनीतिक दलहरुले निर्वाचन आयोगसमक्ष कम्तीमा २३ निर्वाचन क्षेत्रहरुमा “बुथ कब्जा” को घटना भएको उजुरी दर्ता गरे । बुथ कब्जा भनेको यस्तो अवस्था हो जसमा कुनै एक दल/उम्मेदवारका समर्थकहरुले प्रक्रियामाथि कब्जा गर्छन् र अन्य दलका समर्थकहरुलाई मत हाल्न दिँदैनन् (वा मतदाताहरुलाई दल वा उम्मेदवारविशेषलाई मत हाल्न बाध्य बनाउँछन्) । निर्वाचनको दिनपछि कार्टर सेन्टरका पर्यवेक्षकहरुले कम्तीमा दुई निर्वाचन क्षेत्रहरुमा साँच्चिकै बुथ कब्जा भएको विश्वसनीय संकेतहरु प्राप्त गरे ।

मतदाता परिचयपत्र वितरण निर्वाचनकै दिन हुने नठानिए पनि पर्यवेक्षकहरुले भ्रमण गरेका ११ प्रतिशत मतदान केन्द्रहरुमा परिचयपत्र वितरण भैरहेको पाए । उक्त कार्य प्रायः मतदान कर्मचारीहरुद्वारा भैरहेको थियो, तर एउटा ठाउँमा भने दलका प्रतिनिधिहरुबाट भैरहेको थियो । निर्वाचनअघि धेरै पर्यवेक्षक टोलीहरुले दर्ता रसीद भए पनि मतदाताहरुले नामावलीमा आफ्नो नाम भेट्टाउन नसकिरहेको देखेका थिए । तथापि, निर्वाचनको दिन भने मतदान गर्न आएका लगभग सबै मतदाताहरुले नामावलीमा आफ्नो नाम भेटेको पाए ।

निर्वाचनका नीतिहरुमा समाविष्ट मतदान पद्धतिहरुमा केही रिक्तता छन् । नमेटिने मसी लगाउनु पर्ने अनिवार्य व्यवस्था भए पनि मतदाताहरुलाई मतपत्र दिनुअघि त्यसको जाँच गर्नैपर्ने अनिवार्यता छैन । यो काम कुनै पनि मतदान कर्मचारीले मतदाता स्थलको प्रवेशद्वारमै बसेर सजिलै गर्न सक्थे । बिग्रेका मतपत्रहरुका सम्बन्धमा पनि केही प्रावधान छैन, जसकारण मतपत्रमा छाप लगाउन गल्ती गरेको थाहा पाए पनि मतदाताले त्यसको सट्टामा अर्को मतपत्र खसाल्न पाउँदैनन् ।

*पर्यवेक्षण गरिएका लगभग सबै मतदान केन्द्रहरुमा मतदानको प्रक्रिया सामान्यतः शान्त र अवरोधमुक्त थियो ।*

अन्त्यमा, मतपत्रहरुमा निर्वाचनमा प्रतिस्पर्धा गरिरहेका दल तथा उम्मेदवारहरुको नाम छैन, उनीहरुलाई दिइएको चिह्न मात्र छ । मतदान केन्द्रहरुमा कुन चिह्न कुन उम्मेदवार र दललाई दिइएको छ भन्ने स्पष्ट थाहा पाउनका लागि पोस्टर उपलब्ध नभएको हुँदा मतदाता अन्यौलमा पर्नसक्ने सम्भावना विद्यमान थियो । अशिक्षित तथा अल्पसंख्यक भाषाका मतदाताहरुले स्वतन्त्रतापूर्वक मतदान गर्न सहज बनाउनका लागि चिह्नहरुको प्रयोग महत्वपूर्ण माध्यम भएपनि मतपत्रमा दल तथा उम्मेदवारहरुको नाम समावेश गर्न यसले रोक्दैनथ्यो ।

### मतदान समापन तथा गणना केन्द्रतर्फ ढुवानी

मतदान दिउँसो ५ बजे सकियो, यद्यपि बन्द गर्ने समयमा लाइनमा पर्खिरहेका मतदाताहरुलाई मतदान गर्न दिइएको थियो । पर्यवेक्षण गरिएका ३४ मध्ये ३३ मतदान केन्द्रहरुमा बन्द गर्ने प्रक्रियाको सकारात्मक मूल्यांकन गरिएको थियो । अधिकांश दृष्टान्तमा पद्धतिहरुको अनुसरण गरिएको थियो, यद्यपि केही मतदान केन्द्रहरुमा भने सामग्रीहरु कसरी प्याकिङ गर्ने भन्नेबारे अन्यौल थियो । दुई दृष्टान्तहरुमा, प्रयोग नभएका मतपत्रहरु सुरक्षित रुपमा प्याकिङ गरिएका थिएनन् । दलका प्रतिनिधिहरु प्याकिङ प्रक्रियामा प्रायः सक्रिय रुपमा सहभागी भएका थिए र दुईवटा घटनाहरुमा भने उनीहरु हस्तक्षेप



डेबोरा ह्याक्स

एकजना मतदान कर्मचारी मतदाताको पहिचान पत्र जाँच गर्दै र मतपत्र तयार गर्दै ।

गरिरहेका थिए । काठमाडौंको एक मतदान केन्द्रमा मतदान अधिकृतलाई पद्धतिहरुको ज्ञान नभएको देखेपछि सामग्रीहरु प्याकिङ गर्ने कामको जिम्मा प्रहरीले लिएको थियो ।

मतदान बन्द गर्ने प्रक्रिया सम्पन्न भएपछि सिल गरिएका मतपेटिका तथा अन्य सामग्रीहरु निर्वाचन क्षेत्र गणना केन्द्रमा लगिए । केही स्थानहरुमा तिनीहरुलाई मतदान केन्द्रबाट सीधै गणना केन्द्रमा लगिएको थियो । अन्य स्थानहरुमा भने सामग्रीहरुलाई पहिले प्रहरी कार्यालयमा लैजाने र त्यसपछि धेरै मतदान केन्द्रहरुबाट आएका सामग्रीहरुलाई एकसाथ ढुवानी गरिने गरी सुरक्षा योजना बनाइएको थियो । दलका प्रतिनिधि तथा पर्यवेक्षकहरुलाई सामग्रीहरुसँगै रहने अधिकार थियो र पर्यवेक्षण गरिएका कम्तीमा २४ वटा मतदान केन्द्रहरुमा उनीहरुले त्यसै गरेको देखियो ।

*बहिष्कार गरिरहेका दलहरुको निर्वाचन बिथोल्ने चेतावनीको परिदृश्यमा सुरक्षाको उपस्थिति सघन बनाइएको थियो, पर्यवेक्षकहरुले भ्रमण गरेका लगभग सबै मतदान केन्द्रहरुमा प्रहरी बल उपस्थित थिए ।*

पर्यवेक्षकहरु उपस्थित रहे पनि प्रहरी कार्यालयमा मतपेटिका भण्डारणले पारदर्शिता घटायो र त्यसले प्रक्रियाको समग्र निष्ठाप्रतिको धारणालाई कमजोर बनायो । मतपेटिका तथा सामग्रीहरुको ढुवानीका सम्बन्धमा कार्टर सेन्टरका पर्यवेक्षकहरुसमक्ष कुनै चासो नउठाइए पनि केही समयपछि एनेकपा(माओवादी) ले मतपेटिकाहरुको ढुवानीमा ठूलो धाँधली भएको दावी गर्‍यो । रुपन्देही जिल्लामा मतपेटिकाहरु राखिएको स्थानमा दलका प्रतिनिधिहरुको पहुँच/प्रवेशको विषयमा प्रहरी र एनेकपा(माओवादी) कार्यकर्ताहरुबीच सामान्य विवाद भयो ।

## सुरक्षा

बहिष्कार गरिरहेका दलहरुको निर्वाचन बिथोल्ने चेतावनीको परिदृश्यमा सुरक्षाको उपस्थिति सघन बनाइएको थियो, पर्यवेक्षकहरुले भ्रमण गरेका लगभग सबै मतदान केन्द्रहरुमा प्रहरी बल उपस्थित थिए । निर्वाचनको दिन भने अत्यन्त शान्तिपूर्ण थियो, कार्टर सेन्टरका पर्यवेक्षकहरुले लगभग सबै भ्रमणमा मतदान स्थल र तिनको सेरोफेरोका वातावरण शान्त रहेको मूल्यांकन गरे । तथापि, निर्वाचन आयोगले राजनीतिक दलका समर्थकहरुबीच भएका धेरै झडपहरु र बहिष्कार गरिरहेका दलहरुको प्रत्यक्ष संलग्नता रहेका केही सुरक्षा घटनाहरु बारे जानकारी दियो जसमध्ये काठमाडौंमा भएको एउटा बम काण्डमा परी एक बालक गम्भीर घाइते भए ।

कपिलवस्तु जिल्लाको एक निर्वाचन क्षेत्रमा मतदान केन्द्र तथा सडकका कैयौं स्थानमा विष्फोटक सामग्रीहरु पाइएपछि पर्यवेक्षक टोलीको आवागमनमै ढिलाइ भएको थियो । उक्त टोलीले एउटा गाउँका बासिन्दाहरुलाई नेकपा-माओवादीका कार्यकर्ताहरुले धम्क्याएको र सो गाउँको मतदान संख्या वरिपरिको क्षेत्रको भन्दा निकै कम रहेको जानकारी पनि दियो । निर्वाचन आयोगले निर्वाचन क्षेत्रभन्दा तल्लो तहमा खसेका कूल मतको लेखाजोखा गर्दैन, तर निर्वाचनको दिनपछि गरिएका पर्यवेक्षणमा देखिएका दृष्टान्तहरुले पनि मतदाताहरुमाथि भएको डरधम्कीले अन्य केही जिल्लाका केही मतदान स्थलहरुमा मतदानको संख्यालाई ज्यादै घटाइदिएको संकेत गर्दछन् । उदाहरणका लागि, पाँचथरका दुईवटा दुर्गम गाविसहरुमा चुनाव विरोधी दलका धम्की तथा दबावको परिणामस्वरुप अत्यन्त न्यून मतदान भएको थियो (दुई प्रतिशतभन्दा कम) र तीमध्ये एक गाविसका मतदान गर्ने नागरिकहरु निर्वाचन सकिएको दुई हप्तापछि पनि प्रतिशोध लिइने त्रासमा रहेको पर्यवेक्षकहरुले पाए । त्यसैगरी रोल्पा जिल्लाको एक निर्वाचन क्षेत्रमा निर्वाचनअघि नेकपा-माओवादीद्वारा घरदैलो, सार्वजनिक चेतावनी, त्रास सिर्जनालगायतका बहिष्कार अभियानलाई कायम राख्दै निर्वाचनको दिन मतदान बन्द नहुन्जेलसम्म एनेकपा (माओवादी) का चिनिएका समर्थकहरुलाई जंगल क्षेत्रमा दुर्व्यवहार गर्दै रोकेर राखेपछि प्रत्यक्षतर्फ एउटा मत पनि खसेन ।

## नागरिक पर्यवेक्षक समूहहरूको पहुँच

पारदर्शिता निर्वाचनको दिनका प्रक्रियाहरुको निष्ठालाई सुनश्चित गर्ने एक प्रमुख तत्व हो र घरेलु नागरिक समूहहरुद्वारा गरिने पर्यवेक्षण स्वतन्त्र अनुगमनका लागि एक सुस्थापित माध्यम हो ।[६५] नागरिक पर्यवेक्षकहरुलाई सामान्यतः मतदान केन्द्रसम्म पहुँच थियो । मतदानका दौरान कार्टर सेन्टरका पर्यवेक्षकहरुले भ्रमण गरेकामध्ये ७४ प्रतिशत मतदानस्थलहरुमा एक वा दुई जना पर्यवेक्षक मात्र भए पनि उपस्थित थिए । भ्रमण गरिएका मतदान केन्द्रहरुमा सबैभन्दा बढी पटक उपस्थित भएको समूह नियोकको र त्यसपछि डीइडब्ल्यू-नेपालको थियो । तथापि, कार्टर सेन्टरले पर्यवेक्षण गरेकामध्ये पाँच प्रतिशत मतदान केन्द्रहरुमा पर्यवेक्षकहरुको पहुँचको सम्बन्धमा समस्या देखियो, ती स्थानमा दलका प्रतिनिधि वा घरेलु पर्यवेक्षकहरुलाई मतदान केन्द्रभित्र प्रवेश गर्न नदिइएको वा मतदान अधिकृतद्वारा बाहिरिने आदेश दिएर उनीहरुको काममा कडाइ गएिको थियो । छिटपुट नै भएपनि पहुँच अस्वीकार गर्ने कार्यहरु निर्वाचनको दिनको सबै चरणका प्रक्रियाहरुमा देखिएको थियो ।

डेबोरा ह्यान्स



निर्वाचनको दिन मतदान गर्नुपूर्व एक महिलाको औंलामा मसी लगाइएको ।

आगामी निर्वाचनहरुका लागि नेपालले निर्वाचन पर्यवेक्षक, विशेषगरी नागरिक पर्यवेक्षक, र साथसाथै अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुलाई पनि दल दर्ताको समयमा हस्ताक्षर रूजु गर्ने, मतपत्रको मुद्रण, मतदान तथा गणनालगायतका निर्वाचनका सबै महत्वपूर्ण प्रक्रियाहरुमा पर्याप्त पहुँच भएको सुनिश्चित गर्नुपर्दछ र पर्यवेक्षकका अधिकारहरुलाई नीतिनियममै स्पष्ट भाषामा उल्लेख गरिनुपर्छ ।

६५. युएनएचआरसी, सामान्य टिप्पणी २५, अनु २०, "...मतदान तथा सञ्चालन प्रक्रियाको स्वतन्त्र अनुगमन हुनुपर्छ र न्यायिक पुनरावलोकन वा समान प्रक्रियामा लागि पहुँच हुनुपर्छ जसले निर्वाचकहरुलाई मतपत्र तथा मत गणनाको सुरक्षाप्रति विश्वास होस्..."

# निर्वाचनपश्चात्का विकासहरू

**मत गणना तथा तालिकीकरण**

शुद्धतापूर्वक गरिएको मत गणनाले निर्वाचकीय प्रक्रिया वास्तविक लोकतान्त्रिक भएको सुनिश्चित गर्नमा अपरिहार्य भूमिका खेल्दछ र मतदाताहरुको इच्छालाई प्रकट गर्दछ । अन्तर्राष्ट्रिय दायित्वहरुका अनुसार मत गणनाको प्रक्रिया शुद्ध, निष्पक्ष तथा पारदर्शी हुनुपर्छ ।[६६] गणना प्रक्रियाको दौरान ती दायित्वहरुको उच्च पालना गरियो, यद्यपि गणनाका सम्बन्धमा कानूनद्वारा स्थापित पद्धतिहरुलाई एकनासले अनुसरण गरिएको थिएन ।

कानूनतः, कुनै पनि निर्वाचन क्षेत्रमा खसेका सबै मत त्यसै निर्वाचन क्षेत्रको गणना केन्द्रमा मात्रै गणना गरिनुपर्छ । मतपेटिकाहरु सबै मतदान केन्द्रबाट गणना केन्द्रमा ल्याइसकेपछि मतपेटिकाका सिरियल नम्बर तथा सिल नम्बर र अन्य सामग्रीहरुको अभिलेख गर्नुपर्छ र मतदान केन्द्रमा गरिएको अभिलेखसँग रूजु गर्नुपर्छ । हरेक पेटिकालाई दलका प्रतिनिधिको उपस्थितिमा खोलिनुपर्छ र पेटिकामा रहेका मतहरुको संख्या निर्धारण गर्नका लागि मतपत्रहरुलाई घोप्टो पारेर गनिनुपर्छ । त्यसपछि, मतपत्रहरुलाई अर्को मतदान केन्द्रका मतपत्रहरुसँग मिसाइनुपर्छ र त्यसपछि हरेक दल वा उम्मेदवारका लागि मतपत्रको बेग्लै चाङ बनाइनुपर्छ र बदर मतहरुको पनि बेग्लै चाङ बनाइनुपर्छ । गणना पारदर्शी ढङ्गले गरिनुपर्छ र हरेक मतपत्र सबै पर्यवेक्षकहरुलाई देखाइनुपर्छ । दलका प्रतिनिधिहरुले गणना पत्रहरुमा हस्ताक्षर गर्छन् र निर्वाचन अधिकृतले परिणामलाई प्रमाणित गरी सार्वजनिक गर्छन् । प्रत्यक्षतर्फका विजयी उम्मेदवारलाई प्रमाणपत्र प्रदान गरिन्छ र समानुपातिकतर्फका निर्वाचन परिणामहरु देशव्यापी तालिकीकरणका लागि विद्युतीय माध्यमबाट निर्वाचन आयोगमा पठाइन्छ ।

*शुद्धतापूर्वक गरिएको मत गणनाले निर्वाचकीय प्रक्रिया वास्तविक लोकतान्त्रिक भएको सुनिश्चित गर्नमा अपरिहार्य भूमिका खेल्दछ र मतदाताहरुको इच्छालाई प्रकट गर्दछ ।*

धेरै निर्वाचन क्षेत्रहरुमा गणना गर्न निकै दिन लाग्यो र गणना शुरु हुन पनि प्रायः ढिलै भएको थियो । पर्यवेक्षकहरुले सबै गणनाहरु कानून र निर्वाचन आयोगका नियमबमोजिम नभएको उल्लेख गरे । पर्यवेक्षण गरिएका ३४ मध्ये ११ गणना केन्द्रमा मतपेटिकामा भएका मतहरुको संख्या निर्धारण नगरिकनै अन्य मतपेटिकाका मतहरुसँग मिसाइएका थिए जसले मतपत्रहरुको संख्या पुनर्मिलान गर्न असम्भव भयो । पाँचवटा दृष्टान्तहरुमा, मतहरु कानूनी प्रावधानअनुसार एकैसाथ नमिसाई मतदानस्थल अनुसार छुट्टाछुट्टै गणना गरिएका थिए । राजनीतिक दलका प्रतिनिधिहरुको हठका कारण त्यस्तो भएको देखिन्थ्यो ।

सेन्टरका पर्यवेक्षकहरुले निर्वाचन क्षेत्र तथा गणना अधिकारीहरुबीच गणना अभ्यासहरु फरक फरक भएको जानकारी दिए । गणना गर्ने दिनहरु लम्बिँदै गर्दा, विशेषगरी समानुपातिक प्रतिनिधित्वतर्फका मतपत्रहरु गणना गर्ने समयमा अनौपचारिकता र कामचलाउ प्रवृत्तिमा पनि वृद्धि देखियो । समानुपातिक तर्फको गणनाको दौरान प्रक्रियामा गति ल्याउनका लागि फरक दलका मतपत्रहरुलाई प्रायः एकैसाथ गणना गरिएको थियो । त्यसो हुँदा दलका प्रतिनिधिहरुले समग्र प्रक्रियाको पर्यवेक्षण गर्न नपाउने भएपनि अधिकारी तथा दलहरुका लागि यो कार्य स्वीकार्य देखिन्थ्यो । ती परिवर्तनहरु सजिलोका लागि गरिएका हुनाले तिनले गणनाको निष्ठा वा उपस्थित सरोकारवालाहरुको विश्वासलाई प्रभावित पारेको देखिएन । जे भए पनि यसले राजनीतिक सहमतिद्वारा कानूनलाई छेउ लगाउने अभ्यासलाई भने प्रश्रय दियो ।

केही घटनाहरुमा, पर्यवेक्षकहरुले गणना केन्द्रमा मतपेटिकाका सिल नम्बरहरु सही तवरमा अभिलेख नगरेको पाए । निर्वाचनपछि केही दलहरुले मतपेटिका ढुवानीको सुरक्षा तथा विश्वसनीयतामा अनियमितता भएको आरोप लगाइरहेको परिप्रेक्ष्यमा, निर्वाचन कर्मचारी तथा दलका प्रतिनिधिहरुले सिरियल नम्बर हेर्ने र रूजु गर्ने प्रावधानलाई गणना

६६. युडीएचआर, धारा २१; आइसीसीपीआर, धारा २५(ख); युएनएचआरसी सामान्य टिप्पणी २५, अनु. २० ।

प्रक्रियाको एक अङ्ग ठानी प्रभावकारी कार्यान्वयन गरेको भए गणना प्रक्रियाको विश्वसनीयतालाई अझ बल पुग्ने थियो ।

## सदर मतको निर्धारण

गणना प्रक्रियाको दौरान मतपत्रको मान्यता निर्धारण गर्नका लागि निर्मित उचित नियम र पद्धतिहरुले विश्वव्यापी तथा समान मताधिकारको व्यक्तिगत अधिकारलाई संरक्षित गर्न सहयोग गर्न सक्छन् । ऐन तथा निर्वाचन आयोगको निर्देशिकाले मतको मान्यतालाई समेटेको भए पनि निर्वाचनको दिन आयोगले निर्वाचन अधिकारीहरुका लागि एक परिपत्र जारी गऱ्यो जसमा मतको मान्यता निर्धारणलाई स्पष्ट बनाउने कुरा सबैभन्दा बढी थियो । मतदान अधिकृतहरुले कालोभन्दा बेग्लै मसीले हस्ताक्षर गरेका, थोरै च्यातिएका वा अर्धकट्टी संलग्न रहेका र औंठाको छाप वा स्वस्तिक चिह्नको मसी अनायास मतपत्रको अर्को ठाउँमा लागेको स्थितिहरुमा व्यवहारिक रुपमा मतदाताको आशय स्पष्ट भएको देखिएसम्म मतहरुलाई सदर मानी गणना गर्न निर्वाचन अधिकारीहरुलाई निर्देशन दिइएको थियो ।

निर्वाचन आयोगका यी निर्देशन तथा निर्वाचनअधिका मतदाता शिक्षा प्रयासहरुको वाबजुद प्रत्यक्ष (४.९६ प्रतिशत) र समानुपातिक तर्फका (३.२ प्रतिशत) बदर मतको प्रतिशत सन् २००८ को सँग तुलनामा थोरै मात्र घट्यो (क्रमशः ५.१५ प्रतिशत र ३.६६ प्रतिशत) । २१ जिल्ला (सात पहाडी तथा १४ तराई) का ५४ निर्वाचन क्षेत्रहरुमा प्रत्यक्ष तर्फ बदर मतहरुको प्रतिशत ६ भन्दा बढी थियो ।

निश्चित रुपमा, कुनै पनि मतलाई बदर मान्ने सबैभन्दा सामान्य कारण एउटै मतपत्रमा दुई फरक चिह्नमा छाप लागेको हुनु थियो । सम्भवतः ती मतदाताहरुलाई आफूले दुईवटा मत दिनुपर्ने त थाहा थियो तर दुईवटा छुट्टै मतपत्र नै हुन्छन् भन्ने चाहिं बुझेका थिएनन् । समानुपातिक प्रणालीमा मतपत्रको आकार ठूलो भए पनि बदर मतहरुको संख्या कम भएकोले पनि यो सम्भावनालाई बल पुग्छ । बदर मतका अन्य मिल्दोजुल्दो कारणहरु यस्ता पाइएका थिए: चुनाव चिह्नमा स्वस्तिक राम्ररी नलगाइएको; मतपत्रमा स्वस्तिक चिह्न नै नलागेको; मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर नरहेको; वा स्वस्तिक छापको सट्टामा औंलाको वा अन्य छापको प्रयोग गरिएको । केही सन्दर्भहरुमा, नियमहरुको समान कार्यान्वयन भएको थिएन । तथापि, समग्रमा पद्धतिहरुको अनुसरण गरिएको थियो र विसंगतिहरु नियोजित देखिएनन् ।



डेबोरा ह्याक्स

एकजना मतदान कर्मचारी मतदान शुरू गर्नुअघि मतपेटिकाको बिर्को बन्द गर्दै ।

### गणना केन्द्रमा दलका प्रतिनिधि र पर्यवेक्षकहरूको पहुँच

गणना प्रक्रियाका दौरान पर्यवेक्षक तथा दलका प्रतिनिधिहरुको उपस्थिति निर्वाचनको निष्ठा र पारदर्शिता सुनिश्चित गर्ने एक अभिन्न अङ्ग हो ।[६७] यसअलावा, राज्यले यो अधिकारको अभ्यासलाई सहज बनाउनका लागि आवश्यक कदमहरु चाल्नुपर्छ, तसर्थ गणना प्रक्रियामा पहुँचलाई कानूनमै पूर्ण परिभाषित गर्नुपर्छ ।[६८]

ऐनमा निर्वाचन अधिकारीले दलका प्रतिनिधि, पर्यवेक्षक तथा अन्यलाई गणनाको समयमा उपस्थित हुने "अनुमति दिन सक्ने" उल्लेख छ, तर उनीहरुले त्यसो गर्नु अनिवार्य भने छैन । धेरै निर्वाचन क्षेत्रहरुमा निर्वाचन अधिकारीहरुले देखाएको अन्यौलका वाबजुद कार्टर सेन्टरका अधिकांश पर्यवेक्षकहरुले गणना प्रक्रियाको पर्याप्त पर्यवेक्षण गर्न पाएको बताए । सेन्टरका पर्यवेक्षकहरुलाई केही गणना केन्द्रहरुमा प्रवेश गर्दा शुरुमा एकै समयमा केही मिनेटभन्दा बढी भित्र बस्न नदिइने बताइएको थियो तर पछि उनीहरुलाई प्रक्रियाको अवधिभरि

६७. युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेद २० "मतपेटिकाहरुको सुरक्षाको प्रत्याभूति हुनैपर्छ र मतहरुको गणना उम्मेदवार वा तिनका प्रतिनिधिहरुको उपस्थितिमै हुनुपर्छ । मतदान तथा गणना प्रक्रियाको स्वतन्त्र समीक्षा तथा न्यायिक पुनरावलोकन वा अन्य समान प्रक्रियामा पहुँच हुनुपर्छ ताकि मतदातालाई मतपत्रको सुरक्षा तथा मतगणनामाथि विश्वास होस् ।"

६८. आइसीसीपीआर, धारा २(२) ले भन्दछ कि राज्यहरुले "यस प्रतिज्ञापत्रमा पहिचान गरिएका अधिकारहरुको कार्यान्वयनका लागि आवश्यक कानून वा अन्य उपायहरु अबलम्बन गर्नुपर्छ ।"

नै बस्न दिइयो । बाँके जिल्लामा भने स्मरणीय अपवादको स्थिति थियो जहाँ सेन्टरका पर्यवेक्षकहरुलाई एक घण्टा मात्र बस्न दिइयो । काठमाडौंमा पर्यवेक्षकहरुलाई एक पटकमा थोरै समय मात्र बस्ने अनुमति दिइयो भने बैतडी जिल्लामा २१ नोभेम्बरको बिहान लगभग ३ बजेतिर निर्वाचन अधिकारीहरुले पर्यवेक्षकहरुलाई बाहिरिने आदेश दिएका थिए ।

अधिकांश दृष्टान्तहरुमा घरेलु नागरिक पर्यवेक्षकहरुलाई गणना केन्द्रहरुमा प्रवेश दिइएको देखियो र उनीहरु गणनाको दौरान उपस्थित थिए । तथापि, नागरिक पर्यवेक्षकहरु केही समय बसिसकेपछि निर्वाचन अधिकृतहरुले उनीहरुलाई बाहिरिन लगाएका दृष्टान्त कार्टर सेन्टरका पर्यवेक्षकहरुले धेरै पटक पाए । यो कानूनसम्मत होइन, कानूनतः निर्वाचन अधिकृतलाई गणना प्रक्रियामा अवरोध पुऱ्याउने व्यक्तिलाई मात्र बाहिर निकाल्ने अधिकार हुन्छ ।[६९]

पर्यवेक्षण गरिएका सबै गणना केन्द्रमा दलका प्रतिनिधि उपस्थित थिए र प्रवेश गर्ने पद्धति जिल्ला जिल्लामा फरक रहे पनि उनीहरुलाई प्रक्रियाको सम्पूर्ण अवधिभरि बस्न दिइएको थियो । तथापि, गणना जारी रहँदै गर्दा दलका प्रतिनिधिहरुको संख्या पनि उल्लेख्य रुपमा घट्दै गयो र समानुपातिक तर्फको गणनाको अन्त्यतिर थोरै प्रतिनिधि मात्र बाँकी थिए ।

*अधिकांश दृष्टान्तहरुमा घरेलु नागरिक पर्यवेक्षकहरुलाई गणना केन्द्रहरुमा प्रवेश दिइएको देखियो र उनीहरु गणनाको दौरान उपस्थित थिए ।*

केही निर्वाचन क्षेत्रका प्रारम्भिक विवरणहरुको जानकारी आउन थालेपछि एनेकपा(माओवादी) ले गणना प्रक्रिया रोक्नुपर्ने र मतपत्रहरुको ढुवानीमा भएको धाँधलीको छानवीन गर्नुपर्ने माग गर्दै २१ नोभेम्बरको बिहान सबेरैबाट देशभरिका गणना केन्द्रहरुमा रहेका आफ्ना प्रतिनिधिहरुलाई बाहिर बोलायो । गणना केन्द्रमा उपस्थित रहेका कार्टर सेन्टरका सबै पर्यवेक्षकहरुले उक्त दलका प्रतिनिधिहरु बिना कुनै अवरोध बाहिर निस्किएको जानकारी दिए । दलका केही प्रतिनिधिहरु पछि दिउँसोको समयमा घरिघरि गणना केन्द्रमा फर्के तर प्रक्रियालाई मान्यता दिन हस्ताक्षर गर्नु पर्ने फारममा हस्ताक्षर गरेनन् ।[७०]

आगामी निर्वाचनहरुमा मतपत्र ढुवानी, मत तालिकीकरण तथा गणनाका सबै पक्षहरुको पर्यवेक्षण गर्न निर्वाचन पर्यवेक्षक, विशेष गरी नागरिक पर्यवेक्षकहरुका अधिकारलाई नेपालले निर्वाचकीय नीतिनियमहरुमा स्पष्ट भाषामा उल्लेख गर्नुपर्छ ।

## सर्वदलीय बैठकहरू

मत गणनाबारे निर्वाचन आयोगको निर्देशिकाअनुसार निर्वाचन अधिकृतहरुले राजनीतिक दल तथा उम्मेदवारहरुलाई मत गणनासँग सम्बन्धित पद्धतिहरुबारे जानकारी दिनुपर्छ र गणना शुरु हुनुअघि नै आवश्यक सहमतिहरु गर्नुपर्छ । जानकारी बाँड्ने र सहमति गर्ने काम प्रायः सर्वदलीय बैठकमा गरिन्छ । सर्वदलीय बैठकको निर्दिष्ट उद्देश्य निर्वाचन अधिकृतले औपचारिक गणना प्रक्रियाबारे चित्रित गर्नुपर्ने र दलका प्रतिनिधिहरुको मान्यता प्राप्त गर्नुपर्ने, व्यवस्थाहरुका बारेमा आवश्यक सहमतिहरु गर्ने र निर्वाचन प्रक्रियाबारे उठ्ने सम्भाव्य असन्तुष्टि तथा जिज्ञासाहरुको समाधान गर्नुपर्छ ।

समग्रमा यी बैठकहरु गणना प्रक्रियाबारेको बुझाइलाई साझा बनाउने कार्यमा उपयोगी रहेको सेन्टरले पायो । मतहरुको संख्या पुनर्मिलान र सदर मतको निर्धारणको पद्धति देशभरि नै एकनासको बनाउनका लागि सर्वदलीय बैठकहरुमा निर्वाचकीय कानूनी खाकामा उल्लेखित नीति नियमहरुबारे समान धारणा बनाउनु अझ राम्रो हुन्छ । सम्बन्धित पक्षहरुले हरेक मतको गणना शुद्धतापूर्वक हुनुपर्ने मौलिक अधिकारमा ठाउँ अनुसार फरक पर्ने गरी गणना प्रक्रियाका बारेमा भिन्न भिन्न अर्थ निकाल्नु हुँदैन ।

पर्यवेक्षकहरु थोरै सर्वदलीय बैठकहरुमा मात्र पूर्ण सहभागी हुन पाए (पर्सा र चितवन जिल्लामा) । पर्यवेक्षकहरुको प्रवेशको अधिकार र बैठकहरुको पर्यवेक्षणका सम्बन्धमा जिल्ला जिल्लाबाट भिन्न जानकारी प्राप्त भएका थिए । समग्रमा, पर्यवेक्षकहरुलाई निर्वाचकीय प्रक्रियाका दौरान निर्वाचन अधिकारीहरुको संलग्नतामा हुने कुनै पनि बैठकमा पूर्ण पहुँच हुनुपर्छ ।

## निर्वाचन परिणामहरू

प्रत्यक्ष तर्फको मतगणना २५ नोभेम्बरमा सकियो र विजयी उम्मेदवारहरुलाई मतदान केन्द्रबाटै प्रमाणपत्रहरु जारी गरिए । प्रत्यक्ष तर्फको दौडमा २४० मध्ये १०५ सिटहरुमा जितेर नेपाली कांग्रेस सबैभन्दा ठूलो विजेताको रुपमा आयो, नेकपा(एमाले) ले ९१ सिटका साथ नजिकैबाट पछ्यायो भने एनेकपा(माओवादी) ले २६ सिटमा विजय प्राप्त गऱ्यो ।

समानुपातिक प्रणालीको गणना २८ नोभेम्बरमा सकिएको थियो । ३ डिसेम्बरका दिन निर्वाचन आयोगले उक्त प्रणाली अन्तर्गत ३० वटा दलहरुले विजय प्राप्त गरेको सूचित गर्दै ती दलहरुलाई आफ्ना बन्द सूचीबाट उम्मेदवारहरुको नाम छनौट गरी पेश गर्न आह्वान गऱ्यो । राजनीतिक दलहरुले आन्तरिक

६९. संविधानसभा सदस्यहरुको निर्वाचन अध्यादेश, धारा ५०(२) ।
७०. मोरङ जिल्लाका निर्वाचन क्षेत्र ६ र ७ मा धाँधलीको आरोप लगाउँदै मधेशी जनाधिकार फोरम नेपाल र मधेशी जनाधिकार फोरम लोकतान्त्रिकले गणना केन्द्र छाडे । तर पछि फेरि गणना प्रक्रियामा सामेल भए ।



डेभोरा ह्याक्स

मतदान कर्मचारीहरु गणना केन्द्रतर्फ लैजान मतपेटिका सिल गर्दै । मतपेटिका एउटा कपडाको झोलामा हालियो र त्यसपछि मुख सिएर बन्द गरियो ।


छलफल तथा एनेकपा(माओवादी) लाई प्रक्रियामा सहभागी हुन मनाउन छलफल गर्नका लागि थप समय मागेका हुनाले आयोगले नाम पेश गर्ने समय सीमालाई ३ पटक बढायो - पहिलो १८ डिसेम्बर सम्म, त्यसपछि २५ डिसेम्बरसम्म र अन्त्यमा ३० डिसेम्बरसम्म । २४ डिसेम्बरका दिन आठ राजनीतिक दलहरुबीच भएको एक चार बुँदे सहमतिले गतिरोध अन्त्य भयो, जसमा एनेकपा (माओवादी) र विभिन्न मधेशवादी दलहरुले संविधानसभाको प्रक्रियामा सहभागी हुने प्रतिबद्धता गरे ।[७१]

मधेशी जनाधिकार फोरम नेपाल र संघीय समाजवादी पार्टी नेपालबाहेकका सबै दलले थपिएको समयावधिको अन्त्य, ३० डिसेम्बरसम्ममा आफ्ना बन्द सूचीहरुबाट छनौट गरिएका नामहरु पेश गरे । निर्वाचन आयोगले समयावधि सकिएको केही समयपछि पेश गरिएका यी दुई दलका सूचीहरुलाई पनि स्वीकार गऱ्यो । आयोगले दुईवटा सिट पाएको राष्ट्रिय जनमुक्ति पार्टीलाई विविधताको मापदण्ड पूरा नभएको भन्दै छनौटमा संशोधन गर्न लगायो । आयोगले २ जनवरी २०१४ मा राष्ट्रपतिसमक्ष औपचारिक परिणामहरु पेश गऱ्यो र लगत्तै ती परिणामहरु नेपाल राजपत्रमा प्रकाशित भए । संविधानसभाका लागि समानुपातिक प्रणालीअन्तर्गत विजयी सदस्यका प्रमाणपत्रहरु वितरण गर्न आयोगले सम्बन्धित दलहरुलाई नै दिएको थियो ।

प्रत्यक्ष प्रणालीअन्तर्गत विजयी महिला उम्मेदवारहरुको संख्या कम भएको (जम्मा १० जना मात्र) परिवेशमा निर्वाचन आयोगले समानुपातिक प्रणालीका बन्द सूचीहरुबाट कम्तीमा पचास प्रतिशत महिला उम्मेदवारहरुको नाम छनौट गर्न राजनीतिक दलहरुलाई आग्रह गऱ्यो । तथापि, आयोगसँग यो आग्रहलाई लागू गराउने कानूनी उपाय थिएन, किनभने कानूनले समानुपातिकका निर्दिष्ट कोटाहरुमा १० प्रतिशतको तलमाथिलाई छुट दिएको छ ।

प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीको कूल परिणामअनुसार नेपाली कांग्रेस (१९६ सिट) र नेकपा (एमाले) (१७५ सिट) संवैधानिक परिवर्तनका लागि आवश्यक दुई तिहाईको बहुमतभन्दा थोरैले मात्र घटी छन् । एनेकपा (माओवादी) ८० सिटका साथ तेस्रो स्थानमा झऱ्यो र उसले संविधानसभामा सबैभन्दा ठूलो दलको हैसियत गुमायो । हिन्दु

७१. निर्वाचनमा भएको धाँधलीका आरोपहरुको छानवीन गर्न एक संसदीय आयोग गठन गर्ने, २) “शान्ति प्रक्रिया तथा संविधान निर्माणका बाँकी रहेका कामहरुमा सघाउ पुऱ्याउन प्रमुख राजनीतिक दलका वरिष्ठ नेताहरु” सम्मिलित एक आयोग बनाउने, ३) १२ बुँदे विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानको मर्म अनुरुप ६ महिनाभित्र संविधान निर्माण गरी एक वर्षभित्रमा जारी गरिसक्ने, र ४) बेपत्ता पारिएकाहरुबारे छानवीन आयोग र सत्य तथा मेलमिलाप आयोगको यथाशीघ्र गठन गर्ने सहमति भएको थियो ।



डेबोरा ह्याक्स

अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा कार्टर सेन्टरका फिल्ड अफिस डाइरेक्टर डेविड ह्यामिल्टन निर्वाचनको दिन काठमाडौंमा मतदानस्थलका कर्मचारीहरुसँग कुरा गर्दै ।

राज्यको घोषणा र संवैधानिक राजतन्त्रका लागि जनमत संग्रहको आह्वान गरिरहेको राप्रपा-नेपालले प्रत्यक्षतर्फ एउटा सिट पनि जितेन, तथापि समानुपातिक प्रणालीअन्तर्गत जितेका २४ सिटले गर्दा चौथो ठूलो दलका रुपमा उभियो । यो संख्या सो दलले सन् २००८ मा जितेका चारवटा सिटको भन्दा उल्लेख्य बढी थियो ।

सन् २००८ को निर्वाचनमा संयुक्त रुपमा ८३ सिट जितेका मधेशवादी दलहरु फूटको कारण कमजोर भए र संविधानसभाका लागि ५० वटा सिटमात्र जिते, यद्यपि जनमतका आधारमा उनीहरुको भाग थोरै मात्र घटेको थियो (सन् २००८ मा चारवटा मधेशवादी दलले प्रतिस्पर्धा गरेका थिए भने २०१३ मा १३ वटा दलले) । संविधानसभाका चारजना सदस्यहरु दुई दुईवटा निर्वाचन क्षेत्रबाट विजयी भएका थिए, जसकारण चारवटा निर्वाचन क्षेत्रहरुमा उप-निर्वाचन गर्नुपर्ने हुन्छ ।

सन् २०१३ मा निर्वाचित संविधानसभा दक्षिण एशियाकै सबैभन्दा बढी समावेशी वैधानिक निकाय बनेकोमा समानुपातिक कोटा प्रणालीलाई धन्यवाद दिनुपर्छ, यद्यपि यो संविधानसभाको समावेशिताको मात्रा सन् २००८ को संविधानसभाको भन्दा थोरै कम छ । लैङ्गिक आधारमा, पहिलो संविधानसभामा विजयी १९१ महिला सदस्यहरु (जसमध्ये ३० जना प्रत्यक्ष प्रणालीअन्तर्गत विजयी भएका थिए) को तुलनामा यो संविधानसभामा ३० प्रतिशत महिला सदस्य निर्वाचित भएका छन् (५७५ निर्वाचित सभासदहरुमध्ये १७२) ।

वर्ग तथा जातीयताका सम्बन्धमा, निर्वाचित ५७५ सदस्यहरुमध्ये ७ प्रतिशत दलित, ३४ प्रतिशत जनजाति, १८ प्रतिशत मधेशी र ४१ प्रतिशत खस आर्यन तथा अन्य वर्गका छन् ।[७२] विशेषतः प्रत्यक्षतर्फको दौडमा उम्मेदवारी तथा विजयी दुवैतर्फ उपेक्षित समुदाय वा महिलाको प्रतिनिधित्वमा आएको कमीका हकमा कानूनले निश्चित संख्याको प्रावधान निर्धारित नगरेकाले अझ बढी सामाजिक समावेशिताको लक्ष्य हासिल गर्न सकारात्मक कदमहरुको निरन्तरताका साथसाथै अन्तरदलीय संरचनामा पनि लोकतन्त्रीकरणको आवश्यकतालाई जोड दिएको छ ।

निर्वाचनको परिणामले पनि समानुपातिक प्रणालीको श्रेणीहीन सूचीको व्यवस्थाका केही प्रमुख कमजोरीहरुलाई दर्शाइदियो । बन्द सूचीहरुबाट छनौट गरिएका नाम पेश गर्ने समयसीमा पटक पटक थपिनुको एउटा मुख्य कारण दलहरुले आफ्ना उम्मेदवार छनौट गर्न सामना गर्नुपरेको असहजता नै थियो । धेरै दलहरुमा छनौट प्रक्रिया तथा नेतृत्वको कार्यशैलीले

७२. आइएफइएसले गरेको एक आंकलनअनुसार । सबै वर्गहरुलाई कानूनले स्पष्ट परिभाषित गरेको नहुनाले आंकडाहरुमा सामान्य फरक हुन सक्छ ।

उल्लेख्य आन्तरिक असन्तुष्टि जन्माउने काम गऱ्यो । राप्रपा-नेपाल तथा एनेकपा(माओवादी) को सम्बन्धमा यो स्थिति सञ्चारमाध्यम मै सार्वजनिक भैरह्यो । राप्रपा-नेपालको असन्तुष्ट पक्षले सदस्यहरुको बेग्लै सूची बनाई निर्वाचन आयोगसमक्ष पेश गऱ्यो र संविधानसभा अदालतमा मुद्दा पनि दायर गऱ्यो ।

केही दलहरुले आफ्ना माग पूरा नभएमा निर्वाचन आयोगसमक्ष नामै नपठाउने र संविधानसभाको प्रक्रियाबाटै बाहिरिने धम्की दिँदै उम्मेदवार छनौटको प्रक्रियालाई राजनीतिक मोलमोलाइमा आफ्नो पक्ष बलियो पार्ने माध्यम बनाएकोमा कार्टर सेन्टर खेद व्यक्त गर्दछ । कार्टर सेन्टर आगामी निर्वाचनहरुमा यदि समानुपातिक सूचीहरुको प्रयोग गरिएमा दलहरुलाई जनादेश प्राप्त गर्ने उम्मेदवारको छनौट निर्वाचनको दिनपछि गर्ने अनुमति दिन नहुने सुझाव व्यक्त गर्दछ ।

यसबाहेक, सेन्टर उम्मेदवारीका लागि महिला कोटाको प्रावधानको पूर्ण पालना भएको सुनिश्चित गर्न र संविधानसभामा निर्वाचित हुनुपर्ने महिला र उपेक्षित समुदायहरुको लक्षित संख्या समानुपातिक प्रतिनिधित्व प्रणालीभन्दा अलग्गै निर्धारित गर्नेतर्फ ध्यान दिन आवश्यक कदम चाल्न सुझाव व्यक्त गर्दछ ।

१९ डिसेम्बर २०१३ मा प्रकाशित निर्वाचनपश्चातको वक्तव्यमा कार्टर सेन्टरले नेपालमा २०१३ भएको संविधानसभा निर्वाचनको गणना प्रक्रिया र निर्वाचन परिणाम विश्वसनीय रहेको पाएको र पद्धतिजन्य विषमताहरुले गणनाको निष्ठा अथवा उपस्थित सरोकारवालाहरुको विश्वासलाई प्रभावित नपारेको उल्लेख गरेको थियो । सेन्टरले सम्बन्धित दलहरुलाई विवादको समाधान कानूनी तथा शान्तिपूर्ण माध्यमद्वारा गर्न पनि आग्रह गरेको थियो ।[७३]

## निर्वाचनसम्बन्धी विवाद समाधान

अधिकार हननका लागि क्रियाशिल उपाय र निर्वाचनसम्बन्धी उजुरीहरुको सम्बोधनका लागि पर्याप्त स्थानहरु रहेको सुनिश्चित गर्नु नेपालको एक अन्तर्राष्ट्रिय दायित्व हो ।[७४] कानूनले निर्वाचनको दिन भएका अवज्ञाका उजुरीहरु निर्वाचन आयोग र संविधानसभा अदालत (संविधानसभा निर्वाचनका लागि मात्र निर्मित एक संवैधानिक अङ्ग) दुवैमा दर्ता गर्न पाउने व्यवस्था गरेको छ । निर्वाचित सभासदको योग्यता, निर्वाचन रद्द गर्ने र निर्वाचकीय अपराधलाई खारेज गर्ने जस्ता निश्चित प्रकारका उजुरीहरु अदालतको क्षेत्राधिकारमा पर्दछन्, तर यो निर्वाचन आयोगको क्षेत्राधिकारमा पनि पर्छ । कानूनमा निहित स्पष्टताको अभावले कुन निकायले सम्बोधन गर्ने भन्ने सम्बन्धमा अनिश्चितता बढाउन सक्छ, यद्यपि निर्वाचन आयोगसमक्ष गरिएको उजुरी अदालतमा गर्न नपाइने भन्ने हुँदैन ।

निर्वाचनको दिन विभिन्न राजनीतिक दलहरुले निर्वाचन आयोगमा २८ वटा उजुरीहरु दर्ता गरे । तीमध्ये २५ वटा उजुरीहरुमा बुथ कब्जाको आरोप थियो भने तीनवटा उजुरीहरु मतपेटिकामा मतदाताको संख्याभन्दा बढी मत खसेको पाइएको तथ्यमा आधारित आरोप थिए । निर्वाचन आयोगले आफैं छानवीन नगरी निर्वाचन अधिकारीहरुले ती आरोपको पुष्टि गर्छन् वा गर्दैनन् भन्ने सोध्नमा मात्र सीमित भयो । दुईवटा मामिलाहरुमा मात्र निर्वाचन अधिकारीहरुले अनियमितताको पुष्टि गरे र ती दुवै मतदान केन्द्रमा पुनः निर्वाचनको समय तोकियो । बाँकी उजुरीमाथि गरिएका संक्षिप्त छानवीनबाट दावीहरु पुष्टि हुन नसकेपछि आयोगले निर्वाचन अधिकृतहरुलाई गणना जारी राख्ने निर्देशन दियो ।

आयोगले ती आरोपहरुको स्वतन्त्र छानवीन गरेन र लिखित निर्णय वा निर्णयका आधारहरु पनि प्रदान गरेन । आयोगले आफ्नो निर्णयसँग सन्तुष्ट नभएका उजुरीकर्ताहरुलाई संविधानसभा अदालतमा रिट दायर गर्न बढावा दियो ।

*अधिकार हननका लागि क्रियाशिल उपाय र निर्वाचनसम्बन्धी उजुरीहरुको सम्बोधनका लागि पर्याप्त स्थानहरु रहेको सुनिश्चित गर्नु नेपालको एक अन्तर्राष्ट्रिय दायित्व हो ।*

यो अवधिसम्म संविधानसभा अदालतमा १९ वटा प्रत्यक्षतर्फका सम्बन्धमा र तीनवटा समानुपातिक तर्फका सम्बन्धमा गरी २२ वटा मुद्दा दर्ता गरिएका छन्, र केही आरोपीहरुले आफ्ना मुद्दालाई बलियो बनाउनका लागि नागरिक पर्यवेक्षक समूहहरुसँग सम्पर्क गरी उनीहरुको पर्यवेक्षण तथ्यांक मागेका छन् । प्रतिवेदन लेखिँदै गर्दाको समयमा संविधानसभा अदालतमा सुनुवाइहरु जारी छन् तर कुनै पनि मामिलामा अन्तिम निर्णय आइसकेको छैन । एउटा प्रकरणमा, अदालतले एकजना निर्वाचित सदस्यलाई शपथ लिनबाट रोक लगायो । मुद्दाको निर्णय गर्ने कुनै समयसीमा छैन र ती मुद्दाहरु संविधानसभाको उद्घाटनभन्दा पछिसम्म पनि चलिरहन सक्छन् । निर्वाचकीय सन्दर्भमा त्यस्ता बिलम्वपूर्ण अदालती सुनुवाइले प्रभावकारी र समयमै उपचारको अधिकारलाई कमजोर बनाउन सक्छन् ।

७३. वक्तव्यको पूर्णपाठका लागि अनुसूची च हेर्नुहोस् ।
७४. युएनएचआरसी सामान्य टिप्पणी २५, अनुच्छेद २०, “मतदान र गणना प्रक्रियाको स्वतन्त्र अनुपरीक्षण हुनुपर्छ र न्यायिक पुनरावलोकन वा अन्य समान प्रक्रियामाथि पहुँच हुनुपर्छ ता कि निर्वाचकहरुलाई मतपत्र तथा मत गणनाको सुरक्षामाथि विश्वास रहोस् ।”

संविधानसभा अदालतमा एनेकपा (माओवादी) र मधेशवादी दलहरुले लगाएको मतपेटिकाहरु गणना केन्द्रतर्फ ढुवानी गर्ने क्रममा भएको नियोजित “धाँधली” का आरोपहरुसँग सम्बन्धित कुनै पनि मुद्दा दायर गरिएका थिएनन्, किनभने उनीहरुले यो मामिलामा अदालतको क्षेत्राधिकारमाथि नै मतभेद राखेका थिए। बरू, उनीहरुले एक निष्पक्ष आयोगद्वारा छानवीन गरिनुपर्ने माग राखे।

निर्वाचन आयोगले दलका नेतृत्वले बन्द सूचीबाट छनौट गरेका व्यक्तिहरु निर्दिष्ट पहिचान वर्गबाट पर्न अयोग्य रहेको वा दलको आन्तरिक छनौट प्रक्रियामै अनियमितता रहेको सम्बन्धमा धेरै उजुरीहरु पाएको जानकारी दियो। आयोगले त्यस्ता उजुरीहरुमाथि ध्यान नदिने पनि बतायो।

संविधानसभा अदालतमा उजुरीहरु आउने क्रम प्रतिवेदन लेखिँदासम्म जारी नै रहेकाले कार्टर सेन्टरले निर्वाचनपश्चात्‌को उजुरी प्रक्रिया र त्यस सम्बन्धमा अन्तर्राष्ट्रिय दायित्वहरुको पालनाको पूर्ण मूल्यांकन गर्न सकेन। कानूनले उजुरीहरुमाथि निर्णयका सम्बन्धमा निर्वाचन आयोग र संविधानसभा अदालतका भूमिकाहरुलाई स्पष्ट छुट्याएको छैन, र अधिकांश सन्दर्भहरुमा निर्वाचन आयोग अदालतभन्दा फरक देखियो। अदालतले संविधानसभाको पहिलो बैठकभन्दा अघि कुनै पनि प्रकरणमा अन्तिम निर्णय दिएन र उजुरीहरुमाथि निर्णय गर्न निश्चित समयसीमा नतोकिएकाले त्यहाँ परेका मुद्दाहरुको निर्णय हुँदासम्म संविधानसभाको अवधि निकै गुज्रिसकेको पनि हुन सक्छ। यसले प्रभावकारी उपचारको अधिकारलाई कमजोर बनाइदिन्छ किनभने प्रक्रियासंगत रुपमा निर्वाचित उम्मेदवारहरु पनि समयमै संविधानसभामा सामेल हुन पाउँदैनन्।

# निष्कर्ष तथा सुझावहरू

नेपालमा सन् २०१३ भएको संविधानसभाको निर्वाचनका लागि आदर्श शब्दहरु सु-सम्पन्न, शान्तिपूर्ण र परिष्कृत भन्ने थिए। निर्वाचनले पाँचवर्ष सम्म थाँती रहेका छलफल र राजनीतिक द्वन्द्वपश्चात् नेपाली जनतालाई आफ्नो इच्छा व्यक्त गर्ने अवसर प्रदान गऱ्यो। सेन्टर नेपाली जनताको नवीकरण भएको उर्जा र उत्साहलाई उनीहरुका निर्वाचित प्रतिनिधिहरुले दलगत भिन्नताहरुलाई छेउ लगाउँदै नयाँ संविधान निर्माणको कार्य सम्पन्न गर्नेतर्फ लगाउने अपेक्षा गर्दछ। मतदाताहरुले आफ्ना प्रतिनिधिहरुमाथि देखाएको विश्वास परिणाममा प्रदर्शित गर्नुपर्ने जिम्मेवारीसँगै आएको छ। नेपालका सबै नागरिक, र विशेषगरी कुनै पनि सिटमा विजय प्राप्त गर्न नसके पनि परिणामलाई स्वीकार गर्ने उम्मेदवार तथा दलहरु बधाइका पात्र छन्।

निर्वाचनको तयारी र सञ्चालन सन् २००८ को भन्दा परिष्कृत भएको स्पष्ट देखियो। सन् २००८ को निर्वाचन शान्ति प्रक्रियामा एक महत्वपूर्ण उपलब्धि भए पनि उच्च हिंसा र अन्य समस्याले त्यसलाई भताभुङ्ग पारिदिएको थियो। सन् २०१३ को निर्वाचन तुलनात्मक रुपमा बढी शान्तिपूर्ण र सुसञ्चालित थियो, र समग्रमा यो मौलिक लोकतान्त्रिक निर्वाचनका सम्बन्धमा नेपालका अन्तर्राष्ट्रिय दायित्वहरुलाई पालना गर्ने गम्भीर प्रयासको रुपमा प्रकट भयो। अपितु, कार्टर सेन्टरको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोगले आगामी निर्वाचनहरुले नेपालका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुको पूर्ण पालना गर्ने सन्दर्भमा सुधार गर्नुपर्ने थप क्षेत्रहरुको पहिचान गरेको छ।

## निष्कर्ष

### कानूनी खाका

समग्रमा, नेपालले सन् २०१३ को निर्वाचनका लागि कानूनी खाकाहरु यथेष्ट रहेको सुनिश्चित गर्नुपर्ने दायित्वलाई सामान्यतः पूरा गऱ्यो। तथापि, राष्ट्रपतीय अध्यादेशद्वारा निर्वाचनको मुख्य कानून पारित गर्नु संविधानसभा विघटन भएको परिस्थितिमा बाध्यात्मक भए पनि यो जनताद्वारा निर्वाचित प्रतिनिधिहरुको मतबाट निर्माण हुनुपर्ने लोकतान्त्रिक अभ्यासभन्दा बाहिर गएर स्वीकार गरिएको थियो। सन् २००८ मा भएको संविधानसभा निर्वाचनको समयदेखि नै कानूनमा लगभग कुनै परिवर्तन भएको छैन, र नयाँ संविधान जारी भैसकेपछि निर्वाचकीय कानूनमा उल्लेख्य सुधार गर्नु आवश्यक हुनेछ। धेरै संख्याका कानून, निर्देशिका, नियमावली तथा आचारसंहितालगायतका कानूनी खाकाको जटिलताले कहिलेकाहीं सरोकारवालाहरुलाई तिनको अर्थ लगाउन असहज भयो।

कानूनी खाकामा सुधारको आवश्यकता भएका अन्य क्षेत्रहरुमा निर्वाचकीय प्रणालीका तत्वहरु, प्रत्यक्ष तर्फका

> *निर्वाचनले पाँचवर्ष सम्म थाँती रहेका छलफल र राजनीतिक द्वन्द्वपश्चात् नेपाली जनतालाई आफ्नो इच्छा व्यक्त गर्ने अवसर प्रदान गऱ्यो ।*

निर्वाचन क्षेत्रका सिमाना निर्धारण, मतदाता दर्ता योग्यता, उम्मेदवारीका अधिकार, पर्यवेक्षकका अधिकार, प्रचारप्रसार खर्च नियमावली, निर्वाचनको दिनका नियमहरुमा रिक्तता तथा निर्वाचनपछि हुने उम्मेदवारहरुको मनोनयनको प्रावधानहरु रहेका छन्। निर्वाचनका सहभागीहरुका लागि बाध्यात्मक आचारसंहितामा विशेषगरी प्रचारप्रसारको अवधिमा राज्यको साधनस्रोतको दुरुपयोग रोक्ने र महिला अधिकारको सम्बर्द्धनलगायतका सम्बन्धमा केही सकारात्मक मापकहरु थिए, तर आवश्यक भएको खण्डमा मात्र स्वतन्त्रतामाथि बन्देज लगाउन पाइने नेपालको प्रतिज्ञाका वाबजुद दल तथा उम्मेदवारका प्रचारप्रसार गतिविधिलाई नियमन गर्ने केही प्रावधानहरु बढी नै कठोर थिए।

माथि उल्लेखित बुँदाहरुलाई आगामी निर्वाचनअघि नै सम्बोधन गर्नका लागि कार्टर सेन्टर सन् २०१३ को निर्वाचनका अनुभवहरुको जगमा निर्वाचकीय सुधारलाई अझ सुदृढ बनाउँदै लैजान सुझाव व्यक्त गर्दछ।

### निर्वाचकीय प्रणाली

वर्तमान निर्वाचकीय प्रणालीले नेपालका लोकतान्त्रिक संस्थाहरुमा सहभागितालाई व्यापक बनाएको छ । नयाँ संविधानले केही परिवर्तन ल्याउन सक्छ जसका लागि निर्वाचकीय प्रणालीमा संशोधन गर्नुपर्छ । यस सन्दर्भमा, कार्टर सेन्टर त्यस्ता कुनै पनि परिवर्तनले महिला, आदिवासी समूह, अल्पसंख्यक तथा अन्य समूहहरुको सहभागितालाई प्रबर्द्धन गर्न यसअघि नै भएका सुधारहरुलाई अझ संरक्षित र विस्तारित बनाउने अपेक्षा गर्दछ । तथापि, वर्तमान प्रणालीका केही पक्षहरु लोकतान्त्रिक सिद्धान्तअनुरुप छैनन् । तिनमा (क) राजनीतिक दलहरुले निर्वाचनको दिनपछि आफ्ना समानुपातिक प्रतिनिधित्वका श्रेणीहीन सूचीहरुबाट जनादेश पाउने उम्मेदवारहरुको नाम छान्ने प्रावधान (ख) संविधानसभाका २६ सदस्यहरुको मनोनयन मन्त्रीपरिषद्ले गर्ने प्रावधानलगायत विशेष छन् । कार्टर सेन्टर नयाँ संविधानअन्तर्गतको निर्वाचकीय प्रणालीले कम्तीमा एउटा सदनका सबै सभासदहरु जनमतद्वारा निर्वाचित हुने सुनिश्चित गर्ने अपेक्षा गर्दछ । समानुपातिक सूचीहरुको प्रयोग गर्ने व्यवस्था भएको स्थितिमा निर्वाचनको दिनपछि दलहरुलाई जनादेश पाउने उम्मेदवार छान्ने सुविधा दिइनु हुँदैन ।

### निर्वाचन व्यवस्थापन

राजनीतिक संकट, केही राजनीतिक दलहरुद्वारा गरिएको बहिष्कार तथा निर्वाचन हुन्छ कि हुँदैन भन्नेसम्बन्धमा व्याप्त अन्यौलको वाबजुद निर्वाचन आयोगले योजना निर्माण, तयारी र विश्वसनीय निर्वाचन सम्पन्न गर्ने सराहनीय काम गऱ्यो । निर्वाचनपूर्वको समयमा मतदाता परिचय पत्रको ढिलो वितरणले भने केही चिन्ता जगाए पनि अधिकांश सरोकारवालाहरु निर्वाचनको तयारीप्रति सन्तुष्ट थिए । तथापि, मतपत्र मुद्रणको पर्यवेक्षण गर्न नदिने आयोगको निर्णय प्रक्रियाप्रति विश्वास प्रबर्द्धन गर्ने सन्दर्भमा एक गुमेको अवसर थियो । आयोगसँग हाल ताजा सफलताको ठोस जग निर्माण भएको । आयोगले आगामी निर्वाचनहरुका लागि निर्वाचनका नियमहरुमा स्पष्टता ल्याउन, मतदाता शिक्षा, पहुँच विस्तार र मतदान तथा गणना कर्मचारीहरुको प्रशिक्षणमा सुधार ल्याउन, उजुरी संयन्त्रको प्रभाव विस्तार गर्न, महिला निर्वाचन अधिकृतहरुको संख्या वृद्धि गर्न तथा आयोगकै निर्णय कार्यमा पारदर्शिता बढाउनका लागि नियमावलीहरुमा सुधार ल्याउनुपर्छ ।

### निर्वाचन क्षेत्र सीमा निर्धारण

नेपालका प्रशासकीय जिल्लाहरुमा निर्वाचन क्षेत्रहरुको वितरण र हरेक निर्वाचन क्षेत्रको मतदाता संख्याले जनगणनाद्वारा निर्धारित जनसंख्यालाई प्रतिविम्बित गर्ने सुनिश्चित गर्नका लागि अन्तरिम संविधानले प्रत्यक्षतर्फका सीमाहरु निर्धारण गर्न सक्ने अधिकार प्रदान गरेको छ । सन् २०११ को जनगणनापश्चात् संविधानसभाका सीमाहरुमा हेरफेर गर्नुपर्ने भए पनि अन्तरिम संविधानमा सीमा निर्धारणका सम्बन्धमा उल्लेख भएका विरोधाभाषपूर्ण प्रावधानहरुका कारण निर्वाचन क्षेत्र निर्धारण आयोगले जिल्लाहरुमा निर्वाचन क्षेत्रहरुको पुनः निर्धारण गर्न सकेन जसले गर्दा तराई क्षेत्रको केही न्यून प्रतिनिधित्व हुने भयो । आयोगले जिल्लाभित्रकै निर्वाचन क्षेत्रका सीमाहरुलाई पनि हेरफेर गरेन । फलस्वरुप जिल्ला भित्रकै केही निर्वाचन क्षेत्रमा अर्को निर्वाचन क्षेत्रको भन्दा उच्च जनसंख्या हुन पुग्यो जसले मतदानको समानतालाई प्रभावित पाऱ्यो । निर्वाचन क्षेत्रका सीमा निर्धारण गर्ने सम्बन्धमा रहेका संवैधानिक प्रावधानहरुको पुनरावलोकन गरिनुपर्छ र निर्वाचन क्षेत्रका जनसंख्या सकेसम्म समान हुन् भन्ने सुनिश्चित गर्नका लागि आगामी निर्वाचनअघि नै पछिल्लो जनगणनाको तथ्यांकमा आधारित रही निर्वाचन क्षेत्रका सिमानाहरुमा हेरफेर गरिनुपर्छ ।

### मतदाता दर्ता

मतदाता दर्ता कार्यक्रमले नेपालका अन्तर्राष्ट्रिय दायित्वहरु पूरा गर्ने सन्दर्भमा महत्वपूर्ण कदमहरु चाल्यो । नयाँ बायोमेट्रिक मतदाता दर्ता सन् २००८ को निर्वाचनपछिको एक प्रमुख सुधार थियो र सरोकारवालाहरुलाई मतदाता सूचीमा समावेश भएकाहरु मतदानका लागि योग्य रहेको र निर्वाचनको दिन मतदाताहरुलाई सहजै पहिचान गर्न सकिने विश्वास भएको थियो । यो विश्वासलाई शुद्धता जाँच गर्न चाहने दल वा अन्य सरोकारवालाहरुलाई दर्ता किताब हेर्ने अवसर दिएर झन् सम्वर्द्धन गरियो ।

तथापि, अन्तर्राष्ट्रिय दायित्वहरुको पूर्ण पालना भएको भनिहाल्नु अघि मतदाता दर्ताका सम्बन्धमा सम्बोधन गरिनुपर्ने कैयौं मुद्दाहरु छन् । मतदाता दर्ता किताबमा निर्वाचन आयोगले प्रारम्भमा गरेको अनुमानभन्दा कम र सन् २०११ को जनगणनाले देखाएको योग्य मतदाताको सम्भाव्य संख्याभन्दा झन् कम मतदाता छन् । नेपलभित्रैका बासिन्दाहरुमध्ये दर्ता नगराउनेहरुको परिमाण निर्धारण गर्न, दर्ता नगर्नुको कारण जान्न तथा दर्ता किताबको प्राविधिक शुद्धताको जाँच गर्नका लागि त्यसको अडिट गरिएन । योग्यताको प्रावधानका कारणले गर्दा नागरिकता प्रमाणपत्र नभएका केही विवाहित महिला तथा पिछडिएका जनताहरुलाई दर्ता हुन असहज भएको छ । नेपालबाहिर अस्थायी बसोबास गर्ने नागरिकहरु दर्ता गर्न समर्थ भएका छैनन् र नेपालभित्रै बसाइसराई गरेका नागरिकहरुका लागि आफ्नो वास्तविक बसोबासस्थलकै लागि दर्ता गर्न असहज भएको छ ।

अन्त्यमा, नागरिकतासम्बन्धी नियमहरुले गर्दा नेपालमा बसोबास गर्ने उल्लेख्य संख्याका जनताहरुलाई नागरिक भएको प्रमाण पेश गर्न असहज बनाएको छ र त्यसकारण उनीहरु दर्ता गर्नका लागि योग्य ठहरिएका छैनन् । कार्टर सेन्टर सरकार, संविधानसभा तथा निर्वाचन आयोगलाई पूर्ण समावेशी मतदाता दर्ताका निम्ति आवश्यक कदमहरु चाल्न सुझाव व्यक्त गर्दछ । यसमा मतदाता दर्ता अभिलेखको परीक्षण, सबै वयस्क

डेभोरा ह्याक्स



एकजना मतदान कर्मचारी गणनाको दौरान काठमाडौंमा दलका प्रतिनिधिहरुलाई चिन्ह लगाइएको मतपत्र देखाउँदै ।

नागरिकहरुलाई समावेश गर्न मतदाता दर्ताको विस्तारको कदम, विशेषतः विवाहित महिलालगायतका नागरिकताको प्रमाणपत्र नभएका जनताहरुले त्यस्तो कागजपत्र पाउने सुनिश्चित गर्न सक्रिय उपायहरु अपनाउनु आवश्यक छ ।

**मतदाता शिक्षा**

निर्वाचन आयोगले राष्ट्रिय तहमा आमसञ्चारका माध्यमहरुको प्रयोगका साथसाथै लगभग १५,००० मतदाता शिक्षा स्वयंसेवकहरुको परिचालनद्वारा मतदाता शिक्षाका लागि सघन प्रयास गऱ्यो । निर्वाचनको अवधिमा परेका बिदाहरुले यी प्रयासहरु केही प्रभावित भएका थिए तर धेरै स्थानहरुमा स्थानीय भाषाका सामग्रीहरु निर्माण नभएको वा उपलब्ध नभएको कारणले पनि सिमित भएका थिए । मतदाताहरु मतदान गर्नका लागि फोटो सहितको परिचयपत्र चाहिन्छ भन्ने कुरामा जानकार देखिए, तथापि बदर मतको प्रतिशत उच्च नै रह्यो जुन सन् २००८ को भन्दा थोरैले मात्र घट्यो । यसले उल्लेख्य संख्याका मतदाताहरु मतदानका सम्बन्धमा आधारभूत पद्धतिहरुबारे अझै अनभिज्ञ रहेको संकेत गर्छ र त्यो हिसाबमा संविधानसभामा आफ्ना प्रतिनिधिहरु छनौट गरेको व्यक्त गर्ने उनीहरुको सामर्थ्य सीमित बन्न पुग्यो । त्यस्ता मुद्दाहरुको सम्बोधन गर्नका लागि मतदाता तथा सामाजिक शिक्षा दीर्घकालीन रुपमा सञ्चालन गर्न र मतदाता शिक्षा स्वयंसेवकहरुलाई आगामी निर्वाचनअघि नै प्रशिक्षण दिलाउन कार्टर सेन्टर सुझाव व्यक्त गर्दछ । कुनै पनि सञ्चारमाध्यमका लागि निर्माण हुने मतदाता शिक्षा सामग्रीहरुले अल्पसंख्यक भाषाहरुलाई अझ बढी समेट्नुपर्छ ।

**उम्मेदवार तथा राजनीतिक दलहरूको दर्ता**

दल तथा उम्मेदवारहरुको दर्ता समावेशी थियो र त्यसले मतदाताहरुलाई लागि व्यापक छनौटको सुविधा प्रदान गऱ्यो । दर्ता प्रक्रियाले नेपालको नागरिकहरुको निर्वाचनमा खडा हुन पाउने अधिकार सुनिश्चित गर्ने दायित्वहरुलाई सामान्यतः पूरा गऱ्यो । तथापि, समानुपातिक उम्मेदवारका सूचीहरुको दर्ताको समयसीमा निर्वाचनको दिनभन्दा धेरै नजिकै राखिएको थियो, जसले गर्दा मतदाताहरुलाई आफ्ना उम्मेदवारहरुसँग परिचित हुनका लागि थोरै मात्र समय बाँकी रह्यो । दलहरुले समानुपातिक प्रतिनिधित्वका सूचीहरुमा महिलाहरुको लागि छुट्याइएको ५० प्रतिशतको कोटाको पालना गरे तर प्रत्यक्षतर्फको उम्मेदवारीमा महिलाहरुको संख्या कम थियो । दुर्भाग्यवशः सबै दलले कूल उम्मेदवारहरुमध्ये कम्तीमा एक तिहाइ महिला हुनुपर्ने कानूनी प्रावधानको पालना गरेनन् ।

उम्मेदवारीका लागि आवश्यक केही योग्यता, विशेषतः राज्यद्वारा नियुक्त व्यक्तिको उम्मेदवारीबारेका प्रावधानलाई संशोधित गरिनुपर्छ र राज्यद्वारा नियुक्त रुची बाझिनेसम्भावना

रहेका पदहरुमा रहेका व्यक्तिका हकमा मात्र ती बन्देजहरु लगाइनुपर्छ, समानुपातिक प्रतिनिधित्वका उम्मेदवारहरुका सूचीहरुलाई पूर्णता दिने समयसीमा प्रक्रियामा अघिबाटै राखिनुपर्छ ताकि मतदाताहरुलाई उम्मेदवारहरुसँग परिचित हुने अवसर मिलोस्, र उम्मेदवारीका लागि महिला कोटाको कार्यान्वयनका प्रावधानहरुलाई सुधार्नुपर्छ ।

### निर्वाचन प्रचारप्रसार

प्रचारप्रसार वातावरण समग्रमा खुला रहेको पाइएको थियो र छिटपुट झडपहरुका वाबजुद अधिकांशतः राजनीतिक दलहरु मतदाताहरुसमक्ष निर्धक्क पुग्न र आफ्ना सन्देशहरु प्रवाह गर्न पाइरहेका थिए । सामान्यतः, प्रचारप्रसार वातावरणमा सन् २००८ को तुलनामा उल्लेख्य रुपमा सुधार भएको थियो । आचारसंहिताका उल्लंघनहरुलाई नियन्त्रण गर्न कडा कदम नचालेको भन्दै निर्वाचन आयोगको आलोचना गरिएको भए पनि जानकारीमा आएका धेरै उल्लंघनहरु अपेक्षाकृत सामान्यः थिए । तथापि, प्रतिस्पर्धी दलका समर्थकहरुको संलग्नतामा तोडफोड, प्रचारप्रसार गतिविधिमा अवरोध, झगडा र गम्भीर आक्रमणलगायत केही गम्भीर घटनाहरु पनि भएका थिए ।

निर्वाचनको दिन नजिकिँदै गर्दा प्रचारप्रसारलाई छायाँमा पार्दै गएको चुनाव विरोधी दलहरुको गतिविधिको उत्कर्षमा १० दिने देशव्यापी हड्ताल भयो । हड्तालको दौरानमा बहिष्कार गरिरहेका दलहरुले हिंसा र त्रासको शैली अपनाए र रणनीतिक स्थानहरुमा विष्फोटक सामग्रीहरु राखियो । हड्तालको अवज्ञा गर्ने बस तथा ट्रकहरु आगजनीको निशानामा परे । त्यस्ता घटनाहरुमा धेरै घाइते र कम्तीमा एकजनाको ज्यान गयो र ती विशेषगरी मतदान गर्नका लागि आफ्ना गृह जिल्लातर्फ फर्किरहेकानागरिकहरुमा त्रास जगाउन र मतदान संख्या घटाउन लक्षित थिए । भविष्यमा आचारसंहिताको गम्भीर उल्लंघनका लागि जरिवाना गरिने सुनिश्चित गर्नका लागि कार्टर सेन्टर निर्वाचन आयोगको अनुगमन संयन्त्रहरुको पुनरावलोकन गर्ने सुझाव व्यक्त गर्दछ ।

प्रचारप्रसारको स्रोतको विषय प्रचारप्रसारको सम्बन्धमा सबैभन्दा कमजोरमध्ये एक रहेको पुष्टि भयो । आचारसंहितामा खर्चको सीमा निर्धारण र निर्वाचनपछि सबै उम्मेदवारहरुले खर्चको विवरण पेश गर्नुपर्ने प्रावधान भए पनि कानूनी खाकाले उम्मेदवार तथा दलहरुलाई व्यवहारमा तोकिएको सीमाको उल्लंघन गर्न सजिलो भएको थियो र खर्चको स्रोत घोषणा गर्नुपर्ने प्रावधान थिएन । मतदाताहरुलाई नगद वा समान प्रकारका प्रलोभनहरु दिइएका दृष्टान्तहरु पनि पर्यवेक्षण गरिए । कार्टर सेन्टर आगामी निर्वाचनहरुका लागि अझ कडा प्रचारप्रसार खर्च नियमन र मत खरिदलाई रोक्ने कार्यलाई सुधारको प्राथमिक क्षेत्रहरु बनाउन सुझाव व्यक्त गर्दछ । यसमा प्रचारप्रसार खर्चमा पारदर्शिता वृद्धि सुनिश्चित गर्न प्रचारप्रसार खर्च नियमावलीलाई सशक्त बनाउने, प्रचारप्रसार खर्चको यथार्थपरक सीमा तोक्ने र निर्वाचन आयोगको कार्यान्वयन क्षमतामा वृद्धि गर्ने लगायत छन् ।

### नागरिक पर्यवेक्षण

निर्वाचनअघि, निर्वाचनको दिन र निर्वाचनपछिका लागि नागरिक समाज संगठनहरुद्वारा ठूलो संख्यामा पर्यवेक्षकहरु खटाइएका थिए । यी नागरिक पर्यवेक्षकहरु व्यवहारतः प्रक्रियाका अधिकांश पक्षहरुको पर्यवेक्षण गर्न सक्षम थिए र उनीहरुको प्रयासले पारदर्शिता बढाउने र निर्वाचनको समग्रताप्रति जनविश्वास वृद्धि गर्ने कार्यमा सकारात्मक योगदान पुऱ्यायो । तथापि, कानूनले पर्यवेक्षकहरुको अधिकारलाई स्पष्ट परिभाषित गरेको छैन र निर्वाचन अधिकारीहरुले उनीहरुको पहुँच अस्वीकार गरेएका दृष्टान्तहरु पनि देखिए । पर्यवेक्षकहरुको मनोनयनका सम्बन्धमा निर्वाचन आयोगका नियमहरु बढी नै कठोर थिए, यद्यपि एक नागरिक पर्यवेक्षण समूहले एउटा मुद्दा दायर गरेपछि सर्वाधिक कठोरमध्ये एउटा नियमलाई खारेज गरिएको थियो । पारदर्शिता वृद्धि गर्नका लागि पर्यवेक्षकहरुलाई राष्ट्रिय तथा स्थानीय तहमा हुने निर्वाचन अधिकारीका बैठकहरु, मतपत्रको छपाइ, मतदान तथा गणनालगायत निर्वाचन प्रक्रियाका सबै पक्षहरुको पहुँच सुनिश्चित गर्न कार्टर सेन्टर सुझाव व्यक्त गर्दछ । तत्पश्चात्, नागरिक पर्यवेक्षक हुनका लागि आवश्यक मापदण्डलाई मतदाता हुनका लागि आवश्यक योग्यताकै अनुरुप बनाइनुपर्छ ।

### मतदान र गणना

नेपालले मतदान तथा गणना प्रक्रियाको निष्ठा सुनिश्चित गर्ने सन्दर्भमा आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरुको पालना गऱ्यो । सेन्टरका पर्यवेक्षकहरुले भ्रमण गरेका ९० प्रतिशत जति मतदान केन्द्रहरुमा डरधम्की वा त्रासबाट मुक्त शान्तिपूर्ण वातावरण, मतदाताको पहिचान जाँच गर्ने समान अभ्यास, मतदान कर्मचारीहरुको निष्पक्षता तथा आवश्यक सामग्रीहरुको उपलब्धतालाई उल्लेख गर्दै मतदानको सकारात्मक मूल्यांकन गरेका थिए । नयाँ मतदाता सूचीले मतदानको सहज सञ्चालनमा सघाउ पुऱ्यायो र अधिकांश स्थानहरुमा दल तथा उम्मेदवारका प्रतिनिधि तथा नागरिक पर्यवेक्षकहरुको उपस्थितिले पारदर्शिता सुनिश्चित गरेको थियो । आयोगका अनुसार देशव्यापी मतदान ७८.३४ प्रतिशत थियो ।

तथापि, केही मतदान केन्द्रहरुमा मतको गोप्यता सुनिश्चित गर्ने र कानून तथा आयोगका नियमावलीहरुले स्थापित गरेका, विशेषगरी सम्भाव्य बहु मतदानका बिरूद्ध मतदाताका औंलाहरुमा मसी लगाउनेजस्ता पद्धतिहरु अनुसरण गर्ने सम्बन्धमा केही समस्याहरु पनि देखिएका थिए । केही निर्वाचन क्षेत्रहरुमा "बुथ कब्जा" को संकेत देखियो, जसमा एक दल/उम्मेदवारका समर्थकहरुले मतदान केन्द्रमाथि कब्जा गर्छन् र मतदानको निष्ठामा सम्झौता गरिन्छ । निर्वाचन आयोगले बहिष्कार गरिरहेका दलहरुद्वारा निर्वाचन विथोल्ने प्रयासहरुसँग

सम्बन्धित छिटपुट सुरक्षा घटनाहरु पनि भएको जानकारी दियो, जसमध्ये विष्फोटक सामग्री पड्किँदा एकजना बालक गम्भीर घाइते भएको लगायत उम्मेदवार तथा दलका समर्थकहरुबीच भएका झडपहरु पनि थिए ।

पर्यवेक्षण गरिएका केही गणना केन्द्रहरुमा गणना प्रक्रियाहरुको समान अनुसरण गरिएको थिएन र केही मामिलामा, सर्वदलीय बैठकहरुमा भएका सहमतिहरुले गणना पद्धतिलाई कानूनी मार्गबाट अलग बनाएको देखियो । अपितु, गणना प्रक्रियाको समग्रता भने प्रभावित भएको देखिएन । बदर मतहरुको संख्या उच्च थियो, विशेष गरी प्रत्यक्ष तर्फका ४.९६ प्रतिशत मतपत्रहरु बदर भएका थिए । एनेकपा(माओवादी) लगायतका केही दलहरुले मतपेटिकाहरु गणना केन्द्रतर्फ ढुवानी हुने क्रममा व्यापक धाँधली भएको आरोप लगाउँदै आफ्ना पर्यवेक्षक र प्रतिनिधिहरुलाई गणना केन्द्रहरुबाट फिर्ता बोलाए ।

कार्टर सेन्टरले मतदान तथा गणनाका विद्यमान पद्धतिहरुलाई सशक्त बनाउनका लागि केही सुझावहरु प्रदान गरेको छ । तिनमा बहु मतदानको सम्भावनाबाट रोक्न मतदाताहरुको औंलामा नमेटिने मसीको व्यवस्थित जाँच, मतपत्रहरुमा दल तथा उम्मेदवारहरुको नाम समावेश, बिग्रेका मतपत्रहरुका सम्बन्धमा पद्धति विकास र एकनासले गणना हुने सुनिश्चित गर्नका लागि गणना पद्धतिहरु समयमै र अझ विस्तृत बनाउनेलगायत छन् । बदर मतको संख्या उच्च हुनुका कारणहरु बुझ्न आगामी निर्वाचनभन्दा अघि नै समीक्षा गरिनुपर्छ र मतदाता शिक्षा वा मतपत्रहरुमा छाप लगाउने पद्धतिमा परिवर्तन वा अन्य माध्यमहरुमार्फत बदर मतहरुको दर घटाउन आवश्यक कदमहरु चाल्नुपर्छ ।

**तालिकीकरण र परिणामहरूको घोषणा**

गणना प्रक्रियाबाट एनेकपा(माओवादी) र विभिन्न मधेश-आधारित दलहरुका प्रतिनिधिहरु बाहिरए पनि प्रारम्भिक परिणामहरु २८ नोभेम्बर २०१४ सम्ममा निश्चित भैसकेका थिए । निर्वाचन आयोगले समानुपातिक प्रतिनिधित्वका बन्द सूचीहरुबाट छनौट हुने उम्मेदवारहरुको नाम पेश गर्नका लागि तीन पटक सम्म समयसीमा थप गर्‍यो । कैयौं दलहरुमा छनौट प्रक्रिया र काम गर्ने तौरतरिकामा नेतृत्वले देखाएको व्यवहारले उल्लेख्य आन्तरिक असन्तोष सिर्जना गर्‍यो जसले यो प्रावधानमा सुधार ल्याउनुपर्ने आवश्यकतालाई बल पुर्‍याएको छ । केही दलहरुले उम्मेदवार छनौटको प्रक्रियालाई राजनीतिक मोलमोलाइमा आफ्नो पक्ष बलियो पार्ने माध्यम बनाएकोमा कार्टर सेन्टर खेद व्यक्त गर्दछ । त्यस्ता मामिलाहरुले दलहरुलाई निर्वाचनपछि कुन उम्मेदवारलाई जनादेश दिने भन्ने छान्ने अधिकार दिनुहुँदैन भन्ने कार्टर सेन्टरको सुझावको महत्व स्थापित गर्दछन् ।

डेभोरा ह्यास्स



निर्वाचन आयोगका कर्मचारीहरु गणना केन्द्रको भूइँमा मतपत्रहरु मिलाउँदै ।

### निर्वाचनसम्बन्धी विवाद समाधान

अधिकांश सन्दर्भमा, नेपालले अधिकार उल्लंघनका विरूद्ध प्रभावकारी उपचार प्रदान गर्ने र निर्वाचनका उजुरीहरु सम्बोधन गर्नका लागि पर्याप्त ठाउँहरु भएको सुनिश्चित गर्ने सन्दर्भमा आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरुलाई सम्बोधन गर्ने राम्रो प्रयास गरेको देखिएको छ । तथापि, कानूनमा भएको स्पष्टताको अभावका कारण दल तथा उम्मेदवारहरुलाई कुन निकायमा जाने भन्ने सम्बन्धमा कहिलेकाहीं अन्यौलग्रस्त बनाएको थियो । प्रचारप्रसारमा भएका उल्लंघनसम्बन्धी उजुरीहरुमाथि प्रायः सामान्य कारवाही र चेतावनी मात्र जारी गरिएको थियो । उम्मेदवारी दर्ताका सम्बन्धमा परेका उजुरीहरुको सम्बोधन गर्नमा भने आयोग बढी कडा रुपमा प्रस्तुत भयो ।

निर्वाचनको दिनका सम्बन्धमा परेका उजुरीहरुको हकमा आयोगले ती उजुरीहरुमाथि कुनै छानवीन गरेन बरू निर्वाचन अधिकारीहरुलाई उनीहरुले ती आरोपहरुको पुष्टि गर्छन् वा गर्दैनन् भन्ने सोध्न मात्र सिमित रह्यो । आयोगका निर्णयबाट सन्तुष्ट नहुने उजुरीकर्ताहरुलाई संविधानसभा अदालतमा रिट दायर गर्न सुझाइयो । उजुरीकर्ताहरुलाई लिखित निर्णय प्रदान गरेर वा निर्णयको आधार बताएर आयोगका पद्धतिहरुको पारदर्शितालाई सुधार गर्न सकिन्छ ।

संविधानसभा अदालतमा सुनुवाइहरु अझै पनि जारी छन् र ती सुनुवाइहरुलाई अहिले नै निष्कर्षात्मक मूल्यांकन गर्न सकिँदैन । तथापि, अदालतले उजुरीहरुमाथि निर्णय गर्ने समयसीमा तोकिएको नहुनाले त्यहाँ परेका मुद्दाहरुको निर्णय संविधानसभाको समयावधीभरिमा जहिले पनि हुनसक्ने सम्भावना रहन्छ । यसले प्रभावकारी र समयमै उपचारको अधिकारलाई कमजोर बनाउँछ किनभने विधिसम्मत निर्वाचित उम्मेदवारहरु समयमै सभामा बस्न पाउँदैनन् । कार्टर सेन्टर उजुरीकर्ताहरुले प्रभावकारी उपचार पाउने सुनिश्चित गर्न निर्वाचनपश्चात्का उजुरीहरुबारे निर्णय गर्ने अझ शीघ्र प्रणाली स्थापना गर्ने सुझाव व्यक्त गर्दछ ।

### महिला तथा उपेक्षित समुदायहरू

महिला, आदिवासी तथा अन्य समुदायका सदस्यको न्यूनतम प्रतिनिधित्वका लागि आरक्षणको कानूनी प्रावधान राजनीतिक प्रतिनिधित्वमा समावेशिता प्रबर्द्धन गर्नेतर्फ सकारात्मक कदमहरु हुन् जसले हरेक नागरिकको सार्वजनिक मामिलामा सहभागी हुने सामर्थ्य सुनिश्चित गर्ने र भेदभाव वा सहभागिताको अवसरको अभावको अन्त्यका हकमा सकारात्मक व्यवहारिक उपायहरु अबलम्बन गर्ने सन्दर्भमा नेपालको अन्तर्राष्ट्रिय दायित्वलाई पनि केही मात्रामा पुरा गरेका छन् ।

राजनीतिक दल तथा दलीय संरचनाहरुभित्र महिलाहरु निकै सक्रिय थिए, तर नेतृत्वका माथिल्ला पदहरु वा प्रत्यक्षतर्फको उम्मेदवारीमा उनीहरुको सहभागिता सीमित थियो (प्रत्यक्ष उम्मेदवारहरुमध्ये १०.८ प्रतिशत मात्र महिला थिए) । यसबाहेक, देशभरिका जिल्लाहरुमा मतदाता शिक्षा स्वयंसेवकहरुमा महिलाहरुको सहभागिता उच्च रहे पनि अधिकांश जिल्ला निर्वाचन कार्यालयमा महिला कर्मचारीहरुको संख्या कमै थियो र भएकाहरु पनि प्रायः कनिष्ठ पदहरुमा थिए । निर्वाचन आयोगको सचिवालयका उच्च पदहरु, जिल्ला निर्वाचन अधिकारी तथा निर्वाचन अधिकृतजस्दा पदहरुमा महिलाहरुको संख्या बढाउने प्रयास गरिनुपर्छ ।

निर्वाचनको प्रक्रियामा जातीय, वर्गीय तथा ऐतिहासिक रुपमा पिछडिएका समुदायहरुको सहभागिताको अवस्था झन् पेचिलो छ । निश्चित आदिवासी समुदायको संख्यात्मक शक्ति बढी भएका केही जिल्लाहरुमा प्रत्यक्षतर्फको उम्मेदवारीमा ती समुदायले राम्रो प्रतिनिधित्व पाएको सेन्टरले पायो । यस विपरीत, प्रत्यक्षतर्फको उम्मेदवारीमा दलितहरुको सहभागिता समग्रमा न्यून रहनु खेदपूर्ण छ ।

समानुपातिक कोटाको प्रावधानका कारणले गर्दा यो संविधानसभा दक्षिण एशियाकै सबैभन्दा समावेशी वैधानिक निकाय बन्न सकेको छ, तर यो सन् २००८ को निर्वाचित सभा भन्दा थोरैले कम छ । विशेषगरी, निर्दिष्ट कानूनी प्रावधान नभएको हुनाले प्रत्यक्षतर्फको उम्मेदवार तथा विजयी हुने दुवैमा महिला र उपेक्षित समुदायको सहभागितामा आएको कमीले सामाजिक समावेशिताको लक्ष्य हासिल गर्न अल्पकालीन विशिष्ट उपायहरुको निरन्तरताका साथसाथै दलका भित्री संरचनाहरुलाई पनि लोकतन्त्रीकरण गरिनुपर्ने आवश्यकता औंल्याएको छ । राजनीतिक दलभित्रका निर्णयप्रक्रियाहरुमा महिला, दलित तथा अन्य उपेक्षित समुदायका सदस्यहरुको सहभागितालाई सशक्त बनाउन अग्रगामी कदम चालिनुपर्छ र समानुपातिक प्रतिनिधित्वभन्दा बाहेक निर्वाचित हुने महिला र दलितहरुका लागि लक्षित संख्या निर्धारण गर्नेतर्फ ध्यान दिइनुपर्छ । नयाँ संविधान निर्माण हुँदै गरेको समय समावेशी नीतिहरुलाई थप परिष्कृत गर्ने र निर्वाचित निकायहरुमा समान सहभागिता सुनिश्चित गर्ने अवसर पनि हो । यसबाहेक, नागरिक समाजले पनि पहुँच विस्तार, उनीहरुका मुद्दालाई सशक्त बनाउने पहल तथा प्रशिक्षण कार्यक्रमहरुमार्फत ऐतिहासिक रुपमा उपेक्षित समुदायहरुको सामाजिक समावेशितालाई सशक्त बनाउनुपर्छ ।

## सुझावहरू

आगामी निर्वाचनहरुका लागि कार्टर सेन्टर निम्न सुझावहरु व्यक्त गर्दछः

### नेपाल सरकार तथा संविधानसभाका लागि

*निर्वाचन प्रणालीमा सुधार ल्याइनुपर्छ*

- नयाँ संविधानअन्तर्गतको निर्वाचन प्रणालीले कम्तीमा एउटा संसदका सबै सदस्यहरु जनमतद्वारा नै निर्वाचित हुने सुनिश्चित गर्नुपर्छ । समानुपातिक सूचीहरुको प्रयोग

गरिएको अवस्थामा दलहरुलाई निर्वाचनको दिनभन्दा पछि जनादेश पाउने उम्मेदवारको छनौट गर्ने अवसर दिइनु हुँदैन ।

*समान मताधिकार सुनिश्चित गर्नका लागि निर्वाचन क्षेत्रका सीमाहरुको पुनर्निर्धारण गरिनुपर्छ*

- निर्वाचन क्षेत्रका जनसंख्याका आकारहरु सकेसम्म समान भएको सुनिश्चित गर्नका लागि आगामी निर्वाचनभन्दा पर्याप्त समय अगावै सन् २०११ को जनगणनाको तथ्यांकमा आधारित भै निर्वाचन क्षेत्रका सीमाहरु मिलान गरिनुपर्छ ।

*सबै निर्वाचित समितिहरुमा लैंगिक समानता सुनिश्चित गरिनुपर्छ*

- नयाँ संविधान निर्माणका क्रममा संविधानसभाले हरेक तहका निर्वाचित समितिहरुमा महिला र पुरूषको समानता सुनिश्चित गर्न ध्यान पुऱ्याउनुपर्छ ।

*नागरिकताको प्रमाणको प्रावधानलाई सम्बोधन गरिनुपर्छ*

- विवाहित महिला, आदिवासी जनता, भूमिहीन तथा अन्य कमजोर तहका जनतालाई दर्ता गर्न अप्ठ्यारो हुने गरी कुनै पनि समस्याको सामना गर्नु नपर्ने सुनिश्चित गर्नका लागि नागरिकता तथा मतदाता दर्तासम्बन्धी कानूनहरुको पुनरावलोकन गर्नुपर्छ । नेपालमा लामो समयदेखि बसोबास गरिरहेका तर हालसम्म पनि नागरिकताका लागि आवश्यक योग्यताको प्रमाण नभएका व्यक्तिहरुको हकमा नागरिकता सम्बन्धी समस्याहरुलाई सम्बोधन गर्न ध्यान दिइनुपर्छ ।

*उम्मेदवारीको योग्यता मापदण्डलाई संशोधन गरिनुपर्छ*

- राज्यकोषद्वारा पोषित व्यक्तिहरुको उम्मेदवारका रुपमा खडा हुन पाउने अधिकारमाथिको अनावश्यक बन्देज हटाउनका लागि उम्मेदवारी दर्ताका कानूनी प्रावधानहरुलाई संशोधन गरिनुपर्छ ।

*समानुपातिक प्रतिनिधित्व प्रणालीको समयसीमालाई पुनरावलोकन गरिनुपर्छ*

- मतदाताहरुलाई उम्मेदवारहरुसँग परिचित हुने अवसर प्रदान गर्नका लागि समानुपातिक प्रतिनिधित्वतर्फका उम्मेदवारहरुको सूचीलाई पूर्णता दिने समयसीमा प्रक्रियाको शुरुवाततिरै तोकिनुपर्छ ।

*कोटा सम्बन्धी प्रावधानहरुलाई लागू गर्नका लागि संयन्त्रण निर्माण गरिनुपर्छ*

- महिला, आदिवासी समूह तथा अन्य निर्दिष्ट समूहहरुका लागि निर्धारित कोटाका प्रावधानहरु लागू गर्नका लागि एउटा संयन्त्र बनाइनुपर्छ ।

*प्रचारप्रसार खर्चसम्बन्धी कानूनलाई सशक्त बनाइनुपर्छ*

- प्रचारप्रसार खर्चमा बढी पारदर्शिता, यथार्थपरक प्रचारप्रसार खर्च सीमा तथा निर्वाचन आयोगको कार्यान्वयन गर्ने क्षमता वृद्धि सुनिश्चित गर्नका लागि प्रचारप्रसार खर्चसम्बन्धी कानूनी प्रावधानहरुलाई सशक्त बनाइनुपर्छ ।

*पर्यवेक्षकका अधिकारहरुलाई कानूनमै परिभाषित गर्नुपर्छ र पर्यवेक्षकहरुको पहुँच सुनिश्चित गरिनुपर्छ*

- निर्वाचकीय प्रक्रियाका सबै पक्षमा उच्च पारदर्शिता प्रदान गर्नका लागि कानूनमा पर्यवेक्षकका अधिकारहरुलाई अझ स्पष्ट रुपमा परिभाषित गरिनुपर्छ ।

*उजुरी र अपिल संयन्त्रलाई पुनरावलोकन गरिनुपर्छ*

- निर्वाचनको दिन र निर्वाचनपश्चात् भएका उल्लंघनका आरोपहरुमाथि छानवीन गर्ने उजुरी र अपीलको संयन्त्रलाई निर्वाचन आयोग र संविधानसभा अदालतको क्षेत्राधिकार नबाझिने बनाउन पुनरावलोकन गरिनुपर्छ । उजुरीकर्ताहरुले प्रभावकारी उपचार पाएको सुनिश्चित गर्न यी मुद्दाहरुको निर्धारण गर्नका लागि बढी तीव्र प्रणाली स्थापित गर्नुपर्छ ।

*यथाशीघ्र स्थानीय निर्वाचन गरिनुपर्छ*

- यथाशीघ्र स्थानीय निर्वाचन गर्नका लागि आवश्यक परिस्थिति निर्माण गर्नुपर्छ ।

**निर्वाचन आयोग, नेपालका लागि**

*मतदाता दर्ताको परीक्षण गरिनुपर्छ*

- धेरै नागरिकहरुले अझै पनि दर्ता नगर्नुका कारण र दर्ता किताबमा भएका प्राविधिक समस्याहरुको प्रकृति तथा मात्राबारे अझ राम्ररी बुझ्नका लागि सकेसम्म चाँडो मतदाता दर्ता किताबको निष्पक्ष अडिट गरिनुपर्छ ।

*मतदाता परिचयपत्र वितरण र नागरिकता प्रदान गरिनुपर्छ*

- निर्वाचन हुने दिनसम्ममा १८ वर्ष पुग्ने सबै नागरिकहरुलाई मतदान गर्न आवश्यक पर्ने परिचय पत्र तथा/अथवा नागरिकताको प्रमाणपत्रको पहुँच दिलाउने प्रावधान बनाइनुपर्छ । त्यस्ता कागजपत्र नभएका व्यक्तिहरु, विशेषगरी विवाहित महिला तथा नागरिकताको प्रमाण नभएका व्यक्तिहरुका लागि आवश्यक परिचयपत्र उपलब्ध गराउने सुनिश्चित गर्ने खालका सकारात्मक उपायहरु अबलम्बन गरिनुपर्छ ।

*विदेशमा रहेका नागरिकहरुका लागि मतदाता दर्ताको बिस्तार गरिनुपर्छ*

- मतदाता दर्ता निरन्तर सञ्चालन गर्नुपर्छ र विदेशमा बसोबास गर्ने योग्य नागरिकहरुलाई समेटिनुपर्छ ।

*बसोबासको प्रमाणको प्रावधानको पुनरावलोकन गरिनुपर्छ*

- आन्तरिक प्रवासीहरुको दर्ता र मतदानलाई सहज बनाउन र मतदाताहरुले वास्तविक बसोबास गरेको

स्थानबाटै मतदान गर्न पाउने कुरालाई यथासम्भव सुनिश्चत गर्नका लागि आवासको प्रमाणको प्रावधानलाई पुनरावलोकन गरिनुपर्छ ।

*मतदाता परिचयपत्र वितरणलाई निरन्तरता दिइनुपर्छ*

- अर्को निर्वाचन हुनुअघि हरेक मतदाताले मतदाता परिचय पत्र पाएको सुनिश्चित गर्नका लागि परिचय पत्र वितरणको कार्यक्रमलाई निरन्तरता दिइनुपर्छ । परिचय पत्रहरु सम्बन्धित सोझै मतदाताहरुलाई नै दिइनुपर्छ । परिचयपत्रको वितरण निर्वाचन आयोगको समग्र निर्वाचकीय क्यालेण्डरकै एक अंश बन्नुपर्छ ।

*अझ बढी मतदाता शिक्षा सञ्चालन गर्नुपर्छ*

- सबै मतदाताहरु गोप्य मतको अधिकार र मतपत्रमा छाप लगाउने पद्धतिबारे जानकार रहेको सुनिश्चित गर्नका लागि मतदाता तथा नागरिक शिक्षा दीर्घकालीन रुपमा सञ्चालन गर्नुपर्छ । यो लक्ष्यमा अघि बढ्न सबै प्रकारका मतदाता शिक्षा सामग्रीहरुमा अल्पसंख्यक भाषाहरुलाई अझ बढी समेट्नुपर्छ ।

*मतदाता शिक्षा प्रशिक्षणलाई सशक्त बनाइनुपर्छ*

- मतदाता प्रशिक्षकहरुले आगामी निर्वाचनअघि नै थप प्रशिक्षण पाउनुपर्छ र पहुँच विस्तारका लागि लक्ष्य निर्धारण गरिनुपर्छ ।

*मतदान अधिकृतहरुलाई मतको गोप्यताका बारेमा प्रशिक्षण दिइनुपर्छ*

- मतको गोप्यता सुनिश्चित गर्ने सम्बन्धमा मतदान अधिकृतहरुको प्रशिक्षणमा थप जोड दिइनुपर्छ ।

*औचित्यपूर्ण संख्यामा मतपत्ररु मुद्रण गरिनुपर्छ*

- मुद्रण गरिने मतपत्रहरुको संख्या दर्ता भएका मतदाताहरुको संख्याभन्दा थोरै मात्र बढी हुनुपर्छ ।

*दलका चिह्नहरुबारेको जानकारीलाई सुदृढ बनाइनुपर्छ*

- मतपत्रहरुमा चिह्नमात्र नभई दल र उम्मेदवारका नामहरु पनि समावेश गरिनुपर्छ । मतदान केन्द्रहरुमा दल तथा उम्मेदवारहरुको पहिचानसम्बन्धी जानकारी सहजै उपलब्ध हुनुपर्छ ।

*बिग्रिएका मतपत्रहरुका सम्बन्धमा रहेका पद्धतिको विकास गरिनुपर्छ*

- बिग्रेका मतपत्रहरुको सट्टामा अर्को दिनका लागि पद्धति विकास गरिनुपर्छ ।

*बहु मतदानविरुद्ध सुरक्षा प्रदान गरिनुपर्छ*

- बहु मतदानलाई रोक्न निर्मित विद्यमान पद्धतिहरुलाई अझ सशक्त बनाउनका लागि निर्वाचन आयोगका नियमहरुमा मतदाताका औंलामा नमेटिने मसीको जाँच अनिवार्य गर्नुपर्ने स्पष्ट प्रावधान राखिनुपर्छ ।

*देशबाहिरबाट मतदान गर्न दिइनुपर्छ*

- देशबाहिरबाट मतदान गर्न दिनेसम्बन्धमा ध्यान दिइनुपर्छ ।

*बदर मतपत्रहरुबारे अध्ययन गरिनुपर्छ*

- बदर मतहरुको संख्या उच्च हुनुका कारण जान्न त्यसको समीक्षा गरिनुपर्छ र बदर मतको संख्या घटाउन मतदाता शिक्षा, मतपत्रमा छाप लगाउने शैलीमा परिवर्तन वा अन्य उपायमार्फत आवश्यक कदम चाल्नुपर्छ ।

*गणना पद्धतिहरुको निर्धारण अग्रिम गरिनुपर्छ*

- मतको गणना र तालिकीकरणका सबै पद्धतिहरु पहिले नै स्थापित गरिनुपर्छ र असमानता हटाउन ती पद्धतिहरुको राम्रो व्याख्या गरिएको हुनुपर्छ ।

*गणना पद्धतिहरुको बारेमा प्रशिक्षण दिइनुपर्छ*

- उम्मेदवार, दलका प्रतिनिधि तथा नागरिक पर्यवेक्षकलगायत सबैले गणना प्रक्रियाबारे पहिले नै राम्ररी बुझेको र देशभरि एकरुपताका साथ सञ्चालन हुने सुनिश्चित गर्नका लागि निर्वाचन अधिकृतहरुले निर्वाचनको दिनअघि हरेक निर्वाचन क्षेत्रमा जानकारी बैठकहरु आयोजना गर्न सक्छन् ।

*गणनाको स्थानबारे सम्बोधन गरिनुपर्छ*

- उच्चतम पारदर्शिता र परिणामहरुको घोषणा झन् चाँडो गर्नका लागि आदर्श रुपमा मतहरुको गणना मतदान केन्द्रमै गरिनुपर्छ । तथापि, भविष्यमा यदि गणना केन्द्रहरुको प्रयोग नै गरिने भयो भने मतदान केन्द्रहरुबाट मतपेटिकाको ढुवानी गर्दा अधिकतम पारदर्शिता सुनिश्चित गरिनुपर्छ । मतपेटिकाहरुलाई बीचका स्थानमा अस्थायी भण्डारण गरिनु हुँदैन, सीधै गणना केन्द्रमा पुऱ्याइनुपर्छ ।

*पर्यवेक्षकहरुको पहुँच सुनिश्चित गर्नुपर्छ*

- नागरिक तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुलाई राष्ट्रिय र स्थानीय तहमा हुने निर्वाचन अधिकारीका बैठक, मतपत्रको मुद्रण, मतदान तथा गणनालगायतका निर्वाचकीय प्रक्रियाका सबै पक्षहरुमा पहुँच सुनिश्चित गराइनुपर्छ । निर्वाचन आयोगको बैठकका माइन्यूटहरु आयोगका वेबसाइटमा प्रकाशित गर्न सकिन्छ ।

*पर्यवेक्षकको योग्यतालाई अनुरूप बनाइनुपर्छ*

- नागरिक पर्यवेक्षक हुनका लागि आवश्यक मापदण्ड मतदाता बन्नका लागि आवश्यक योग्यतासँगै मिल्ने गरी बनाइनुपर्छ ।

*विवाद समाधानका लागि भूमिका तथा पद्धतिहरुको स्पष्टता हुनुपर्छ*

- दल, उम्मेदवार तथा मतदाताहरुलाई उजुरी कहाँ पेश गर्ने भन्ने थाहा भएको र सबै उजुरीहरुमाथिका कारवाही

पारदर्शी हुने सुनिश्चित गर्नका लागि उजुरीहरुमाथि निर्णय गर्ने सन्दर्भमा निर्वाचन अधिकारीका भूमिका तथा जिम्मेवारीहरुलाई स्पष्ट बनाउनुपर्छ ।

*उजुरी तथा निर्णयहरू सार्वजनिक गरिनुपर्छ*

- पारदर्शिता वृद्धि गर्नका लागि प्राप्त उजुरी तथा तिनमाथि कुन ढंगले कारवाही गरियो भन्ने सम्बन्धमा जानकारीहरुलाई सार्वजनिक रुपमा उपलब्ध गराइनुपर्छ, उदाहरणतः निर्वाचन आयोगको वेबसाइटमा राखेर ।

*मतदान केन्द्रहरुमा तैनाथी/खटाउने कार्यलाई सम्बोधन गरिनुपर्छ*

- निर्वाचन आयोगका नियमहरुले मतदान अधिकृतले आवश्यक ठानेको स्थितिमा बाहेक सुरक्षा बलहरुलाई मतदान केन्द्रहरुभित्र उपस्थित हुन दिनु हुँदैन । केन्द्रभित्र उनीहरुको उपस्थिति आवश्यक भएको खण्डमा पनि उनीहरुलाई मतको गोप्यतामाथि सम्झौता गर्नुपर्ने स्थिति आउने वा सम्झौता गर्न लगाइएझैं देखिने ढंगमा नराखिने कानूनले सुनिश्चित गर्नुपर्छ । मतदान केन्द्रभित्र हतियार लैजानु हुँदैन ।

*निर्वाचन प्रशासनमा महिलाहरूको सहभागितामा बृद्धि गरिनुपर्छ*

- निर्वाचन आयोग र आयोगको सचिवालयका नेतृत्वदायी पदहरु, जिल्ला निर्वाचन अधिकारी तथा निर्वाचन अधिकृतहरुमा अझ बढी महिलाहरुलाई समावेश गर्ने प्रयास गरिनुपर्छ ।

**उम्मेदवार तथा राजनीतिक दलहरूका लागि**

*महिला तथा उपेक्षित समुदायको सहभागितालाई सशक्त बनाइनुपर्छ*

- दलहरुले महिला, दलित तथा अन्य उपेक्षित समुदायका सदस्यहरुलाई उम्मेदवारका रुपमा तथा दलभित्रका निर्णयकारी र नेतृत्वदायी पदहरुमा स्थान दिनका लागि उनीहरुको सहभागिता र प्रतिनिधित्वलाई सशक्त बनाउने उपायहरुतर्फ ध्यान दिनुपर्छ । त्यस्ता उपायहरुमा दलका सबै तहका नेतृत्वदायी पद तथा स्थानीय र राष्ट्रिय निर्वाचनहरुमा दिइने उम्मेदवारीमा यी समूहका सदस्यहरुका लागि कोटा निर्धारण गर्नेलगायत हुन सक्छन् । दलभित्रको लोकतन्त्रीकरणलाई वृद्धि गर्न मुद्दा-आधारित राजनीतिमा केन्द्रित हुँदै सशक्त प्रयास गरिनुपर्छ ।

**नागरिक समाजका लागि**

*संविधान निर्माण प्रक्रियालाई विस्तारित गरिनुपर्छ*

- भावी निर्वाचकीय प्रणालीका बारेमा हुने बहसहरुका साथसाथै संविधान निर्माण प्रक्रियाका मिल्न बाँकी रहेका मुद्दामा हुने नीतिगत छलफल तथा बहसहरुमा सक्रिय रुपमा सहभागी हुनुपर्छ ।

*उपेक्षित समूहहरुसम्मको पहुँच विस्तार गरिनुपर्छ*

- पहुँच विस्तार, प्रबर्द्धन तथा प्रशिक्षण कार्यक्रमहरुमार्फत ऐतिहासिक रुपमा उपेक्षित समुदायहरुको सामाजिक समावेशितालाई सशक्त बनाउनुपर्छ ।

*मतदाताहरुलाई प्रशिक्षण तथा शिक्षा प्रदान गरिनुपर्छ*

- मतदाता शिक्षा अभियानका साथै मतदाता दर्तासम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन र समन्वय, महिला र ऐतिहासिक रुपमा उपेक्षित समुदायको सहभागिता तथा अन्य निर्वाचकीय मुद्दाहरुमा समन्वय गर्न दुई निर्वाचनहरुको बीचको अवधिलाई उपयोग गर्नुपर्छ । यी कार्यहरु आगामी निर्वाचन आउनुभन्दा निकै अगाडि नै हुनुपर्छ ।

**सुरक्षा बलहरूका लागि**

*भूमिका तथा प्रशिक्षणलाई स्पष्ट बनाइनुपर्छ*

- प्रहरी, सशस्त्र प्रहरी बल तथा सेनाका भूमिकालाई निर्वाचनअघि नै स्पष्ट बनाइनुपर्छ र निर्वाचनको समग्र अवधिमा उनीहरुको कानूनी तथा संवैधानिक भूमिका तथा जिम्मेवारीहरुबारे प्रशिक्षण पाउनुपर्छ ।

अनुसूची क:

# आभार

कार्टर सेन्टर नेपालको निर्वाचन पर्यवेक्षण नियोगलाई सहज बनाउन अमूल्य योगदान पुऱ्याउनेसंस्था तथा व्यक्तिहरुको सहयोगप्रति उच्च आभार व्यक्त गर्दछ । सेन्टर अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग, नर्वेको परराष्ट्र मामिला मन्त्रालय तथा वेलायतको अन्तर्राष्ट्रिय विकास विभागलाई धन्यवाद ज्ञापन गर्दछ । उनीहरुकै योगदानले नेपालमा सेन्टरको निर्वाचकीय संलग्नतालाई कायम राखेको हो ।

सेन्टर निर्वाचनको पर्यवेक्षणका लागि आमन्त्रण गर्ने नेपाल सरकार तथा निर्वाचन आयोगप्रति सम्मान प्रकट गर्दछ । सेन्टरका पर्यवेक्षकहरुले नेपालभरि नै सहज पहुँच पाएको र सरकार तथा निर्वाचन अधिकारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज संस्था तथा नेपालका जनताबाट न्यानो स्वागत पाएको जनाए ।

सेन्टरले निर्वाचकीय प्रक्रियाहरुका बारे नियमित रुपमा धारणाहरु साटासाट गरेका अन्य दुई अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण समूहहरु, युरोपियन युनियन र एनफ्रेलका प्रयासहरुको सराहना गर्दछ । देशभरि दीर्घकालीन तथा अल्पकालीन पर्यवेक्षकहरु खटाउने नागरिक पर्यवेक्षक संस्थाहरुको उच्च महत्वलाई पनि सेन्टर उल्लेख गर्न चाहन्छ । उनीहरुका प्रयासले सेन्टरलाई नागरिक पर्यवेक्षकहरुको क्षमताप्रति विश्वस्त तुल्याउने मात्र नभई उनीहरुले प्राप्त गरेका तथ्यहरुको अभिलेखबाट हामीले आफ्नै पर्यवेक्षणहरुको गुणस्तरको जाँच गर्ने अवसर पनि प्राप्त गऱ्यौं ।

सेन्टर थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री महामहिम डा. सुराकियार्त साथीराथाईको नेतृत्वका लागि आभारी छ, जसले पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरसँगै प्रतिनिधिमण्डलको उप-नेताका रुपमा योगदान दिनुभयो ।

कार्टर सेन्टरको काठमाडौंस्थित नियोगको समग्र व्यवस्थापनका लागि फिल्ड अफिस डाइरेक्टर डेविड भी. ह्यामिल्टनको नेतृत्वको पनि सराहना गर्दछ । त्रुडा योहान्सनले कार्यालय तथा देशभरिका सम्पूर्ण कार्यसञ्चालन र पर्यवेक्षकहरुको यातायात तथा आवासको व्यवस्थापन गर्दै फिल्ड अफिस डेपुटी डाइरेक्टर तथा क्षेत्रगत सञ्चालनको व्यवस्थापकका रुपमा काम गर्नुभयो । प्रशासकीय तथा आर्थिक व्यवस्थापन ममता आचार्यले गर्नुभएको थियो भने लजिस्टिक सहयोग सुरेन्द्र (तोया) सापकोटाले गर्नुभएको थियो । सुरक्षा व्यवस्थापक फर्गास एन्डर्सनले नेपालको अत्यन्त चुनौतीपूर्ण वातावरणमा नियोग, पर्यवेक्षक तथा कर्मचारीहरुका लागि सुरक्षाको व्यवस्थापन र प्रारुप निर्माण गर्नुभयो । कर्टिस पाल्मर पर्यवेक्षकहरुको संयोजक हुनुहुन्थ्यो जसले पर्यवेक्षकका लागि अभिमुखीकरण तथा जानकारी सत्रहरु सञ्चालन गर्नुका साथै सबैबाट प्राप्त विवरण (रिपोर्ट) हरुका साथै सामग्रीहरु विनियोजन गर्ने कामको व्यवस्थापन गर्नुभयो । डा. फ्रिजो हेकर र घनश्याम ओझाले नियोगका लागि अमूल्य राजनीतिक विश्लेषण प्रदान गर्नुभयो र जोनाथन स्टोनस्ट्रिटले कानूनी विश्लेषण प्रदान गर्नुभयो । काठमाडौंको कार्यालयका अन्य कर्मचारीहरुमा स्वर्णिका बल्ल, सबिता थापा, स्रिश खकुरेल, कल्पना सिंह, नरेश गोंगल, सौगात गौतम तथा सीता थापा हुनुहुन्थ्यो । अन्त्यमा, क्षेत्रीय संयोजक, अनुवादक तथा सवारी चालकहरुको उत्कृष्ट कामको कदर गर्नु आवश्यक छ ।

एटलान्टामा परियोजनाको व्यवस्थापन डेमोक्रेसी प्रोग्रामका सहनिर्देशक डा. डेविड पोट्टीद्वारा गरिएको थियो । राजदुत पिटर बर्लेले अमूल्य परामर्श प्रदान गर्नुभयो र राष्ट्रपति कार्टरको वरिष्ठ सल्लाहकारका रुपमा काम गर्नुभयो । जेनिफर रुसी, टेसा स्ट्रमडल, डेबोरा ह्याक्स, रमीरो मार्टिनेज, विलियम हस्सल, लउरेन गिल्लीस तथा किस्टियन सिएरा लगायतका थुप्रै कर्मचारी तथा प्रशिक्षार्थीहरुले नियोगका लागि महत्वपूर्ण सहयोग प्रदान गरे ।

यो प्रतिवेदन डेविड भी. ह्यामिल्टनको निर्देशनअन्तर्गत नियोगका विभिन्न सदस्यहरुको योगदानमा संग्रहित गरिएको थियो । राजदुत पिटर बर्ले, डा. डेविड क्यारोल तथा जेनिफर रुसीले प्रतिवेदनको अन्तिम संस्करणको सम्पादन र निर्माण गर्नुभएको हो ।

अनुसूची खः

# कार्टर सेन्टरको पर्यवेक्षण प्रतिनिधिमण्डल र कर्मचारीहरू

### प्रतिनिधिमण्डलको नेतृत्व

**सम्माननीय जिम्मी कार्टर**, संयुक्त राज्य अमेरिकाका ३९औं राष्ट्रपति

**सम्माननीय डा. सुराकियार्त साथीराथाई**, थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री

### अल्पकालीन पर्यवेक्षकहरू

**डी अकर**, अन्तरिम निर्देशक, जोन बी. क्रोक इन्स्टिट्युट फर पिस एण्ड जस्टिस, अमेरिका

**जेनिफर एन्डरसन**, वरिष्ठ विकास सल्लाहकार, क्राइसिस स्टेबिलाइजेशन एण्ड गभर्नेन्स, युएसएड, अमेरिका

**सामन्था अकक**, परामर्शदाता, लिमा रूरल डेभलपमेन्ट फाउण्डेशन, दक्षिण अफ्रिका

**इनेस अ्यारी**, लैङ्गिक विशेषज्ञ- युएन वुमेन, ट्युनिसिया

**स्टेफेन बिल**, परामर्शदाता, युएनडीपी रूवान्डा, बेलायत

**कोर्डी बेकस्टिड**, बेकस्टिड इलेक्ट्रिक इंक का नियन्त्रक, अमेरिका

**जीन लुइस वान बेल**, परामर्शदाता, बेल्जियम

**फ्रान्सेस्का बोगेरी**, सञ्चार विश्लेषक-इयु, इटाली

**रोजर ब्रायन्ट**, निर्वाचन पर्यवेक्षक, ओएससीइ/ओडीएचआर, बेलायत

**सेसिलिया बाइलेस्जो**, कार्यक्रम व्यवस्थापक, प्रजातन्त्र सहायता कार्यक्रम, द ओस्लो सेन्टर, स्वीडेन

**कोबास्क चुटिकुल**, थाइल्याण्डका पूर्व राजदूत, थाइल्याण्ड

**पिटर क्लेटन**, कम्पनी निर्देशक, इन्फिनाइट इनोभेसन्स लि., बेलायत

**अल्नी दर्विसी**, अन्तर्राष्ट्रिय मामिला सल्लाहकार, कोसोभो

**राजदूत राल्फ फ्र्यांक**, क्रोएशिया तथा नेपालका लागि पूर्व अमेरिकी राजदूत, अमेरिका

**मार्टिना गर्बुग्लिया**, अनुसन्धान सहायक, अन्तर्राष्ट्रिय आइडीइए, इटाली

**प्रा. डेविड गेल्नर**, सामाजिक मानवशास्त्रका प्राध्यापक, अक्स्फोर्ड युनिभर्सिटी, बेलायत

**क्रिस ग्रोथ**, कार्यक्रम अधिकृत, जोन बी. क्रेक इन्स्टिट्युट फर पिस एण्ड जस्टिस, अमेरिका

**ह्यान्स हड्डल**, वरिष्ठ कानूनी सल्लाहकार, फिशरीजका डाइरेक्टर जनरल, नर्वे

**राजदूत एन्ड्रयू हल**, नेपालका लागि बेलायतका पूर्व राजदूत, बेलायत

**बब होप**, अध्यक्ष तथा सह-स्वामी(Co-Owner), होप-बेकह्याम इंक, अमेरिका

**एडवार्ड होर्गन**, अध्यापक, लिमरिक विश्वविद्यालय, आयरल्याण्ड

**ओलीभर हाउस्डेन**, पूर्व फिल्ड अफिस उपनिर्देशक, द कार्टर सेन्टर-नेपाल, बेलायत

**एमी जोन्सन**, वातावरणीय मानवशास्त्रमा विद्यावारिधिका विद्यार्थी, येल विश्वविद्यालय, अमेरिका

**एंके कर्ल**, परामर्शदाता (स्वतन्त्र), बेलायत

**सोफी खान**, क्षेत्रीय निर्वाचन सल्लाहकार, युएनडीपी क्षेत्रीय केन्द्र, बैंकक, क्यानाडा

**साराह कियानी**, निर्देशक, मासिमो फाउन्डेशन बोर्ड, अमेरिका

**मारिया क्राउस**, स्वतन्त्र निर्वाचन विज्ञ, रोमानिया

**स्टेफन क्राउस**, स्वतन्त्र निर्वाचन विज्ञ/राजनीतिक विश्लेषक, ग्रीस

**टी. कुमार**, निर्देशक, इन्टरनेशनल एडभोकेसी, एम्नेस्टि इन्टरनेशनल अमेरिका

**हु विन क्यी**, युनियन इलेक्सन कमिसनका सदस्य, म्यानमार

**स्टिना, लार्सेरड**, कार्यक्रम अधिकृत, इन्टरनेशनल आइडीइए, स्वीडेन

**स्यारा लेभिट-स्योर**, परामर्शदाता, द कार्टर सेन्टर, अमेरिका

**शाहिद मलिक**, बेलायतका पूर्व अन्तर्राष्ट्रिय विकास मन्त्री, बेलायत

**लेना माइकेल्स**, अनुसन्धानकर्ता, विसेनस्काफ्ट्स कलेज बर्लिन, जर्मनी

**टुन टुन ऊ**, उप निर्देशक, युनियन इलेक्सन कमिसन, म्यानमार

**अलेक्सान्ड्रा साशा पाजेभिक**, एनडीआइ नेपालका राजनीतिक दलका लागि पूर्व निर्देशक, मोन्टेनेग्रो

**अन्ना पापीक्यान**, स्वतन्त्र निर्वाचन विज्ञ, आर्मेनिया

**ड्वीट पेल्ज**, अध्यक्ष, वाशिङटन स्टेट डेमोक्रेटिक पार्टी, अमेरिका

**अहमद रसुली**, जुनियर अपरेसन्स एक्सपर्ट, ओएससीइ/ओडीएचआर इओएमएस, किर्गिस्तान

**सफीया रिजा**, एसोसिएट, राज्जे च्याम्बर्स, माले, माल्दिभ्स

**डेबरा रुडल्फ**, वैज्ञानिक, अवकाशप्राप्त , अमेरिकी राज्य विभाग, अमेरिका

**रन रुडल्फ**, वरिष्ठ विषय मामिला विज्ञ, अमेरिका

**डिना साडेक**, सूचना सल्लाहकार, इन्टरनेशनल रिपब्लिक इन्स्टिट्युट, इजिप्ट

**कोन्नी मुन सेहत**, सहायक निर्देशक, प्रजातन्त्र कार्यक्रम, द कार्टर सेन्टर, अमेरिका

**इलेन शुस्टिक**, परामर्शदाता, अन्तर्राष्ट्रिय मामिलाका लागि नेशनल डेमोक्रेटिक इन्स्टिच्युट फर इन्टरनेशनल अफेयर्स, क्यानाडा

**बोरिस्लाभ स्पासोजेभिक**, आवासीय राज्य निर्देशक, इन्टरनेशनल रिपब्लिकन इन्स्टिट्युट बीआइएच, सर्विया

**निकोलिना स्टालेस्का**, स्वतन्त्र निर्वाचन विज्ञ, मेसेडोनिया

**मोहम्मद एस. तालुक्दार**, निर्वाचन अधिकृत, बंगलादेश इलेक्सन कमिशन, बंगलादेश

**अन्ना टाक्वेट**, अमेरिकोर्प्स भिस्टा-ग्रीली च्याम्बर अफ कमर्स, फ्रान्स

**टेओडोरा टोडोरोवा**, कोसोभोको चिफ इयुलेक्स प्रोसेक्युटरका विशेष सहयोगी (Special Assistant to the Chief EULEX Prosecutor in Kosovo), बुल्गेरिया

**जर्ज वारुई**, स्वतन्त्र निर्वाचन तथा सञ्चालन विज्ञ, केन्या

**बस्टर जलकिन्ड**, कार्टर सेन्टर प्राविधिक सल्लाहकार, अमेरिका

## दीर्घकालीन पर्यवेक्षकहरू

**तज्रूल अधा**, मध्यमाञ्चल क्षेत्र, मलेशिया

**बेन ड्युनान्ट**, पूर्वाञ्चल क्षेत्र, बेलायत

**डा. टियागो फैया**, तराई क्षेत्र, पोर्चुगल

**जोन हर्टफ**, सुदूर पश्चिमाञ्चल क्षेत्र, अमेरिका

**ह्यान्ना रोज होल्लोवे**, सुदूर पश्चिमाञ्चल क्षेत्र, बेलायत

**जोन जेप्सन**, मध्यपश्चिमाञ्चल क्षेत्र, स्वीडेन

**रेचल मोल्स**, पश्चिमाञ्चल क्षेत्र, बेलायत

**याना एस. नोल**, मध्यमाञ्चल क्षेत्र, जर्मनी

**रली कसन्वेरी**, पूर्वाञ्चल क्षेत्र, अमेरिका

**लुभी रोचा राप्पाचोली**, पश्चिमाञ्चल क्षेत्र, निकारागुवा

**नताशा रोथचाइल्ड**, मध्यपश्चिमाञ्चल क्षेत्र, अमेरिका

**देवन्ती सुबिजान्तोरो**, तराई क्षेत्र, इन्डोनेशिया

## कार्टर सेन्टर एटलान्टाका कर्मचारी

**राजदुत ए. पिटर बर्ले**, कार्टर सेन्टर, अमेरिकाका लागि वरिष्ठ सल्लाहकार

**बेथ डेविस**, राष्ट्रपति कार्टरको लागि विशेष सहयोगी

**लउरेन गिल्लीस**, प्रशिक्षार्थी, प्रजातन्त्र कार्यक्रम

**डेबोरा ह्याक्स**, सहायक निर्देशक, सार्वजनिक सूचनाको कार्यालय

**डा. जोन हार्डम्यान**, अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत, द कार्टर सेन्टर अमेरिका

**विलियम हस्सल**, सहायक कार्यक्रम संयोजक, प्रजातन्त्र कार्यक्रम

**एन्ड्रयु ज्यासकुल्का**, परामर्शदाता

**रमिरो मार्टिनेज**, आर्थिक विश्लेषक, शान्ति कार्यक्रम

**डा. डेविड पोट्टी**, कार्यक्रम सहनिर्देशक, प्रजातन्त्र कार्यक्रम, क्यानाडा

**जेनिफर एल. रुस्सी**, सहायक कार्यक्रम संयोजक, प्रजातन्त्र कार्यक्रम

**लिसा स्याटरफिल्ड**, स्वतन्त्र श्रव्यदृश्य निर्माता

किस्टियन **सिएरा**, प्रशिक्षार्थी, प्रजातन्त्र कार्यक्रम

**टेस्सा स्ट्रम्डल**, शान्ति विकासका लागि सहनिर्देशक

## कार्टर सेन्टर काठमाडौंका कर्मचारी

**ममता आचार्य**, वित्त अधिकृत, नेपाल

**फर्गस एन्डरसन**, सुरक्षा व्यवस्थापक, बेलायत

**स्वर्णिका बल्ल**, संयोजक, विश्लेषण, नेपाल

**सौगात गौतम**, सह-संयोजक, सञ्चार, नेपाल

**नरेश गोंगल**, संयोजक, यातायात, नेपाल

**डेविड भी. ह्यामिल्टन**, फिल्ड अफिस डाइरेक्टर, अमेरिका

**डा. फ्रिजो हेकर**, राजनीतिक विश्लेषक, जर्मनी

**ट्र'डा एस योहन्सन**, फिल्ड अफिस डेपुटि डाइरेक्टर, नर्वे

**स्रिश खकुरेल**, संयोजक, सुरक्षा, नेपाल

**घनश्याम ओझा**, राजनीतिक विश्लेषक तथा सञ्चार विशेषज्ञ, नेपाल

**कर्टिस पाल्मर**, पर्यवेक्षक संयोजक, क्यानाडा

**सुरेन्द्र (तोया) सापकोटा**, वरिष्ठ लजिस्टिक संयोजक, नेपाल

**कल्पना सिंह**, वित्त सहायक, नेपाल

**जोनाथन स्टोनस्ट्रिट**, कानून विश्लेषक, अमेरिका

**सविता थापा**, कार्यालय सहायक कर्मचारी, नेपाल

## कार्टर सेन्टरका क्षेत्रीय कर्मचारीहरू

**अनुभव अजीत**, क्षेत्रीय संयोजक, तराई क्षेत्र, नेपाल

**सुष्मा भट्ट**, सहसंयोजक, तराई क्षेत्र, नेपाल

**सफिक इराकी**, क्षेत्रीय संयोजक, मध्यपश्चिमाञ्चल क्षेत्र, नेपाल

**रामकुमार खड्का**, क्षेत्रीय संयोजक, मध्यमाञ्चल क्षेत्र, नेपाल

**पदम महर**, सहसंयोजक, सुदूरपश्चिमाञ्चल क्षेत्र, नेपाल

**सावित्रा पन्त**, संयोजक, मध्यमाञ्चल क्षेत्र, नेपाल

**शेखर पराजुली**, क्षेत्रीय संयोजक, पश्चिमाञ्चल क्षेत्र, नेपाल

**दिनेश पाठक**, क्षेत्रीय संयोजक, सुदूरपश्चिमाञ्चल क्षेत्र, नेपाल

**सुदिप पोखरेल**, क्षेत्रीय संयोजक, पूर्वाञ्चल क्षेत्र, नेपाल

**एमी राई**, सहसंयोजक, मध्यपश्चिमाञ्चल क्षेत्र, नेपाल

**पेशल राई**, संयोजक, पूर्वाञ्चल क्षेत्र, नेपाल

**मोहम्मद शाहीद रिजा**, सहसंयोजक, पश्चिमाञ्चल क्षेत्र, नेपाल

अनुसूची ग:

# प्रयोग गरिएका शब्द–संक्षेप तथा अर्थहरू

**एन्फ्रेल** (ANFREL) — स्वतन्त्र निर्वाचनका लागि एशियाली सञ्जाल (Asian Network for Free Elections)

**नेकपा–माओवादी** — नेपाल कम्युनिष्ट पार्टी-माओवादी (मोहन वैद्य नेतृत्वको)

**नेकपा** (**एमाले**) — नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)

**दलित** — ऐतिहासिक रुपमा उपेक्षित वर्ग समूह

**डिउ नेपाल** (DEW-Nepal) — प्रजातन्त्र तथा निर्वाचन पर्यवेक्षण (Democracy and Election Watch)

**आइएफइएस** (IFES) — निर्वाचकीय प्रणालीका लागि अन्तर्राष्ट्रिय प्रतिष्ठान (International Foundation for Electoral System)

**एनडीआइ** (NDI) — राष्ट्रिय प्रजातान्त्रिक संस्था (National Democratic Institute)

**नियोक** (NEOC) — राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (National Election Observation Committee)

**राप्रपा** — राष्ट्रिय प्रजातन्त्र पार्टी

**राप्रपा–नेपाल** — राष्ट्रिय प्रजातन्त्र पार्टी-नेपाल

**सार्क** — दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन

**टीएएफ** (TAF) — द एशिया फाउण्डेशन (The Asia Foundation)

**तरुण दल** — नेपाली कांग्रेसको युवा संगठन

**तमलोपा** — तराई मधेश लोकतान्त्रिक पार्टी (महन्थ ठाकुरको नेतृत्वको)

**एनेकपा**(**माओवादी**) — एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

**युएनडीपी–इएसपी** (UNDP-ESP) — संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमको निर्वाचकीय सहायता परियोजना (United Nations Development Program's Electoral Support Project)

**अनमिन** (UNMIN) — संयुक्त राष्ट्रसंघको नेपाल नियोग (United Nations Mission in Nepal)

| | |
|---|---|
| **युएन आरसीएचसीओ** (UN RCHCO) | संयुक्त राष्ट्रसंघ मानवअधिकार संयोजकको आवासीय कार्यालय (United Nations Resident and Humanitarian Coordination's Office) |
| **युएसएड** (USAID) | अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राज्य अमेरिकी संस्था (United States Agency for International Development) |
| **गाविस** | गाउँ विकास समिति |
| **वाइसीएल** | योङ कम्युनिष्ट लिग (एनेकपा( माओवादी) को युवा समूह) |

अनुसूची घः

# नेपाल परियोजनाको समयरेखा

निम्नलिखित समयरेखाले कार्टर सेन्टरको नेपालको कार्यावधिका प्रमुख मिति तथा प्रकाशनहरुको सारांश प्रदान गर्दछ ।

२००४

- द्वन्द्वको सम्भाव्य समाधान तथा मध्यस्थताका सम्भावनाहरुबारे छलफल गर्नका लागि शाही तथा सरकारी अधिकारीहरु र अन्य राष्ट्रिय संस्थाका प्रतिनिधिहरुसँग कार्टर सेन्टरका कर्मचारीहरुको बैठक सम्पन्न ।
- नेपालमा संलग्न रहेका अन्तर्राष्ट्रिय संस्थाहरुको व्यापक सहयोग तथा समन्वयमा कार्य गर्दै कार्टर सेन्टरद्वारा राजनीतिक दलका प्रतिनिधि तथा नागरिक समाजका नेताहरुका लागि द्वन्द्व समाधानार्थ चरणबद्ध प्रशिक्षणहरुको आयोजना र नेपालका माओवादी प्रतिनिधिहरुसँग सम्पर्क वृद्धि गर्न बैठकहरुको आयोजना ।

२००६

- जुलाईः कार्टर सेन्टरद्वारा निर्वाचन-पूर्वको मूल्यांकन सञ्चालन ।

२००७

- जनवरीः कार्टर सेन्टरद्वारा नेपालमा आफ्नो उपस्थिति स्थापित ।
- मार्चः कार्टर सेन्टरद्वारा निर्वाचनको अपेक्षामा दीर्घकालीन पर्यवेक्षकहरु खटाइएको ।
- जुनः राष्ट्रपति कार्टरद्वारा नेपाल भ्रमण ।
- नोभेम्बरः राष्ट्रपति कार्टरद्वारा नेपाल भ्रमण ।

२००८

- अप्रिल १०: कार्टर सेन्टरद्वारा गरिएको नेपालको पहिलो संविधानसभा निर्वाचनको पर्यवेक्षणलाई राष्ट्रपति तथा श्रीमती कार्टरका साथै थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री माननीय डा. सुराकियात साथीराथाईद्वारा अल्पकालीन प्रतिनिधिमण्डलको नेतृत्व र प्रारम्भिक तथा अन्तिम प्रतिवेदन प्रकाशित ।
- जुनः निर्वाचन पश्चात्को परिस्थितिको अनुगमनका लागि कार्टर सेन्टरको डेमोक्रेसी प्रोग्रामका कर्मचारी एटलाण्टाबाट नेपाल फिर्ता ।

२००९

- कार्टर सेन्टरद्वारा देशभरि १० जना अन्तर्राष्ट्रिय तथा पाँच जना राष्ट्रिय पर्यवेक्षकहरु खटाउँदै निर्वाचन-पश्चातको कार्यारम्भ ।
- अप्रिल १३ः प्रतिवेदन प्रकाशितः *कार्टर सेन्टरका पर्यवेक्षकहरुद्वारा उपनिर्वाचन अत्यन्त शान्तिपूर्ण रहेको उल्लेख, निर्वाचन सञ्चालनमा उपलब्धि, सुधारका लागि केही क्षेत्रहरु* ।
- मेः प्रतिवेदन प्रकाशितः *नेपालको सन् २००८ को संविधानसभा निर्वाचनको पर्यवेक्षण* ।
- जुनः राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टरको डेमोक्रेसी प्रोग्रामका कर्मचारीद्वारा नेपाल भ्रमण ।
- जुलाई १० । प्रतिवेदन प्रकाशितः *कार्टर सेन्टरद्वारा नेपालको शान्ति प्रक्रियामा निरन्तर सहयोग ।*
- अगष्ट २६ । प्रतिवेदन प्रकाशितः *कार्टर सेन्टर नेपालको स्थानीय तहमा थप ध्यान दिँदै शान्ति तथा संवैधानिक प्रक्रियाहरुमा सुधारका लागि आग्रह गर्दछ ।*
- अक्टुबरः राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टर प्रजातन्त्र कार्यक्रमका कर्मचारीद्वारा नेपाल भ्रमण ।

- नोभेम्बर ६ । प्रतिवेदन प्रकाशितः *स्थानीय शान्ति समितिहरुबारे कार्टर सेन्टरका पर्यवेक्षणहरु ।*
- नोभेम्बर ३० । प्रतिवेदन प्रकाशितः *कार्टर सेन्टरद्वारा नेपालको तराईको सुरक्षा वातावरण कमजोर तर सुध्रिएको उल्लेख*

२०१०

- राजनीतिक गतिविधिहरुको अनुगमनका लागि कार्टर सेन्टरद्वारा देशभरि १० अन्तर्राष्ट्रिय तथा पाँच राष्ट्रिय पर्यवेक्षकहरुको खटिए
- जनवरीः राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टर प्रजातन्त्र कार्यक्रमका कर्मचारीद्वारा नेपाल भ्रमण ।
- फेब्रुअरी २२ । प्रतिवेदन प्रकाशितः *विकेन्द्रीकरण तथा समानता प्रबर्द्धनका लागि नेपालीहरु नयाँ संविधान चाहन्छन् ।*
- अप्रिलः राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टर प्रजातन्त्र कार्यक्रमका कर्मचारीद्वारा नेपाल भ्रमण ।
- जुन २२ । प्रतिवेदन प्रकाशितः *नेपालको शान्ति प्रक्रियामा भूमि सम्बन्धी प्रतिबद्धताहरु अंशतः मात्र पालना ।*
- अक्टुबरः राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टर प्रजातन्त्र कार्यक्रमका कर्मचारीद्वारा नेपाल भ्रमण ।
- नोभेम्बर २३ । प्रतिवेदन प्रकाशितः *कार्टर सेन्टर नेपालका राजनीतिक गत्यावरोधको शीघ्र निराकरणका लागि आग्रह गर्दछ, स्थानीय राजनीतिक तथा शान्ति प्रक्रियाका बारेमा मुद्दाहरुको जानकारी ।*
- डिसेम्बर ३० । प्रतिवेदन प्रकाशितः *नेपालको स्थानीय तहमा राजनीतिक विवाद निराकरणबारे संक्षिप्त सारांश*

२०११

- राजनीतिक गतिविधिहरुको अनुगमनका लागि कार्टर सेन्टरद्वारा देशभरि १० अन्तर्राष्ट्रिय तथा पाँच राष्ट्रिय पर्यवेक्षकहरुको परिचालन
- जनवरीः राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टर प्रजातन्त्र कार्यक्रमका कर्मचारीद्वारा नेपाल भ्रमण ।
- फेब्रुअरी २८ । प्रतिवेदन प्रकाशितः *कार्टर सेन्टरः नेपालका राजनीतिक दलका युवा समूहहरुबीचका झडपहरुमा कमी आएको छ तर वाइसीएल र एमाले युवा संघ अझै पनि आर्थिक प्राप्तिका लागि प्रयासरत छन् ।*
- अप्रिल १९ । प्रतिवेदन प्रकाशितः *नेपालमा जारी मतदाता दर्ता प्रक्रियामा सुधार आएको कार्टर सेन्टरद्वारा उल्लेख, आगामी प्रमुख चुनौतीहरुलाई सम्बोधन गर्नका लागि सुझावहरु प्रस्ताव ।*
- मे १० । प्रतिवेदन प्रकाशितः *कार्टर सेन्टरः स्थानीय शान्ति समितिको कार्यसम्पादनमा सुधार आएको छ, तर समग्र प्रभावकारिता अनिश्चित नै छ ।*
- मे ३० । प्रतिवेदन प्रकाशितः *नेपालको संविधानसभाको थप समयावधिका बारेमा कार्टर सेन्टरद्वारा वक्तव्य ।*
- जुलाई ७ । प्रतिवेदन प्रकाशितः *निर्वाचन आयोग नेपालको "फोटोसहितको मतदाता दर्ता अभिलेख" कार्यक्रमबारे दोस्रो अन्तरिम प्रतिवेदन ।*
- अगष्ट ४ । प्रतिवेदन प्रकाशितः *संविधानसभाको निर्वाचनपश्चात् नेपालमा राजनीतिक स्थानमा सुधार आएको छ तर चुनौती यथावत् छ, स्थायित्वबारे अझै पनि आशंका छ ।*
- सेप्टेम्बरः राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टर प्रजातन्त्र कार्यक्रमका कर्मचारीद्वारा नेपाल भ्रमण ।
- नोभेम्बर ३ । प्रतिवेदन प्रकाशितः *नेपालका राजनीतिक दलहरुद्वारा गरिएको सम्झौताको कार्टर सेन्टरद्वारा स्वागत ।*
- नोभेम्बर २३ । प्रतिवेदन प्रकाशितः *स्थानीय निकायहरुमा राजनीतिक दलहरुबारे कार्टर सेन्टरका पर्यवेक्षणहरु ।*

२०१२

- राजनीतिक गतिविधिहरुको अनुगमनका लागि कार्टर सेन्टरद्वारा देशभरि १० अन्तर्राष्ट्रिय तथा पाँच राष्ट्रिय पर्यवेक्षकहरुको परिचालन
- जनवरीः राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टर प्रजातन्त्र कार्यक्रमका कर्मचारीद्वारा नेपाल भ्रमण ।
- जनवरी ३१ । प्रतिवेदन प्रकाशितः *१ करोडभन्दा बढी नेपालीहरुले मतदानका लागि दर्ता गरे, दर्ता हुन बाँकी मतदाताहरुको पहुँच सुनिश्चित गर्नु गम्भीर ।*
- मार्च १४ । प्रतिवेदन प्रकाशितः *पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरद्वारा नेपाली जनताहरुका लागि खुलापत्र*

- मे ९ । प्रतिवेदन प्रकाशितः *निर्वाचन आयोग नेपालको फोटोसहितको मतदाता दर्ताका सम्बन्धमा कार्टर सेन्टरका जानकारी सत्रहरु*
- मे २४ । प्रतिवेदन प्रकाशितः *पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरद्वारा नेपालबारे एक वक्तव्य*
- जुनः दीर्घकालीन पर्यवेक्षकहरुद्वारा निर्वाचन अधिकारीहरु, नागरिक समाज संगठन तथा राजनीतिक दलका प्रतिनिधिहरुसँग मतदाता दर्ता प्रतिवेदनका सम्बन्धमा क्षेत्रीय जानकारी बैठक आयोजना
- जुन २०: प्रतिवेदन प्रकाशितः *नेपालको शान्ति प्रक्रियामा भूमिसम्बन्धी प्रतिबद्धताहरुः कार्यान्वयनबारे एक अद्यावधिक ।*
- जुलाईः  राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टर प्रजातन्त्र कार्यक्रमका कर्मचारीद्वारा नेपाल भ्रमण ।
- जुलाई २६: प्रतिवेदन प्रकाशितः *निर्वाचन आयोग नेपाललाई नयाँ मतदाता दर्ता अभिलेखमा संख्या वृद्धि गर्ने, तथ्यांकको गुणस्तरमा सुधार ल्याउने प्रयासहरुलाई निरन्तरता दिन कार्टर सेन्टरको आग्रह ।*
- डिसेम्बरः राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टर प्रजातन्त्र कार्यक्रमका कर्मचारीद्वारा नेपाल भ्रमण ।

२०१३

- जनवरी ८ । राष्ट्रपति कार्टरको विचार प्रकाशितः *नेपालको शान्तिप्रक्रियाका लागि निर्वाचन आवश्यक ।*
- फेब्रुअरी २८ । प्रतिवेदन प्रकाशितः *निर्वाचन आयोगको मतदाता दर्ता पहुँच विस्तार प्रयासहरुको कार्टर सेन्टरद्वारा सराहना, चासोका क्षेत्रहरु पनि उजागर ।*
- मार्च १३ । प्रतिवेदन प्रकाशितः *नेपालको कार्टर सेन्टरका दीर्घकालीन पर्यवेक्षणले पहिचानमा आधारित राजनीतिक गतिविधिमा कमी आएको संकेत*
- मार्च-अप्रिल । राजनीतिक नेताहरुसँग भेटघाट तथा सन् २०१३ सकिनुभन्दा अघि निर्वाचनका सम्बन्धमा भएका प्रगतिलाई हौसला प्रदान गर्नका लागि राष्ट्रपति तथा श्रीमती कार्टरको नेपाल भ्रमण ।
- मे-जुनः दीर्घकालीन पर्यवेक्षकहरुद्वारा निर्वाचन अधिकारीहरु, नागरिक समाज संगठन तथा राजनीतिक दलका प्रतिनिधिहरुसँग मतदाता दर्ता प्रतिवेदनका सम्बन्धमा क्षेत्रीय जानकारी बैठक आयोजना
- सेप्टेम्बर । राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टर प्रजातन्त्र कार्यक्रमका कर्मचारीद्वारा नेपाल भ्रमण ।
- सेप्टेम्बर २५ । कार्टर सेन्टरद्वारा निर्वाचन-पूर्वको पर्यवेक्षणका लागि १२ राष्ट्रिय संयोजकहरुसँग सहभागी हुनका लागि अन्तर्राष्ट्रिय दीर्घकालीन पर्यवेक्षकहरुको परिचालन । राजनीतिक पर्यवेक्षण नियोग औपचारिक रुपमा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोगमा परिणत ।
- अक्टुबर १ । प्रतिवेदन प्रकाशितः *कार्टर सेन्टरद्वारा निर्वाचन आयोगको मतदाता नामावलीमा सुधार ल्याउने प्रयासहरुको सराहना, प्रमुख चुनौतीहरु यथावत् छन् ।*
- अक्टुबर ३१ । निर्वाचन-पूर्वको वक्तव्य प्रकाशितः *कार्टर सेन्टर नेपालमा १९ नोभेम्बर मा हुन लागेको निर्वाचनभन्दा अघिका उपलब्धि तथा चासोहरुबारे उल्लेख गर्दछ ।*
- नोभेम्बर १६ । कार्टर सेन्टरद्वारा नेपालको दोस्रो संविधानसभा निर्वाचनको पर्यवेक्षणमा थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री माननीय डा. सुराकियात साथीराथाईसँगै राष्ट्रपति कार्टरद्वारा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोगको नेतृत्व । सेन्टरद्वारा दीर्घकालीन पर्यवेक्षकहरुसँग सहभागी हुनका लागि देशभरि ५४ अन्तर्राष्ट्रिय अल्पकालीन पर्यवेक्षकहरुको परिचालन ।
- नोभेम्बर १९ । निर्वाचनको दिन ।
- नोभेम्बर २१ । प्रारम्भिक वक्तव्य प्रकाशितः *सुसञ्चालित निर्वाचन प्रक्रियाका लागि कार्टर सेन्टरद्वारा नेपाललाई बधाइ ।*
- डिसेम्बर १५ । दीर्घकालीन पर्यवेक्षकहरुद्वारा नेपालमा आफ्नो पर्यवेक्षण सम्पन्न, क्षेत्रीय कार्यालयहरु बन्द ।
- डिसेम्बर १९ । निर्वाचन-पश्चातको वक्तव्य जारीः *कार्टर सेन्टरद्वारा नेपालको गणना प्रक्रिया तथा निर्वाचन परिणाम विश्वसनीय रहेको उल्लेख*

२०१४

- जनवरी । राजनीतिक वातावरण तथा परियोजनाका उपलब्धिहरुको मूल्यांकन गर्नका लागि एटलाण्टाका कार्टर सेन्टर प्रजातन्त्र कार्यक्रमका कर्मचारीद्वारा नेपाल भ्रमण ।
- फेब्रुअरी २० । कार्टर सेन्टरका कर्मचारीद्वारा नोभेम्बर १९ को संविधानसभा निर्वाचनको अन्तिम प्रतिवेदन निर्वाचन आयोगलाई हस्तान्तरण ।

अनुसूची ङः

# वक्तव्य

NEWS

THE CARTER CENTER

ONE COPENHILL ATLANTA, GA 30307

**कात्तिक १४, २०७०**
**तत्काल प्रकाशनका लागि**
**सम्पर्कः एटलान्टामा, डेबोरा ह्याक्स** +१ ४०४-४२०-५१२४; **काठमाडौंमा, डेविड ह्यामिल्टन** +९७७ १-४४४-५०५५

**कार्टर सेन्टरद्वारा नेपालको मङ्सिर ४ गतेको निर्वाचनपूर्व भएको प्रगति र चासोबारे उल्लेख**

आज सार्वजनिक गरिएको एक प्रतिवेदनमा, द कार्टर सेन्टरले मङ्सिर ४ गतेको संविधानसभाको निर्वाचन विश्वसनीय रुपमा सञ्चालन गर्न सहयोगका लागि नेपालको निर्वाचन आयोग, उम्मेदवार तथा दलहरु र सरकारलाई श्रृङ्खलाबद्द सिफारिस गरेको छ।

ती सिफारिस आठवटा देशबाट आएका १२ जना दीर्घकालीन पर्यवेक्षकहरुले यही असोज ९ गतेदेखि नेपालभर निर्वाचनपूर्वका तयारीसम्बन्धी गरेका प्रतिवेदनका निष्कर्षमा आधारित छन्। उनीहरुलाई कात्तिक अन्ततिर २७ देशबाट आउने थप ५१ जना अल्पकालीन पर्यवेक्षकहरुले मतदान र मतगणनाको अनुगमन गर्नमा साथ दिनेछन्।

कार्टर सेन्टर निर्वाचनसम्बन्धी तयारीका प्राविधिक पक्षहरु मूलतः समयतालिका अनुसार नै भएको र चुनावी अभियानको वातावरण सामान्यतया खुला रहेको बताउँदछ। यद्यपि सेन्टर निर्वाचन तयारीको समयतालिका कसिलो (tight) भएको, मतदाता परिचयपत्रसम्बन्धी मुद्दा अझै नसुल्झिएको, विरोधी उम्मेदवारका समर्थकहरुबीच छिटपुट झडपहरु भएको तथा त्यस्ता घटना बढ्दै गएको र निर्वाचन अभियान तथा मतदाता शिक्षा सामग्रीहरु लुटिएकामा चिन्तित भएको छ। त्यसबाहेक, निर्वाचन विरोधी दलहरुका कात्तिक २५ देखिमङ्सिर ५ गतेसम्म घोषणा गरिएको बन्दलगायतका गतिविधि र योजनाका सम्बन्धमा अनिश्चितता जारी नै छ।

निर्वाचनको दिन नजिकिँदै जाँदा, कार्टर सेन्टर राजनीतिक दलहरु तथा तिनका उम्मेदवारहरुलाई नेपालको निर्वाचन आयोगको आचारसंहिताको पालना गर्न र निर्वाचन आयोगलाई समयमै आवश्यक सामग्रीहरु उपलब्ध गराउन तथा मतदाता परिचयपत्रसम्बन्धी बाँकी रहेका मुद्दाहरुलाई समाधान गर्न आह्वान गर्दछ। विरोधमा उत्रेका राजनीतिक दलहरुलाई सबै नागरिकको आवतजावत गर्नपाउने स्वतन्त्रताको अधिकार र सार्वजनिक मामिलामा भाग लिनपाउने उनीहरुको अधिकारलाई सम्मान गर्न पनि सेन्टर आग्रह गर्दछ।

द कार्टर सेन्टरले नेपालको निर्वाचन आयोग तथा अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीको लिखित निमन्त्रणामा नेपालको संविधानसभा निर्वाचनको पर्यवेक्षण गरिरहेको छ। सेन्टरले निर्वाचन प्रक्रियाको निष्पक्ष तथा स्वतन्त्र मूल्याङ्कन नेपाली सर्वसाधारण तथा अन्तर्राष्ट्रिय समुदायलाई आफ्ना आवधिक वक्तव्य तथा प्रतिवेदनहरुमार्फत् उपलब्ध गराउनेछ। यी सामग्रीहरु हाम्रो वेबसाइट www.cartercenter.org मा उपलब्ध हुनेछन्।

सेन्टरको पर्यवेक्षण मिसन सन् २००५ मा संयुक्त राष्ट्रसङ्घद्वारा पारित गरिएको तथा ४० वटाभन्दा बढी निर्वाचन पर्यवेक्षण समूहद्वारा अनुमोदन गरिएको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका लागि सिद्धान्तहरुको घोषणापत्र र अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरुका लागि आचारसंहिताअनुसार सञ्चालन गरिन्छ। नेपालको राष्ट्रिय कानुनी खाका र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्फौताहरुमा समेटिएका लोकतान्त्रिक निर्वाचनका लागि उसका दायित्वहरुमा आधारित रहेर कार्टर सेन्टरले यहाँको निर्वाचन प्रक्रियाको मूल्याङ्कन गर्दछ।

*"शान्ति स्थापना, रोगसँग संघर्ष, आशाको निर्माण।"*

*लाभरहित उद्देश्यको एक गैरसरकारी संस्था, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रबर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकासशील राष्ट्रका किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ। कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साफेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो। कार्टर सेन्टरबारे थप जान्नका लागि कृपया* www.cartercenter.org *मा जानुहोस्।*

THE
CARTER CENTER

**नेपालको सन् २०१३ को संविधानसभा निर्वाचनका सम्बन्धमा
अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोगको निर्वाचनपूर्वको प्रतिवेदन**

**द कार्टर सेन्टर**

**अक्टोबर ३१, २०१३**

१३ जुन, २०१३ मा अन्तरिम निर्वाचन मन्त्रीपरिषद्ले नेपालको दोस्रो संविधानसभाको निर्वाचन १९ नोभेम्बर, २०१३ का दिन हुने घोषणा गऱ्यो । यो घोषणा निर्वाचन अवधिमा बन्ने सरकारलगायत निर्वाचनको मिति तथा प्रणालीका सम्बन्धमा अवस्थित लामो गतिरोध पछि भएको थियो । पहिलो संविधानसभा नयाँ संविधान जारी नगर्दै २७ मे, २०१२ मा विघटन भएको थियो ।

कार्टर सेन्टरका पर्यवेक्षकहरुले निर्वाचनको तयारीका प्राविधिक पक्षहरु अधिकांशतः समयमै सम्पन्न भइरहेको र उम्मेदवार तथा दलहरुलाई सम्भाव्य मतदाताहरुसमक्ष आफ्ना सन्देशहरु प्रवाह गर्नका लागि स्वतन्त्रतापूर्वक सार्वजनिक सभाहरु आयोजना गर्न सहज बनाउँदै यस समयसम्मको प्रचारप्रसार अभियान पनि सामान्यतः खुला रहेको बताएका छन् । अपितु, निर्वाचन तयारीका लागि बाँकी रहेको कसिलो समयतालिकाका कारण मतदाता परिचयपत्र, प्रतिस्पर्धी दल/उम्मेदवारका समर्थकहरुबीचका टकरावका छिटपुट घटनाहरु तथा प्रचारप्रसार र मतदाता शिक्षा सामग्रीहरुको लुटपाटका मामिलाहरुको अझै पनि निराकरण हुन नसकेकोमा सेन्टर चिन्तित छ । यस अलावा, ११ देखि २० नोभेम्बर सम्म १० दिन बन्द आव्हान गरेका निर्वाचनको विपक्षमा रहेका दलका गतिविधि तथा योजनाहरुमा पनि अनिश्चितता नै देखिन्छ ।

निर्वाचनको दिन नजिकिँदै गर्दा, कार्टर सेन्टर राजनीतिक दल तथा तिनका उम्मेदवारहरुलाई निर्वाचन आयोगको आचारसंहिताको पालना गर्न र निर्वाचन आयोगलाई सामग्रीहरु समयमै वितरण गर्न र मतदाता परिचयपत्रका सम्बन्धमा बाँकी रहेका मामिलाहरुको निराकरण गर्न आव्हान गर्दछ । सेन्टर विरोध गरिरहेका दलहरुलाई पनि हिँडडुलको स्वतन्त्रताको अधिकार तथा सबै नागरिकहरुले सार्वजनिक मामिलाहरुमा भाग लिन पाउने अधिकारको सम्मान गर्न आग्रह गर्दछ ।

सेन्टरले नेपालमा आफ्नो अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोग सेप्टेम्बर २५ मा आठ विभिन्न देशका १२ जना दीर्घकालीन पर्यवेक्षकहरु खटाएसँगै आरम्भ गऱ्यो । नोभेम्बर महिनाका मध्यमा २७ देशबाट आएका ५१ जना अल्पकालीन पर्यवेक्षकहरु मतदान र मतगणनाको पर्यवेक्षणमा उनीहरुसँगै सामेल हुनेछन् । द कार्टर सेन्टरले नेपालको निर्वाचन आयोग तथा अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीको लिखित निमन्त्रणामा नेपालको संविधानसभा निर्वाचनको पर्यवेक्षण गरिरहेको छ ।

सेन्टरले नेपाली जनता तथा अन्तर्राष्ट्रिय समुदायका लागि निर्वाचन प्रक्रियाको निष्पक्ष र स्वतन्त्र मूल्यांकन आवधिक वक्तव्य तथा प्रतिवेदनहरुमार्फत प्रस्तुत गर्नेछ जो www.cartercenter.org मा उपलब्ध हुनेछन् । सेन्टरको पर्यवेक्षण नियोग संयुक्त राष्ट्रसंघले सन् २००५ मा अंगीकार गरेको र ४० भन्दा बढी निर्वाचन पर्यवेक्षण समूहहरुले अपनाएको *अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका सिद्धान्तहरुको घोषणापत्र तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरुका लागि आचारसंहिता* अनुरुप हुनेछ ।

सेन्टरले नेपालको राष्ट्रिय कानूनी खाका र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्झौताहरुमा उल्लेखित लोकतान्त्रिक निर्वाचनका दायित्वहरुको आधारमा निर्वाचन प्रक्रियाको मूल्यांकन गर्दछ ।[१]

## प्रारम्भ

नेपाल यतिखेर १९ नोभेम्बर, २०१३ मा हुन गइरहेको दोस्रो संविधानसभा निर्वाचनको तयारी गरिरहेको छ । यो निर्वाचन २७ मे, २०१२ मा अन्त्य भएको पहिलो संविधानसभाले आफ्नो निर्दिष्ट र थपिएको अवधिबाट नयाँ संविधान निर्माण गर्न असफल भएपछि अवरूद्ध हुनपुगेको देशको संविधान निर्माण प्रक्रियालाई पुनः शुरू गर्न लक्षित रहेको छ ।[२] निर्वाचन सरकारको नेतृत्वमा सहमत हुन नसकेपछि नेपालमा लम्बिरहेको संवैधानिक र राजनीतिक संकटलाई अन्त्य गर्नका लागि १३ मार्च, २०१३ मा प्रमुख चार राजनीतिक दलहरुले ११ बुँदे सम्झौतामा हस्ताक्षर गरे । सम्झौता अनुसार कामचलाउ सरकारलाई प्रतिस्थापित गर्दै बहालबाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा अन्तरिम निर्वाचन परिषद् गठन भयो र संवैधानिक अड्चनहरु फुकाउन राष्ट्रपतिद्वारा २५ बुँदे अध्यादेश पारित भयो । त्यसलगत्तै परिषद्लाई सहयोग गर्नका लागि नेपालका सबैभन्दा ठूला राजनीतिक दलहरुको खुला गठबन्धन, उच्चस्तरीय राजनीतिक समितिको गठन भयो । १३ जुन, २०१३ मा अन्तरिम निर्वाचन परिषद्ले १९ नोभेम्बर, २०१३ का दिन संविधानसभाको निर्वाचन हुने घोषणा गऱ्यो । अन्तरिम निर्वाचन परिषद्का अध्यक्षमा प्रधानन्यायाधीशको नियुक्ती र निर्वाचन मितिको घोषणा दुवैलाई नेपाल कम्युनिष्ट पार्टी-माओवादी (नेकपा-माओवादी) को नेतृत्वमा रहको ३३ दलीय गठबन्धनसहितका धेरै साना दलहरुद्वारा असंवैधानिक र गैरकानूनी भन्दै सार्वजनिक विरोध गरियो, नेकपा-माओवादी अझै पनि बहिष्कार गरिरहेको छ । सरकार र उच्चस्तरीय राजनीतिक समितिसँग धेरै पटक भएका वार्ताहरु असफल भएपछि नेकपा-माओवादी र पूर्वी नेपालको संघीय लिम्बुवान राज्य परिषद्सम्बद्ध संघीय लोकतान्त्रीक राष्ट्रिय मञ्चले बेलावखतमा निर्वाचन बिथोल्ने चेतावनी दिएका छन् ।[३]

## कानूनी खाका र निर्वाचकीय प्रणाली

लोकतान्त्रिक निर्वाचनहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि राष्ट्रिय कानून तथा अन्तर्राष्ट्रिय दायित्वहरुको पालना गर्ने राम्रो बैधानिक निर्वाचकीय खाका आवश्यक हुन्छ ।[४] नेपालको बैधानिक निर्वाचकीय खाकाको आधारस्तम्भ सन् २००७ को अन्तरिम संविधान र विभिन्न कानून तथा अध्यादेशहरुको जगमा अवस्थित छ । यसबाहेक, प्रक्रियालाई नियम कानुनको अधिनमा राख्नका लागि निर्वाचन आयोग, नेपालले विभिन्न निर्देशन, नियम तथा आचारसंहिताहरु जारी गरेको छ ।

मूलरुपमा संविधानसभाको एउटा मात्र निर्वाचनको परिकल्पना गरेको सन् २००७ को अन्तरिम संविधानलाई जुन २०१३ मा गर्ने भनिएको संविधानसभाको नयाँ निर्वाचनका लागि कानूनी अड्चनहरु हटाउन मार्च २०१३ मा राष्ट्रपतीय आदेशद्वारा संशोधन गरियो । यी मामिलाहरु अधिकांशतः राजनीतिक संकटको संस्थागत पक्ष, मतदाताको योग्यता तथा निर्वाचन सम्बन्धी प्रावधानहरुको अद्यावधिकसँग सम्बन्धित थिए । यी परिवर्तनहरुबाहेक सन् २०१३ को संविधानसभा निर्वाचनको कानूनी खाका सन् २००८ को निर्वाचनसँग धेरै मिल्दोजुल्दो छ । निर्वाचकीय प्रणालीमा हेरफेर गर्ने सम्बन्धमा भएको सहमतिका वाबजुद निर्वाचन बहिष्कारको चेतावनी दिइरहेका कही साना दलहरुलाई समेट्नका लागि सेप्टेम्बर २०१३ मा भएका छलफलहरुबाट २००८ को संविधानसभा निर्वाचनकै मिश्रित प्रणालीतर्फ फर्कियोः २४० सिटहरुमा प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने, ३३५ सिटहरुमा देशभरीका क्षेत्रहरुबाट समानुपातिक प्रतिनिधित्वका आधारमा निर्वाचित हुने र २६ सिटहरुमा निर्वाचनपश्चात् मन्त्रीपरिषद्ले मनोनित गर्ने ।

लोकतान्त्रिक निर्वाचनका लागि अन्तर्राष्ट्रिय मापदण्डहरु अन्तर्गत मतदाताहरुले स्वतन्त्र तवरले आफ्ना प्रतिनिधिहरुको छनौट गर्न सक्षम हुनै पर्दछ । नेपालको मिश्रित निर्वाचन प्रणाली सिद्धान्ततः राम्रो भए पनि निर्वाचन परिणाम आइसकेपछि राजनीतिक दलहरुले

१. यस प्रतिवेदनमा उदधृत गरिए झैं, यिनमा नागरिक तथा राजनीतिक अधिकारबारे अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, महिलाविरूद्ध हुने सबै खाले भेदभावको अन्त्यबारे सम्मेलन, आदिवासी तथा जनजातिहरुको सम्मेलन तथा संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति (युएनएचआरसी) सामान्य टिप्पणी २५ लगायत पर्दछन् ।

२. संविधानसभाको निर्वाचन नेकपा(माओवादी) र सात दलीय गठबन्धनको अन्तरिम सरकारद्वारा नोभेम्बर २००६ मा गरिएको विस्तृत शान्ति सम्झौताको एक अंश थियो जुन सम्झौताले नेपालको दशक लामो सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य गऱ्यो । संघीयताका प्रकार तथा सरकारको प्रणालीका सम्बन्धमा तीव्र असहमतिका कारण संविधानसभा आफ्नो समयावधीभित्र संविधान जारी गर्न असफल भयो ।

३. शुरूदेखि नै निर्वाचनको विरोध गरिरहेका मधेशी जनाधिकार फोरम नेपाल तथा संघीय समाजवादी पार्टी नेपाल लगायतका दलहरु यसअघि नै निर्वाचन प्रक्रियामा सहभागी हुन सहमत भैसकेका छन् ।

४. आइसीसीपीआर, धारा २, संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, अनुच्छेद ५, ७, ९, १९, २० ।

समानुपातिक उम्मेदवारहरुको छनौट गर्ने कानूनी व्यवस्थाले नागरिकहरुको स्वतन्त्रतापूर्वक आफ्ना प्रतिनिधिहरु छनौट गर्न पाउने अधिकारलाई सिमित तुल्याइदिन्छ, किनभने मतदान गर्दाको समयमा मतदाताहरुलाई दलहरुले कुन उम्मेदवारलाई छान्नेछन् भन्ने थाहा हुँदैन ।[५] त्यसैगरी, २६ सदस्यहरु निर्वाचनपछि सरकारद्वारा छनौट गरिने प्रावधानले प्रतिनिधित्वको मौलिक अधिकारलाई कमजोर बनाउँदछ ।[६]

कानूनी खाकामा समग्र निर्वाचन प्रक्रियाका सबै मूख्य पक्षहरु समेटिएका छन्, तथापि एकरुपताको अभावका कारण उम्मेदवार, मतदाता, निर्वाचन अधिकारी तथा पर्यवेक्षकहरुका लागि त्यो बुझ्न केही असहज हुन्छ । केही तथ्यहरु दोहोरिएका, विरोधाभाषपूर्ण छन् भने निर्देशन र विनियमहरुमा कहींकहीं रिक्तता छ । प्रत्यक्षतर्फका निर्वाचन क्षेत्रहरुको सीमा निर्धारण संवैधानिक व्यवस्थाहरुमा रहेको विरोधभाषका कारण प्रभावित भएको थियो भने सन् २०११ को जनगणनाबाट प्राप्त नयाँ तथ्यांकहरुको वाबजूद निर्वाचन क्षेत्रका सीमाहरु सन् २००८ देखि अपरिवर्तित नै छन् । कानूनी खाकामा रहेका रिक्तताहरुमा मतदान स्थलहरु खोल्ने समयमा पर्यवेक्षकहरुका लागि निर्देशनहरु, मतदाताहरुलाई मतपत्र दिनुअघि नमेटिने मसीको जाँच गर्नुपर्ने आवश्यकताबारे स्पष्टता (यो प्रावधान लागू गर्नुपर्ने आवश्यकताको वाबजूद), बिग्रेका मतपत्रहरुबारे कुनै व्यवस्था नहनु र गणना प्रक्रियाको दौरान मतपत्रहरुको संख्या पुनर्मिलान गर्ने पद्धति नहुनु लगायतका छन् ।

राजनीतिक दल, उम्मेदवार, सरकार, संचारमाध्यम तथा गैरसरकारी संस्थाहरुका लागि निर्मित आचारसंहिताले स्पष्ट आधारभूत नियमहरु स्थापित गरेको र यो लागू भएमा यसले निर्वाचन प्रक्रियालाई अन्तर्राष्ट्रिय मापदण्डहरुसम्मत हुने गरी ठूलो योगदान पुऱ्याउने भएकाले समग्रमा यो सकारात्मक छ । उदाहरणका लागि, प्रचारप्रसारको अवधिमा राज्यका साधनस्रोतको दुरुपयोगलाई रोक्नका लागि अधिकारीहरुको हस्तक्षेपसहितका धेरै धाराहरु उल्लेख भएका छन् । तथापि प्रचारप्रसार अवधिमा मतसर्वेक्षणमा बन्देज, भित्तेलेखन तथा ब्यानरहरुमा बन्देज तथा निर्वाचनका सामग्रीहरु (पम्पलेट, झण्डा) हरु निश्चित प्रकारको हुनुपर्ने आवश्यकता लगायतका केही दृष्टान्तहरुमा आचारसंहिता बढी नै बन्देजात्मक छ । त्यस्ता प्रावधानहरु अभिव्यक्तिको स्वतन्त्रतालाई कडा आवश्यकता भएको खण्डमा मात्र सीमित गर्न मिल्ने नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताभन्दा फरक छन् । प्रचारप्रसारको आर्थिक नियमनलाई कडा बनाउनका लागि आचारसंहितामाको नयाँ मस्यौदामा उल्लेख भएको प्रत्यक्ष तथा समानुपातिक प्रतिनिधित्व गर्ने उम्मेदवारहरुले प्रचारप्रसारको आर्थिक स्रोत खुलाउनु पर्ने व्यवस्थालाई अन्तिम क्षणमा नराखिनु खेदजनक छ ।

आफ्नो देशको सार्वजनिक मामिलामा निर्वाचन पर्यवेक्षण समूहहरुमार्फत समेत सहभागी हुन पाउने नागरिकहरुको अधिकार लोकतान्त्रिक निर्वाचनहरुका लागि एक प्रमुख अन्तर्राष्ट्रिय दायित्व हो ।[७] निर्वाचन पर्यवेक्षण नेपालको कानून अनुरुप गरिन्छ । तथापि निर्वाचन पर्यवेक्षणका सम्बन्धमा सन् २०१३ को निर्वाचन आयोगको परिपत्र पर्यवेक्षकहरुमाथि, विशेषगरी राष्ट्रिय पर्यवेक्षकहरुमाथि लगाइएका बन्देजहरुको सन्दर्भमा जटिल छ । परिपत्र अनुसार पर्यवेक्षकहरु कम्तीमा २१ वर्षका र निश्चित शैक्षिक योग्यता हासिल गरेको हुनु अनिवार्य छ । यी प्रावधानहरु मतदाता हुनका लागि पर्ने आवश्यकताभन्दा कडा छन् र त्यसकारण केही नागरिकहरुको आफ्नो देशका सार्वजनिक मामिलाहरुमा सहभागी हुन पाउने अधिकारसँग बाझिन्छन् । तथापि पर्यवेक्षण समूहहरु तथा अन्तर्राष्ट्रिय संस्थाहरुको कडा आलोचनापश्चात् पर्यवेक्षकहरुले आफ्नो निर्वाचन क्षेत्रभन्दा बेग्लै क्षेत्रमा मात्र पर्यवेक्षण गर्न पाउने अघिल्लो व्यवस्थालाई आफ्नो मतदान गर्ने मतदानस्थलबाहेकका क्षेत्रमा पर्यवेक्षण गर्न पाउने गरि परिवर्तन गरिएको छ । यस्तो सकारात्मक परिवर्तनको द कार्टर सेन्टर प्रशंसा गर्दछ । यसअघि निर्वाचन पर्यवेक्षण समिति नामको एक राष्ट्रिय पर्यवेक्षण समूहद्वारा निर्वाचन आयोगका नीतिहरुका विरूद्ध दायर गरेको एउटा मुद्दाको सुनुवाइ गर्न सर्वोच्च अदालत सहमत भएको थियो ।

अधिकारहरुको उल्लंघनका हकमा प्रभावकारी समाधान प्रदान गर्ने र निर्वाचनसम्बन्धी उजुरीहरुलाई सम्बोधन गर्नका लागि पर्याप्त स्थानहरु रहेको सुनिश्चित गर्नु नेपालको एक अन्तर्राष्ट्रिय दायित्व हो ।[८] सन् २००८ मा उजुरी र अपील प्रणालीलाई दुविधायुक्त र केही सन्दर्भमा अपारदर्शी रहेको मूल्यांकन गरिएको थियो । त्यसकारण उक्त प्रणालीको उपयोग थोरै मात्र भएको थियो, अर्थात् निर्वाचन सम्बन्धी उल्लंघनका दावीहरुलाई प्रायः उचित सम्बोधन गरिएको थिएन । वर्तमान निर्वाचकीय प्रक्रियाको दौरान निर्वाचन क्षेत्रतहमा केही लिखित उजुरीहरु दर्ता गरिएका छन् । तथापि, निर्वाचन अधिकारीहरुलाई उजुरी संयन्त्रबारे एकनासको ज्ञान नभएको

५. निर्वाचन आयोग, नेपालको प्रस्तावको वाबजूद २०१३ को निर्वाचनअघि कानूनको यस प्रावधानलाई परिवर्तन गरिएन ।

६. आइसीसीपीआरको धारा २५ को सामान्य टिप्पणी २५ मा संयुक्त राष्ट्रसंघ मानवअधिकार समितिले उल्लेख गऱ्यो कि, “मतदान प्रक्रियाहरुद्वारा स्वतन्त्र ढंगमा चुनिएका प्रतिनिधिहरुको सहभागिताको अभ्यास गरिन्छ ....”

७. आइसीसीपीआर, धारा २५ (क) । संयुक्त राष्ट्रसंघ सामान्य टिप्पणी २५, अनुच्छेद २० र २६ ।

८. आइसीसीपीआर, धारा २.३, र संयुक्त राष्ट्रसंघ सामान्य टिप्पणी २५, अनुच्छेद २० ।

र केही राजनीतिक दलहरुले उनीहरुलाई उजुरी दर्ता गर्ने सम्बन्धमा पर्याप्त जानकारी नभएको वा उनीहरुलाई उजुरी र अपील प्रणालीप्रति विश्वास नरहेको बताएको पर्यवेक्षकहरुले उल्लेख गरेका छन् ।

## निर्वाचन व्यवस्थापन

पारदर्शी तथा व्यवसायिक ढंगले कार्यसंचालन गर्ने स्वतन्त्र र निष्पक्ष निर्वाचन व्यवस्थापन निकायलाई नागरिकहरु वास्तविक लोकतान्त्रिक निर्वाचकीय प्रक्रियामा सहभागी हुन सक्षम भएको सुनिश्चित गर्ने प्रभावकारी माध्यमका रुपमा मान्यता हुन्छ ।[९] अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनहरुमा व्याख्या गरिएझैं निर्वाचनसम्बन्धी मौलिक अधिकारहरुको सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदमहरु चाल्नु पनि निर्वाचन व्यवस्थापन निकायको जिम्मेवारी हो ।[१०] सन् २०१३ को शुरुतिरको आयुक्तहरु नरहेको छोटो अवधिपछि पाँचै जना आयुक्तहरुको नियुक्तीसँगै हाल आयोगले पूर्ण कार्यसंचालन गरिरहेको छ र सहमतिका आधारमा निर्णयहरु गरिन्छन् । यसले निर्वाचनको प्रमाणिकतामा सार्वजनिक विश्वास प्रबर्द्धन गर्नमा योगदान गर्दछ ।

संवैधानिक संकट, कठिन भौगोलिक अवस्थिति भएको देशमा नोभेम्बरमा हुने निर्वाचन सम्पन्न गर्नका लागि कसिलो समयसीमा र बहिष्कार गरिरहेका केही दलहरुद्वारा निर्वाचन बिथोल्ने चेतावनीहरुको बावजूद निर्वाचन आयोगले यो समयसम्म निष्पक्ष शैलीमा काम गर्दै प्रक्रियाको प्राविधिक पक्षलाई अधिकांशतः समयअनुकुल अघि बढाएको छ । जारी सुरक्षा चुनौतिको अगाडि पर्याप्त मतदाता शिक्षा, सम्पूर्ण सामग्रीहरुको वितरण तथा मतदान र गणना अधिकारीहरुका लागि प्रभावकारी तालिमहरुका सम्बन्धमा सम्बोधन गर्नुपर्ने मूख्य कार्यहरु अझै बाँकी छन् । निर्वाचन आयोगले विस्तृत मतदाता शिक्षा अभियान तयार गरेको छ । निर्वाचन आयोगका जनहित सामग्रीहरु टेलिभिजन र स्थानीय एफएम स्टेशनहरुमा प्रसारण भइरहेको भए पनि क्षेत्रगत रुपमा मतदाता शिक्षा अभियानका अन्य प्रयासहरु सीमित देखिन्छन् । सेन्टरका पर्यवेक्षकहरुले भ्रमण गरेका धेरै जिल्लाहरुमा मतदाता शिक्षा स्वयंसेवकहरुका लागि तालिम संचालन भैरहेको वा भैसकेको जानकारी दिइएको भए पनि थोरै मात्र गतिविधिहरु भैरहेको पाइयो र अन्तर्वार्ता गरिएका अधिकांश जिल्ला निर्वाचन अधिकृतहरूले मतदाता शिक्षा सामग्रीहरु अझै प्राप्त गरि नसकेको बताए । मतदाता शिक्षा पहिले नै चलिरहेका स्थानहरुमा स्वयंसेवकहरुलाई कतिजना मतदाताहरुसँग सम्पर्क गर्ने भन्ने सम्बन्धमा निश्चित संख्याको लक्ष्य नदिइएको र उनीहरुलाई अधिकांशतः आफ्नै कार्यक्रम बनाउन छाडिदिइएको पर्यवेक्षकहरुले पाए ।

निर्वाचन आयोगले निर्वाचन तयारीका दौरान अधिकांश खण्डहरुमा पारदर्शी ढंगबाट कार्य गरेको भए पनि मतपत्र छपाईको समयमा भने सुरक्षाको कारण दर्शाउँदै पर्यवेक्षकहरुलाई उपस्थित हुन अनुमति दिएन । प्रक्रियाका सबै चरणहरु पर्यवेक्षणका लागि पूर्णतः खुला राख्नु प्रक्रियाको प्रमाणिकताप्रति सर्वसाधारणको विश्वास निर्माण गर्न र कायम राख्नका लागि महत्वपूर्ण कदम हुनुका साथै अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका सिद्धान्तहरुको घोषणापत्र र अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरुका लागि आचारसंहिताको केन्द्रबिन्दु पनि हो ।

## दल तथा उम्मेदवारी दर्ता

निर्वाचित कार्यालयका लागि खडा हुन पाउने अधिकारको प्रभावकारी कार्यान्वयनले मतदाताहरुलाई उम्मेदवारको छनौट गर्ने स्वतन्त्रता भएको सुनिश्चित गर्दछ ।[११] त्यस कारण राजनीतिक दल वा उम्मेदवार दर्ता प्रक्रियाहरुमा राखिएको कुनै पनि शर्त न्यायोचित र भेदभावमुक्त हुनुपर्दछ ।[१२] समग्रमा दल तथा उम्मेदवारको दर्ता दल र व्यक्तिविशेषहरुलाई अनावश्यक झण्झट बिना, मतदाताहरुलाई राजनीतिक विकल्पहरुमा व्यापक छनौटको अवसर दिँदै सम्पन्न भयो । समानुपातिक प्रतिनिधित्वका लागि १२२ भन्दा बढी दलहरु दर्ता भए भने प्रत्यक्षतर्फ ६,१२८ उम्मेदवारहरु दर्ता भए जसमा ६६७ महिला र १,११५ स्वतन्त्र उम्मेदवार थिए । दर्ता बदर भएका केही मामिलाहरुमा त्यसो गर्नुको आधार उचित भएको देखियो । त्यस्तो हुनेमा आठ दल र छ प्रत्यक्ष उम्मेदवारहरु थिए । पूर्वी नेपालका केही निर्वाचन क्षेत्रहरुमा प्रत्यक्ष उम्मेदवार दर्तामा बहिष्कार गर्ने समूहहरुको हड्ताल वा हिंसाको चेतावनीका कारण असर परेको वा तनावपूर्ण भएको भए पनि यो कार्य देशभरी सफलतापूर्वक संचालन भयो ।

९. संयुक्त राष्ट्रसंघ, सामान्य टिप्पणी २५, अनुच्छेद २० ।
१०. संयुक्त राष्ट्रसंघ, सामान्य टिप्पणी २५, अनुच्छेद २० ।
११. आइसीसीपीआर, दफा २५ (क) । संयुक्त राष्ट्रसंघ सामान्य टिप्पणी २५, अनुच्छेद १५ ।
१२. आइसीसीपीआर, दफा २५ (क) । संयुक्त राष्ट्रसंघ सामान्य टिप्पणी २५, अनुच्छेद १५ ।

राज्यले हरेक नागरिकहरुको सार्वजनिक मामिलाहरुमा सहभागी हुन पाउने सामर्थ्य सुनिश्चित गर्नुपर्दछ र भेदभाव वा अवसरको अभावको अभ्यासलाई अन्त्य गर्नका लागि सकारात्मक कदमहरु चाल्नुपर्छ ।[१३] यो सबै व्यक्तिहरुमा लागू हुन्छ, तर महिला तथा आदिवासी समूहहरुको अधिकारका बारेमा भने थप विशिष्ट अन्तर्राष्ट्रिय दायित्वहरु छन् ।[१४] यस सन्दर्भमा सन् २००८ को निर्वाचनका लागि निर्मित कानूनी खाकामा समाविष्ट महिला, आदिवासी समूहका सदस्यहरु तथा अन्य वर्गका लागि न्यूनतम प्रतिनिधित्वको कोटा सकारात्मक छन् । तथापि, तुलनात्मक रुपमा प्रत्यक्ष तर्फ थोरै मात्र महिला वा आदिवासी समूहका उम्मेदवारहरु छन् र मनोनयन गरिएकामध्ये केहीलाई जित्ने सम्भावना कम भएका निर्वाचन क्षेत्रहरुमा खडा गराइएको बताइएको छ । निर्वाचन आयोगले शुरूमा पेश गरिएकामध्ये अधिकांश समानुपातिक उम्मेदवारका सूचिहरु कोटा पूरा नगरेको कारण देखाउँदै त्रूटि सच्याउनका लागि राजनीतिक दलहरुलाई नै फिर्ता गरिदियो ।

त्यसैगरी आयोगले मन्त्रीपरिषद्को आग्रहमा प्रत्यक्षतर्फका उम्मेदवार दर्ताको समयसीमा एक हप्ता पछाडि सारिदियो ।

## मतदाता दर्ता र मतदाता परिचयपत्र

विस्तृत तथा समावेशी मतदाता दर्ता प्रक्रिया विश्वव्यापी मताधिकारको सुनिश्चितता तथा मतदान गर्ने र निर्वाचित हुने मौलिक अधिकारको उपभोगका लागि एक प्रमुख खण्ड हो ।[१५] मतदाता नामावलीहरुको शुद्धताप्रतिको व्यापक अविश्वास रहेको कारणले गर्दा सन् २००८ को संविधानसभाको निर्वाचनपछि कार्टर सेन्टर तथा अन्य पर्यवेक्षण संस्थाहरुको प्रमुख सुझाव मतदाता दर्तामा सुधार ल्याउनु थियो । निर्वाचन आयोगले यस समस्यालाई सम्बोधन गर्दै देशव्यापी दर्ता अभियानहरुमार्फत स्वेच्छिक रुपमा दर्ता गराउन पाउने गरी बायोमेट्रिक तथ्यांक सहितको पूर्णतः नयाँ मतदाता पञ्जिकाको निर्माण गऱ्यो र आयोग १८ वर्ष र त्यसभन्दा माथिका १२,१४७,८६५ नागरिकहरुलाई मतदानका लागि दर्ता गराउन सफल भयो । यो निर्वाचन आयोगको १ करोड ४७ लाखको प्रारम्भिक लक्ष्य र २०११ को जनगणनाअनुसार लगभग १ करोड ६० लाख नेपाली नागरिकहरु मतदानका लागि योग्य हुनुपर्ने अनुमानित संख्याभन्दा कम थियो । सन् २००७ को अन्तरिम संविधानलाई मार्च २०१३ मा संशोधन गरिएको परिणामस्वरुप एक सकारात्मक कदम के थियो भने १८ वर्षका अधिकांश व्यक्तिहरु अब मतदानका लागि योग्य छन्, यो कार्टर सेन्टरको सुझावसम्मत छ । निर्वाचन आयोगको निर्णयद्वारा, दर्ता भएका र १५ जुलाई सम्ममा १८ वर्ष पुगेका सबै नागरिकहरु मतदानका लागि योग्य छन् ।

नेपालका अन्तर्राष्ट्रिय दायित्वहरुअन्तर्गत दर्तालाई सहज बनाउनु र दर्तामा आइ पर्ने अवरोधहरु हटाउनु आवश्यक छ । नेपालमा मतदाता दर्ताका लागि योग्यताको प्रमाणपत्र एक निरन्तर र संवेदनशील मामिला रहिआएको छ । सर्वोच्च अदालतले सन् २०११ मा नेपालको कानून अन्तर्गत नागरिकता प्रमाणपत्रले मात्र कुनै व्यक्तिविशेष नेपाली नागरिक रहेको प्रमाणित गर्दछ र त्यसैले मतदानका लागि योग्य ठहर गर्छ भन्ने निर्णय सुनायो । यो प्रावधानले गैरनेपाली नागरिकलाई अलग्याए पनि यसले नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि आवश्यक कागजपत्र नभएका, विशेषगरी ऐतिहासिक रुपमा सीमान्तकृत समुदायहरु, विवाहित महिला तथा भूमिहीनजस्ता नागरिकहरुका लागि अप्ठ्यारो बनायो । सर्वोच्च अदालतको निर्णय अनुसार, अधिकारीहरुले यस कागजमाथिको पहुँचमा सुधार गर्ने कदमरू चाले जसमा हरेक जिल्लामा घुम्ती वितरण टोलीहरु खटाइनु, जन्मका आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानहरुलाई नागरिकता प्रदान गर्नका लागि नागरिकता कानूनमा संशोधन, सन् २००८ को संविधानसभाको निर्वाचनको समयमा मतदाता सूचिमा नाम समाविष्ट भएका व्यक्तिहरुलाई नागरिकता प्रमाणपत्र बिना नै दर्ता हुन पाउने व्यवस्था गरिदिनुलगायतका थिए ।

निर्वाचन आयोगले “जिल्ला बाहिरको” दर्ता कार्यक्रम संचालन गरेर आफू बसोबास गरिरहेको जिल्लाको बसोबासको प्रमाण देखाउन नसक्ने आन्तरिक प्रवासीहरुका लागि बसोबास गरेकै जिल्लाबाट आफ्नो मूल गृहजिल्लाका लागि दर्ता गर्न सहज बनाइदियो जसले दर्ताको लागि एक प्रारम्भिक अड्चनलाई हटाइ दियो । यो व्यवस्थाले आन्तरिक प्रवासीहरुलाई प्रभावकारी रुपमा समेट्न कति सहयोग गर्छ भन्ने अस्पष्ट छ किनभने उनीहरुले मतदानका लागि आफ्नै गृह निर्वाचन क्षेत्र जानुपर्ने हुन्छ र निर्वाचनको दिन आफ्नो क्षेत्रसम्म नपुग्न पनि सक्छन् । मतदाता दर्ताको संचालन प्रायः असहज अवस्थाहरुमा भए पनि समग्रमा सही ढंगमा सम्पन्न भएको थियो तर निर्वाचन हुनुभन्दा अघि मतदाता पञ्जिकाको अडिट हुन नपाएकाले गलत मतदानस्थल निर्धारण, गलत परिचय विवरण जस्ता त्रूटिहरुको परिमाण अज्ञात छ ।

१३. संयुक्त राष्ट्रसंघ सामान्य टिप्पणी १८, अनुच्छेद १० ।
१४. आइसीसीपीआर, धारा ३; सेडा, दफा ७ ; र आइएलओ आदिवासी तथा जनजातीहरुको सम्मेलन, १९८९ (संख्या १६९), धारा ६.१(ख)
१५. आइसीसीपीआर, दफा २५ (ख); र संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, अनुच्छेद ११ ।

मतदाताको पहिचानसम्बन्धी मामिला अझै विद्यमान छ । नयाँ मतदाता नामावलीमा हरेक मतदाताको फोटो छ जसले मतदान कर्मचारीहरुलाई मतदाताको पहिचान गर्न सहयोग गर्नेछ । मतदाता परिचय पत्रको वितरणका सम्बन्धमा आएका केही मिश्रित सन्देशहरुपश्चात् निर्वाचन आयोगले भर्खरै १ करोड २१ लाख मतदाता परिचय पत्रको छपाइ गर्ने र निर्वाचनको दिनअघि नै वितरण गरिसक्ने संकेत गरेको छ । केहि मुद्धाहरूमा, कार्टर सेन्टरका पर्यवेक्षकहरुले भेट गरेका अधिकांश जिल्ला निर्वाचन अधिकृतहरुले मतदाता परिचय पत्रको वितरण सम्बन्धमा चासो व्यक्त गरेका छन् । यदि वितरण कार्य अघि बढ्यो भने फर्जी प्रयोगबाट रोक्नका लागि हरेक मतदाताको परिचय पत्र सम्बन्धित मतदातालाई मात्र प्रदान गरिनेछ भन्ने सुनिश्चित गर्न उचित नियन्त्रणको आवश्यकता पर्नेछ । मतदानका लागि परिचय पत्र आवश्यक हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा मतदाताहरुमाझ हुन सक्ने सम्भाव्य आशंकालाई सम्बोधन गर्न निर्वाचन आयोगले शिक्षा अभियान संचालन गर्छ वा गर्दैन भन्ने अस्पष्ट छ ।

राजनीतिक दलहरुलाई मतदान स्थलभित्र मतदाताहरुलाई नामावलीमा नाम खोज्न सहयोग गर्नका लागि टेबुल राख्ने कार्यलाई रोक्न कुनै कदम चालिएको छैन । नयाँ प्रकारको मतदाता नामावलीमा यसो गर्नु अनावश्यक हुनुका साथै यस किसिमको अभ्यासले सन् २००८ को निर्वाचनका समयमा केही मदतान स्थलहरुमा समस्या खडा गरेको थियो र कार्टर सेन्टरले भावी निर्वाचनहरुमा यस प्रथालाई हटाउन सुझाव दिएको थियो ।

## प्रचारप्रसार वातावरण

वास्तविक लोकतान्त्रिक निर्वाचन खुला र पारदर्शी हुनुका साथै यसमा प्रचारप्रसारको अवधि आवश्यक हुन्छ जसमा निर्वाचनसँग सरोकार राख्ने सबैले धारणा र अभिव्यक्तिको स्वतन्त्रता, संगठन निर्माणको स्वतन्त्रता, आवतजावतको स्वतन्त्रता, व्यक्तिको सुरक्षा तथा सूचनाहरुमा पहुँचजस्ता अधिकारहरुको सम्मान र मर्यादा राख्दछन् ।[१६]

कार्टर सेन्टरका पर्यवेक्षकहरुले यस समयसम्मको प्रचारप्रसार वातावरण सामान्यतः खुला रहेको पाएका छन्, उम्मेदवार तथा दलहरुले स्वतन्त्र तवरमा सार्वजनिक जुलुस र सभाहरु गर्दै सम्भाव्य मतदाताहरुसमक्ष आफ्ना सन्देश प्रवाह गर्न पाइरहेका छन् । निर्वाचन आयोगको आचारसंहिताको सबैभन्दा बढी उल्लंघन उम्मेदवारहरुद्वारा प्रचारप्रसारका क्रममा अनधिकृत सवारी साधनको प्रयोगद्वारा भएको पाइएको छ । तथापि, केही बढी गम्भीर उल्लंघनहरु पनि पाइएका छन् जसमा प्रतीस्पर्धी दल/उम्मेदवारका समर्थकहरुबीच छिटपुट टकराव र मतदान विरोधी दलहरुद्वारा प्रचारप्रसार सामग्री वा मतदाता शिक्षा सामग्री लुटिएको लगायत छन् ।[१७] पछिल्लो समयमा उम्मेदवारहरुले प्रयोग गर्ने गरेका सवारी साधनहरु पार्किङ गरिएको समयमा आगजनी भएका छन् र मतदान विरोधी दलहरुले चार मुख्य दलका उच्चतहका राष्ट्रिय नेताहरुको बढी दुर्गम जिल्लाहरुको भ्रमणहरुलाई प्रभावित पार्ने प्रयासमा क्षेत्रीय स्तरमा बन्दको घोषणा गरेका छन् । तथापि यी छिटपुट र बढ्दो क्रममा रहेका घटना तथा अवरोधका प्रयासहरुले यो समयसम्मको समग्र प्रचारप्रसार वातावरणमा उल्लेख्य असर पारेका छैनन् ।

नेपालमा सार्वजनिक प्रचारप्रसारका लागि आर्थिक कोषको प्रावधान छैन त्यसकारण राजनीतिक दलहरु प्रचारप्रसार खर्चका लागि दलका सदस्यहरुको योगदान, मनोनित उम्मेदवारको व्यक्तिगत साधनस्रोत र चन्दामा निर्भर छन् । प्रत्यक्षतर्फका धेरैजसो उम्मेदवारहरु प्रचारप्रसारको खर्चका लागि आफ्नै साधनस्रोतमा निर्भर रहन्छन् र आफ्नो दलबाट थोरै मात्र आर्थिक सहयोग प्राप्त गर्छन् वा त्यो पनि पाउँदैनन् । यो अवस्थालाई बेलावखतमा राजनीतिक दलहरुले प्रत्यक्षतर्फ बढी महिलाहरुलाई मनोनयन नगर्नुको कारणको रुपमा पनि दर्शाइन्छ । खर्चको निश्चित सीमा तोकिएको भए पनि त्यसको पालना भए नभएको अनुगमन भने जारी चुनौति हो ।[१८] निर्वाचन प्रक्रियाको आर्थिक तत्वलाई अझ पारदर्शी बनाउनका लागि कार्टर सेन्टर दल तथा उम्मेदवारहरुलाई खर्चको सीमाको पालना गर्न र निर्वाचन आयोगलाई प्रचारप्रसारको आर्थिक विवरण प्राप्त भैसकेपछि सो प्रकाशित गर्न आग्रह गर्दछ ।

१६. आइसीसीपीआर, दफा ९, १२, १९, २२; र संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, अनुच्छेद २५ ।

१७. निर्विवाद रूपमा हालसम्मको सबैभन्दा गम्भीर घटनामा एमालेका बारा जिल्लाका उम्मेदवार तथा एकजना प्रमुख मुस्लिम नेता मोहम्मद आलममाथि गोली प्रहार भएको अक्टोबर ४ को घटनाको छानवीन अझै पनि जारी छ र उक्त हत्या निर्वाचनसँग सम्बन्धित थियो वा थिएन भन्ने अझै स्पष्ट छ ।

१८. विगतमा अडिटको प्रावधानलाई लागू गर्ने र सार्वजनिक अनावरण संयन्त्र प्रत्यक्ष रूपमा कमजोर थियो । हेर्नुहोस् मार्टिन चौतारी, फेब्रुअरी २०१२, “राजनीतिक वित्त र सार्वजनिक अधिकार”, संक्षिप्त पत्र संख्या ६ ।

## सुरक्षा वातावरण

व्यक्तिको सुरक्षाको अधिकार एक मौलिक अधिकार हो र यसमा मतदाता, उम्मेदवार, मतदान कर्मचारी तथा पर्यवेक्षकहरुलाई निर्वाचनको अवधिमा जबरजस्ती, धम्की तथा हिंसाबाट संरक्षण दिने समेत समावेश हुन्छ ।[१९] २००८ को निर्वाचनमा नेपालमा निर्वाचनसँग सम्बन्धित हिंसा, मतदातालाई डरधम्की तथा बुथ कब्जा गर्ने कार्यहरु भए । पछिल्लो अवधिमा, मार्च २०१३ मा निर्वाचन विरोधी दलहरुले मतदाता दर्ता प्रक्रियामा अवरोध पुऱ्याए ।

दशैंभन्दा अघि, अक्टोबर महिनाको दोस्रो हप्तामा गरिएका जिल्ला भ्रमणहरुमा कार्टर सेन्टरका पर्यवेक्षकहरुले सुरक्षा वातावरण शान्त रहेको उल्लेख गरे । सरकारले संवेदनशील वर्गमा राखेका जिल्लाहरुमा पनि अवस्था त्यही थियो । त्यो समयपछि प्रतिस्पर्धी दल/उम्मेदवारका समर्थकहरुबीच टकरावका केही विवरणहरुका प्राप्त हुनुका साथै निर्वाचन विरोधी दलहरुद्वारा प्रचारप्रसार वा मतदाता शिक्षा सामग्रीहरु लुटिएका छिटपुट घटनाहरु भएका छन् । (कृपया प्रचारप्रसार खण्ड हेर्नुहोस्)

निर्वाचन विरोधी दल, मुख्यत: नेकपा-माओवादी र पूर्वी नेपालमा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्यपरिषद्का गतिविधि तथा योजनाहरु निर्वाचनको समयमा सुरक्षा वातावरणका लागि संशयको सबैभन्दा ठूलो तत्व बनेका छन् । उनीहरुको रणनीति र उनीहरुले सक्रिय अवरोध गर्ने प्रयास गर्छन् वा शान्तिपूर्ण रुपले निर्वाचन बहिष्कार गर्छन् भन्नेबारे मा मिश्रित समाचारहरु आइरहेका छन् । नेकपा-माओवादीका अध्यक्ष मोहन बैद्यले अक्टोबर १० का दिन आफ्नो दलले "भद्र" प्रयासको अनुशरण गर्नेछ र निर्वाचनलाई बलपुर्वक अवरोध पुऱ्याउने छैन भनी दिएको आश्वासनको वाबजूद प्रचारप्रसार वा मतदाता शिक्षा सामग्रीहरु लुट्ने वा नष्ट गर्ने वा आक्रमण गर्ने जस्ता घटनाहरु छिटपुट भइ नै रहेका छन् ।[२०] पूर्वको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्यपरिषद्ले अझै आक्रामक स्वरुप लिएको देखिन्छ जसले अक्टोबर १९ देखि लागु हुने गरी उम्मेदवारहरुलाई उनीहरुको निर्वाचन क्षेत्रमा "निषेध" गर्ने कार्यक्रमको घोषणा गरेको छ । उल्लेखनीय रुपमा, दुवै समूहहरुले नोभेम्बर ११ देखि २० सम्म देशव्यापी बन्दको आव्हान गरेका छन् जसले निर्वाचनको समग्र व्यवस्थापकिय तयारीलाई प्रभावित पार्ने सम्भावना हुनेछ । कार्टर सेन्टर सबै विरोधी दलहरुलाई शान्तिपूर्ण रुपमा विरोध गर्न र नागरिकहरुको आवतजावत गर्ने, शान्तिपूर्ण भेला गर्ने तथा सार्वजनिक मामिलाहरुमा सहभागी हुने स्वतन्त्रताको सम्मान गर्न आग्रह गर्दछ ।

सेन्टरका पर्यवेक्षकहरुले विशेषत: हिमाली जिल्ला तथा पहाडका दुर्गम क्षेत्रहरुमा (र केही मात्रामा तराईमा पनि), असहज भौगालिक अवस्था तथा सडक मार्गको अभावका कारणले सुरक्षाबलहरुका लागि प्रत्युत्तर दिनका साथै संवेदनशील मतदान सामग्री ढुवानी गर्न चुनौतिपूर्ण भएको उल्लेख गरेका छन् । वार्ता गरिएका धेरै व्यक्तिहरुले निर्वाचनको दिन मतदाताहरुलाई धम्क्याउने वा अवरोध गर्ने कार्य मतदान स्थलमा नभए पनि तर त्यहाँ जाने आउने बाटो मै हुन सक्ने विचार व्यक्त गरे । ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा त्यस्ता अवरोधहरु बढी गर्ने सम्भावना र सहजता दुवै हुन्छ ।[२१] यसको विपरित, पूर्वी तथा मध्य तराईमा भारतसँगको खुला सिमाना र केही उम्मेदवारहको सशस्त्र समूह तथा अपराधिक गिरोहहरुसँगको सम्बन्धलाई सम्भाव्य सुरक्षा जोखिमको रुपमा बुझिएको छ ।

कार्टर सेन्टरका पर्यवेक्षकहरुले दलका प्रतिनिधिहरुद्वारा आफ्नो युवा समूहहरुलाई मत माग्नका लागि मात्र नभै उम्मेदवारहरुलाई सुरक्षा प्रदान गर्न, मतदाताहरुलाई मतदान स्थलसम्म पुग्न सघाउन र सम्भाव्य हस्तक्षेपबाट जोगाउन मतपेटिका र बुथको सुरक्षा गर्नका लागि प्रयोग गर्ने योजना बनाएको पनि सुने । कसैकसैले उनीहरुका युवासमूहहरु हाल भीड व्यवस्थापन तथा बुथ सुरक्षाको तालिम लिइरहेको पर्यवेक्षकहरुलाई बताए । अधिकांशले आफ्ना युवा समूहहरुलाई संयमतापूर्वक परिचालन गर्नेमा विश्वस्त पारे पनि मतदान स्थल बाहिर ठूलो संख्याका युवाहरुको भीड हुनु केही चासोको विषय हो । कार्टर सेन्टर राजनीतिक दलका नेता तथा उम्मेदवारहरुलाई कुनै पनि गुनासो उब्जिएमा उजुरी प्रक्रियाको आधिकारिक संयन्त्रको प्रयोग गर्न र आफ्ना समर्थकहरुलाई संयम बनाउनका लागि आवश्यक उपाय अपनाउन आग्रह गर्दछ ।

१९. आइसीसीपीआर, दफा ९ । "हरेकलाई स्वतन्त्रता तथा व्यक्तिगत सुरक्षाको अधिकार हुन्छ । कसैलाई पनि एकपक्षीय रूपमा पक्राउ गर्नु वा हिरासतमा राख्नु हुँदैन । कानूनले स्थापित गरेका आधार र तिनले स्थापित गरेका पद्धतिसम्मत हुने गरी बाहेक कोही पनि आफ्नो स्वतन्त्रताबाट वञ्चित हुनु हुँदैन ।"

२०. यसमा अक्टोबर २३ का दिन नुवाकोटमा एनेकपा(माओवादी) की एकजना महिला कार्यकर्तालाई गम्भीर रूपले जलाइएको घटना समावेश थियो ।

२१. उदाहरणका लागि डडेल्धुराको जोगबुढा गाउँ विकास समितिमा एक जना प्रहरी अधिकारीले केही मतदान स्थलहरुमा जाने आउने बाटोलाई लट्ठी लिएका बसेका थोरै व्यक्तिहरुले नै छेक्न सक्ने बताए ।

विगतका अनुभवहरु र मतदानमा अवरोध गर्ने लगातारका चेतावनीलगायत माथि उल्लेखित तत्वहरुको परिदृष्यमा सेप्टेम्बर महिनामा सरकारले निर्वाचनका लागि एकीकृत सुरक्षा योजना ल्यायो । योजनाका अनुसार नेपाल प्रहरीबाट ४०,०००, सशस्त्र प्रहरी बलबाट २५,००० र सेनाबाट ४०,००० जना निर्वाचन सुरक्षाका लागि खटिनेछन् । यसअलावा ४५,००० अस्थायी प्रहरी (म्यादी प्रहरी) भर्ती गरिएका छन् जो निर्वाचनको अवधिमा सहायक भूमिका निर्वाह गर्नका लागि हाल १५ दिने तालीममा छन् । गृह मन्त्रालयले विभिन्न निर्वाचन क्षेत्र तथा मतदान स्थलहरुलाई ती स्थानहरुको संवेदनशीलता अनुसार वर्गीकरण पनि गरेको छ ।

विश्वसनीय निर्वाचन संचालनका लागि निर्वाचनको दिन मतदान अधिकृत तथा सामग्री, उम्मेदवार, मतदाता तथा अन्य सरोकारवालाहरुको सुरक्षाको महत्व सबैभन्दा बढी हुन्छ र जोखिमहरुलाई मत्थर तुल्याउनका लागि आवश्यक कदमहरु चाल्न कार्टर सेन्टर सरकारलाई सुझाव व्यक्त गर्दछ ।

निर्वाचन सुरक्षाको उद्देश्यका साथ गरिएको म्यादी प्रहरीको भर्ना र सेना खटाउने कार्य बहसको विषय बनेका कार्टर सेन्टरलाई थाहा छ । यसअलावा, २१ अक्टोबरमा बारा जिल्लामा म्यादी प्रहरी र प्रहरीबीच भएको झडप र त्यसपछि म्यादी प्रहरीहरुको समयावधी घटाउने घोषणाको भोलीपल्ट उनीहरुले गरेको देश्व्यापी प्रदर्शनहरुले केही चिन्ता उब्जाएका छन् । कार्टर सेन्टर म्यादी प्रहरीहरुलाई खटाउनुभन्दा अगाडि पर्याप्त तालिम प्रदान गर्न आग्रह गर्दछ र मतदान स्थलको सुरक्षा व्यवस्थापन गर्दा हतियारधारी सुरक्षाकर्मीहरुको उपस्थितिले अवरोधहरुका विरूद्ध रक्षात्मक शैली अपनाउँदै मतदाताहरुको लोकतान्त्रिक अधिकारहरुको अभ्यासका क्रममा उनीहरुलाई धम्क्याउने वा कुनै पनि ढंगमा प्रभावित पार्ने काम गर्दैन भन्ने प्रत्याभूत गर्ने किसिमले गरिनुपर्छ ।

## सुझावहरू

नेपालको सन् २०१३ को संविधानसभाको निर्वाचनका लागि कार्टर सेन्टरको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोग विश्वसनीय निर्वाचन संचालन गर्न सघाउ पुऱ्याउने हेतुले निम्न सुझावहरु प्रस्तुत गर्दछः

### निर्वाचन आयोग, नेपालका लागिः

- मान्यताप्राप्त अन्तर्राष्ट्रिय तथा नागरिक निर्वाचन पर्यवेक्षकहरुलाई मतपत्रको छपाईलगायतका निर्वाचन-पूर्वका गतिविधिहरु, मतदानका सबै पक्ष, मतदान समापन तथा गणना, महत्वपूर्ण सार्वजनिक सूचनाहरु तथा मतको राष्ट्रिय तालिकीकरण जस्ता निर्वाचनपश्चातका गतिविधिहरु लगायतका निर्वाचन प्रक्रियाका हरेक भागमा पहुँच सुनिश्चित गर्नुपर्छ ।
- निर्वाचन कर्मचारीहरूले चुनाव अगावै पर्याप्त तालिम पाएको सुनिश्चित गर्नुपर्ने, विशेषगरि मतदाता परिचयसम्बन्धि, अनधिकृत व्यक्तिहरूको आवतजावत रोक्न र मत गोप्यताको लागि ।
- मतदाता परिचयपत्रहरु व्यक्तिगत रुपमा र सम्बन्धित मतदातालाई मात्र वितरण हुने सुनिश्चित गर्नुपर्छ । मतदान गर्नका लागि परिचय पत्र आवश्यक बनाइनु हुँदैन । परिचयपत्रको सम्बन्धमा शिक्षा अभियान पनि संचालन गरिनुपर्छ ।
- मतदान केन्द्रमा राजनीतिक दलका स्वयंसेवकले नभै मतदान अधिकारीहरुले मतदाताको पहिचान गर्न सुनिश्चित गर्नुपर्छ ।
- गणना कर्मचारीहरु पूर्णतः तालिमप्राप्त भएको सुनिश्चित गर्नुपर्छ र मतपेटिकाहरुको संख्या पुनर्मिलान गर्ने पद्धति निर्माण गर्नेतर्फ ध्यान दिनुपर्छ ।
- निश्चित वर्गका लागि लक्षित मतदाता शिक्षासहित मतदाता शिक्षामा सुधार ल्याउने प्रयासको विकास गर्नुपर्छ ।
- हरेक उजुर/गुनासोहरुमा कानून तथा स्थापित पद्धतिहरु अनुसार व्यवहार हुने सुनिश्चित गर्नुपर्छ ।

### उम्मेदवार तथा राजनीतिक दलहरूका लागिः

- निर्वाचन आयोग, नेपालको आचारसंहिताको सम्मानलाई निरन्तरता दिनुपर्छ र दलका समर्थकहरुबीच स्वच्छ अभ्यासलाई सुदृढ बनाउनुपर्छ ।
- दलका सभा वा विरोध र बहिष्कारका कार्यक्रमहरुले नागरिकहरुको भेला हुने स्वतन्त्रतता, हिँड्डुलको स्वतन्त्रता तथा सार्वजनिक मामिलाहरुमा सहभागी हुने अधिकारको सम्मान गर्ने सुनिश्चित गर्नुपर्दछ ।

- निर्वाचनका सम्बन्धमा उत्पन्न हुन सक्ने गुनासोहरुका लागि आधिकारीक उजुरी संयन्त्रको प्रयोग गर्नुपर्छ र आफ्ना समर्थकहरुलाई संयम बनाउन तथा धैर्य रहन आव्हान गर्नका लागि उपायहरु अबलम्बन गर्नुपर्छ।
- समर्थक र युवा समूहका सदस्यहरुलाई निर्वाचनको दिनमा मतदान स्थल वा त्यहाँ जाने आउने बाटोहरुमा भीड एकत्रित नगर्न निर्देशन दिनुपर्दछ।
- प्रचारप्रसारको आर्थिक मामिलामा पारदर्शिता सुनिश्चित गर्नुपर्छ।
- डरधम्की तथा जबरजस्ती चन्दा माग्ने कार्यबाट टाढा रहनुपर्छ।

**नेपाल सरकारका लागिः**

- मतदानबाट अलग रहने र शान्तिपूर्ण बहिष्कार गर्ने अधिकारको सम्मान गर्नुपर्छ तर नागरिकहरुलाई आफ्नो मौलिक नागरिक र राजनीतिक अधिकारहरुको अभ्यास गर्नबाट रोक्ने कुनै पनि किसिमका अवरोधहरुबाट जोगाउनुपर्छ।
- मतदाता तथा उम्मेदवारहरुको सुरक्षा सुनिश्चित गर्नुपर्छ।
- सुरक्षा व्यवस्थापनले मतदाताहरुलाई त्रसित नपारोस् भन्ने सुनिश्चित गर्नुपर्छ।
- म्यादी प्रहरीहरुलाई खटाउनुपूर्व पर्याप्त तालिम दिइएको सुनिश्चित गर्नुपर्छ।

*"शान्ति स्थापना, रोगसँग संघर्ष, आशाको निर्माण ।"*

*लाभरहित उद्देश्यको एक गैरसरकारी संस्था, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रबर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकासशील राष्ट्रका किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ । कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो । कार्टर सेन्टरबारे थप जान्नका लागि कृपया* www.cartercenter.org *मा जानुहोस् ।*

NEWS
THE CARTER CENTER
ONE COPENHILL ATLANTA, GA 30307

**तत्काल प्रकाशनका लागि**
**नोभेम्बर ७, २०१३**
**सम्पर्कः डेबोरा हेक्स, एटलान्टामा १–४०४–४२०–५१२४ वा** dhakes@emory.edu; **काठमाडौंमा नोभेम्बर १४ देखि +९७७ ९८५११ ६३८१३**

## नेपालको नोभेम्बर १९ को निर्वाचनका लागि कार्टर सेन्टरको प्रतिनिधिमण्डलको नेतृत्व जिम्मी कार्टरले गर्नुहुने

एटलान्टा... कार्टर सेन्टरले आज नेपालमा नोभेम्बर १९ मा हुन गइरहेको संविधानसभा निर्वाचनको पर्यवेक्षणका लागि अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा थाइल्याण्डका पूर्व उप-प्रधानमन्त्री डा. सुराकियार्त साथीराथाईले कार्टर सेन्टरको प्रतिनिधिमण्डललाई सहनेतृत्व प्रदान गर्नुहुने जनाएको छ। सेन्टरको नियोगमा २७ राष्ट्रका ५० भन्दा बढी पर्यवेक्षकहरु समावेश भै देशभरी खटिनेछन्।

राष्ट्रपति कार्टर, डा. साथीराथाई तथा कार्टर सेन्टरको नेतृत्व टोलीले प्रमुख सरोकारवालाहरु, राजनीतिक दलहरु, स्वतन्त्र उम्मेदवारहरु, नागरिक समाज संस्थाहरु, सरकारी अधिकारीहरु तथा अन्तर्राष्ट्रिय समूदायसँग भेटघाट गर्नुका साथै नोभेम्बर १९-२१ को मतदान र गणनाको पर्यवेक्षण गर्नेछ।

कार्टर सेन्टरले नेपालको संविधानसभा निर्वाचनको पर्यवेक्षण निर्वाचन आयोग, नेपाल तथा मन्त्री परिषद्का अध्यक्ष खिलराज रेग्मीको लिखित आमन्त्रणका आधारमा गर्न लागेको हो।

नेपालमा सन् २००३ देखि नै शान्ति प्रबर्द्धनको कार्यमा लागेको कार्टर सेन्टरले सन् २००८ मा सम्पन्न पहिलो संविधानसभा निर्वाचनको पर्यवेक्षण गऱ्यो र त्यसपछि जुन २०१३ सम्म दीर्घकालीन राजनीतिक तथा संवैधानिक अनुगमन सञ्चालन गऱ्यो। सेन्टरले प्राप्त गरेका तथ्यहरु आफ्नो देशको भविष्यका बारेमा नेपालीहरुका अभिव्यक्तिहरु मुखरित गर्ने प्रयासस्वरुप २० वटाभन्दा बढी सार्वजनिक प्रतिवेदनहरुमा समेटिएका थिए जो सरकार, सञ्चारमाध्यम, नागरिक समाजसँग बाँडिएका थिए।

कार्टर सेन्टरको पर्यवेक्षण नियोग *अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका सिद्धान्तहरुको घोषणापत्र* तथा *अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरुको आचारसंहिता* अनुरुप संचालन हुन्छ जसलाई संयुक्त राष्ट्रसंघद्वारा सन् २००५ मा अंगीकार गरिएको थियो र ४० भन्दा बढी निर्वाचन पर्यवेक्षण समूहहरुले लागू गरेका छन्। सेन्टरले निर्वाचकीय प्रक्रियाको मूल्यांकन नेपालको राष्ट्रिय कानूनी खाका तथा क्षेत्रीय एवं अन्तर्राष्ट्रिय सम्झौताहरुमा निहित लोकतान्त्रिक निर्वाचनप्रतिका दायित्वहरुमा आधारित रहेर गर्दछ।

कार्टर सेन्टरले नेपालमा प्राप्त भएका तथ्यहरु बारेका आवधिक प्रतिवेदनहरु प्रकाशित गर्दछ जुन www.cartercenter.org मा उपलब्ध छन्।

*"शान्ति स्थापना, रोगसँग संघर्ष, आशाको निर्माण।"*

*लाभरहित उद्देश्यको एक गैरसरकारी संस्था, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रबर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकासशील राष्ट्रका किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ। कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो। कार्टर सेन्टरबारे थप जान्नका लागि कृपया* www.cartercenter.org *मा जानुहोस्।*

THE
CARTER CENTER

## नेपालको १९ नोभेम्बर २०१३ को संविधानसभा निर्वाचनका लागि कार्टर सेन्टरको निर्वाचन पर्यवेक्षण नियोग

प्रारम्भिक तथ्यहरु तथा निष्कर्षहरुबारे प्रतिवेदन

### प्रारम्भ

नेपालमा सन् २००६ को नोभेम्बरमा सशस्त्र द्वन्द्वको अन्त्य भएपछि १९ नोभेम्बर २०१३ मा दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भयो । निर्वाचन २७ मे २०१२ मा पहिलो संविधानसभाको समयावधि संविधान निर्माण नगरी सकिएपछि देशको संविधान निर्माण प्रक्रियामा लागेको बिरामलाई पुनः शुरु गर्न लक्षित थियो ।[१]

निर्वाचन आयोग, नेपाल तथा मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको लिखित आमन्त्रणपश्चात् कार्टर सेन्टरले २५ सेप्टेम्बर २०१३ मा आफ्नो निर्वाचन पर्यवेक्षण नियोग स्थापना गर्‍यो । सेन्टरको नियोग पूर्व अमेरिकी राष्ट्रपति जिमी कार्टर तथा थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री डा. सुराकियात साथीराथाईको नेतृत्वमा थियो । निर्वाचनको दिनभन्दा अघि निर्वाचन तयारीहरुको मूल्यांकन गर्नका लागि बाह्र दीर्घकालीन पर्यवेक्षकहरु दुईजनाको समूहमा देशभरि खटिएका थिए । निर्वाचनको दिनमा ३१ देशका ६६ पर्यवेक्षकहरुले ३१ जिल्लाका ३३६ मतदान केन्द्रहरुमा मतदानको र ३१ गणना केन्द्रहरुको पर्यवेक्षण गरे । कार्टर सेन्टरका पर्यवेक्षकहरुले गणना र मत तालिकीकरणको मूल्यांकनलाई जारी राखेका छन् र उनीहरु उजुरीहरुको समाधान तथा निर्वाचनपछिको वातावरणको पर्यवेक्षणका लागि नेपालमै रहनेछन् ।

उल्लेखित पर्यवेक्षणहरु प्रारम्भिक हुन् र कार्टर सेन्टरले आफ्नो मूल्यांकन जारी राख्दै गर्दा तिनमा परिवर्तन हुन सक्छ । कुनै पनि टिप्पणी वा सुझावहरु नेपालमा हुने मौलिक निर्वाचनका लागि सहयोगी हुने भावका साथ पेश गरिएका छन् । सबै मूल्यांकनहरु अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका लागि घोषणपत्र तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरुका लागि आचारसंहिता तथा नेपालको राष्ट्रिय कानूनी संरचना एवं क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्झौताहरुमा उल्लेखित प्रजातान्त्रिक निर्वाचनहरुप्रतिका दायित्वहरु अनुरुप छन् ।[२]

### राजनीतिक पृष्ठभूमि

विशेषगरी संघीयताको प्रकारबारे रहेका गम्भीर मतभेदहरुको कारणले गर्दा आफ्नो नियमित तथा थपिएको अवधिबाट समेत नयाँ संविधान दिन नसकेपछि पहिलो संविधानसभा २७ मे २०१२ मा विघटन भएको थियो । निर्दिष्ट कार्य पूरा नगरी संविधानसभा विघटन भएपछि राजनीतिक तथा संवैधानिक संकट लम्बियो । १३ मार्च २०१३ मा चार मुख्य राजनीतिक दलका नेताहरुले उक्त संकट अन्त्य गर्नका लागि ११ बुँदे सम्झौता गरे । परिणामस्वरुप बहालबाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा निर्वाचन सरकारका

१. संविधानसभाका लागि पहिलो निर्वाचन सात दलीय गठबन्धनको अन्तरिम सरकार तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच नेपालको दशकलामो सशस्त्र द्वन्द्वलाई औपचारिक रुपमा अन्त्य गर्न नोभेम्बर २००६ मा भएको बिस्तृत शान्ति सम्झौताको एक अंश थियो ।

२. यस प्रतिवेदनमा उद्धृत भएझैं, यिनमा नागरिक र राजनीतिक अधिकारहरुको अन्तर्राष्ट्रिय सम्झौता, महिलाबिरूद्धका सबैखाले भेदभाव अन्त्यबारे सम्झौता, आदिवासी र जनजातिहरुको बारेमा सम्झौता, संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसंघको सम्झौता, तथा क्षेत्रीय सहयोगका लागि दक्षिण एशियाली संगठन (सार्क) को प्रजातन्त्रबारे घोषणापत्र । नेपालको १९९० को सन्धि ऐनले राष्ट्रिय कानूनसँग बाझेको अवस्थामा नेपालद्वारा हस्ताक्षरित सबै सन्धि तथा सम्झौताहरुले अग्रता पाउने उल्लेख छ ।

रुपमा अन्तरिम निर्वाचन परिषद् गठन भयो र संवैधानिक संकटहरु हटाउन राष्ट्रपतिद्वारा २५ बुँदे अध्यादेश जारी गरियो । अन्तरिम निर्वाचन परिषद्लाई सहयोग गर्नका लागि नेपालका सबैभन्दा ठूला राजनीतिक दलहरुको एक खुला गठबन्धन, उच्चस्तरीय राजनीतिक समितिको गठन भयो । १३ जुन २०१३ मा अन्तरिम निर्वाचन परिषद्ले संविधानसभाको निर्वाचन १९ नोभेम्बर २०१३ का दिन हुने घोषणा गऱ्यो ।

अन्तरिम निर्वाचन परिषद्का अध्यक्षमा प्रधानन्यायधीश रेग्मीको नियुक्ति तथा निर्वाचन मितिको घोषणा दुवैलाई नेपाल कम्युनिष्ट पार्टी-माओवादी नेतृत्वको ३३ दलीय गठबन्धनसहित केही साना दलहरुद्वारा सार्वजनिक रुपमा विरोध गरियो र विशेष गरी निर्वाचनको दिन नजिकिँदै गर्दा उक्त पक्षले निर्वाचन प्रक्रियाको हिंसात्मक बहिष्कार समेत गऱ्यो । त्यस्ता चुनौतीहरुको परिदृश्यमा अन्तरिम निर्वाचन परिषद्ले निर्वाचन सुरक्षाका लागि प्रहरी, सशस्त्र प्रहरी तथा सेनासमेतलाई सम्मिलित गरी सुरक्षा योजनाको घोषणा गऱ्यो । सुरक्षाको प्रयोजनका लागि म्यादी प्रहरी तथा सेनाको प्रयोग विवादित बन्न पुग्यो ।

## कानूनी खाका र निर्वाचकीय प्रणाली

लोकतान्त्रिक निर्वाचनहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि राष्ट्रिय कानून तथा अन्तर्राष्ट्रिय दायित्वहरुको पालना गर्ने राम्रो वैधानिक निर्वाचकीय खाका आवश्यक हुन्छ ।[३] नेपालको वैधानिक निर्वाचकीय खाकाको आधारस्तम्भ सन् २००७ को अन्तरिम संविधान र अन्य विभिन्न कानूनहरुको जगमा अवस्थित छ ।[४] यसबाहेक, प्रक्रियालाई नियम कानुनको अधिनमा राख्नका लागि निर्वाचन आयोग, नेपालले विभिन्न नीतिनिर्देशन तथा आचारसंहिताहरु जारी गरेको छ । मूलरुपमा संविधानसभाको एउटा मात्र निर्वाचनको परिकल्पना गरेको अन्तरिम संविधानलाई जुन २०१३ मा गर्ने भनिएको संविधानसभाको नयाँ निर्वाचनका लागि कानूनी अड्चनहरु हटाउन मार्च २०१३ मा राष्ट्रपतीय आदेशद्वारा संशोधन गरियो । यी मामिलाहरु अधिकांशतः राजनीतिक संकटको संस्थागत पक्ष, मतदाताको योग्यता तथा निर्वाचन सम्बन्धी प्रावधानहरुको अद्यावधिकसँग सम्बन्धित थिए । यी परिवर्तनहरुका अलावा २०१३ को संविधानसभा निर्वाचनको कानूनी खाका उम्मेदवारी दर्ता र निर्वाचन पर्यवेक्षणमा भएका केही अर्थपूर्ण परिवर्तनहरु बाहेक २००८ को निर्वाचनसँग धेरै मिल्दोजुल्दो छ ।

लोकतान्त्रिक निर्वाचनका लागि अन्तर्राष्ट्रिय मापदण्डहरु अन्तर्गत मतदाताहरुले स्वतन्त्र तवरले आफ्ना प्रतिनिधिहरुको छनौट गर्न सक्षम हुनै पर्दछ । संविधानसभाको यो निर्वाचन २००८ को निर्वाचनको मिश्रित प्रणालीअनुरुप नै भयो: २४० सिटहरुमा प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने, ३३५ सिटहरुमा देशभरिका क्षेत्रहरुबाट समानुपातिक प्रतिनिधित्वका आधारमा निर्वाचित हुने र २६ सिटहरुमा निर्वाचनपश्चात्को मन्त्रीपरिषद्ले मनोनित गर्ने । नेपालको मिश्रित निर्वाचन प्रणाली सिद्धान्ततः राम्रो भए पनि निर्वाचन परिणाम आइसकेपछि राजनीतिक दलहरुले समानुपातिक उम्मेदवारहरुको छनौट गर्ने कानूनी व्यवस्थाले नागरिकहरुको स्वतन्त्रतापूर्वक आफ्ना प्रतिनिधिहरु छनौट गर्न पाउने अधिकारलाई सिमित तुल्याइदिन्छ, किनभने मतदान गर्दाको समयमा मतदाताहरुलाई दलहरुले कुन उम्मेदवारलाई छान्नेछन् भन्ने थाहा हुँदैन । त्यसैगरी, २६ सदस्यहरु निर्वाचनपछि सरकारद्वारा छनौट गरिने प्रावधानले प्रतिनिधित्वको मौलिक अधिकारलाई कमजोर बनाउँदछ ।[५] संविधानसभाका २६ सदस्यहरु नियुक्त हुने प्रावधानको उद्देश्य "निर्वाचनको माध्यमबाट प्रतिनिधित्व गराउन नसकिएका राष्ट्रिय जीवनमा उल्लेख्य योगदान दिएका विशिष्ट व्यक्तिहरु तथा आदिवासी जनताहरुलाई...." समावेश गराउने उल्लेख छ ।[६]

कानूनी खाकामा निर्वाचन प्रक्रियाका सबै मुख्य पक्षहरुलाई उल्लेख गरिएको छ र अधिकांश खण्डहरुमा मौलिक निर्वाचनका लागि आवश्यक संगठन, सभा, अभिव्यक्ति तथा हिँड्डुलको स्वतन्त्रता प्रदान गरिएको छ । तथापि ऐन, नियम तथा निर्देशिकाहरुको संख्या उल्लेख्य भएको कारणले उम्मेदवार, मतदाता, निर्वाचन अधिकारी तथा पर्यवेक्षकहरुका लागि बेलाबखतमा कानूनी खाका बुझ्न केही असहज हुन्छ र केही तथ्यहरु दोहोरिएका, विरोधाभाषपूर्ण छन् भने कानूनी प्रावधानमा कहींकहीं रिक्तता छन् । प्रत्यक्षतर्फका निर्वाचन क्षेत्रहरुको सीमा निर्धारण संवैधानिक व्यवस्थाहरुमा रहेको विरोधभाषका कारण प्रभावित भएको थियो भने सन् २०११ को जनगणनाबाट प्राप्त नयाँ तथ्यांकहरुको वाबजुद निर्वाचन क्षेत्रका सीमाहरु सन् २००८ देखि अपरिवर्तित नै छन् । भविष्यमा

३. आइसीसीपीआर, धारा २, संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, अनुच्छेद ५, ७, ९, १९, २० ।

४. संविधानसभा सदस्यहरुको निर्वाचनसम्बन्धी अध्यादेश (२०१३), निर्वाचन आयोग ऐन, मतदाता नामावली ऐन, संविधानसभा अदालत ऐन, निर्वाचन अपराध तथा दण्ड ऐन, नागरिकता ऐन, राजनीतिक दल ऐन ।

५. आइसीसीपीआरको धारा २५ को सामान्य टिप्पणी २५ मा संयुक्त राष्ट्रसंघ मानवअधिकार समितिले उल्लेख गरेको छ कि, "मतदान प्रक्रियाहरुद्वारा स्वतन्त्र ढंगमा चुनिएका प्रतिनिधिहरुको सहभागिताको अभ्यास गरिन्छ ...." ।

६. नेपालको अन्तरिम संविधान, धारा ६३(३)(ग) ।

पुनरावलोकन गरिनुपर्ने अन्य कानूनी मामिलाहरुमा प्रचारप्रसारका नियमहरु बढी नै बन्देजात्मक हुनु, अस्पष्ट उजुरी तथा अपील संयन्त्र, पर्यवेक्षकका अधिकारहरु, प्रचारप्रसारको खर्च र निर्वाचनको दिनका नियमहरुमा रिक्तता आदि छन् ।[७]

आचारसंहिताले राजनीतिक दल, उम्मेदवार, सरकार, संचारमाध्यम तथा गैरसरकारी संस्थाहरुका लागि स्पष्ट आधारभूत नियमहरु स्थापित गरेको हुनाले समग्रमा यो सकारात्मक छ । उदाहरणका लागि, प्रचारप्रसारको अवधिमा राज्यका साधनस्रोतको दुरुपयोगलाई रोक्नका लागि अधिकारीहरुले हस्तक्षेप गर्नसक्ने सहितका धेरै धाराहरु उल्लेख भएका छन् । तथापि प्रचारप्रसार अवधिमा मत सर्वेक्षणमा बन्देज, प्रचारप्रसारमा लोगोहरु छापिएका ब्यानर तथा कपडाहरुलाई बन्देज तथा निर्वाचनका सामग्रीहरु (पम्पलेट, झण्डा आदि) निश्चित प्रकारको हुनुपर्ने अनिवार्यता लगायतका केही पक्षहरुमा भने आचारसंहिता बढी नै बन्देजात्मक छ । त्यस्ता प्रावधानहरु अभिव्यक्तिको स्वतन्त्रतालाई कडा आवश्यकता भएको खण्डमा मात्र सीमित गर्न मिल्ने नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताभन्दा फरक छन् । यसबाहेक, अनावश्यक बन्देजहरु पनि रहेको कारणले आचारसंहिता लागू गराउन असहज भयो र त्यसैले महत्वपूर्ण प्रावधानहरुको पालनालाई पनि कमजोर बनाएको हुनसक्छ ।

आचारसंहिताले प्रचारप्रसारको खर्चलाई सीमित बनाएको भए पनि प्रचारप्रसारको खर्चका बारेमा भने कानूनमा तुलनात्मक रुपमा थोरै मात्र प्रावधानहरु छन् ।[८] यसमा खर्चको स्रोतको स्वीकार्यताबारे उल्लेख छैन वा खर्चको स्रोत घोषणा गर्नुपर्ने आवश्यकता छैन । सबै उम्मेदवारहरुले निर्वाचन भैसकेपछि निर्वाचन आयोगसमक्ष खर्चका विवरणहरु पेश गर्नुपर्ने हुन्छ तर निर्वाचन आयोगले ती कागजातहरुको औपचारिक जाँच मात्र गर्छ र तिनको अडिट वा तिनलाई सार्वजनिक गर्दैन । आचारसंहिताको नयाँ मस्यौदामा प्रचारप्रसार खर्चको नियमनलाई सशक्त बनाउनका लागि राखिएको हरेक उम्मेदवारले प्रचारप्रसार खर्चको स्रोत खुलाउनै पर्ने दायित्वसम्बन्धी प्रावधानलाई अन्तिम संस्करणबाट हटाइनु खेदजनक छ । कार्टर सेन्टरका पर्यवेक्षकहरुले खर्चको सीमा अवास्तविक तवरमा कम राखिएको भन्ने कैयौं सरोकारवालाहरुबाट सुने र केही उम्मेदवारहरुले अनुमति दिइएको सीमाभन्दा धेरै बढी खर्च गरिरहेको संकेत गरे ।

## निर्वाचन प्रशासन र मतदाता शिक्षा

पारदर्शी तथा व्यवसायिक ढंगले कार्यसंचालन गर्ने स्वतन्त्र र निष्पक्ष निर्वाचन व्यवस्थापन निकायलाई नागरिकहरु वास्तविक लोकतान्त्रिक निर्वाचकीय प्रक्रियामा सहभागी हुन सक्षम भएको सुनिश्चित गर्ने प्रभावकारी माध्यमका रुपमा मान्यता हुन्छ ।[९] अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनहरुमा व्याख्या गरिएझैं निर्वाचनसम्बन्धी मौलिक अधिकारहरुको सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदमहरु चाल्नु पनि निर्वाचन व्यवस्थापन निकायको जिम्मेवारी हो ।[१०] सन् २०१३ को शुरुतिरको आयुक्तहरु नरहेको छोटो अवधिपछि पाँचै जना आयुक्तहरुका साथ हाल आयोगले पूर्ण कार्यसंचालन गरिरहेको छ र निर्णयहरु सहमतिका आधारमा गरिन्छन् । यसले निर्वाचनको सम्पूर्णतामा जनविश्वास प्रबर्द्धन गर्नमा योगदान गर्दछ । तथापि, निर्वाचन आयोगले आफ्ना बैठकहरुमा पर्यवेक्षक तथा दलका प्रतिनिधिहरुलाई उपस्थित हुन दिएर र बैठकका माइन्यूटहरु सार्वजनिक गरेर आफ्नो निर्णय प्रक्रियाहरुमा अझ पारदर्शी हुन सक्थ्यो ।

संवैधानिक संकट, जटिल भौगोलिक अवस्थितिको देशमा नोभेम्बर महिनामै निर्वाचन गर्नको लागि कसिलो समयसीमा तथा बहिष्कार गरिरहेका केही दलहरुद्वारा मतदानमा अवरोध पुऱ्याउने चेतावनीहरुको वाबजुद निर्वाचन आयोगले निष्पक्ष ढंगले कार्य गर्दै प्रक्रियाको प्राविधिक पक्षलाई अधिकांशतः समयअनुसार नै अघि बढाउन सक्यो । अधिकांश स्थानहरुमा मतदाता नामावली तथा मतपत्रलगायत आवश्यक मतदान सामग्रीहरु समयमै पुगे । केही जिल्लाहरुमा तालीम सामग्रीहरु पुऱ्याउन भएको ढिलाइको वाबजुद सेन्टरका पर्यवेक्षकहरु उपस्थित भएका स्थानहरुमा मतदान र गणना कर्मचारीहरुको तालिम व्यावसायिक रुपमा संचालन भएका थिए । अधिकांश परिस्थितिहरुमा जिल्ला तहका राजनीतिक दलहरु निर्वाचनपूर्वको तयारीप्रति सन्तुष्ट थिए, मतदाता परिचयपत्रको वितरण भने यो मामिलाको उल्लेखयोग्य अपवाद थियो ।

७. मतदाताहरुलाई मतपत्र दिनुअघि उनीहरुको औंलामा नमेटिने मसी भए नभएको जाँच गर्ने (मसी लगाउनै पर्ने प्रावधान भए पनि) स्पष्ट प्रावधान छैन, बिग्रेका मतपत्रहरुको बारेमा कुनै व्यवस्था छैन, गणना प्रक्रियाको दौरानमा मतपत्रहरुको संख्या पुनर्मिलान गर्ने पद्धतिको अनिवार्यता छैन ।

८. भ्रष्टाचारविरूद्धको संयुक्त राष्ट्रसंघको सम्झौताको दफा ७.३ मा उल्लेख गरिएको छ कि, “हरेक राज्य पक्षले सार्वजनिक कार्यालयका लागि निर्वाचित हुने उम्मेदवारहरु तथा औचित्य अनुसार राजनीतिक दलहरुको खर्चसमेतको पारदर्शितालाई उच्च बनाउन यस सम्झौताका उद्देश्यहरुसँग मिल्ने गरी र राज्यको घरेलु कानूनका आधारभूत सिद्धान्तहरु अनुरुप उचित वैधानिक र प्रशासनिक माध्यमहरु अपनाउनेतर्फ ध्यान पुऱ्याउनुपर्छ ।”

९. संयुक्त राष्ट्रसंघ, सामान्य टिप्पणी २५, अनुच्छेद २० ।

१०. संयुक्त राष्ट्रसंघ, सामान्य टिप्पणी २५, अनुच्छेद २० ।

निर्वाचन आयोगले १ करोड २१ लाख फोटो सहितका मतदाता परिचयपत्र छापेर निर्वाचनको दिनसम्ममा वितरण गरिसक्ने योजनामा अघि बढ्ने निर्णय ढिला गरी लियो । कार्टर सेन्टरका पर्यवेक्षकहरुले स्थानीय निर्वाचन अधिकारीहरुका बीच मतदाता परिचयपत्र वितरणमा भएको ढिलाई र वितरणको कडा नियन्त्रण नगरिएमा तिनको दुरुपयोग हुन सक्ने सन्दर्भमा व्यापक चासोहरु पाए । परिचयपत्र वितरण कार्य १४ नोभेम्बरसम्म शुरु भएन र वितरण कसरी गर्ने र निर्वाचनकै दिनमा वितरण गरिने हो कि भन्ने सम्बन्धमा निर्वाचन आयोगले विवादास्पद सन्देशहरु दियो जसले यस विषयमा सार्वजनिक अन्यौल निम्त्यायो ।

मतदाता शिक्षा नागरिकहरुले आफ्ना निर्वाचकीय अधिकारहरुको अभ्यास गर्न सक्छन् भन्ने सुनिश्चित गर्नका लागि महत्वपूर्ण तत्व हो । निर्वाचन आयोगले टेलिभिजन र रेडियो, पर्चा र पोस्टर वितरण, सडक नाटक तथा मतदाता शिक्षा स्वयंसेवकहरुद्वारा घरदैलो अभियानलगायतद्वारा व्यापक मतदाता शिक्षा अभियानको तयारी गऱ्यो । शुरुमा धेरै जिल्लामा भएको बिलम्बपश्चात् प्रसारप्रसार बढ्यो, यद्यपि भ्रमण गरिएका ग्रामीण क्षेत्रहरुमा भने मतदाता शिक्षा कम प्रभावकारी देखिएको पर्यवेक्षकहरुले पाए । एउटा उल्लेख्ययोग्य पक्ष भने निर्वाचनमा बदर मतको प्रतिशत घटाउने प्रयत्नस्वरुप सन् २००८ को निर्वाचनमा छ प्रतिशतभन्दा बढी मत बदर भएका स्थानहरुलाई लक्षित गरी संचालन गरिएको शिक्षा अभियान थियो ।

निर्वाचन आयोगका सामग्रीहरु स्थानीय एफएम रेडियोहरुमा प्रसारण गर्नका लागि २४ भाषामा निर्माण गरिएका थिए । तथापि, भाषिक अल्पसंख्यकहरुको बाहुल्य भएका क्षेत्रहरुमा स्थानीय भाषामा छापाका सामग्रीहरु प्रायः नभएको पर्यवेक्षकहरुले पाए ।

### मतदाता दर्ता

व्यापक तथा समावेशी मतदाता दर्ता प्रक्रिया विश्वव्यापी मताधिकारको सुनिश्चितता तथा मतदान गर्ने र निर्वाचित हुने मौलिक अधिकारको उपभोगका लागि एक प्रमुख खण्ड हो ।[१२] मतदाता नामावलीको शुद्धताप्रति व्यापक अविश्वास रहेकाले सन् २००८ को संविधानसभाको निर्वाचनपछि कार्टर सेन्टर तथा अन्य पर्यवेक्षण संस्थाहरुको प्रमुख सुझाव मतदाता दर्तामा सुधार ल्याउनु पर्छ भन्ने थियो । निर्वाचन आयोगले यस समस्यालाई सम्बोधन गर्दै देशव्यापी दर्ता अभियानहरुमार्फत स्वेच्छिक रुपमा दर्ता गराउन पाउने गरी बायोमेट्रिक तथ्यांक सहितको पूर्णतः नयाँ मतदाता पञ्जिकाको निर्माण गऱ्यो र १८ वर्ष र त्यसभन्दा माथिका १२,१४७,८६५ नागरिकहरुलाई मतदानका लागि दर्ता गराउन आयोग सफल भयो । तथापि यो निर्वाचन आयोगको १ करोड ४७ लाखको प्रारम्भिक लक्ष्य र २०११ को जनगणनाअनुसार लगभग १ करोड ६० लाख नेपाली नागरिकहरु मतदानका लागि योग्य हुनुपर्ने अनुमानित संख्याभन्दा कम थियो । २०१३ को मार्चमा २००७ को अन्तरिम संविधानमा गरिएको संशोधनको परिणामस्वरुप १८ वर्षका अधिकांश व्यक्तिहरु मतदानका लागि योग्य हुनु सकारात्मक कदम थियो । निर्वाचन आयोगको निर्णयअनुसार दर्ता भएर १५ जुलाई २०१३ सम्ममा १८ वर्ष पुगेका सबै नागरिकहरु मतदानका लागि योग्य छन् ।

नेपालका अन्तर्राष्ट्रिय दायित्वहरुअन्तर्गत दर्तालाई सहज बनाउनु र दर्तामा आइपर्ने अवरोधहरु हटाउनु अपरिहार्य छ ।[१३] नेपालमा मतदाता दर्ताका लागि योग्यताको प्रमाणपत्र एक निरन्तर र संवेदनशिल मामिला रहिआएको छ । सर्वोच्च अदालतले सन् २०११ मा नेपालको कानून अन्तर्गत नागरिकता प्रमाणपत्रले मात्र कुनै व्यक्तिविशेष नेपाली नागरिक रहेको प्रमाणित गर्दछ र त्यसैले मतदानका लागि योग्य ठहर गर्छ भन्ने निर्णय सुनायो । यो प्रावधानले गैरनेपाली नागरिकलाई दर्ता हुनबाट रोके पनि नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि आवश्यक कागजपत्र नभएका, विशेषगरी ऐतिहासिक रुपमा सीमान्तकृत समुदायहरु, विवाहित महिला तथा भूमिहीनजस्ता नागरिकहरुका लागि अप्ठ्यारो बनायो । सर्वोच्च अदालतको निर्णयसम्मत बनाउन अधिकारीहरुले यस कागजमाथिको पहुँचमा सुधार ल्याउने कदम चाले जसमा हरेक जिल्लामा घुम्ती वितरण टोलीहरु खटाइनु, जन्मका आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानहरुलाई नागरिकता प्रदान गर्नका लागि कानून संशोधन र सन् २००८ को संविधानसभाको निर्वाचनताका मतदाता सूचीमा नाम समाविष्ट भएका व्यक्तिहरुलाई नागरिकता प्रमाणपत्र बिना नै दर्ता हुन पाउने व्यवस्था गरिदिनुलगायतका थिए । तथापि, विशेषगरी तराईका जिल्लाहरुका केही राजनीतिक दलहरुले कानूनमा भएका केही परिवर्तनहरु ढिलो गरी भएको भन्दै मतदाता नामावलीप्रति आफ्नो असन्तुष्टी जाहेर गरे ।

१२. आइसीसीपीआर, दफा २५ (ख); र संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, अनुच्छेद ११ ।
१३. संयुक्त राष्ट्रसंघ सामान्य टिप्पणी २टी, अनुच्छेद ११ ।

निर्वाचन आयोगले जिल्ला बाहिरको मतदाता दर्ता कार्यक्रम संचालन गरेर आफू बसोबास गरिरहेको जिल्लाको बसोबासको प्रमाण देखाउन नसक्ने आन्तरिक प्रवासीहरुका लागि बसोबास गरेकै जिल्लाबाट आफ्नो मूल गृहजिल्लाका लागि दर्ता गर्न सहज बनाइदियो जसले दर्ताको लागि एक प्रारम्भिक अड्चन हटाइदियो । तथापि, जिल्ला बाहिरको दर्ता गराएका मतदाताहरुले पनि मतदान गर्नका लागि आफ्नो नाम भएको केन्द्रमै पुग्नु पर्ने हुनाले यसको प्रभाव सीमित थियो । २,०००,००० वा त्योभन्दा बढी नेपालीहरु बिदेशमा काम गरिरहेको अनुमान भए पनि देश बाहिरबाट मतदानका लागि दर्ता गर्न सकिने वा मतदान गर्न मिल्ने प्रावधान छैन ।[१४]

मतदाता दर्ता प्रायः असहज परिस्थितिहरुमा भए पनि समग्रमा सही ढंगमा गरिएको थियो, तर निर्वाचनभन्दा अघि मतदाता पञ्जिकाको अडिट नभएकाले गलत मतदान स्थल निर्धारण, गलत पहिचान विवरणजस्ता त्रुटिहरुको प्रतिशतबारे जानकारी भएन । निर्वाचन अवधिमा राजनीतिक दलहरुलाई मतदाना नामावलीमा पहुँच हुनु र पर्यवेक्षकहरुसमक्ष उनीहरुले तुलनात्मक रुपमा थोरै मात्र चासोहरु उठाउनु भने सकारात्मक थियो ।

## दल र उम्मेदवार दर्ता

निर्वाचित कार्यालयका लागि खडा हुन पाउने अधिकारको प्रभावकारी कार्यान्वयनले मतदाताहरुलाई उम्मेदवारको छनौट गर्ने स्वतन्त्रता भएको सुनिश्चित गर्दछ ।[१५] त्यस कारण राजनीतिक दल वा उम्मेदवार दर्ता प्रक्रियाहरुमा राखिएको कुनै पनि शर्त न्यायोचित र भेदभावमुक्त हुनुपर्दछ ।[१६]

कार्टर सेन्टरले दल तथा उम्मेदवारहरुको दर्ता सामान्यतः समावेशी र अनावश्यक झण्झटरहित, मतदाताहरुलाई राजनीतिक विकल्पहरुमा व्यापक छनौटको अवसर दिँदै सम्पन्न भएको पायो । अघिल्लो संविधानसभामा प्रतिनिधित्व नगरेका दलहरुका लागि हस्ताक्षरको अनिवार्यता र प्रत्यक्षतर्फका उम्मेदवारहरुका लागि धरौटी राख्नुपर्ने प्रावधान भए पनि दर्ता भएका दलहरु तथा उम्मेदवारहरुको उच्च संख्यालाई नजर गर्दा शर्तहरु अनुचित नभएको देखिन्छ । तथापि, उम्मेदवार हुने व्यक्ति राज्यद्वारा रोजगारी दिइएको हुन नहुने प्रावधान भने बढी नै बन्देजात्मक हुन सक्छ किनभने यो शिक्षक र हुलाकका कर्मचारी जस्ता साना तहका पदहरुका लागि पनि लागू हुन्छ ।

यो निर्वाचनमा समानुपातिक प्रतिनिधित्वका सूचीहरुका लागि १२२ दलहरुका १०,७०९ उम्मेदवारहरु दर्ता भएका थिए भने प्रत्यक्षतर्फका निर्वाचन क्षेत्रहरुका लागि १,११५ स्वतन्त्रसहित ६,१२८ उम्मेदवारहरु थिए । २० जना जति प्रत्यक्षतर्फका र ३०२ जना समानुपातिक तर्फका उम्मेदवारीहरुका दर्ता अस्वीकार भएको सन्दर्भमा त्यसो गर्नुको आधार उचित देखियो । समानुपातिक सूचीहरुमा मनोनयन गरिएका उम्मेदवारीहरुलाई अधिकांशतः मतदाता पञ्जिकामा नाम नभएको, २५ वर्षभन्दा कम उमेरको भएको वा अन्य दलको सूचीमा रहेको कारणले निर्वाचन आयोगले खारेज गर्‍यो ।

पूर्वी नेपालका केही निर्वाचन क्षेत्रहरुमा बहिष्कार गरिरहेका समूहहरुद्वारा गरिएका हड्ताल वा हिंसाको चुनौतीहरुका कारणले प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता प्रभावित वा तनावपूर्ण भएको थियो, तर अन्ततः प्रक्रिया देशभरि सफलतापूर्वक सम्पन्न भयो । समानुपातिक प्रतिनिधित्वको सूची निर्वाचनको दिनभन्दा पाँच दिनअघि मात्र पूरा भएको थियो जसले गर्दा मतदाताहरुलाई त्यसबारे बढी जानकारी लिन थोरै मात्र समय रह्यो ।

## प्रचारप्रसार वातावरण

मौलिक लोकतान्त्रिक निर्वाचन समावेशी र पारदर्शी हुनुका साथै यसमा प्रचारप्रसारको अवधि आवश्यक हुन्छ जसमा निर्वाचनसँग सरोकार राख्ने सबैले धारणा र अभिव्यक्तिको स्वतन्त्रता, संगठन निर्माणको स्वतन्त्रता, आवतजावतको स्वतन्त्रता, व्यक्तिको सुरक्षा तथा सूचनाहरुमा पहुँचजस्ता अधिकारहरुको सम्मान र मर्यादा राख्दछन् ।[१७] सन् २००८ मा नेपालमा भएको निर्वाचनको समयमा

१४. वर्ल्ड बैंक, 'Governing Labour Migration in Nepal' (नेपालमा श्रम आप्रवासनको नियमन), २००९ ।
१५. आइसीसीपीआर, दफा २५ (क) । संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, अनुच्छेद १५ ।
१६. संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, अनुच्छेद १५ - १७ ।
१७. आइसीसीपीआर, दफा ९, १२, १९, २२; र संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, अनुच्छेद २५ ।

हिंसा, डरधम्की तथा बुथ कब्जाजस्ता गतिविधिहरु देखियो । पछिल्लो अवधिमा भने सन् २०१३ को मार्च महिनामा निर्वाचनको विरूद्धमा रहेका दलहरुले मतदाता दर्तामा अवरोध पु¥याए ।

निर्वाचनको दिनभन्दा ४८ घण्टाअघि शुरु भएको वैधानिक मौन अवधिसँगै १६ नोभेम्बरको मध्यरातदेखि औपचारिक प्रचारप्रसार बन्द भयो । प्रतिस्पर्धी राजनीतिक दलहरुका बीचमा कतैकतै भएका झडपहरुका वाबजुद अधिकांश भूभागमा उम्मेदवार तथा दलहरु आफ्ना सम्भाव्य मतदाताहरुसमक्ष पुग्न र आफ्ना सन्देशहरु व्यक्त गर्न सहजतापूर्वक सकिरहेका थिए । सन् २००८ मा समस्या देखिएको बताइएका केही क्षेत्रहरुमा, उदाहरणका लागि पूर्वी र मध्य तराईमा, प्रचारप्रसारको वातावरणमा उल्लेखयोग्य सुधार आएको थियो, यद्यपि केही गम्भीर घटनाहरु भने भए । तथापि, बहिष्कार गरिरहेका दलहरुद्वारा भने प्रचारप्रसारका कार्यक्रमहरुमा अवरोध, उम्मेदवार तथा दलका प्रतिनिधिहरुमाथि आक्रमण तथा सडक अवरोधलगायतका विभिन्न घटनाहरु भए । बहिष्कार गरिरहेका दलहरुले निर्वाचनभन्दा अघिदेखि निर्वाचनको दिनसम्मका लागि १० दिने देशव्यापी हड्ताल आह्वान गरे र त्रासको वातावरण सिर्जना गर्न बसहरुमा अविवेकी ढंगले पेट्रोल बम आक्रमण, प्रायःजसो मतदान स्थल छेउछाउ विष्फोटक सामग्री तथा नक्कली बमहरु राख्ने कार्यहरु गरे । ती आक्रमणहरुमा परी एक व्यक्तिको ज्यान गयो भने अन्य धेरै गम्भीर घाइते भए ।

प्रचारप्रसार पहिले केही मन्द किसिमको थियो र दशैं, तिहारको बिदा पछि र तराईमा छठको बिदा पछि त्यसले गति लियो ।[१८] प्रचारप्रसारका गतिविधिहरुमा घरदैलो, आमसभा, मोटरसाइकल वा सवारी जुलुस, पर्चा वितरण तथा दलका झण्डाहरुको प्रदर्शन सबैभन्दा बढी देखिए । केही दलहरुले देशव्यापी अभियान पनि संचालन गरे, जस्तै एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा मेची-महाकाली राष्ट्रिय जनचेतना अभियान तथा राष्ट्रिय प्रजातन्त्र पार्टी-नेपालद्वारा रथ यात्रा, तर समग्रमा पर्यवेक्षकहरुले बढीजसो प्रचारप्रसार व्यक्तिगत सम्पर्क तथा घरदैलोमा केन्द्रित भएको पाए । विशेषगरी पहाड र हिमालमा यस्तो देखियो । केही जिल्लाहरुमा सम्भाव्य घटनाहरुलाई न्यून गर्न राजनीतिक दलहरुले प्रचारप्रसारको समयबारे अन्य दलहरुसँग अग्रीम रुपमा सल्लाह गरे र जिल्ला प्रशासनसँग समन्वय गरे ।

प्रचारप्रसार तीव्र हुँदै गर्दा देशभरि नै आचारसंहिता उल्लंघन भएका खबरहरुमा पनि वृद्धि भयो । तीमध्ये अधिकांश सामान्य उल्लंघन थिए, तर अनधिकृत सवारीसाधनको प्रयोग, प्रचारप्रसार गतिविधिहरुमा विद्यालय क्षेत्रको प्रयोग तथा निर्वाचन आयोगसँग अनुमति नलिइ हेलिकप्टरको प्रयोगजस्ता उल्लंघनहरु पनि थिए । नोभेम्बर १७ को दिनसम्ममा मतदाताहरुलाई नगद वा त्यस्तै प्रकारका प्रलोभन दिइएका २१ वटा घटनाहरु निर्वाचन आयोगले पनि अभिलेखित गरेको थियो । उल्लंघनहरुको छानवीनका निर्वाचन आयोगले लागि पाँचै विकास क्षेत्रहरुमा अनुगमन टोलीहरु पठायो । केही पृथक दृष्टान्तहरुमा, कार्टर सेन्टरका पर्यवेक्षकहरुले क्षेत्रगत तहमा वैधानिक मौन अवधिको उल्लंघन भएको पाए ।

तथापि, प्रतिस्पर्धी दलका कार्यकर्ताहरुको संलग्नतामा बढी गम्भीर प्रकृतिका घटनाहरु पनि भएका थिए । तिनमा तोडफोड, प्रचारप्रसारका कार्यक्रममा अवरोध, झगडा र गम्भीर भौतिक आक्रमणलगायत थिए । उदाहरणका लागि तराई मधेश लोकतान्त्रिक पार्टी र मधेशी जनाधिकार फोरम-लोकतान्त्रिकका कार्यकर्ताहरुबीच १७ अक्टोबरका दिन सर्लाही जिल्लामा भएको झडपमा १७ जना घाइते भए भने पाँचजनाको अवस्था गम्भीर भयो, २२ अक्टोबरमा रूकुम जिल्लामा एनेकपा(माओवादी) र नेपाली कांग्रेसबीच भएको झडपमा कम्तीमा तीन जना घाइते भए, त्यसैगरी १४ नोभेम्बरमा रौतहट जिल्लामा एनेकपा(माओवादी) तथा मधेशी जनाधिकार फोरम-नेपालका बीच भएको झडपमा बन्दुक र ग्रिनेडको प्रयोग भएको बताइयो, र नोभेम्बर १५ का दिन बैतडी जिल्लामा एनेकपा (माओवादी) समर्थकहरुद्वारा नेकपा(एमाले) को प्रचारप्रसार कार्यक्रममा आक्रमण हुँदा कम्तीमा छ जना घाइते भए । छिटपुट नै भए पनि विभिन्न दलका समर्थकहरुबीच भएका त्यस्ता झडपहरु देशभरि नै भएका थिए । विशेषगरी निर्वाचनका समयमा पहिले पनि हिंसा हुने गरेको वा निकट प्रतिस्पर्धा हुने अनुमान भएका निर्वाचन क्षेत्रहरुमा त्यस्ता घटना बढी भएका थिए । प्रचारप्रसार वातावरणमा बहिष्कार गरिरहेका दलहरुका गतिविधिहरुको प्रभाव उल्लेख्य थियो । नेकपा-माओवादीको बहिष्कारको अभियानलाई शान्तिपूर्ण र सांकेतिक बनाउने आश्वासनका वाबजुद नेकपा-माओवादी र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् दुवैले पूर्व क्षेत्रमा आफ्ना बहिष्कारका अभियानहरुमा जबरजस्ती अवरोध तथा आक्रामक शैलीको सहारा लिने क्रम बढ्यो । अक्टोबर महिनाको शुरुतिर निर्वाचन आयोगको मतदाता शिक्षा प्रयासलाई लक्षित गर्दै मतदाता शिक्षा सामग्रीहरु नष्ट गर्ने धेरै घटनाहरु भएका थिए । अक्टोबरको अन्त्यसम्ममा आइपुग्दा नेकपा-माओवादीले आफ्ना अवरोध

१८. यसले त्यस समयमा निर्वाचन स्थगित हुन सक्ने सन्दर्भमा एक खालको अन्यौललाई पनि प्रतिबिम्बित ग¥यो ।

क्रियाकलापहरुलाई उम्मेदवारहरुका प्रचारप्रसार गतिविधिमा केन्द्रित पारेका थिए, विशेषगरी प्रमुख दलका वरिष्ठ नेताहरुको भ्रमण हुने समयमा क्षेत्रीय बन्द गर्दै र एनेकपा(माओवादी) अध्यक्षलाई बढी लक्षित गर्दै ।[१९]

निर्वाचनको विरूद्धमा रहेका दलहरुले नोभेम्बर ११ देखि २० सम्मको आम हड्तालको पनि आह्वान गरेका थिए, तर पहिलो दिनपछि त्यसलाई यातायात हड्तालको रुपमा परिवर्तन गरियो । तथापि, निर्वाचन नजिकिँदै गर्दा हड्तालको प्रभाव घटदै गएको र हड्तालमा संलग्नहरु पक्राउ पर्न थालेसँगै बहिष्कार गरिरहेका दलहरुले हिंसा र त्रासको सहारा लिने क्रम बढ्यो । रणनीतिक स्थानहरुमा विष्फोटक उपकरणहरु राखियो । तीमध्ये अधिकांशको समयमै पहिचान भए पनि केही घाइते भएको पनि खबर आयो, १३ नोभेम्बरका दिन मकवानपुरमा एक बम विष्फोट हुँदा त्यसको छर्रा लागेर नेपाली कांग्रेसका चार जना सदस्य घाइते भए । बन्दको अवज्ञा गर्ने बस तथा ट्रकहरुमाथि कैयौं आक्रमणहरु भए । पेट्रोल बमद्वारा गरिएका त्यस्ता आक्रमणहरुमा १६ नोभेम्बरमा काठमाडौं छाड्दै गरेको एउटा यात्रुबाहक बस पनि पर्‍यो जसमा नौ जना घाइते भए, १४ नोभेम्बरमा सुर्खेत जिल्लामा नेपाली कांग्रेसका समर्थकहरु बोकेको एउटा बसमा भएको आक्रमणका कारण नौ जना घाइते भए भने १२ नोभेम्बरका दिन ललितपुर जिल्लामा भएको समान किसिमको आक्रमणमा एकजना बच्चा घाइते भए । १४ नोभेम्बरमा बारा जिल्लामा पेट्रोल बम आक्रमणमा परेका एक जना ट्रक ड्राइभरको १७ नोभेम्बरका दिन निधन भयो । मतदानका लागि धेरै प्रवासी नागरिकहरु आफ्नो गृह जिल्ला फर्कंदै गरेको समयमा भएका त्यस्ता घटनाहरु त्रास वृद्धि गर्न तथा मतदान संख्या घटाउनमा लक्षित थिए ।

## महिला, अल्पसंख्यक र वञ्चित समूहहरूको सहभागिता

राज्यले सबै नागरिकहरुको सार्वजनिक मामिलाहरुमा सहभागी हुन पाउने सामर्थ्य सुनिश्चित गर्नुपर्दछ र भेदभाव वा अवसरको अभावको अभ्यासलाई अन्त्य गर्नका लागि सकारात्मक कदमहरु चाल्नुपर्छ ।[२०] यो सबै व्यक्तिहरुमा लागू हुन्छ, तर महिला तथा आदिवासी समूहहरुको अधिकारका बारेमा भने थप विशिष्ट अन्तर्राष्ट्रिय दायित्वहरु छन् ।[२१] सन् २००६ को विस्तृत शान्ति सम्झौतामा नेपालको राजनीतिक नेतृत्वले लिंग, जातीयता तथा क्षेत्रमा आधारितसहित सबै खाले भेदभावलाई राज्यको "समावेशी, लोकतान्त्रिक तथा अग्रगामी" पुनर्संरचनाद्वारा अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए जसलाई अन्तरिम संविधानमा समेत दोहोर्‍याइएको थियो ।

यो सन्दर्भमा, महिला, आदिवासी समूहका सदस्य तथा अन्यहरुको प्रतिनिधित्वको न्यूनतम संख्याको कोटा कानुन बनाएरै तोकिनु राजनीतिक प्रतिनिधित्वको समावेशीतालाई प्रबर्द्धन गर्ने मार्गमा एक सकारात्मक कदम हो ।[२२] आचारसंहितामा प्रचारप्रसार अभियान लिंग तथा अपांगता भएका व्यक्तिहरुका सम्बन्धमा सम्वेदनशिल हुनुपर्ने प्रावधान र लिंगको आधारमा द्वेष वा हिंसा बढाउन सक्ने भाषणहरुमा निषेधजस्ता लैंगिक मुद्दाहरु समावेश गरिनु सकारात्मक छ ।

समग्रमा उम्मेदवारहरुमध्ये ३५.४ प्रतिशत महिला थिए । तथापि, थोरै राजनीतिक दलहरुले मात्र आफ्नै पहलमा समावेशिताको प्रबर्द्धन गर्ने कदमहरु चाले । प्रत्यक्षतर्फका ६१२८ मध्ये ६६७ उम्मेदवार मात्र महिला थिए (१०.८ प्रतिशत) भने केही महिलाहरुलाई जित्ने सम्भावना कम रहेका स्थानहरुबाट उठाइएको बताइयो ।[२३] निर्वाचन आयोगले समानुपातिक प्रतिनिधित्वका धेरै सूचीहरुलाई सच्याउनका लागि भनेर दलहरुलाई फिर्ता पठाइदियो किनभने उनीहरुले सामाजिक समावेशिताको मापदण्डलाई पूर्णतः पालना गरेका थिएनन् ।

मतदाता शिक्षा स्वयंसेवकहरुमा महिलाहरुको प्रतिनिधित्व राम्रो रहेको भए पनि जिल्ला निर्वाचन कार्यालयहरुमा महिला कर्मचारीहरु थोरै संख्यामा र कनिष्ठ पदहरुमा मात्र सिमित रहेको पर्यवेक्षकहरुले पाए । निर्वाचन आयोगको मतदान कर्मचारी भर्ना गर्ने नीतिमा

१९. संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्ले १९ अक्टोबरभन्दा पछि पूर्वाञ्चल क्षेत्रका नौ जिल्लामा उम्मेदवारहरुलाई आफ्नो निर्वाचन क्षेत्रमा पस्न नै निषेधको घोषणा गर्‍यो, तथापि व्यवहारतः यसको असर भने न्यून थियो ।

२०. संयुक्त राष्ट्रसंघ सामान्य टिप्पणी १८, अनुच्छेद १० ।

२१. आइसीसीपीआर, धारा ३; सेडा, धारा ७; र आइएलओ आदिवासी तथा जनजातिहरुको सम्मेलन, १९८९, धारा ६.१(ख) ।

२२. हरेक दलका समानुपातिक प्रतिनिधित्वको सूचीमा रहेका उम्मेदवारहरुमध्ये आधा संख्यामा महिला हुनै पर्छ र प्रत्यक्षतर्फ कम्तीमा १०० जना उम्मेदवार खडा गर्ने दलहरुले कुल उम्मेदवारहरुको ३३ प्रतिशत महिला राख्नै पर्छ । यसअलावा, कम्तीमा १०० जना उम्मेदवारहरु खडा गर्ने दलहरुका लागि आदिवासी तथा अन्य समूहका कम्तीमा कति उम्मेदवार राख्ने भन्ने कोटा पनि निर्धारित छ ।

२३. क्षेत्रीय रुपमा केही भिन्नताहरु भने थिए । सुदूर पश्चिमका हिमाली जिल्लाका १० क्षेत्रहरुमा प्रत्यक्षतर्फ एकजना मात्र महिला उम्मेदवार थिए भने पूर्वको उदयपुर जिल्लाका तीन क्षेत्रहरुमा मात्र १३ महिलाहरु प्रतिस्पर्धामा थिए जुन त्यहाँको कुल उम्मेदवारको २० प्रतिशत थियो ।

लैंगिक समावेशी हुने जनाइए पनि त्यसको लक्ष्य निर्धारण गरिएको थिएन । निर्वाचनको दिनमा पर्यवेक्षकहरुले भ्रमण गरेका मतदान केन्द्रहरुमा ३५ प्रतिशत मतदान कर्मचारीहरु महिला रहेको पाए ।

निर्वाचन प्रक्रियामा अल्पसंख्यक, आदिवासी तथा ऐतिहासिक रुपमा पिछडिएका समूहहरुको सहभागिताका सम्बन्धमा परिस्थिति झन् जटिल छ । लमजुङमा गुरूङ, मनाङमा थकाली र ताप्लेजुङमा लिम्बुहरुको बाहुल्यता भएजस्तै निश्चित आदिवासी समूहहरु संख्यात्मक रुपमा सशक्त भएका जिल्लाहरुमा प्रत्यक्षतर्फको उम्मेदवारीमा उनीहरुको राम्रो प्रतिनिधित्व भएको पर्यवेक्षकहरुले पाए । यस विपरीत, दीर्घकालीन पर्यवेक्षकहरुले भ्रमण गरेका अधिकांश जिल्लाहरुमा प्रत्यक्षतर्फका उम्मेदवारहरुमा दलितहरुको संख्या कम रहेको कार्टर सेन्टरले पायो ।[२४]

## निर्वाचन पर्यवेक्षण

आफ्नो देशको सार्वजनिक मामिलामा निर्वाचन पर्यवेक्षण समूहहरुमार्फत समेत सहभागी हुन पाउने नागरिकहरुको अधिकार लोकतान्त्रिक निर्वाचनहरुका लागि एक प्रमुख अन्तर्राष्ट्रिय दायित्व हो ।[२५] निर्वाचन पर्यवेक्षण अन्तरिम संविधान र ऐनअनुरुप गरिन्छ । अभ्यासतः ४३ संगठनका २३,००० भन्दा बढी घरेलु (नागरिक) तथा २३५ अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुले मान्यता प्राप्त गरेका थिए ।

पर्यवेक्षकहरुले २१ नोभेम्बरका दिनसम्म निर्वाचन प्रक्रियाको अधिकांश पक्षहरुको पर्यवेक्षण गर्न पाएको भए पनि ऐनमा पर्यवेक्षकहरुका अधिकारहरुलाई स्पष्ट उल्लेख गरिएको छैन जसले गर्दा निर्वाचन अधिकृतहरुले पर्यवेक्षकको प्रवेशलाई अस्वीकार गर्नसक्ने बाटो खुला बनाइदिएको छ । उदाहरणका लागि, निर्वाचन आयोगका बैठकहरुमा वा मतपत्रहरु छपाइ गर्ने समयमा पर्यवेक्षकहरुको उपस्थितिका सम्बन्धमा ऐन मौन छ र निर्वाचन आयोगले नागरिक वा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुलाई यी गतिविधिहरुको पर्यवेक्षण गर्ने अनुमति दिएन । आयोगको निर्वाचन प्रक्रियासम्बन्धी निर्देशिकाले कुनै निश्चित समयमा एउटा मतदान केन्द्रमा बढीमा पाँच जना पर्यवेक्षक मात्र उपस्थित हुन पाउने उल्लेख गरेको छ । अपितु, ऐनमा निर्वाचन अधिकृतहरुले मतदान केन्द्रमा पर्यवेक्षकहरुको उपस्थितिलाई अनुमति दिन सक्ने उल्लेख गरिएको भए पनि प्रवेश अस्वीकार गर्ने आधारहरु भने उल्लेख छैनन् । कार्टर सेन्टरका पर्यवेक्षकहरुले केही अवसरहरुमा नागरिक (घरेलु) पर्यवेक्षकहरुलाई मतदान र गणना प्रक्रियाहरुमा पूर्ण प्रवेश दिन अस्वीकार गरिएको पाए ।

निर्वाचन आयोगको निर्देशिकाले पर्यवेक्षकहरुलाई लक्षित केही अनावश्यक बन्देजहरु पनि लगायो । उदाहरणका लागि, नागरिक पर्यवेक्षकहरु कम्तीमा २१ वर्ष पुगेको र निश्चित शैक्षिक योग्यता भएको हुनुपर्ने प्राबधान बनाइयो । यी प्रावधानहरु मतदाता हुनका लागि आवश्यकभन्दा कठोर छन् र त्यसकारण केही नागरिकहरुको आफ्नो देशका सार्वजनिक मामिलाहरुमा भाग लिने अधिकारलाई प्रभावित पार्दछन् । यसअलावा, शैक्षिक योग्यताको अनिवार्यताले ऐतिहासिक रुपमा शिक्षाको स्तर कम रहेका महिला र सीमान्तकृत समुदायहरुविरूद्ध भेदभाव गरेका छन् । एक घरेलु पर्यवेक्षण समूह निर्वाचन पर्यवेक्षण समितिद्वारा सर्वोच्च अदालतमा दायर गरिएको एक रिटपछि अक्टोबर महिनामा निर्वाचन आयोगले आफ्नो गृह क्षेत्रभन्दा बाहिरमात्र पर्यवेक्षण गर्न पाउने बन्देजात्मक प्राबधानलाई संशोधन गऱ्यो । उक्त प्रावधानलाई पर्यवेक्षकले मतदाता नामावलीमा आफ्नो नाम रहेको मतदान केन्द्रमा मात्र पर्यवेक्षण गर्न नपाउने गरी परिवर्तन गरियो । कार्टर सेन्टरले उक्त परिवर्तनको सराहना गऱ्यो ।

प्रक्रियाका सबै चरणहरु पर्यवेक्षणका लागि पूर्णतः खुला राख्नु प्रक्रियाको सम्पूर्णताप्रति सर्वसाधारणको विश्वास निर्माण गर्न र कायम राख्नका लागि महत्वपूर्ण कदम हो । निर्वाचन प्रक्रियाका सबै पक्षहरुमा पारदर्शिता सुनिश्चित गर्नका लागि पर्यवेक्षकका अधिकारहरुलाई ऐनमा अझ स्पष्ट रुपले उल्लेख गरिनुपर्छ ।

## संचार वातावरण

संचार तथा निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय दायित्वहरुमा अभिव्यक्ति तथा धारणाको स्वतन्त्रता र विभिन्न किसिमका संचारमाध्यमहरुमार्फत सूचनाहरु खोज्ने, प्राप्त गर्ने तथा जानकारी लिने अधिकार समावेश छन् ।[२६] निर्वाचकीय चक्रको श्रृंखलामा

२४. दलितहरु ऐतिहासिक रुपमा सीमान्तकृत रहेका जाति समूह हुन् जो देशैभरि बस्दछन् ।

२५. आइसीसीपीआर, धारा २५ (क) । संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, अनुच्छेद २० र २६ ।

२६. आइसीसीपीआर, धारा १९, संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, अनुच्छेद २५ ।

आम संचारका गतिविधिहरुलाई निर्वाचन आयोगको आचारसंहितामा रहेका विभिन्न प्रावधानहरुले नियमन गर्दछन् र यसको पालना भए नभएको अनुगमन गर्नका लागि निर्वाचन आयोगले बेग्लै संचार अनुगमन केन्द्र स्थापना गऱ्यो ।[२७] कार्टर सेन्टरले विस्तृत संचार अनुगमन नगरे पनि समग्र संचार संरचनामा गरिएका पर्यवेक्षणहरु प्रस्तुत गरिएको छ ।

समग्रमा कार्टर सेन्टरले निर्वाचन प्रक्रियामा संचारमाध्यमको भूमिकालाई सकारात्मक मूल्यांकन गऱ्यो । नेपालका टेलिभिजन, रेडियो तथा छापाहरुमा निर्वाचन सम्बन्धी समाचारहरुले व्यापकता पाए । टेलिभिजन र स्थानीय एफएम रेडियो स्टेशनहरुले उम्मेदवारहरुबीच बहस र जनतासँग प्रश्न उत्तरका सत्रहरु बारम्बार चलाए र केही संचारमाध्यमहरुले राजनीतिक दलहरुका सशुल्क विज्ञापनहरु पनि प्रसारित गरे । पर्यवेक्षकहरुले विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा अखबारहरुको वितरण सीमित वा बिलम्वित हुने भएको हुँदा स्थानीय एफएम स्टेशनहरु नै सूचनाको महत्वपूर्ण स्रोतको रुपमा रहेको पाए ।[२८]

राजनीतिक दल तथा उम्मेदवारहरुको स्थानीय संचारमाध्यममा पहुँच सामान्यतः राम्रो भएको देखियो । कहींकहीं मधेशी तथा अन्य साना र क्षेत्रीय दलहरुले स्थानीय संचारमाध्यममा उनीहरुको पहुँच राम्रो रहेको भएपनि राष्ट्रिय संचारमाध्यमहरुले उनीहरुका गतिविधिलाई नजरअन्दाज गर्न खोजेको आरोप लगाए । सेन्टरले पनि जिल्ला तथा राष्ट्रिय दुवै तहका केही संचारमाध्यमहरु निश्चित राजनीतिक दल वा उम्मेदवारहरुको प्रत्यक्ष स्वामित्वमा रहेका, प्रबर्द्धित वा आबद्ध रहेको बुझिएको पायो जसले पटकपटक कडा रुपमा पूर्वाग्रही धारणाहरु निम्त्यायो र कहिलेकाहीं स्थानीय संचारको परिदृश्य ध्रुवीकृत भएको बताइयो । केही मात्रामा त्यस्ता पूर्वाग्रहहरु संचारमाध्यमको अधिक संख्या र स्वतन्त्र संचारमाध्यमको उपस्थितिका कारण प्रभावहीन भएको देखिन्छ । विशेषगरी पूर्वी नेपालका केही मामिलाहरुमा मतदानको विरूद्धमा रहेका दलहरुको संलग्नता रहेका घटनाहरुलाई राष्ट्रिय संचारमाध्यममा बढाइचढाइ प्रस्तुत गरिएको वा विवरणहरुको यथेष्ट पुष्टि नगरिएको पर्यवेक्षकहरुले पाए । १८ नोभेम्बरका दिन निर्वाचन आयोगले सरकारलाई एबीसी टेलिभिजनको प्रसारण भोलिपल्टको ५ बजेसम्मका लागि बन्द गर्न लगाउन निर्देशन दियो किनभने उक्त च्यानलले आफ्नो प्रसारणमा स्पष्ट रुपमा एउटा दलको पक्ष लिइरहेको पाइएको थियो । तथापि, एबीसी टेलिभिजनबाट आएको एक आपत्तिपश्चात् सरकारले उक्त निर्देशनलाई लागू गरेन ।

## निर्वाचनसम्बन्धी विवाद समाधान

अधिकारहरुको उल्लंघनका हकमा प्रभावकारी समाधान प्रदान गर्ने र निर्वाचनसम्बन्धी उजुरीहरुलाई सम्बोधन गर्नका लागि पर्याप्त स्थानहरु रहेको सुनिश्चित गर्नु नेपालको एक अन्तर्राष्ट्रिय दायित्व हो ।[२९] निर्वाचनको दिनभन्दा अघि निर्वाचन क्षेत्रतहमा तुलनात्मक रुपमा थोरै मात्र लिखित उजुरीहरु दर्ता गरिएका थिए भने अधिकांश उजुरीहरु मौखिक र अनौपचारिक रुपमा सम्बोधन गरिएका थिए । तथापि, निर्वाचन अधिकृतहरुलाई उजुरी संयन्त्रबारे एकनासको ज्ञान नभएको र केही राजनीतिक दलहरुले उजुरी दर्ता गर्ने सम्बन्धमा उनीहरुलाई पर्याप्त जानकारी नभएको वा उजुरी र अपील प्रणालीप्रति विश्वास नै नरहेको बताएको पर्यवेक्षकहरुले उल्लेख गरेका छन् । राजनीतिक दलका प्रतिनिधिहरुले कार्टर सेन्टरका पर्यवेक्षकहरुलाई आचारसंहिता असमान रुपमा लागू गरिएको बताउँदै गर्दा तराईका केही साना दलहरुले निर्वाचन अधिकृतहरु ठूला दलहरुद्वारा भएका उल्लंघनहरुलाई सम्बोधन गर्न उदासीन रहेको बताए ।

निर्वाचन आयोगले आचारसंहिता उल्लंघनका सम्बन्धमा जुलाई २३ देखि नोभेम्बर १७ सम्म १८७ वटा उजुरीहरु प्राप्त गऱ्यो । अधिकांश मामिलाहरुमा निर्वाचन आयोगको प्रत्युत्तर चेतावनी दिने वा दल तथा उम्मेदवारहरुलाई उल्लंघन फेरि नदोहोऱ्याउन अनुरोध गर्ने थियो । निर्वाचन आयोगसँग जरिवाना लगाउन सक्ने र गम्भीर उल्लंघनहरुका हकमा उम्मेदवारलाई अयोग्य ठहऱ्याउन सक्ने सम्मको अधिकार भए पनि उसले कुनै जरिवाना लगाएन । उल्लंघनहरुको प्रत्युत्तरमा कडा कदम नचालेकोमा केही दल, नागरिक समाज तथा संचारमाध्यमहरुद्वारा निर्वाचन आयोग आलोचित भयो ।

२७. आचारसंहिताका प्रावधानहरुमा समाचारको प्रसारण निष्पक्ष तथा तथ्यमा आधारित हुनुपर्ने र कुनै पनि उम्मेदवारलाई विशेष व्यवहार गरिनु नहुने समावेश छ । यसअलावा, निर्वाचन आयोगले राजनीतिक दलहरुका लागि सरकारी स्वामित्वका टेलिभिजन तथा रेडियो स्टेशनहरुमा आफ्ना कार्यक्रमहरु प्रचारप्रसार गर्नका लागि समय छुट्याइदियो तर ती संचारमाध्यमहरुलाई भने उनीहरुका समाचार सामग्रीहरुमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा नलाग्न निर्देशन दियो ।

२८. यद्यपि सर्वाधिक दुर्गममध्ये केही क्षेत्रहरुमा एफएमको संकेत आउँदैनन् ।

२९. आइसीसीपीआर, धारा २.३, र संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, अनुच्छेद २० ।

उम्मेदवारहरुले ऐनसंगत योग्यता पूरा नगरेको सम्बन्धमा निर्वाचन आयोगले सात वटा उजुरीहरु प्राप्त गऱ्यो जसमध्ये दुई वटा अनुमोदित भए । एउटा मामिलामा सन् २००८ मा निर्वाचित भएका एकजना संविधानसभा सदस्यलाई नयाँ कानूनी प्रावधान अन्तर्गत हत्याको आरोपमा आजीवन कारावासको सजाय पाएका व्यक्तिहरु उम्मेदवार हुन नपाउने भएकाले अयोग्य ठहऱ्याइयो । अर्का उम्मेदवार सार्वजनिक पद धारण गरेका व्यक्ति भएको हुनाले उम्मेदवार बन्न नसक्ने कानूनी प्रावधानले गर्दा अयोग्य ठहरिए । बाँकी उजुरीहरु प्रमाणको अभावमा अस्वीकृत भए ।[३०] उम्मेदवारीका सम्बन्धमा निर्वाचन आयोगका निर्णयविरूद्ध अपील गर्ने अधिकार कानूनमा नभए पनि अधिकारको हनन भएको अवस्थामा अन्तरिम संविधानअन्तर्गत कुनै पनि नागरिकले सोझै सर्वोच्च अदालतमा निवेदन दिन सक्छ । यसले निर्वाचन आयोगका निर्णयहरुको न्यायिक पुनरावलोकनका लागि एक स्थान त प्रदान गर्छ तर समस्याको समयमै निवारण हुन्छ भन्ने निश्चित भने हुँदैन ।

सर्वोच्च अदालतले निर्वाचनको दिनभन्दा अघिल्लो अवधिसँग सम्बन्धित धेरै मुद्दाहरुको सुनुवाइ गऱ्यो । ती मामिलाहरु घरेलु पर्यवेक्षणहरुका अधिकार, प्रधानमन्त्रीको रुपमा काम गरिरहेका सर्वोच्च अदालतका प्रधानन्यायाधीशको संवैधानिकता, मतपत्रमा "सबैका विरूद्ध मत" को प्रावधान नहुनु, महिला उम्मेदवारहरुको न्यून संख्या, तथा बहिष्कार गरिरहेका दलहरुको १० दिने हड्तालसँग सम्बन्धित थिए । निर्वाचनको दिनभन्दा अघि सर्वोच्च अदालतले कुनै अन्तिम निर्णय लिएन, यद्यपि सर्वोच्चले १० दिने हड्तालका बिरूद्ध भने रोक आदेश जारी गऱ्यो । मतदान, गणना, परिणामहरुको घोषणा तथा अन्य मामिलाहरुका बारेमा परेका उजुरीहरुलाई तिनको प्रकृतिका आधारमा निर्वाचन आयोग वा विशेष रुपमा गठित संविधानसभा अदालतले मनन गर्न सक्छन् ।

## मतदान

प्रजातान्त्रिक निर्वाचन प्रक्रियाको मुख्य आधारस्तम्भ स्वतन्त्र मतदान प्रक्रिया हो जसमा कुनै पनि नागरिकले डरधम्की वा बलजफतीबाट मुक्त भै आफ्नो गोप्य मतदान गर्न पाउँछ र हरेक व्यक्तिको मतको सामर्थ्य समान हुन्छ । छद्म मतदाताहरुलाई रोक्न मतदाताले फोटोसहितको परिचयपत्र देखाउनु र बहु मतदानबाट रोक्न मतदाताहरुको बुढी औंलामा नमेटिने मसीले चिह्न लगाउनु निर्वाचनका नियमहरुका मुख्य पक्षहरु हुन् । कानून अनुसार मतदान कर्मचारीहरुले मतको गोप्यतालाई दृढताका साथ सुनिश्चित गर्नुपर्छ, यद्यपि सहायता आवश्यक पर्ने व्यक्तिहरुले भने अरुको सहयोग लिन सक्छन् ।

निर्वाचनको दिन देशका अधिकांश भूभागहरुमा ठूलो संख्याका मानिसहरु ओइरिए, निर्वाचन आयोगले ७० प्रतिशतभन्दा बढी मतदान भएको अनुमान लगायो । कार्टर सेन्टरले नेपालका ७५ मध्ये ३१ जिल्लाका ३३६ मतदान केन्द्रहरुमा मतदान खुला गर्ने समय, मतदानको समय तथा बन्द गर्ने प्रक्रियाहरुको पर्यवेक्षण गऱ्यो । बहिष्कार गरिरहेका दलहरुले मतदानमा अवरोध पुऱ्याउने चुनौतीको परिदृश्यमा व्यापक सुरक्षाकर्मीहरु खटाइए, भ्रमण गरिएका लगभग सबै मतदान केन्द्रहरुमा प्रहरी बलको उपस्थित थियो ।[३१] निर्वाचनको दिन अधिकांशतः शान्तिपूर्ण थियो, कार्टर सेन्टरका पर्यवेक्षकहरुले मतदान स्थलहरु तथा वरिपरिका क्षेत्रहरुमा गरेका ९९ प्रतिशत भ्रमणहरुलाई शान्तिपूर्ण मूल्यांकन गरे । तथापि निर्वाचन आयोगले काठमाडौंमा एक बालक गम्भीर घाइते हुने गरी भएको बम बिस्फोटलगायत राजनीतिक दलका समर्थकहरु बीच झडप तथा बहिष्कार गरिरहेका दलहरुद्वारा भएका धेरै घटनाहरुको विवरण दियो । कपिलवस्तुमा १७ ठाउँमा भेटिएका विष्फोटक सामग्रीहरु कारण पर्यवेक्षकहरुको आवतजावतमा विभिन्न स्थानमा अवरोध आएको थियो ।

२०१३ को निर्वाचनका लागि लगभग १०,००० स्थलहरुमा १८,५४७ मतदान केन्द्रहरु स्थापना गरिएका थिए, हरेकमा बढीमा ९०० मतदाताहरु दर्ता भएका थिए । भ्रमण गरिएका ३१ मध्ये १० मतदान केन्द्रहरु मात्र समयमै (बिहान ७ बजे) खुलेको र बाँकी सबै ७:३० बजेसम्ममा खुलेको कार्टर सेन्टरका पर्यवेक्षकहरुले बताए । अधिकांश मामिलामा खुला गर्न ढिला हुनुको पछाडि दलका प्रतिनिधिहरु ढिलो आउनु मुख्य कारण रहेको देखियो । सामान्य ढिलाईहरुको वाबजुद खोल्ने पद्धतिहरुबारे पर्यवेक्षक समूहहरुको मूल्यांकन धेरै सकारात्मक थियो, ३० समूहहरुले प्रक्रियालाई "राम्रो" वा "धेरै राम्रो" मूल्यांकन गरे । खोल्ने अवधिमा भ्रमण गरिएका सबै मतदान केन्द्रहरुमा दलका प्रतिनिधिहरु उपस्थित थिए ।

३०. निर्वाचनको दिनभन्दा एकदिन अघि निर्वाचन आयोगको अनुसन्धानको परिणामस्वरुप लमजुङ जिल्लाबाट प्रत्यक्षतर्फ उम्मेदवार रहेका एक जना उम्मेदवार पनि हुलाक कार्यालयका कर्मचारी भएको हुनाले अयोग्य ठहऱ्याइएका थिए ।

३१. निर्वाचन आयोगका अनुसार ६१,००० नेपाली सेना, ५६,००० नेपाल प्रहरी र २०,००० सशस्त्र प्रहरी तथा ४५,००० म्यादी प्रहरीहरु निर्वाचनका लागि खटाइएका थिए ।

समग्रमा मतदान प्रक्रियाको दौरानमा अधिकांश मतदान केन्द्रका कर्मचारीहरुले पद्धतिहरुको अनुशरण गरे, सेन्टरका पर्यवेक्षकहरुले ती क्रियाकलापमध्ये ९२ प्रतिशतलाई सकारात्मक मूल्यांकन गरे । समग्रमा पर्यवेक्षकहरुले भ्रमण गरिएका मतदान केन्द्रहरुमा मतदाताको पहिचान जाँच गर्ने अभ्यासको एकरुपता तथा लगभग सबै मतदान केन्द्रहरुमा आवश्यक सामग्रीहरुको उपलब्धतालाई आफ्नो सकारात्मक मूल्यांकनको आधार बनाए ।

अपितु, मतदान प्रक्रियाका दौरान केही समस्याहरुको पर्यवेक्षण गरियो । सबैभन्दा बढी भने २६ प्रतिशत पर्यवेक्षणमा नमेटिने मसी गलत औंलामा लगाइएको या मसी नै नलगाइएको देखियो । भ्रमण गरिएका सात प्रतिशत मतदान केन्द्रहरुमा मतको गोप्यता पूर्ण सुनिश्चित गरिएको थिएन, यो प्रायसः मतदान केन्द्रको अपूर्ण व्यवस्थापनका कारण थियो र ठाउँ ठाउँमा दलका प्रतिनिधि वा सुरक्षाकर्मीहरुले मतदाताहरुले आफ्नो मतपत्रमा छाप लगाइरहेको देख्न सक्थे । दृश्यशक्तिमा समस्या भएका मतदाताहरुले उचित सहयोग नपाइरहेको पनि पर्यवेक्षण गरियो । एक दृष्टान्तमा, दलका प्रतिनिधिहरुले ज्येष्ठ मतदाताहरुलाई मतपत्रमा कहाँ छाप लगाउने भनेर बारम्बार देखाइरहेको पनि पर्यवेक्षण गरियो । ७ प्रतिशत पर्यवेक्षणमा अनधिकृत व्यक्तिहरु उपस्थित थिए भने सात प्रतिशत मतदान केन्द्रहरुमा भीड बढी थियो । निर्वाचन आयोगका अनुसार जुम्ला जिल्लाको एक मतदान केन्द्रमा नेकपा-माओवादीको अवरोधका कारण मतदान रद्द भयो र २२ नोभेम्बरमा पुनः मतदान हुँदैछ । रौतहट, गोरखा, पर्बत र हुम्ला जिल्लाका एक एक मतदान केन्द्रहरुमा मतदान थोरै समय अवरूद्ध भएको थियो ।

मतदाता परिचयपत्रहरुको वितरण निर्वाचनकै दिनमा हुने नठानिएको भए पनि पर्यवेक्षकहरुले भ्रमण गरिएका लगभग दश प्रतिशत मतदान केन्द्रहरुमा परिचयपत्र वितरण भैरहेको पाए । यो कार्य प्रायः मतदान कर्मचारी वा मतदाता शिक्षा स्वयंसेवकहरुद्वारा भैरहेको थियो, तर एक स्थानमा भने दलका प्रतिनिधिहरुद्वारा वितरण भैरहेको थियो । निर्वाचनको दिनअघि पर्यवेक्षकहरुका धेरै समूहहरुले मतदाताहरुसँग दर्ता रसीद भए पनि उनीहरुले मतदाता नामावलीमा आफ्नो नाम नभेटिरहेको दृष्टान्तहरु पाएका थिए । निर्वाचनको दिनमा भने पर्यवेक्षकहरुले भ्रमण गरेका मतदान केन्द्रहरुमा मतदान गर्न आएका लगभग सबै मतदाताहरुको नाम सम्बन्धित मतदान केन्द्रको मतदाता नामाबलीमा रहेको पाए ।

निर्वाचन प्रक्रियाको सम्पूर्णता सुनिश्चित गर्नका लागि पारदर्शिता एक महत्वपूर्ण तत्व हो । भ्रमण गरिएका लगभग सबै मतदानस्थलहरुमा दल र उम्मेदवारका प्रतिनिधिहरु उपस्थित थिए र भ्रमण गरिएकामध्ये ७४ प्रतिशत मतदानस्थलहरुमा एक वा दुईजना मात्र भए पनि घरेलु पर्यवेक्षकहरु उपस्थित थिए । भ्रमणको पाँच प्रतिशत स्थानहरुमा दलका प्रतिनिधिहरु वा घरेलु वा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुलाई उनीहरुको कार्यमा बन्देज लगाइएको थियो, उनीहरुलाई मतदान अधिकृतद्वारा मतदान केन्द्रभित्र छिर्न रोक लगाइएको वा त्यहाँबाट जान भनिएको थियो ।

समापन प्रक्रियालाई धेरै सकारात्मक मूल्यांकन गरियो । समापनको पर्यवेक्षण गरिएका ३३ स्थलहरुमा बन्द गर्ने समयमा लाइनमा बसेका सबै मतदाताहरुलाई मतदान गर्न दिइएको थियो । प्रयोग नभएका मतपत्रहरुलाई सुरक्षित रुपमा प्याकिङ नगरिएका दुई दृष्टान्तबाहेक पद्धतिहरुको अधिकांशतः राम्ररी अनुसरण गरिएको थियो ।

**गणना**

कुनै पनि निर्वाचनको विश्वसनीयताको आधार निष्पक्ष र इमानदार गणना प्रक्रिया हो । मतहरुको उच्च गोप्यता प्रदान गर्नका लागि मतपत्रका पेटिकाहरु मतदान केन्द्रमै खोलेर गनिँदैनन्, बरू तिनलाई प्रत्यक्ष प्रणालीका निर्वाचन क्षेत्रका गणना केन्द्रहरुमा ल्याइन्छन् । हरेक मतपेटिकाका मतपत्रहरुको संख्या निश्चित गर्न मतपत्रहरुलाई पहिले पेटिकाबाट घोप्ट्याएर घोप्टो पारेर गन्नु पर्छ, त्यसपछि गणना गर्नुअघि ती मतपत्रहरुलाई अन्य मतपेटिकाका मतपत्रहरुसँग मिसाउनुपर्छ । निर्वाचन क्षेत्रका सबै मतपेटिकाहरु आइ नपुगुन्जेलसम्म मतगणना शुरु हुन नमिल्ने र असहज भौगोलिक परिवेशका कारणा अधिकांश क्षेत्रहरुमा २० नोभेम्बरसम्म मतगणना शुरु हुन सकेन र केही क्षेत्रहरुमा अझ ढिला भयो ।

२१ नोभेम्भरका दिन कार्टर सेन्टरले २४० मध्ये ३१ गणना केन्द्रहरुमा गणना प्रक्रियाको पर्यवेक्षण गर्‍यो । ती स्थानहरुमा २० नोभेम्बरका दिन ढिला गरी मतगणना शुरु भयो, काठमाडौं उपत्यकाका क्षेत्रहरु भने अपवाद थिए । गोरखा र चितवनमा मतदान प्रक्रियाबारेका उजुरीहरुको कारणले मतगणनामा ढिलाइ भएको थियो । यो प्रारम्भिक वक्तव्य जारी हुन्जेलसम्ममा पर्यवेक्षण गरिएका अधिकांश गणना केन्द्रहरुमा मतगणना शुरु भैसकेको थियो र केही प्रारम्भिक परिणामहरु पनि आइरहेका थिए ।

पर्यवेक्षकहरुले कैयौं गणना केन्द्रहरुमा गणना कतिबेला शुरु हुन्छ र पर्यवेक्षक तथा प्रतिनिधिहरुलाई कति मात्रामा प्रवेश दिने भन्नेमा स्पष्टताको अभावले गर्दा प्रारम्भिक अन्यौल भएको पाए । प्रक्रिया शुरु भैसकेपछि भने गणना सुस्त रुपमै भए पनि पारदर्शी ढंगले अघि बढिरहेको पर्यवेक्षकहरुले जानकारी दिए ।

पर्यवेक्षकहरुले सबै गणनाहरु निर्वाचन आयोगका नियमहरु मूताबिक भएको भने पाएनन् । पर्यवेक्षण गरिएका ३१ मध्ये ११ गणना केन्द्रहरुमा हरेक पेटिकाभित्र रहेका मतहरुको संख्या निश्चित नगरिकनै पेटिकाहरु खोलेर मतपत्रहरु मिसाइएको थियो जसले गर्दा मतपत्रको संख्या पुनर्मिलान असम्भव भयो । पाँच गणनास्थलहरुमा मतपत्रहरु एकैठाउँ मिसाएर गनिनुपर्ने भए पनि मतदानस्थल अनुसार गणना गरियो । यो राजनीतिक दलका प्रतिनिधिहरुको जोडका कारण भएजस्तो देखिन्छ ।

नोभेम्बर २१ को बिहान सबेरै एनेकपा(माओवादी) ले आफ्ना प्रतिनिधिहरुलाई देशभरिका मतगणना केन्द्रहरुबाट हटाउने निर्णय गऱ्यो ।

सेन्टरको पर्यवेक्षण नियोग अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका लागि सिद्धान्तहरुको घोषणापत्र र आचारसंहिता अनुरुप भएको थियो जसलाई संयुक्त राष्ट्रसंघले सन् २००५ मा अंगीकार गरेको थियो र ४० भन्दा बढी निर्वाचन पर्यवेक्षण समूहहरुले लागू गरिरहेका छन् । सेन्टर नेपालको कानूनी संरचना एवं क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्झौताहरुमा उल्लेखित प्रजातान्त्रिक निर्वाचनहरुप्रतिका दायित्वहरु अनुरुप छन् ।

*"शान्ति स्थापना, रोगसँग संघर्ष, आशाको निर्माण ।"*

*लाभरहित उद्देश्यको एक गैरसरकारी संस्था, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रबर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकासशिल राष्ट्रका किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ । कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो । कार्टर सेन्टरबारे थप जान्नका लागि कृपया* www.cartercenter.org *मा जानुहोस् ।*

THE
CARTER CENTER

**कार्टर सेन्टरको निर्वाचन पश्चात्को प्रतिवेदन**
**नेपालको २०१३ को संविधानसभा निर्वाचनका लागि अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोग**

**१९ डिसेम्बर, २०१३**

**प्रारम्भ**

नेपालमा सन् २००६ को नोभेम्बरमा सशस्त्र द्वन्द्वको अन्त्य भएपछि १९ नोभेम्बर २०१३ मा दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भयो । निर्वाचन २७ मे २०१२ मा पहिलो संविधानसभाको समयावधि संविधान निर्माण नगरी सकिएपछि देशको संविधान निर्माण प्रक्रियामा लागेको बिरामलाई पुनः शुरू गर्न लक्षित थियो ।[१]

निर्वाचन आयोग, नेपाल तथा मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको लिखित आमन्त्रणपश्चात् कार्टर सेन्टरले २५ सेप्टेम्बर २०१३ मा आफ्नो निर्वाचन पर्यवेक्षण नियोग स्थापना गर्‍यो । पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टर तथा थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री डा. सुराकियात साथीराथाईले सेन्टरको नियोगलाई नेतृत्व प्रदान गर्नुभएको थियो ।

निर्वाचनभन्दा अघिका दिनहरुमा निर्वाचन तयारीहरुको मूल्यांकन गर्नका लागि बाह्र दीर्घकालीन पर्यवेक्षकहरु दुईजनाको समूहमा देशभरी खटिएका थिए । निर्वाचनको दिन ३१ देशका ६६ पर्यवेक्षकहरुले ३१ जिल्लाका ३३६ मतदान केन्द्रहरुमा मतदानको र ३१ वटा गणना केन्द्रहरुको पर्यवेक्षण गरे । नोभेम्बर २४ मा अल्पकालीन पर्यवेक्षकहरु बिदा भएपछि सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरु मत गणना प्रक्रियाको समापन, परिणाम तालिकीकरण, उजुरीहरुको समाधान तथा निर्वाचनपछिको वातावरणको पर्यवेक्षणका लागि नेपालमै रहे । निर्वाचन क्षेत्रभरिका सबै मतपेटिकाहरु आइनपुगुन्जेल गणना शुरू हुन नसक्ने र नेपालको जटिल भौगोलिक अवस्थितिका कारण धेरैजसो क्षेत्रहरुमा नोभेम्बर २० सम्म गणना शुरू भएको थिएन भने केही क्षेत्रहरुमा त्यसभन्दा ढिलो भयो । कार्टर सेन्टरले २४० मध्ये ३१ गणना केन्द्रहरुमा गणना प्रक्रियाको पर्यवेक्षण गर्‍यो र आठ जिल्लाहरुमा गणना प्रक्रिया समापनको पर्यवेक्षण गर्‍यो ।

यो निर्वाचन पश्चातको प्रतिवेदन मतगणना तथा उजुरी प्रक्रियाहरुको पर्यवेक्षणबारेको एक अद्यावधिक हो । यो प्रारम्भिक हो र कार्टर सेन्टरले आफ्नो मूल्यांकनलाई निरन्तरता दिँदै गर्दा यसमा संशोधन हुन सक्छ । यो प्रतिवेदन नोभेम्बर २१ को प्रारम्भिक प्रतिवेदनकै एक कडी हो । अन्तिम प्रतिवेदन २०१४ को प्रारम्भमा प्रकाशित हुनेछ र त्यसमा नेपालका भावी निर्वाचनहरुलाई सशक्त बनाउनका लागि सहयोगी सुझावहरु समावेश हुनेछन् ।

सबै मूल्यांकनहरु अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका लागि घोषणपत्र तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरुका लागि आचारसंहिता तथा नेपालको राष्ट्रिय कानूनी संरचना एवं क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्झौताहरुमा उल्लेखित प्रजातान्त्रिक निर्वाचनहरुप्रतिका दायित्वहरु अनुरुप छन् ।[२]

१. संविधानसभाका लागि पहिलो निर्वाचन सात दलीय गठबन्धनको अन्तरिम सरकार तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच नेपालको दशकलामो सशस्त्र द्वन्द्वलाई औपचारिक रुपमा अन्त्य गर्न नोभेम्बर २००६ मा भएको बिस्तृत शान्ति सम्झौताको एक अंश थियो ।

२. यस प्रतिवेदनमा उद्धरित भएझैं, यिनमा संयुक्त राष्ट्रसंघ मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक र राजनीतिक अधिकारहरुको अन्तर्राष्ट्रिय सम्झौता, महिलाबिरूद्धका सबैखाले भेदभाव अन्त्यबारे सम्झौता, आदिवासी र जनजातिहरुको बारेमा सम्झौता, संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति सामान्य टिप्पणी २५, भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसंघको सम्झौता, तथा क्षेत्रीय सहयोगका लागि दक्षिण एशियाली संगठन (सार्क) को प्रजातन्त्रबारे घोषणापत्र । नेपालको १९९० को सन्धी ऐनले राष्ट्रिय कानूनसँग बाझेको अवस्थामा नेपालद्वारा हस्ताक्षरित सबै सन्धी तथा सम्झौताहरुले अग्रता पाउने उल्लेख छ । नेपालका प्रतिबद्धताहरुको विवरणका लागि कृपया http://www.cartercenter.org/des-search/des/Introduction.aspx मा जानुहोस् ।

## राजनीतिक पृष्ठभूमि

प्रत्यक्षतर्फको गणनाका प्रारम्भिक परिणामहरु आउन थालेपछि एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी (एनेकपा माओवादी) ले निर्वाचनमा व्यापक धाँधली भएको आरोप लगाउँदै गणना प्रक्रिया स्थगित गर्न र पुन: निर्वाचनको माग गर्दै २१ नोभेम्बरका दिन बिहान आफ्ना प्रतिनिधिहरुलाई गणना केन्द्रहरुबाट फिर्ता बोलायो । पछिल्ला दिनहरुमा सो दलले निर्वाचन आयोग, नेपाली सेना तथा "अदृश्य शक्ति" हरुमाथि "माओवादी उम्मेदवारहरुलाई हराउन ग्राण्ड डिजाइन सञ्चालित गरेर" धाँधली गरेको आरोप लगायो । आरोपहरु मतगणना वा मतदान प्रक्रियासँग प्रत्यक्ष सम्बन्धित थिएनन्, बरू मतदान स्थलहरुबाट गणना केन्द्रसम्म ढुवानी गर्ने र भण्डारण गर्ने क्रममा अनियमितता भएको भन्ने थिए । एनेकपा (माओवादी) ले ती आरोपहरुबारे छानवीन गर्नका लागि एक स्वतन्त्र उच्चस्तरीय आयोग गठन गर्न पनि माग गरेको छ, यो मागलाई केही मधेशवादी तथा अन्य राजनीतिक दलहरुले समेत समर्थन गरेका छन् । यसबाहेक, उनीहरुले संवैधानिक प्रक्रियामा सहभागी हुनका लागि नयाँ संविधान जारी गर्न वा अन्तरिम संविधानमा गरिने कुनै पनि संशोधनमा दुई तिहाई नभई पूर्ण राजनीतिक सहमति हुनुपर्ने माग पनि पूर्वशर्तका रुपमा राखेका छन् । दलले आफ्ना मागहरु सम्बोधन नभएसम्म समानुपातिक प्रतिनिधित्व प्रणालीका लागि नामहरु निर्वाचन आयोगमा नपठाउने चेतावनी दिएको छ । सेना र निर्वाचन आयोग दुवैले आरोपहरुको कडा खण्डन गरेका छन् र एनेकपा(माओवादी) तथा अन्य दलहरुलाई आफ्ना गुनासोहरुलाई औपचारिक उजुरी संयन्त्रमार्फत ल्याउन आग्रह गरेका छन् ।

## गणना प्रक्रिया

कुनै पनि निर्वाचनको विश्वसनियताको आधार निष्पक्ष र इमानदार गणना प्रक्रिया हो ।[३] मतहरुको उच्च गोपनीयता प्रदान गर्नका लागि निर्वाचन आयोगका निर्देशिका बमोजिम मतपेटिकाहरु मतदान केन्द्रमै खोलेर गनिएनन्, तिनलाई निर्वाचन क्षेत्रका गणना केन्द्रहरुमा ल्याइयो । सबै मतपेटिकाहरु गणना केन्द्रमा ल्याइसकेपछि सिरियल नम्बर र सिल नम्बरहरुको टिपोट गरी मतदान केन्द्रको अभिलेखसँग रूजु गरिनुपर्थ्यो । हरेक मतपेटिकाका मतपत्रहरुको संख्या निश्चित गर्न मतपत्रहरुलाई पहिले पेटिकाबाट खन्याएर घोप्टो पारेर गनिनु पर्थ्यो । त्यसपछि ती मतपत्रहरुलाई अन्य मतपेटिकाका मतपत्रहरुसँग मिसाएपछि हरेक दल वा उम्मेदवारका साथसाथै बदर मतहरुको पनि अलग्गै चाङ बनाइनुपर्थ्यो । हरेक मतपत्र सबै अवलोकनकर्ताले देख्ने गरी पारदर्शी ढंगले गणना गरिनुपर्थ्यो । दलीय प्रतिनिधीहरुले गणना पृष्ठहरुमा हस्ताक्षर गर्छन् र परिणामहरु निर्वाचन अधिकृतद्वारा प्रस्तुत र प्रमाणित गरिन्छ । अधिकांश गणना कार्य निकै दिनपछि समाप्त भयो र विजयी उम्मेदवारहरुलाई प्रमाणपत्र प्रदान गरियो ।

सेन्टरको नोभेम्बर २१ को प्रारम्भिक प्रतिवेदनमा सबै गणना कार्यहरु निर्वाचन आयोगका नियमहरु मूताविक भएको नपाइएको टिप्पणी गरिएको थियो । पर्यवेक्षण गरिएका ३१ मध्ये ११ गणना केन्द्रहरुमा हरेक पेटिकाभित्र रहेका मतहरुको संख्या निश्चित नगरिकनै पेटिकाहरु खोलेर मतपत्रहरु मिसाइएको थियो जसले गर्दा मतपत्रको संख्या पुनर्मिलान असम्भव भयो । मतपत्रहरु एकै ठाउँ मिसाएर गनिनुपर्ने भए पनि पाँचवटा मामिलाहरुमा मतदानस्थल अनुसार गणना गरियो । राजनीतिक दलका प्रतिनिधिहरुको जोडका कारण यस्तो भएको देखिन्छ ।

केही जिल्लाहरुमा गणनाका अभ्यासहरु क्षेत्र तथा गणना अधिकृतहरुबीच फरक फरक पाइएको सेन्टरका पर्यवेक्षकहरुले बताए । विशेषगरी समानुपातिक तर्फको गणनाका दौरानमा अनौपचारिक र कामचलाउ प्रवृत्तिमा पनि बृद्धि आएको पाइयो । प्रक्रियालाई गति दिनका लागि समानुपातिक तर्फको गणनामा बेग्ला बेग्लै दलका मतपत्रहरु पनि सँगसँगै गणना गरिएको थियो । परिणामस्वरुप दलका प्रतिनिधिहरुले समग्र प्रक्रियाको पर्यवेक्षण गर्न नपाएको भए पनि अधिकारी तथा दलहरुका लागि त्यस्तो अभ्यास स्वीकार्य भएको देखियो ।

सुविधाका लागि गरिएका सामान्य परिवर्तनहरुलाई सहज ढंगमा लिइएको हुनाले ती असामञ्जस्यताहरुले गणनाको समग्रता तथा उपस्थित सरोकारवालाहरुको विश्वासलाई प्रभावित नपारेको कार्टर सेन्टरका पर्यवेक्षकहरुको मूल्यांकन थियो । अपितु यसले राजनीतिक सहमतिद्वारा कानूनलाई किनारा लगाउने अभ्यासलाई बढावा दिन्छ ।

३. संयुक्त राष्ट्रसंघ, आइसीसीपीआर, दफा २५(ख), मतदानको अधिकार, संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति, सामान्य टिप्पणी २५, अनु. १९: "निर्वाचनहरु आवधिक रुपमा मतदानको अधिकारको प्रभावकारी अभ्यासको प्रत्याभूति दिने कानूनहरुको ढाँचाअन्तर्गत निष्पक्ष तथा स्वतन्त्र तवरले सम्पन्न गरिनुपर्छ ।"

केही मामिलाहरुमा पर्यवेक्षकहरुले मतपेटिकाका सिल नम्बरहरु सही ढंगले अभिलेखित नगरिएको पाए । केही दलहरुद्वारा सुरक्षा तथा मतपेटिकाहरुको ढुवानीको विश्वसनीयतामा अनियमितता भएको आरोपका चासोहरु उठाएको सन्दर्भमा निर्वाचन अधिकारी तथा दलीय प्रतिनिधिहरुले सिल नम्बर जाँच गर्ने र रूजु गर्ने कार्यलाई गणना प्रक्रियाकै अंगको रुपमा लागू गरेको भए प्रक्रियाको विश्वसनीयतामा अझ बृद्धि आउने थियो ।

## मतपत्रको वैधता निर्धारण

गणना प्रक्रियाको दौरानमा मतपत्रको वैधता निर्धारणका लागि समान नियम तथा पद्धतिहरुले विश्वव्यापी तथा समान मताधिकारको हरेकको अधिकारलाई सुरक्षित गर्न सहयोग गर्न सक्छ ।[४] निर्वाचनको दिन निर्वाचन आयोगले निर्वाचन अधिकृतहरुका लागि १० बुँदे पद्धतिहरुको परिपत्र जारी गऱ्यो । परिपत्र जारी भएको समयले विवाद उब्जाए पनि तीमध्ये अधिकांश बुँदाहरु मतको वैधतालाई कसरी निर्धारण गर्ने भन्नेमा स्पष्टताका साथै कस्ता मतलाई सदर मानी गणना गर्ने भन्ने बारे निर्देशन समेत थियो: मतदान अधिकृतहरुले कालोबाहेकका मसीले हस्ताक्षर गरेका मतपत्रहरु, थोरै च्यातिएका वा अर्धकट्टी संलग्न रहेका तथा औंलाको छाप वा स्वस्तिक छापबाट केही मसी अनायास मतपत्रको अर्को भागमा लागेको । मतदाताको आशय स्पष्ट भएको औचित्य देखिएको खण्डमा ती मतपत्रहरुलाई सदर भनेर गणना गरिनु पर्ने थियो ।

ती निर्देशन तथा निर्वाचन आयोगद्वारा निर्वाचनपूर्व गरिएका मतदाता शिक्षा प्रयासका वावजूद प्रत्यक्षतर्फका सिटहरुमा (४.९६ प्रतिशत) र समानुपातिक प्रणालीमा (३.२ प्रतिशत) बदर मतको समग्र प्रतिशत २००८ को निर्वाचनसँग तुलना गर्दा (क्रमश: ५.१५ र ३.६६ प्रतिशत) थोरै मात्र घट्न सक्यो । २१ जिल्लाका ५४ निर्वाचन क्षेत्रहरुमा (सात पहाडी तथा १४ तराई जिल्लाहरुमा) प्रत्यक्षतर्फ बदर मतहरुको प्रतिशत ६ भन्दा बढी रहेको थियो ।

निसन्देह, बदर भएका अधिकांश मतहरुमा एउटै मतपत्रमा फरक दलका चिन्हहरुमा दुई ठाउँमा स्वस्तिक छाप हुनु नै सबैभन्दा समान थियो । सम्भवत:, ती मतदाताहरुलाई दुईवटा मत दिनु पर्छ भन्ने त थाहा थियो तर अलग अलग मतपत्र हुन्छन् भन्ने चाहिं बुझेका थिएनन् । समानुपातिक प्रणालीको मतपत्र ठूलो र सम्हाल्न गाह्रो हुने खालको भए पनि त्यसमा बदर मतको संख्या कम हुनुलाई यसले पुष्टि गर्दछ । बदर मतका अन्य साझा कारणहरु यस्ता थिए: मतपत्रमा सही ठाउँमा चिन्ह नलगाइएको, मतपत्रमा चिन्ह नै नलगाइएको, मतदान अधिकृतद्वारा मतपत्रमा हस्ताक्षर नभएको, स्वस्तिक चिन्हको सट्टा औंला वा अन्य छापको प्रयोग गरिएको । पर्यवेक्षकहरुले केही अवसरहरुमा नियमहरुको कार्यान्वयन असमान रुपमा भैरहेको पाए । केही दृष्टान्तहरुमा मतदान अधिकृतहरुको हस्ताक्षर नभएका वा स्वस्तिक चिन्हको सट्टा औंलाको छाप लगाइएका मतपत्रहरु पनि गणना गरिए भने कहिलेकाहीं गनिएनन् । समग्रमा, जे भए पनि पद्धतिहरुको अनुशरण गरियो र असमानताहरु (जस्तै हस्ताक्षर नगरिएका मतपत्रहरुको गणना) आशयपूर्ण नभएको र मूख्यत: गणना धेरै दिनसम्म चलेकाले गणना कर्मचारीहरु थाकेको कारण भएको देखियो ।

केही उल्लेख्य क्षेत्र त्यस्ता पनि थिए जहाँ सदर मतको निर्धारण निर्वाचन अधिकृतको तजबिजमा भएको देखियो । पश्चिम क्षेत्रको एक गणना केन्द्रमा प्रत्यक्ष तर्फका मतपेटिकाबाट थोरै समानुपातिक मतपत्रहरु भेटिए जुन भूलवश गलत बाकसमा हालिएको प्रष्ट थियो । दलका प्रतिनिधिहरुसँगको सानो विमर्शपछि अन्तत: निर्वाचन अधिकृतले तिनलाई बदर भनिदिए ।

## गणना केन्द्रहरूमा दलका प्रतिनिधि तथा पर्यवेक्षकको पहुँच

गणना प्रक्रियाका दौरान पर्यवेक्षक तथा दलका प्रतिनिधिहरुको उपस्थिति कुनै पनि निर्वाचनको पारदर्शिता र समग्रता सुनिश्चित गर्नका लागि एक अभिन्न अंग हो र उनीहरुको पहुँचका लागि प्रावधानहरु स्थापित हुनुपर्छ ।[५] त्यसबाहेक, राज्यले यो अधिकारलाई मान्यता दिनका लागि आवश्यक कदमहरु चाल्नु पर्छ, त्यसकारण विशेष गरी दलका प्रतिनिधिहरुको गणना प्रक्रियामा पहुँचका

४. संयुक्त राष्ट्रसंघ, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा २१(३), "जनताको इच्छा नै सरकारको अधिकारको आधार हुनुपर्छ, यो इच्छा आवधिक एवं मौलिक निर्वाचनहरुमार्फत व्यक्त हुनुपर्छ जुन विश्वव्यापी तथा समान मताधिकारद्वारा हुनुपर्छ र त्यो गोप्य मत अथवा त्यस्तै प्रकृतिको स्वतन्त्र मतदान पद्धतिहरुमार्फत संचालन गरिनुपर्छ ।"

५. संयुक्त राष्ट्रसंघ, संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति, सामान्य टिप्पणी २५ को "सार्वजनिक मामिलाहरुमा सहभागी हुन पाउने अधिकार, मतदानको अधिकार तथा सार्वजनिक सेवाहरुमा समान पहुँचको अधिकार", अनु. २० "मतपेटिकाहरुको सुरक्षाको प्रत्याभूति हुनैपर्छ र मतहरु उम्मेदवार वा उनीहरुका प्रतिनिधिहरुको उपस्थितिमा गनिनु पर्छ ।"

लागि गणना शुरूहुनुभन्दा अघिको तयारीकै समयमा सावधानीपूर्वक विचार गरिनुपर्छ।[६] गणना केन्द्रहरुमा पर्यवेक्षकहरुको अधिकार तथा पद्धतिहरुका सम्बन्धमा निहित शुरूवाती अन्यौलका वाबजूद कार्टर सेन्टरका अधिकांश पर्यवेक्षकहरुले गणना प्रक्रियाको पर्याप्त पर्यवेक्षण गर्न पाएको जानकारी दिए ।

केही समयहरुमा भने पर्यवेक्षकहरुलाई गणना केन्द्रमा प्रवेश गर्नका लागि विशेष अनुमति चाहिने तर त्यस्तो अनुमति प्राप्त गर्न कठिन नहुने बताइयो । अन्य समयहरुमा पर्यवेक्षकहरुलाई त्यस्ता अनुमतिहरुको प्रावधान रहे पनि उनीहरुले त्यो लिइरहनु नपर्ने बताइयो ।

केही गणना केन्द्रहरुमा कार्टर सेन्टरका पर्यवेक्षकहरुलाई कुनै निश्चित समयमा केही मिनेटभन्दा बढी समय भित्र बस्न नदिइने भनियो, तर अन्य केही पर्यवेक्षकहरुले भने उनीहरु आएपछि प्रक्रिया पूर्ण हुन्जेलसम्म बस्न दिइएको बताए । उल्लेख्य अपवादहरु यस्ता थिए: बाँकेमा सेन्टरका पर्यवेक्षकहरुलाई मतपेटिकाहरु ल्याइएपछि बाहिरिन भनियो र गणना अवधिभरिमा एक घण्टा मात्र बस्न दिइयो, काठमाडौंमा पर्यवेक्षकहरुलाई कुनै निश्चित समयमा छोटो अवधिका लागि मात्र प्रवेश दिइयो र बैतडीमा निर्वाचन अधिकारीहरुले पर्यवेक्षकहरुलाई बिहानको लगभग ३ बजे बाहिरिनका लागि दृढतापूर्वक अनुरोध गरे ।

राष्ट्रिय पर्यवेक्षकहरुलाई गणना केन्द्रमा अधिकांशतः प्रवेश दिइएको देखियो र उनीहरु गणनाको दौरानमा उपस्थित थिए । यद्यपि, कार्टर सेन्टरका पर्यवेक्षकहरुले राष्ट्रिय पर्यवेक्षकहरुलाई अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुभन्दा कम आदरका साथ व्यवहार गरिएको र उनीहरुलाई छोटो समयका लागि मात्र बस्न अनुमति रहेको कुरा बढी दवावपूर्ण किसिमले भनिएको धेरै प्रसंगहरु उल्लेख गरे । दलका प्रतिनिधिहरु पर्यवेक्षण गरिएका सबै गणना केन्द्रहरुमा उपस्थित थिए र उनीहरु भित्र प्रवेश गर्ने पद्धति जिल्ला जिल्लामा फरक भए पनि गणना प्रक्रियाभरी बस्ने अनुमति थियो । यद्यपि, गणना प्रक्रिया अघि बढ्दै जाँदा दलका प्रतिनिधिहरुको संख्या उल्लेख्य रुपमा घटदै गएको पर्यवेक्षकहरुले पाए, समानुपातिक तर्फको गणना सकिने समयमा थोरै प्रतिनिधिहरु मात्र बाँकी थिए ।

एनेकपा(माओवादी) ले २१ नोभेम्बरका दिन बिहान सबेरै गणना प्रक्रिया रोक्न र मतपेटिका ढुवानी गर्दा भएको धाँधलीको छानबीन गर्न माग गर्दै देशभरीकै गणना केन्द्रहरुबाट आफ्ना प्रतिनिधिहरु फिर्ता बोलायो । त्यस समयमा गणना केन्द्रहरुमा उपस्थित कार्टर सेन्टरका सबै पर्यवेक्षकहरुले सो दलका प्रतिनिधिहरु चुपचाप र अनावश्यक अवरोध बिना बाहिरिएको बताए, यद्यपि केही स्थानहरुमा प्रतिनिधि वा उम्मेदवारहरुले बाहिरिनुअघि ठूलो स्वरमा आफूहरु बाहिरिन लागेको घोषणा गरेका थिए । बाहिरिनुअघि एनेकपा(माओवादी) का प्रतिनिधिहरु पनि अन्य दलका प्रतिनिधिहरुझैं समानतापूर्ण रुपमा सहभागी भएका थिए र कुनै पनि हिसाबले अवरोधजन्य वा उत्तेजक थिएनन् । गणनाका पछिल्ला दिनहरुमा एनेकपा(माओवादी) का प्रतिनिधिहरु बेलाबखत गणना केन्द्रहरुमा आउँथे तर प्रक्रियालाई मान्यता दिनका लागि हस्ताक्षर गर्नुपर्ने फारमहरुमा हस्ताक्षर गर्न भने मान्दैनथे ।

मोरङ जिल्लाको क्षेत्र नं. छ र सातमा मधेशी जनाधिकार फोरम-नेपाल र मधेशी जनाधिकार फोरम-लोकतान्त्रिकले धाँधलीको आशंकामा गणना प्रक्रिया रोक्न लिखित माग गरे र गणना केन्द्रबाट निस्किँदै गर्दा आफ्नो परिचयपत्र औपचारिक रुपमा फिर्ता गरिदिए । मधेशी जनाधिकार फोरम-नेपालले गणना केन्द्रबाहिर विरोध सभाहरु गर्दै र क्षेत्र नं. ५ को मतपेटिका भण्डार गरिएको कोठाको ढोकामा ताल्चा लगाउँदै गणना प्रक्रियामा अवरोध गर्ने प्रयास जारी राखे । दुवै दल २३ नोभेम्बरका दिन गणनाको अवलोकन गर्न फर्के ।

### सर्वदलीय बैठकहरू

मतगणनाका सम्बन्धमा निर्वाचन आयोगको निर्देशिका अनुसार निर्वाचन अधिकृतहरुले सबै राजनीतिक दल, उम्मेदवार वा उनीहरुका प्रतिनिधिहरुलाई मत गणनासँग सम्बन्धित पद्धति तथा प्रावधानहरुबारे स्पष्ट रुपमा जानकारी दिनुपर्छ र कुनै पनि सहमति मत गणना शुरू गर्नुअघि नै गरिनुपर्छ । यस्तो जानकारी बाँड्ने तथा सहमति गर्ने कार्यहरु सामान्यतः सर्वदलीय बैठकहरुमा गरिन्छन् । सर्वदलीय बैठकको निर्दिष्ट उद्देश्य निर्वाचन आयोग तथा दलका प्रतिनिधिहरुबीच मतको वैधता निर्धारणका सम्बन्धमा सहमति बनाउन, औपचारिक गणना प्रक्रियाको रुपरेखा निर्माण तथा निर्वाचन प्रक्रियाबाट उत्पन्न सम्भाव्य गुनासो तथा सन्देहहरुलाई सम्बोधन गर्नका लागि थियो । सेन्टरले समग्रमा यी बैठकहरु विशेषतः दलका प्रतिनिधिहरुका माझमा गणना

६. संयुक्त राष्ट्रसंघ, आइसीसीपीआर, धारा २(२), राज्यले मानवअधिकारलाई प्रभावकारी बनाउन आवश्यक कदमहरु चाल्नै पर्छ ।

प्रक्रियाको बारेमा जानकारी बाँड्नमा उपयोगी भएको पायो ।[७] यद्यपि, मतपत्रहरुको संख्या पुनर्मिलान र मतपत्रको वैधताको निर्धारणका सम्बन्धमा देशभरी एकरुपता ल्याउनका लागि सर्वदलीय बैठकहरुमा नीति तथा नियमहरुबारे जानकारी बाँड्ने कार्य निर्वाचकीय कानूनी ढाँचामा उल्लेख भएअनुसार नै हुनुपर्छ । कसैको मतलाई सही ढंगले गणना गरिनुपर्ने आधारभूत अधिकारमाथि गणना प्रक्रियाको बारेमा स्थानीय रुपमा फरक हुने खालका विविध अर्थहरु लगाउनु हुँदैन । समग्र गणना प्रक्रियाको विश्वसनीयतालाई सशक्त बनाउन बैठकमा सहमति भएका सबै बुँदाहरुलाई लिपिबद्ध गरी उपस्थित सबै सरोकारवालाहरुले हस्ताक्षर गर्नुपर्दछ ।

पर्यवेक्षकहरु सर्वदलीय बैठकहरुमा धेरै कम स्थानमा सहभागी हुन पाए (पर्सा र चितवनमा मात्र) । पर्यवेक्षकहरु प्रवेश गर्ने र प्रक्रियाको पर्यवेक्षण गर्न पाउने सम्बन्धमा जिल्ला जिल्लामा फरक सूचना थिए । समग्रमा, पर्यवेक्षकहरुलाई निर्वाचन प्रक्रियाको दौरानमा निर्वाचन अधिकारीहरु संलग्न रहेको कुनै पनि बैठकमा पूर्ण पहुँच हुनुपर्दछ ।

अधिकांश प्रसंगहरुमा सर्वदलीय बैठकहरुमा धेरै मानिसहरु सहभागी भएको र सापेक्षिक शान्त तवरमा संचालन भएको पर्यवेक्षकहरुले बताए । तथापि, केही मामिलाहरुमा दलका प्रतिनिधि तथा प्रमुख निर्वाचन अधिकृतहरुका बीच विशेषगरी गणनाको पद्धतिको विषयमा विवाद चर्केको पाए । केही दलका प्रतिनिधिहरु मतपेटिकाहरु मतदान केन्द्रअनुसार गणना हुनुपर्ने चाहन्थे जबकी निर्वाचन आयोगको निर्देशिका र निर्वाचन कानूनले एक मतदान केन्द्रका मतपत्रहरु प्रारम्भिक संख्या पुनर्मिलानपश्चात् अर्को मतदान केन्द्रका मतपत्रहरुसँग मिसाउनु पर्ने स्पष्ट उल्लेख गरेको छ । अपितु अगाडि उल्लेख गरिएका असहमतिहरुका कारण गणना प्रक्रियामा केही बिलम्बको पर्यवेक्षण गरियो ।

ती बैठकहरुमा छलफल गरिएका अन्य विषयहरुमा मतपत्रको वैधता कसरी निर्धारण गर्ने, गणना केन्द्रहरुमा प्रवेश गर्ने दल प्रतिनिधिहरुको संख्या, पर्यवेक्षक तथा दलका प्रतिनिधिहरुका लागि छुट्याउने स्थानबारे छलफल तथा परिणाम घोषणा गर्ने समयसारिणीलगायत थिए । केही दृष्टान्तहरुमा सर्वदलीय बैठकहरुलाई मतदाता परिचयपत्र वितरण, बुथ कब्जा तथा मतदान कर्मचारीहरुको पक्षपातपूर्ण व्यवहारका आरोपहरु लगाउने सहित निर्वाचन प्रक्रियाबारेका गुनासोहरु प्रवाह गर्ने मञ्चको रुपमा पनि प्रयोग गरिए ।

## गणना केन्द्रहरूमा सुरक्षा

गणना प्रक्रियाभरि निरन्तर रुपमा सशस्त्र हस्तक्षेप वा भेदभावरहित रुपमा मानिसहरुलाई सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो ।[८] निर्वाचनको दिन गणना केन्द्रहरुमा मूख्यतः म्यादी प्रहरी, नेपाली प्रहरी र सशस्त्र प्रहरीहरुका तर्फबाट सुरक्षाको सशक्त उपस्थिति थियो । कार्टर सेन्टरका पर्यवेक्षकहरुले सुरक्षा बलहरुद्वारा अत्यधिक बलको प्रयोग वा कर्तव्यबाट पन्छिने दुवै खाले प्रवृत्तिहरुको जानकारी पाएनन् । सर्वदलीय बैठकहरुमा दलका प्रतिनिधिहरुले अत्यधिक कोलाहल मच्चाउँदा वा तर्कवितर्क गर्दा सुरक्षा बलहरुले गरेका हस्तक्षेपका केही घटनाहरुबारे जानकारी पाइयो, तर ती पनि आवश्यकताको सीमाभित्र नै थिए र हिंसापूर्ण पटक्कै थिएनन् ।

मतपेटिकाहरु मतदान केन्द्रबाट गणना केन्द्रहरुसम्म नेपाल प्रहरी र सशस्त्र बलको सुरक्षामा र केही दृष्टान्तहरुमा नेपाली सेनाको सुरक्षामा ढुवानी गरिएका थिए । कार्टर सेन्टरका पर्यवेक्षकहरु आफूले पर्यवेक्षण गरेका मतदान केन्द्रदेखि मतपेटिकाहरुको निर्दिष्ट गणना केन्द्रतर्फको ढुवानीलाई पछ्याउन सक्षम थिए र कुनै पनि किसिमको गडबडी वा पर्याप्त सुरक्षाबिना मतपेटिकाहरु ढुवानी भएको जानकारी पाइएनन् । पर्यवेक्षण गरिएका मतपेटिकाहरु गणना केन्द्रमा ल्याइसकेपछि सुरक्षित स्थानमा राखिएको थियो । कैलाली जिल्लाको मसुरीयामा चार वटा मतपेटिकाहरु सुरक्षित स्थानभन्दा अन्यत्रै सारिएको एक घटनाबारे बताइयो, यद्यपि लगभग २० मिनेटपछि ती मतपेटिकाहरु सुरक्षित स्थानमै फर्काइसकिएका थिए । ती मतपेटिकाहरु कहाँ लैजाने भन्ने सम्बन्धमा भएको निर्दोष अन्यौलका कारण त्यसो भएको पर्यवेक्षकहरुको मूल्यांकन थियो ।

७. संयुक्त राष्ट्रसंघ, आइसीसीपीआर २५(क), सार्वजनिक मामिलाहरुमा सहभागी हुने अधिकार, “हरेक नागरिकलाई धारा २ मा उल्लेख गरिएका कुनै पनि भेदभाव र अनुचित बन्देजबिना अधिकार तथा अवसर प्राप्त हुनु पर्दछः (क) सार्वजनिक मामिलाहरुको संचालनमा प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधिहरुमार्फत सहभागी हुन्” ।

८. विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुद्वारा, व्यक्तिको सुरक्षा प्रदान गर्नु नेपालको दायित्व हो । ती प्रतिबद्धताहरुमा संयुक्त राष्ट्रसंघ, युडीएचआर, धारा ३, ९, आइसीसीपीआर, धारा ९, र, संयुक्त राष्ट्रसंघ, सबै किसिमका जातिय भेदभावको अन्त्यबारे अन्तर्राष्ट्रिय सम्झौता, धारा ५ ।

कपिलवस्तुमा रहेको पर्यवेक्षकहरुको एक टोलीले सुरक्षाकर्मीहरुले मतपेटिकाहरुलाई गणना केन्द्रतिर ढुवानी गर्दै गर्दा विष्फोटक सामग्रीहरु निष्कृय गर्नुपरेका धेरै घटनाहरु अवलोकन गरे । त्यो कार्य सुरक्षित र व्यवस्थित रुपमा तवरमा गरिएको थियो र मतपेटिकाहरुमा गडबडी गर्ने प्रयास भएको देखिएन ।

प्रत्यक्ष अवरोधको परिणामस्वरुप सुरक्षा बलहरुको कडा शक्ति प्रदर्शन देखिएको एउटा मात्र विवरण मोरङमा पाइयो जहाँ नेपाली कांग्रेसले गणनालाई निरन्तरता दिन र मधेशी जनाधिकार फोरम नेपालले त्यसलाई स्थगित गर्न माग राख्दै सँगसँगै सभाहरु गर्न थालेपछि उनीहरुलाई सशस्त्र प्रहरीले भौतिक रुपमा अलग्याउनु परेको थियो ।

पर्यवेक्षण गरिएका गणना केन्द्रहरुमा र मतपेटिका ढुवानी गर्दाको समय सुरक्षाकर्मीको पर्याप्त उपस्थिति रहेको र प्रत्यक्ष हस्तक्षेपको आवश्यकता रहेको समयसमेतमा सुरक्षाकर्मीहरुले गैरहस्तक्षेपकारी र गैरचेतावनीयुक्त ढंगमा संचालित भैरहेको पर्यवेक्षकहरुले पाए ।

## परिणामहरूको घोषणा

कुनै पनि निर्वाचनमा परिणामहरुको घोषणा संवेदनशील हुने गर्छ र सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासले सामयिक, आधिकारिक तथा यथार्थ निर्वाचन परिणामहरुले निर्वाचनपश्चातको अवधिमा अन्यौल घटाउन सक्छन् र निर्वाचन प्रक्रियाको विश्वसनीयतालाई बढाइदिन्छन् भन्ने संकेत गर्दछ ।[९] निर्वाचन आयोगको निर्देशिकाहरुका अनुसार परिणामहरुको घोषणा निर्वाचन अधिकृतको कार्यालयबाट सार्वजनिक हुनुपर्दथ्यो र त्यसको एक प्रति निर्वाचन आयोगमा पठाइनु पर्थ्यो । पर्यवेक्षण गरिएका अधिकांश गणना केन्द्रहरुमा परिणामहरु सार्वजनिक रुपमा टाँस गरिएका थिए वा कहिलेकाहीं सार्वजनिक सम्बोधन प्रणालीबाट घोषणा गरिएका थिए । पहिलो हुने (प्रत्यक्ष) तर्फको गणना २५ नोभेम्बरमा विजयी उम्मेदवारहरुलाई प्रमाणपत्र जारी गर्दै सकियो । २१ नोभेम्बरमा गणना प्रक्रियाबाट फिर्ता भएपछि एनेकपा(माओवादी) का तर्फबाट विजयी उम्मेदवारहरुले भने प्रमाणपत्र लिन नसकेको बताइयो । प्रत्यक्षतर्फका २४० मध्ये नेपाली कांग्रेसले १०५ सिटमा जित हासिल गरेर सबैभन्दा ठूलो दलको रुपमा अगाडि आयो, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) ९१ सिटका साथ नेपाली कांग्रेसलाई नजिकै रहेर पछ्यायो भने एनेकपा (माओवादी) २६ सिटका साथ तेस्रो स्थानमा रहयो ।

समानुपातिक प्रणालीको गणना २८ नोभेम्बर सम्म चल्यो र ३ डिसेम्बरका दिन निर्वाचन आयोगले उक्त प्रणालीअन्तर्गत ३० वटा दलहरुले सिट जितेको जानकारी दिँदै उनीहरुको बन्द सूचिहरुबाट छनौट गरिएका उम्मेदवारहरुको नामावली पेश गर्न भन्यो । त्यसको समयसीमा दुई पटक थपियोः पहिलो पटक १८ डिसेम्बरसम्म र दोस्रो पटक २५ डिसेम्बरसम्म, यो राजनीतिक दलहरुलाई आन्तरिक विमर्श गर्न र एनेकपा(माओवादी) लाई प्रक्रियामा सहभागी हुन मनाउन छलफल गर्नका लागि थियो । प्रतिवेदन जारी हुँदै गर्दाको समयमा दलहरुद्वारा उम्मेदवार छनौटको काम अझै बाँकी छ, ११ वटा दलहरुले मात्र निर्वाचन आयोगमा नाम पेश गरेका छन् ।

प्रत्यक्ष प्रणालीबाट निर्वाचित महिला र पिछडिएका उम्मेदवारहरुको संख्या न्यून भएको कारणले (१० महिला, ६३ जनजाति र २ दलित), निर्वाचन आयोगले असामान्य कदम चाल्दै राजनीतिक दलहरुलाई आफ्ना बन्द सूचीहरुबाट कम्तीमा ५० प्रतिशत महिलाको नाम पेश गर्न आग्रह गरेको छ । यो कानूनी रुपमा लागू हुन सक्छ वा सक्दैन भन्ने अस्पष्ट छ किनभने निर्देशिकाहरुले नै समानुपातिक कोटाहरुमा १० प्रतिशत घटिबढीलाई अनुमति दिएका छन् ।

प्रत्यक्ष तथा समानुपातिक दुवैतर्फको कुल परिणाम अनुसार नेपाली कांग्रेस र नेकपा-एमालेलाई संवैधानिक परिवर्तनहरु गर्नका लागि आवश्यक दुई तिहाईको बहुमतमा थोरै मात्रले अपुग हुन्छ । प्रत्यक्षतर्फ एक सिट पनि नजितेको राष्ट्रिय प्रजातन्त्र पार्टी-नेपाल (राप्रपा-नेपाल) समानुपातिकतर्फ भने चौथो ठूलो दलको रुपमा उभियो । सो दल हिन्दु राज्यको घोषणा र संवैधानिक राजतन्त्रबारे जनमतसंग्रह गर्नुपर्ने माग राख्ने एक्लो दल पनि हो । सन् २००८ मा समग्रमा ८३ सिटको शक्ति बोकेका मधेशी दलहरुले आगामी संविधानसभामा भने लगभग ५० सदस्यहरुमार्फत मात्र प्रतिनिधित्व गर्नेछन् ।

९. संयुक्त राष्ट्रसंघ, आइसीसीपीआर, धारा १९(२) ले मौखिक, मुद्रित वा लिखित माध्यमहरुद्वारा सूचनाहरु खोज्ने, प्राप्त गर्ने वा प्रदान गर्ने हरेक व्यक्तिको अधिकारलाई प्रत्याभूत गर्दछ ।

**प्रत्यक्षतर्फका प्रारम्भिक परिणामहरू**

| क्र.सं. | राजनीतिक दल/स्वतन्त्र उम्मेदवारहरू | विजयी सिट संख्या |
|---|---|---|
| १ | नेपाली कांग्रेस | १०५ |
| २ | नेकपा-एमाले | ९१ |
| ३ | एनेकपा(माओवादी) | २६ |
| ४ | मधेशी जनाधिकार फोरम-लोकतान्त्रिक | ४ |
| ५ | तराई मधेश लोकतान्त्रिक पार्टी | ४ |
| ६ | राप्रपा | ३ |
| ७ | मधेशी जनाधिकार फोरम-नेपाल | २ |
| ८ | नेपाल मजदुर किसान पार्टी | १ |
| ९ | सद्भावना पार्टी | १ |
| १० | तराई मधेश सद्भावना पार्टी नेपाल | १ |
| ११ | स्वतन्त्र | २ |
| | **कूल-** | २४० |

**समानुपातिक तर्फका प्रारम्भिक परिणामहरू**

| क्र.सं. | राजनीतिक दल | विजयी सिट संख्या |
|---|---|---|
| १ | नेपाली कांग्रेस | ९१ |
| २ | नेकपा-एमाले | ८४ |
| ३ | एनेकपा(माओवादी) | ५४ |
| ४ | राप्रपा-नेपाल | २४ |
| ५ | मधेशी जनाधिकार फोरम-लोकतान्त्रिक | १० |
| ६ | राप्रपा | १० |
| ७ | मधेशी जनाधिकार फोरम-नेपाल | ८ |
| ८ | तराई मधेश लोकतान्त्रिक पार्टी | ७ |
| ९ | सदभावना पार्टी | ५ |
| १० | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) | ५ |
| ११ | संघीय समाजवादी पार्टी, नेपाल | ५ |
| | अन्य (५ सिटभन्दा कम भएका १९ दलहरु) | ३२ |

निर्वाचन आयोगका अनुसार, कूल मतदानको प्रतिशत देशभरी दर्ता भएका मतदाताहरुको ७८.८ प्रतिशत ( प्रत्यक्षतर्फको कूल मतदानमासबैभन्दा कम बैतडी जिल्लाको क्षेत्र नं. २ मा ६७.३२ प्रतिशत र डोल्पाको क्षेत्र नं. १ सबैभन्दा बढी ८९.५० प्रतिशत) रहयो । ती आंकडाहरु सराहनायोग्य छन्, तर सन् २००८ को निर्वाचनसँग तुलना गर्दा (खसेको मत संख्याः १०,८६६,१३१) खसेका मतहरुको पूर्ण संख्या २०१३ मा घटेको (खसेको मत संख्याः ९,५१६,७३४) यथार्थता र स्थानीयतहमा व्यापक विविधता विद्यमान छ । यस सम्बन्धमा रोल्पा तथा पाँचथर जिल्लामा पर्यवेक्षकहरुले निर्वाचन बहिष्कार गर्ने दलहरुले स्थानीय क्षेत्रहरुमा पारेका प्रभावहरुको उल्लेख गरे । उदाहरणका लागि, पाँचथरका दुई दुर्गम गाउँ विकास समितिहरुमा निर्वाचन बहिष्कार गरिरहेका दलहरुको धम्की र दवावले अत्यन्तै न्यून मतदान भयो (दर्ता भएका मतदाताहरुको दुई प्रतिशतभन्दा कम) । निर्वाचन सम्पन्न भएको दुई हप्तापछि पनि तीमध्ये एक गाउँ विकास समितिका नागरिकहरु मतदान गर्नेहरुसँग प्रतिशोध लिइने सोचले त्रसित नै रहेको पर्यवेक्षकहरुले उल्लेख गरे ।

## निर्वाचन विवादहरू

अधिकारहरुको हननका सम्बन्धमा प्रभावकारी उपायहरु अबलम्बन गर्नु र निर्वाचनसम्बन्धी उजुरीहरुको सम्बोधनका लागि पर्याप्त स्थानहरु रहेको सुनिश्चित गर्नु नेपालको एक अन्तर्राष्ट्रिय दायित्व हो ।[१०] निर्वाचनको दिन निर्वाचन आयोगसमक्ष विभिन्न

१०. हरेकलाई आफ्नो अधिकार तथा स्वतन्त्रताको उल्लंघन गर्ने क्रियाकलापहरुका विरूद्ध प्रभावकारी राज्य अदालतद्वारा प्रभावकारी उपायको अधिकार रहन्छ । संयुक्त राष्ट्रसंघ, आइसीसीपीआर, धारा २(३) ।

राजनीतिक दलहरुले २८ वटा उजुरीहरु दर्ता गरे । तीमध्ये २५ उजुरीहरुमा बुथ कब्जाको आरोप लगाइएका थिए भने तीन उजुरीहरु मतपेटिकामा मतदान भएको अभिलेखित संख्याभन्दा बढी मतपत्र पाइएको तथ्यमा आधारित थिए । निर्वाचन आयोगले अनियमितताका उजुरीहरुमध्ये दुई वटा मामिलाहरुलाई मात्र पुष्टि गर्‍यो र ती दुवै मतदान केन्द्रहरुमा पुनः मतदानको मिति तोकियो । बाँकी उजुरीहरुका सम्बन्धमा छोटो छानवीनमा दावीहरु प्रमाणित हुन नसकेपछि आयोगले निर्वाचन अधिकृतहरुलाई मतगणना जारी राख्न निर्देशन दियो । निर्वाचन आयोगले ती आरोपहरुको स्वतन्त्र छानवीन गरेको छैन र उजुरीकर्ताहरु आयोगको निर्णयसँग सन्तुष्ट नभएको खण्डमा उनीहरुलाई संविधानसभा अदालतमा रिट दायर गर्न सुझाएको छ । यस अवधिसम्ममा संविधानसभा अदालतमा १७ मुद्दाहरु दायर गरिएका छन् । माथि उल्लेख गरिएझैं, एनेकपा(माओवादी) तथा केही मधेश-आधारित दलहरुले पनि निर्वाचन आयोग, सेना तथा “अदृश्य शक्ति” हरुले मतदानमा धाँधली गरेको सार्वजनिक आरोप लगाउँदै ती आरोपहरुको छानविन गर्न आयोग गठन गरिनुपर्ने माग राखेका छन् ।

केही आरोपहरुको गम्भीरतालाई मध्यनजर गर्दै निर्वाचनको विश्सनीयता र पारदर्शितालाई बृद्धि गर्न कार्टर सेन्टर सबै दलहरुलाई आधिकारिक माध्यममार्फत औपचारिक उजुरी गर्न र ती संस्थाहरुलाई पूर्ण छानवीन गरी हरेक दावीलाई न्यायपूर्ण निर्णय दिन प्रेरित गर्दछ ।

कार्टर सेन्टरले आगामी महिनाहरुमा उजुरी संयन्त्र तथा राजनीतिक घटनाक्रमहरुलाई पछ्याउन जारी राख्नेछ र २०१४ को प्रारम्भतिर संविधानसभा निर्वाचनबारे आफ्ना समग्र पर्यवेक्षणहरुको सारांशसहितको अन्तिम प्रतिवेदन प्रकाशित गर्नेछ ।

## कार्टर सेन्टरको बारेमा

कार्टर सेन्टरले नेपालमा सन् २००७ देखि पर्यवेक्षकहरुको एउटा समूहलाई कायम राखेको छ र वर्तमान निर्वाचन पर्यवेक्षण नियोग निर्वाचन आयोग, नेपाल तथा मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको लिखित आमन्त्रण पश्चात् २५ सेप्टेम्बर, २०१३ मा स्थापित गरेको हो । सेन्टरको नियोगलाई पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टर तथा थाइल्याण्डका पूर्व उपप्रधानमन्त्री डा. सुराकियात साथीराथाईले नेतृत्व गर्नुभएको थियो । सेप्टेम्बर महिनादेखि निर्वाचनको तयारीको मूल्यांकन शुरू गर्नका लागि आठ देशका १२ दीर्घकालीन पर्यवेक्षकहरु देशभरी खटिएका थिए । निर्वाचनको थोरै अघि थप अन्तर्राष्ट्रिय अल्पकालीन पर्यवेक्षकहरुसमेत गरी ३१ देशका ६६ जना पर्यवेक्षकहरुले मतदानको पर्यवेक्षणका निम्ति देशका ३१ जिल्लाका ३३६ मतदान केन्द्रहरुमा भ्रमण गरे । सेन्टरले ३१ गणना केन्द्रहरुमा गणना प्रक्रियाको पर्यवेक्षण गर्‍यो । सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरुले गणनाको समापन तथा मत तालिकीकरणको मूल्यांकनलाई निरन्तरता दिए र सेन्टर उजुरीहरुको समाधान तथा निर्वाचन पश्चात्को वातावरणको पर्यवेक्षण गर्न नेपालमै रहनेछ ।

सेन्टरको पर्यवेक्षण नियोग अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका लागि सिद्धान्तहरुको घोषणापत्र र आचारसंहिता अनुरुप भएको हो जसलाई संयुक्त राष्ट्रसंघले सन् २००५ मा अंगीकार गरेको थियो र ४० भन्दा बढी निर्वाचन पर्यवेक्षण समूहहरुले अनुमोदन गरेका छन् । सेन्टर नेपालको कानूनी संरचना एवं क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्झौताहरुमा उल्लेखित प्रजातान्त्रिक निर्वाचनहरुप्रतिका दायित्वहरु अनुरुप निर्वाचन प्रक्रियाको मूल्यांकन गर्दछ ।

*“शान्ति स्थापना, रोगसँग संघर्ष, आशाको निर्माण ।”*

*लाभरहित उद्देश्यको एक गैरसरकारी संस्था, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रबर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ । कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा विश्वमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो । कार्टर सेन्टरबारे थप जान्नका लागि कृपया* www.cartercenter.org *मा जानुहोस् ।*

अनुसूची चः

# निर्वाचनको दिन खटिएका टोलीहरू र खाका

| **क्षेत्र** | **जिल्लाहरू** | **समूह** | **पर्यवेक्षक टोली** | **राष्ट्रियता** |
|---|---|---|---|---|
| **सुदूर पश्चिम** | कैलाली | दीर्घकालीन पर्यवेक्षक | जोन हर्टफ | अमेरिका |
| | | | ह्यान्ना रोज होल्लोवे | बेलायत |
| | बैतडी | अल्पकालीन पर्यवेक्षक | अन्ना पापिक्यान | आर्मेनिया |
| | | | बोरिस्लाभ स्पासोजेविक | सर्बिया |
| | डडेलधुरा | अल्पकालीन पर्यवेक्षक | एंक कर्ल | बेलायत |
| | | | मोहम्मद एस. तालुक्दर | बंगलादेश |
| | कन्चनपुर | अल्पकालीन पर्यवेक्षक | डेबोरा रूडल्फ | अमेरिका |
| | | | रा. एन्ड्रयू हल | बेलायत |
| | अछाम | अल्पकालीन पर्यवेक्षक | आइन्स अ्यारी | ट्युनिसिया |
| | | | जेनिफर एन्डर्सन | अमेरिका |
| **मध्य–पश्चिम** | बाँके | दीर्घकालीन पर्यवेक्षक | नताशा रोथचाइल्ड | अमेरिका |
| | | | जोन जेप्सन | स्वीडेन |
| | दैलेख | अल्पकालीन पर्यवेक्षक | मार्टिना गर्बुग्लीया | इटाली |
| | | | बस्टर जलकिन्ड | अमेरिका |
| | सुर्खेत | अल्पकालीन पर्यवेक्षक | एमी जोन्सन | अमेरिका |
| | | | पिटर क्लेटन | बेलायत |
| | बर्दिया | अल्पकालीन पर्यवेक्षक | डी एकर | अमेरिका |
| | | | एडवार्ड हर्गन | आयरल्याण्ड |
| | दाङ | अल्पकालीन पर्यवेक्षक | लेना माइकेल्स | जर्मनी |
| | | | टी. कुमार | अमेरिका |

| क्षेत्र | जिल्लाहरू | समूह | पर्यवेक्षक समूह | राष्ट्रियता |
|---|---|---|---|---|
| **पश्चिम** | कास्की | दीर्घकालीन पर्यवेक्षक | रेचल मोल्स | बेलायत |
| | | | लुभी रोचा राप्पाचोली | निकारागुवा |
| | बाग्लुङ | अल्पकालीन पर्यवेक्षक | साशा पाजेविक | मोन्टेनेग्रो |
| | | | प्रो. डेविड गेल्नर | बेलायत |
| | कपिलवस्तु | अल्पकालीन पर्यवेक्षक | टेओडोरा टोडोरोवा | बुल्गेरिया |
| | | | क्रिस ग्रोथ | अमेरिका |
| | नवलपरासी | अल्पकालीन पर्यवेक्षक | सेसिलिया बाइलेस्जो | स्वीडेन |
| | | | शाहिद मलिक | बेलायत |
| | गोरखा | अल्पकालीन पर्यवेक्षक | साराह कियानी | अमेरिका |
| | | | ओलिभर हाउस्डेसन | बेलायत |
| **मध्य** | नुवाकोट | दीर्घकालीन पर्यवेक्षक | याना एस. नोले | जर्मनी |
| | | | तजुल ताहिर अधा | मलेशिया |
| | काठमाडौं | अल्पकालीन पर्यवेक्षक | स्यारा लेभिट-शोर | अमेरिका |
| | | | विन क्यी | म्यानमार |
| | | | टुन टुन ऊ | म्यानमार |
| | काठमाडौं | अल्पकालीन पर्यवेक्षक | कोनी मुन सेहात | अमेरिका |
| | | | स्टेफन बेल | बेलायत |
| | चितवन | अल्पकालीन पर्यवेक्षक | अन्ना टक्वेट | फ्रान्स/अमेरिका |
| | | | अहमद रजुली | किर्गिस्तान |
| | दोलखा | अल्पकालीन पर्यवेक्षक | रोन रूडल्फ | अमेरिका |
| | | | बब होप | अमेरिका |
| | काठमाडौं | अल्पकालीन पर्यवेक्षक | राष्ट्रपति कार्टर | अमेरिका |
| | | | रा. पिटर बर्ले | अमेरिका |
| | | | डेविड भि. ह्यामिल्टन | अमेरिका |
| | काठमाडौं | अल्पकालीन पर्यवेक्षक | डा. सुराकियात साथीराथाई | थाइल्याण्ड |
| | | | डा. जोन हार्डस्यान | अमेरिका |
| | काठमाडौं | अल्पकालीन पर्यवेक्षक | रा. कोबास्क चुटिकुल | थाइल्याण्ड |
| | | | डा. डेविड पोट्टी | क्यानाडा |

| क्षेत्र | जिल्लाहरू | समूह | पर्यवेक्षक समूह | राष्ट्रियता |
|---|---|---|---|---|
| तराई | पर्सा | दीर्घकालीन पर्यवेक्षक | डा. टियागो फैया | पोर्चुगल |
| | | | देवन्ती सुबिजन्तोरो | इन्डोनेशिया |
| | रौतहट | अल्पकालीन पर्यवेक्षक | मारिया क्राउस | रोमानिया |
| | | | अब्नी देर्विशी | कोसोभो |
| | सप्तरी | अल्पकालीन पर्यवेक्षक | स्टिना लार्सरूड | स्वीडेन |
| | | | रा. राल्फ फ्र्यांक | अमेरिका |
| | धनुषा | अल्पकालीन पर्यवेक्षक | डिना साडेक | इजिप्ट |
| | | | स्टेफन क्राउस | ग्रीस |
| | सिराहा | अल्पकालीन पर्यवेक्षक | इलेन शुस्टिक | क्यानाडा |
| | | | रोजर ब्रायन्ट | बेलायत |
| पूर्व | मोरङ | दीर्घकालीन पर्यवेक्षक | बेन डुनन्ट | बेलायत |
| | | | टेसा स्ट्रम्डल | अमेरिका |
| | धनकुटा | अल्पकालीन पर्यवेक्षक | फ्रान्सेस्का बोगेरी | इटाली |
| | | | ड्वीट पेल्ज | अमेरिका |
| | सुनसरी | अल्पकालीन पर्यवेक्षक | कोर्डी बेक्सटिड | अमेरिका |
| | | | जर्ज वारियु | केन्या |
| | झापा | अल्पकालीन पर्यवेक्षक | सोफी खान | क्यानाडा |
| | | | साम अकक | दक्षिण अफ्रिका |
| | पाँचथर | अल्पकालीन पर्यवेक्षक | शफिया रिजा | माल्दिभ्स |
| | | | ह्यान्स हड्डल | नर्वे |
| | संखुवासभा | अल्पकालीन पर्यवेक्षक | निकोलिना स्टालेस्का | मेसेडोनिया |
| | | | जिन लुइस वान बेल | बेल्जियम |

अनुसूची छः

# जाँच सूचीहरू (चेकलिस्ट)

## शुरुवात सूचि

**कार्टर सेन्टर निर्वाचन पर्यवेक्षण नियोग – नेपाल २०१३**
**शुरुवात**

**१. जीपीएस स्थान:** ............ **२. आइपुगेको समय (२४ घण्टे समय)** ....... **३. क्षेत्र:** पूर्व मध्य तराई पश्चिम मध्यपश्चिम सुदूरपश्चिम **४. जिल्ला:** .......... **५. निर्वाचन क्षेत्र नं.:** ........ **६. गाविसरनगरपालिका:** ........

**७. मतदान स्थलको नाम:** ....................................... **८. मतदान केन्द्रको कोड:** ..................................... **९. तपाईंको मतदानस्थल** शहरी वा ग्रामीण हो **१०. मतदान केन्द्रमा दर्ता मतदाताको संख्या:** ................

**११. निर्वाचन क्षेत्रको वर्गीकरण:** उच्च संवेदनशील सामान्य संवेदनशील थाहा नभएको **१२. मतदान स्थलको अवस्थिति:** तराई पहाड हिमाल

| | **मतदानस्थल** | हो | होईन | थाहा छैन |
|---|---|---|---|---|
| १३ | मतदानस्थलको वरिपरिको वातावरण शान्त थियो ? | | | |
| १४ | के मतदानस्थल र त्यसको वरिपरिको क्षेत्र (२०० मिटर भित्रसम्म) प्रचारप्रसार सामग्रीलगायत प्रसारप्रसारको गतिविधिबाट मुक्त थियो ? | | | |
| १५ | के त्यहाँ दलका युवा समूहहरू उपस्थित थिए ? एनेकपा (माओवादी) नेपाली कांग्रेस नेकपा(एमाले) राप्रपा राप्रपा-नेपाल मधेशी जनाधिकार फोरम-लोकतान्त्रिक तमलोपा अन्य कुनै पनि होइन | | | |
| १६ | के कुनै दलले अवरोधपूर्ण व्यवहार प्रदर्शन गरे ? एनेकपा (माओवादी) नेपाली कांग्रेस नेकपा(एमाले) राप्रपा राप्रपा-नेपाल मधेशी जनाधिकार फोरम-लोकतान्त्रिक तमलोपा अन्य कुनै पनि होइन | | | |
| १७ | के मतदानस्थलमा प्रहरी/सशस्त्र प्रहरी बल उपस्थित थिए ? | | | |
| १८ | यदि थिए भने, के मतदानस्थलमा प्रहरी/सुरक्षाकर्मी/सेनाको उपस्थिति पद्धतिहरू अनुरूप थियो ? | | | |
| १९ | के मतदानस्थलभित्रको लाइन व्यवस्थापन प्रभावकारी थियो ? | | | |
| २० | के मतदानस्थलमा मतदाता परिचयपत्र वितरण गरिएका थिए ? | | | |
| २१ | यदि थियो भने, कसलेः मतदान कर्मचारी सामाजिक परिचालक दलका प्रतिनिधि मतदाता शिक्षा स्वयंसेवक सुरक्षाकर्मी अन्य | | | |
| | **मतदान केन्द्र** | | | |
| २३ | के मतदान केन्द्रभित्रको वातावरण शान्त थियो ? | | | |
| २४ | के मतदान केन्द्र अनधिकृत व्यक्तिहरूबाट मुक्त थियो ? | | | |
| २५ | के मतदान केन्द्रको ढाँचा निर्वाचन आयोगको पद्धतिअनुरूप थियो ? | | | |
| २६ | के मतदान केन्द्र अपांगता भएका मतदाताहरूका लागि सहज थियो ? | | | |
| २७ | के मतदान केन्द्रमा सबै मतदान कर्मचारी उपस्थित थिए ? | | | |
| २८ | यदि होइन भने, कृपया अनुपस्थित रहेका मतदान कर्मचारी(हरू) छान्नुहोस्ः मतदान केन्द्र लाइन नियन्त्रक पहिचान गर्ने कर्मचारी पहिलो मतपत्र जारी गर्ने दोस्रो मतपत्र जारी गने मतदान कर्मचारी सहायक मतदान अधिकृत | | | |
| २९ | मतदान केन्द्रमा कतिजना काम गरिरहेका थिए ? | | | |
| ३० | कतिजना महिला थिए ? | | | |
| ३१ | के सबै निर्वाचन सामग्रीहरू सुरक्षित तवरमा पुर्‍याइएका थिए ? | | | |
| | **खुला गर्ने (शुरुवात) पद्धतिहरु** | | | |
| ३२ | मतदान केन्द्र कुन समयमा खुल्यो ? क. ६:५० - ७:१० ख. ७:१० - ८:०० ग. ८ बजेपछि | | | |
| ३३ | ६:५०-७:१० सम्म नखुलेको भए मतदान केन्द्र ढिलो खुल्नुको कारण के थियो ? सामग्रीहरू नभेटिएर मतदान कर्मचारीको अभाव मतदान अधिकृतको अभाव अन्य | | | |
| ३४ | यदि थिएनन् भने, कुन सामग्री ? मतदाता सूचि मतपत्र मतपेटिका मतपेटिका सिल नमेटिने मसी अन्य मतदान पुस्तिका स्वस्तिक छाप मतदानका लागि गोप्य आवरण(पर्दा) | | | |
| ३५ | मतदान अधिकृतले चारैवटा प्रतिबद्धताहरू गरेको व्यहोरा भरे ? | | | |
| ३६ | के दलका प्रतिनिधि, उम्मेदवार तथा पर्यवेक्षकलगायत उपस्थित सबैलाई मतपेटिकाहरू खाली रहेको अवस्थामा देखाइएका थिए ? | | | |
| ३७ | के मतपेटिकाहरूमा अंक भएका सिल लगाइएका थिए ? | | | |

| | | | | |
|---|---|---|---|---|
| ३८ | के मतपेटिकाहरूमा पहिचान गर्नका लागि स्टिकरहरू टाँसिएका थिए ? | | | |
| ३९ | के मतदान अधिकृतले मतपत्र हस्ताक्षरको प्रक्रिया थाले ? | | | |
| ४० | के दल तथा उम्मेदवारका प्रतिनिधि र घरेलु पर्यवेक्षकहरू सिलका अंकहरूको अभिलेख राख्न सक्षम थिए ? | | | |
| ४१ | के मतदान केन्द्र हस्तक्षेपबाट मुक्त थियो ? | | | |
| ४२ | मतदानस्थलमा कुन राजनीतिक दल अथवा उम्मेदवारका प्रतिनिधिहरू थिए ? भएजति छान्नुहोस्: क. एनेकपा(माओवादी) ख. नेपाली कांग्रेस ग. नेकपा(एमाले) घ. राप्रपा ङ. राप्रपा-नेपाल च. मधेशी जनाधिकार फोरम-नेपाल<br>छ. मधेशी जनाधिकार फोरम-लोकतान्त्रिक ज. तमलोपा झ. अन्य | | | |
| ४३ | के पद्धतिअनुसार कुनै पनि राजनीतिक दलका एकभन्दा बढी प्रतिनिधि बस्न बन्देज लगाइएको थियो ? | | | |
| ४४ | यदि थिएन भने, कुन दलका प्रतिनिधि एकजनाभन्दा बढी थिए ? क. एनेकपा(माओवादी) ख. नेपाली कांग्रेस ग. नेकपा(एमाले) घ. राप्रपा ङ. राप्रपा-नेपाल च. मधेशी जनाधिकार फोरम-नेपाल<br>छ. मधेशी जनाधिकार फोरम-लोकतान्त्रिक ज. तमलोपा झ. अन्य | | | |
| ४५ | समग्रमा राजनीतिक दल तथा उम्मेदवारका कतिजना प्रतिनिधिहरू उपस्थित थिए ? | | | |
| ४६ | कतिजना घरेलु पर्यवेक्षकहरू उपस्थित थिए ? | | | |
| ४७ | मतदान स्थलमा उपस्थित घरेलु पर्यवेक्षकहरूमध्ये कुन कुन संस्थाहरूको प्रतिनिधित्व भएको थियो ? नियोक इओसी डिउ इन्सेक डियोक अन्य कुनै पनि थिएन | | | |
| ४८ | के अधिकारप्राप्त व्यक्तिहरूलाई उनीहरूको काममा बन्देज लगाइएको थियो ? | | | |
| ४९ | यदि थियो भने, कुन व्यक्तिहरूलाई बन्देज लगाइएको थियो ? दलका प्रतिनिधि घरेलु पर्यवेक्षक अन्तर्राष्ट्रिय पर्यवेक्षक मतदान कर्मचारी | | | |
| ५० | के मतदान कर्मचारीहरू निष्पक्ष ढंगमा काम गरिरहेका थिए ? | | | |
| ५१ | के सबै मतदान अधिकृतहरूले परिचय पत्र लगाएका थिए ? | | | |
| ५२ | के तपाईं हिँड्नुअघिसम्म मतदान केन्द्रमा कुनै औपचारिक उजुरी दर्ता भए ? | | | |
| ५३ | यदि थियो भने, उजुरीकर्ता को थिए ? दलका प्रतिनिधि उम्मेदवार मतदाता अन्य | | | |
| ५४ | यदि हो भने, उजुरीहरूको सम्बोधन गरिएको थियो ? | | | |
| **खुला गर्ने (शुरुवात) प्रक्रियाको समग्र मूल्यांकन** | | | | |
| निर्देशनहरू: कृपया तपाईंले पर्यवेक्षण गर्नुभएको मतदान केन्द्रमा भएका उजुरी वा अनियमितताको विवरण दिनुहोस्, साथै केन्द्रमा उपस्थित रहेका व्यक्तिहरूले जानकारी दिएका घटनाहरूको विवरण पनि उल्लेख गर्नुहोस्। तपाईले होइन भनी जवाफ दिएका हरेक पर्यवेक्षण प्रश्नको सम्बन्धमा व्याख्या गर्नुपर्नेछ। तलको प्रतिकृया खण्ड पनि तपाईले गरेका अप्रत्यक्ष पर्यवेक्षणका लागि हो, जुन तपाईले प्राप्त गर्नुभएको जानकारी अन्य कोहीबाट आएको हो, तपाईले आफैं प्रत्यक्ष पर्यवेक्षण गर्नुभएको होइन। माथिको चेकलिस्टका जवाफहरूमा अप्रत्यक्ष पर्यवेक्षणलाई आधार बनाइनु हुँदैन। यदि थप स्थान आवश्यक भएमा कृपया रिपोर्ट फारममा थप कागज संलग्न गर्नुहोस्। | | | | |
| ५५ | छाडेको समय (२४ घण्टे समयमा): | | | |
| ५६ | पर्यवेक्षक क, यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे तपाईंको मूल्यांकनलाई सबैभन्दा राम्ररी व्यक्त गर्ने विकल्प छान्नुहोस् : अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर | | | |
| ५७ | पर्यवेक्षक ख, यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे तपाईंको मूल्यांकनलाई सबैभन्दा राम्ररी व्यक्त गर्ने विकल्प छान्नुहोस् : अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर | | | |
| ५८ | यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे संयुक्त मूल्यांकन कस्तो छ ? : अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर | | | |
| ५९ | तपाईंको समूहले गरेका मूल्यांकनका मूख्य कारणहरू के हुन् ? | | | |
| **प्रतिकृयाहरु** | | | | |
| थप प्रतिक्रियाहरू: | | | | |

# मतदान सूचि

## द कार्टर सेन्टर निर्वाचन पर्यवेक्षण नियोग – नेपाल २०१३
### मतदान

१. जीपीएस स्थान: ...........२. आइपुगेको समय (२४ घण्टे समय) ........३. क्षेत्र: पूर्व मध्य तराई पश्चिम मध्यपश्चिम सुदूरपश्चिम ४. जिल्ला: .............५. निर्वाचन क्षेत्र नं.: ..........

६. गाविस/नगरपालिका: ......................... ७. मतदान स्थलको नाम: ......................... ८. मतदान केन्द्रको कोडः ............................ ९. तपाईंको मतदानस्थल शहरी हो कि ग्रामीण हो।

१०. मतदान केन्द्रमा दर्ता भएका मतदाताहरुको संख्या: ..................... ११. मतदान गरिसकेका मतदाताहरुको संख्या ? ............. १२. के कुनै टेण्डर मत (अभिलेखमा मत खसालीसकेको देखिए पनि नखसालेको दावी गरिएको अवस्था) खसेको छ ? छ छैन थाहा छैन

१३. यो निर्वाचनक्षेत्रको वर्गीकरण: उच्च संवेदनशील सामान्य संवेदनशील थाहा नभएको १४. के मतदान स्थलवरिपरिको वातावरण शान्त थियो ? हो होइन थाहा नभएको

१५. के मतदानस्थल तथा यसको २०० मिटर वरिपरिको क्षेत्र प्रचारप्रसार र प्रचारसामग्रीहरुबाट मुक्त थियो ? हो होइन थाहा नभएको

१६. के त्यहां दलका यूवा समूहहरु उपस्थित थिए ? एनेकपा (माओवादी) नेपाली कांग्रेस नेकपा(एमाले) राप्रपा राप्रपा-नेपाल मधेशी जनाधिकार फोरम-लोकतान्त्रिक तमलोपा अन्य कुनै पनि होइन

### मतदानस्थल

| | | हो | होईन | थाहा छैन |
|---|---|---|---|---|
| १७ | के मतदाताहरूको पहिचानका लागि दलका बुथहरू मतदान स्थलबाहिर राखिएका थिए ? | | | |
| १८ | यदि थिए भने, के मतदानस्थल वरिपरिको वातावरण शान्त थियो ? | | | |
| १९ | के तपाईंले अयोग्य मतदाताहरूलाई परिचय पुर्जी दिने प्रयास भएको पर्यवेक्षण गर्नुभयो ? | | | |
| २० | के कुनै दलले अवरोधजन्य आचरण प्रदर्शन गरे ? क. एनेकपा(माओवादी) ख. नेपाली कांग्रेस ग. नेकपा(एमाले) घ. राप्रपा ङ. राप्रपा-नेपाल च. मधेशी जनाधिकार फोरम-नेपाल छ. मधेशी जनाधिकार फोरम लोकतान्त्रिक ज. तमलोपा झ. अन्य | | | |
| २१ | के मतदानस्थलमा प्रहरी/सशस्त्र प्रहरीबल उपस्थित थिए ? | | | |
| २२ | यदि थिए भने, के मतदानस्थलमा प्रहरी/सशस्त्र प्रहरीबल/सेनाको उपस्थिति पद्धतिअनुरूप थियो ? | | | |
| २३ | के मतदानस्थलको लाईन व्यवस्थापन प्रभावकारी थियो ? | | | |
| २४ | के मतदानस्थलमा मतदाता परिचयपत्र वितरण गरिएका थिए ? | | | |
| २६ | के मतदाता परिचय पत्र पाउने मतदाताहरूको पहिचानको पुष्टि गरिएको थियो ? | | | |
| २६ | यदि थियो भने, को द्वारा: मतदान कर्मचारी सामाजिक परिचालक दलका प्रतिनिधि मतदाता शिक्षा स्वयंसेवक सुरक्षाकर्मी अन्य | | | |

### मतदान केन्द्र

| | | | | |
|---|---|---|---|---|
| २७ | के मतदान केन्द्र निर्वाचन आयोगको पद्धति अनुसार तयार गरिएको थियो ? | | | |
| २८ | के मतदान केन्द्रभित्रको वातावरण शान्त थियो ? | | | |
| २९ | के मतदान केन्द्र अनधिकृत व्यक्तिहरूबाट मुक्त थियो ? | | | |
| ३० | के मतदान केन्द्रमा बढी भीडभाड थियो ? | | | |
| ३१ | के मतदान केन्द्र अपांग मतदाताहरूका लागि सहज थियो ? | | | |
| ३२ | मतदान केन्द्र कुन समयमा खुल्यो ? क. ६:५० - ७:१० ख. ७:१० - ८:०० ग. ८ बजेपछि | | | |
| ३३ | के मतदानका सबै कर्मचारी मतदान केन्द्रमा उपस्थित थिए ? | | | |
| ३४ | यदि होइन भने, कृपया अनुपस्थित रहेका मतदान कर्मचारी(हरू) छान्नुहोस्: मतदान केन्द्र लाइन नियन्त्रक पहिचान गर्ने कर्मचारी पहिलो मतपत्र जारी गर्ने दोस्रो मतपत्र जारी गर्ने मतदान कर्मचारी सहायक मतदान अधिकृत | | | |

### मतदानका पद्धतिहरु

## मतदान सूचि
*(निरन्तरता)*

| | | | | |
|---|---|---|---|---|
| ३५ | मतदान केन्द्रमा कतिजना कर्मचारीहरू उपस्थित थिए ? | | | |
| ३६ | महिला कतिजना थिए ? | | | |
| ३७ | के मतदानस्थलमा सबै आवश्यक सामग्रीहरू उपलब्ध थिए ? | | | |
| ३८ | यदि थिएनन् भने, कुन सामग्री ? मतदाता सूचि मतपत्र मतपेटिका मतपेटिका सिल नमेटिने मसी स्वस्तिक छाप मतदान पुस्तिका मतदानका लागि गोप्य आवरण(पर्दा) | | | |
| ३९ | के सबै मतदाताको देब्रे बुढीऔंलामा छाप लागे नलागेको जाँच गरिएको थियो ? | | | |
| ४० | के मतदान कर्मचारीले मतदाता नामावलीमा रहेको फोटोसँग अनुहार जुधाएर वा मतदाता परिचयपत्र हेरेर हरेक मतदाताको पहिचान जाँच गरे ? | | | |
| ४१ | के हरेक मतदाता नामावलीमा मतदाताको नाममा चिन्ह लगाइएको थियो ? | | | |
| ४२ | के कसैको मतदानको अधिकार अस्वीकार गरिएको थियो ? | | | |
| ४३ | यदि थियो भने, किन ? मतदाता नामावलीमा नभएकाले योग्यतामा शंका भएकाले मतदाता नामावलीमा पहिल्यै नाम गैसकेकाले अन्य | | | |
| ४४ | के हरेक अयोग्य मतदाता फर्केका थिए ? | | | |
| ४५ | के मतदान अधिकृतले मतपत्रहरूमा हस्ताक्षर गर्ने प्रक्रिया शुरू गरेका थिए ? | | | |
| ४६ | मतदाताले अर्धकट्टीमा हस्ताक्षर गरेका मामिलाहरूमा के मतदान गर्नुअघि औंला सफा गरिएको थियो ? | | | |
| ४७ | के हरेक मतदाताको देब्रे हातको बुढी औंलामा छाप लगाइएको थियो ? (अपांगताको कारणले सम्भव नभएको स्थितिमा बाहेक) | | | |
| ४८ | के मतपेटिकाहरूमा सही ढंगले सिल लगाइएको थियो ? | | | |
| ४९ | के मतको गोप्यतालाई कायम राखिएको थियो ? | | | |
| ५० | के तपाईंले मतदान प्रक्रियामा यीमध्ये कुनै अनियमितताहरूको पर्यवेक्षण गर्नुभयो ? बहु मतदान मतपत्र जम्मा गरेको मतदानमा अवरोध मतदातालाई धम्क्याउने कार्य अनुचित सहायता उमेर नपुगेकाले मतदान गरेको अन्य कुनै पनि होइन | | | |
| ५१ | के मतदान कर्मचारीहरू निष्पक्ष ढंगमा काम गरिरहेका थिए ? | | | |
| ५२ | के मतदानका लागि गरिने सहयोगमा पद्धतिहरूको अनुसरण गरिएको थियो ? | | | |
| ५३ | औसतमा, एकजना मतदातालाई मतदान गर्ने प्रक्रिया पूरा गर्न कति समय लाग्यो (पहिचान जाँच गर्ने पद्धतिदेखिको समय गणना गर्दा) ? | | | |
| ५४ | मतदानस्थलमा कुन राजनीतिक दल अथवा उम्मेदवारका प्रतिनिधिहरू थिए ? क. एनेकपा(माओवादी) ख. नेपाली कांग्रेस ग. नेकपा(एमाले) घ. राप्रपा ङ. राप्रपा-नेपाल च. मधेशी जनाधिकार फोरम-नेपाल<br>छ. मधेशी जनाधिकार फोरम-लोकतान्त्रिक ज. तमलोपा झ. अन्य | | | |
| ५५ | के पद्धतिअनुसार कुनै पनि राजनीतिक दलका एकभन्दा बढी प्रतिनिधि बस्न बन्देज लगाइएको थियो ? | | | |
| ५६ | यदि थिएन भने, कुन दलका प्रतिनिधि एकजनाभन्दा बढी थिए ? क. एनेकपा(माओवादी) ख. नेपाली कांग्रेस ग. नेकपा(एमाले) घ. राप्रपा ङ. राप्रपा-नेपाल च. मधेशी जनाधिकार फोरम-नेपाल<br>छ. मधेशी जनाधिकार फोरम-लोकतान्त्रिक ज. तमलोपा झ. अन्य | | | |
| ५७ | समग्रमा राजनीतिक दल वा उम्मेदवारका तर्फबाट कतिजना प्रतिनिधिहरू उपस्थित थिए ? | | | |
| ५८ | कतिजना घरेलु पर्यवेक्षकहरू उपस्थित थिए ? | | | |
| ५९ | मतदान स्थलमा उपस्थित घरेलु पर्यवेक्षकहरूमध्ये कुन कुन संस्थाहरूको प्रतिनिधित्व भएको थियो ? क. नियोक ख. इओसी ग. डिउ घ. इन्सेक ङ. डियोक च. अन्य छ. कुनै पनि थिएन | | | |
| ६० | के अधिकारप्राप्त व्यक्तिहरूलाई उनीहरूको काममा बन्देज लगाइएको थियो ? | | | |
| ६१ | यदि थियो भने, कुन व्यक्तिहरूलाई बन्देज लगाइएको थियो ? दलका प्रतिनिधि घरेलु पर्यवेक्षक अन्तर्राष्ट्रिय पर्यवेक्षक मतदान कर्मचारी | | | |
| ६२ | के सबै मतदान अधिकृतहरूले परिचय पत्र लगाएका थिए ? | | | |

| | | | | |
|---|---|---|---|---|
| ६३ | के तपाई हिंड्नुअघिसम्म मतदान केन्द्रमा कुनै औपचारिक उजुरी दर्ता भए ? | | | |
| ६४ | यदि थियो भने, उजुरीकर्ता को थिए ? दलका प्रतिनिधि उम्मेदवार मतदाता अन्य | | | |
| ६५ | यदि प्रश्न ६३ को जवाफ हो भएको भए, उजुरीहरूको सम्बोधन गरिएको थियो ? | | | |
| **मतदान प्रक्रियाको समग्र मूल्यांकन** | | | | |
| निर्देशनहरू: यो स्थानको निर्वाचन वातावरण तथा मतदान प्रक्रियाबारे तपाईंको मूल्यांकनलाई सबैभन्दा राम्ररी जनाउने वयानमा ह चिन्ह लगाउनुहोस् । यदि तपाईंको जवाफ "कमजोर" वा "धेरै कमजोर" भन्ने छ भने, तपाईंले प्रतिक्रियाको खण्डमा थप स्पष्टीकरण उल्लेख गर्नु जरूरी हुनेछ । | | | | – |
| ड्ड धेरै राम्रो - पद्धतिहरूको संचालन व्यवसायिक ढंगमा गरिएको । उल्लेखयोग्य अनियमितता नभएको । अधिकांश प्रश्नहरूको सकारात्मक मूल्यांकन गरिएको<br>ड्ड राम्रो - पद्धतिहरूको सम्मान गरिएको । सामान्य समस्याहरू । तिनीहरूको निराकरण पाइएको । सकारात्मक पर्यवेक्षण<br>ड्ड कमजोर - केही पद्धतिहरूको सम्मान नगरिएको । जे भएपनि समग्र मतदानको प्रक्रिया नराम्ररी प्रभावित नभएको<br>ड्ड धेरै कमजोर - पर्यवेक्षण गरिएका समस्याहरूको मतदान प्रक्रियामा नकारात्मक असर परेको । धेरै अथवा प्रमुख प्रश्नहरूको नकारात्मक मूल्यांकन गरिएको । यस मतदानस्थलको परिणामको बै धतामाथि सन्देह हुन सक्ने । | | | | |
| ६६ | पर्यवेक्षक क, यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे तपाईंको मूल्यांकनलाई सबैभन्दा राम्ररी व्यक्त गर्ने विकल्प छान्नुहोस् : अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर | | | |
| ६७ | पर्यवेक्षक ख, यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे संयुक्त मूल्यांकन कस्तो छ ? : अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर | | | |
| ६८ | यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे संयुक्त मूल्यांकन कस्तो छ ? : अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर | | | |
| ६९ | तपाईंको समूहले गरेका मूल्यांकनका मूख्य कारणहरू के हुन् ? | | | |
| ७० | छाडेको समय (२४ घण्टे समयमा): | | | |
| **प्रतिक्रियाहरु** | | | | |
| निर्देशनहरू: कृपया तपाईंले पर्यवेक्षण गर्नुभएको मतदान केन्द्रमा भएका उजुरी वा अनियमितताको विवरण दिनुहोस्, साथै केन्द्रमा उपस्थित रहेका व्यक्तिहरूले जानकारी दिएका घटनाहरूको विवरण पनि उल्लेख गर्नुहोस् । तपाईंले होइन भनी जवाफ दिएका हरेक पर्यवेक्षण प्रश्नको सम्बन्धमा व्याख्या गर्नुपर्नेछ ।<br>तलको प्रतिकृया खण्ड पनि तपाईंले गरेका अप्रत्यक्ष पर्यवेक्षणका लागि हो, जुन तपाईंले प्राप्त गर्नुभएको जानकारी अन्य कोहीबाट आएको हो, तपाईंले आफैं प्रत्यक्ष पर्यवेक्षण गर्नुभएको होइन । माथिको चेकलिस्टका जवाफहरूमा अप्रत्यक्ष पर्यवेक्षणलाई आधार बनाइनु हुँदैन । यदि थप स्थान आवश्यक भएमा<br>कृपया रिपोर्ट फारममा थप कागज संलग्न गर्नुहोस् । | | | | |

# समापन सूचि

## द कार्टर सेन्टर निर्वाचन पर्यवेक्षण नियोग – नेपाल २०१३
### समापन

| | |
|---|---|
| १. जीपीएस स्थान: .............................. २. आएको समय (२४ घण्टे समयमा): .................. | ३. क्षेत्र: पूर्व मध्य तराई पश्चिम मध्यपश्चिम सुदूरपश्चिम ४. जिल्ला: .......... ५. निर्वाचन क्षेत्र नं.: ............ |
| ६. गाविस/नगरपालिका: .......................... ७. मतदान स्थलको नाम: .......................... | ८. मतदान केन्द्रको कोड: .............................................. ९. तपाईंको मतदानस्थल शहरी हो कि ग्रामीण हो । |
| १०. मतदान केन्द्रमा दर्ता भएका मतदाताहरूको संख्या: ...................................... | ११. यो निर्वाचनक्षेत्रको वर्गीकरण: उच्च संवेदनशील सामान्य संवेदनशील थाहा नभएको |
| १२. मतदानस्थलको भुभाग: तराई पहाड हिमाल | १३. मतदान गर्ने कुल मतदाताहरुको संख्या: ........................ |

### समापन

| | | हो | होइन | थाहा छैन |
|---|---|---|---|---|
| १४ | के यो मतदान केन्द्रमा मतदान कार्य समयमै समापन भयो ? | | | |
| १५ | के मतदान समापन हुने समयअघि लाइनमा आएका सबै मतदाताले मतदान गर्न पाएका थिए ? | | | |
| १६ | के मतदान सकिसकेपछि पनि कुनै मतदातालाई लाइनमा बस्न दिइएको थियो ? | | | |
| १७ | अन्तिम मतदाताले कुन् समयमा मतदान गरे ? | | | |
| १८ | के मतदान पुस्तिकाको अभिलेख बनाइएको थियो ? | | | |
| १९ | के मतदान केन्द्रको समापन शान्तिपूर्ण र अवरोध वा हिंसात्मक गतिविधिबाट मुक्त थियो ? | | | |
| २० | के प्रयोग नगरिएका र हस्ताक्षर गरिएका तथा नगरिएका मतपत्रहरूलाई खाममा सिलबन्दी गरि राखिएको थियो ? | | | |
| २१ | के यीमध्ये कुनै मतदान पुस्तिकाको अभिलेखमा छुटेका थिए ?<br>सिलका सिरियल नम्बरहरू मतदान कर्मचारीका नामहरू उपस्थित दलीय प्रतिनिधिहरू उजुरी/विरोधहरू | | | |
| २२ | के गणना केन्द्रतर्फ ढुवानी गर्नुअघि मतपेटिकाका प्वालहरूमा सिल लगाइएको थियो ? | | | |
| २३ | के सम्वेदनशील सामग्रीहरू उचित ढंगले प्याकिङ गरिएको थियो ? | | | |
| २४ | के समापन प्रक्रियाको दौरानमा मतदान अधिकृत मतदान केन्द्रमा उपस्थित थिए ? | | | |
| २५ | के समापन प्रक्रियाको दौरानमा मतदान केन्द्रमा सुरक्षाकर्मीहरू उपस्थित थिए ? | | | |
| २६ | के समापन प्रक्रिया मतदान केन्द्रको भित्र र बाहिर दुवै ठाउँमा त्रासबाट मुक्त थियो ? | | | |
| २७ | के मतपेटिकाहरू मतदान केन्द्रबाट गणना केन्द्रतर्फ ढुवानी गर्दा दलका प्रतिनिधि तथा/अथवा पर्यवेक्षकहरू पछि पछि गए ? | | | |
| २८ | हिंडेको समय (२४ घण्टे समयमा): ........................... | | | |

### प्रक्रियाको समग्र मूल्यांकन

निर्देशनहरू: यो स्थानको निर्वाचन वातावरण तथा मतदान प्रक्रियाबारे तपाईंको मूल्यांकनलाई सबैभन्दा राम्ररी जनाउने वयानमा ✓ चिन्ह लगाउनुहोस् । यदि तपाईंको जवाफ "कमजोर" वा "धेरै कमजोर" भन्ने छ भने, तपाईंले प्रतिक्रियाको खण्डमा थप स्पष्टीकरण उल्लेख गर्नु जरूरी हुनेछ ।

य धेरै राम्रो - पद्धतिहरूको संचालन व्यवसायिक ढंगमा गरिएको । उल्लेखयोग्य अनियमितता नभएको । अधिकांश प्रश्नहरूको सकारात्मक मूल्यांकन गरिएको ।
य राम्रो - पद्धतिहरूको सम्मान गरिएको । सामान्य समस्याहरू । तिनीहरूको निराकरण पाइएको । सकारात्मक पर्यवेक्षण ।
य कमजोर - केही पद्धतिहरूको सम्मान नगरिएको । जे भएपनि समग्र मतदानको प्रक्रिया नराम्ररी प्रभावित नभएको ।
य धेरै कमजोर - पर्यवेक्षण गरिएका समस्याहरूको मतदान प्रक्रियामा नकारात्मक असर परेको । धेरै अथवा प्रमुख प्रश्नहरूको नकारात्मक मूल्यांकन गरिएको । यस मतदानस्थलको परिणामको वैधतामाथि सन्देह हुन सक्ने ।

| | |
|---|---|
| २९ | पर्यवेक्षक क, यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे तपाईंको मूल्यांकनलाई सबैभन्दा राम्ररी व्यक्त गर्ने विकल्प छान्नुहोस् :<br>अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर |
| ३० | पर्यवेक्षक ख, यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे तपाईंको मूल्यांकनलाई सबैभन्दा राम्ररी व्यक्त गर्ने विकल्प छान्नुहोस् :<br>अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर |
| ३१ | यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे संयुक्त मूल्यांकन कस्तो छ ? :<br>अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर |
| ३२ | तपाईंको समूहले गरेका मूल्यांकनका मूख्य कारणहरू के हुन् ? |

### प्रतिक्रियाहरु

निर्देशनहरू: कृपया तपाईंले पर्यवेक्षण गर्नुभएको मतदान केन्द्रमा भएका उजुरी वा अनियमितताको विवरण दिनुहोस्, साथै केन्द्रमा उपस्थित रहेका व्यक्तिहरूले जानकारी दिएका घटनाहरूको विवरण पनि उल्लेख गर्नुहोस् । तपाईंले होइन भनी जवाफ दिएका हरेक पर्यवेक्षण प्रश्नको सम्बन्धमा व्याख्या गर्नुपर्नेछ । तलको प्रतिकृया खण्ड पनि तपाईंले गरेका अप्रत्यक्ष पर्यवेक्षणका लागि हो, जुन तपाईंले प्राप्त गर्नुभएको जानकारी अन्य कोहीबाट आएको हो, तपाईंले आफैं प्रत्यक्ष पर्यवेक्षण गर्नुभएको होइन । माथिको चेकलिस्टका जवाफहरूमा अप्रत्यक्ष पर्यवेक्षणलाई आधार बनाइनु हुँदैन । यदि थप स्थान आवश्यक भएमा कृपया रिपोर्ट फारममा थप कागज संलग्न गर्नुहोस् ।

# गणना सूचि

**द कार्टर सेन्टर निर्वाचन पर्यवेक्षण नियोग – नेपाल २०१३**
**गणना**

| | | | | |
|---|---|---|---|---|
| १. जीपीएस स्थान: ................... २. आएको समय (२४ घण्टे समयमा): ............. | | ३. क्षेत्र: पूर्व मध्य तराई पश्चिम मध्यपश्चिम सुदूरपश्चिम | | |
| ४. जिल्ला: .................................... ५. निर्वाचन क्षेत्र नं.: ...................... | | ६. गणना स्थलको नाम: ........................ | | |
| ७. यो निर्वाचनक्षेत्रको वर्गीकरण: उच्च संवेदनशील सामान्य संवेदनशील थाहा नभएको | | | | |
| भण्डारबाट निकाल्ने र खोल्ने | | | | |
| | | हो | होइन | थहा छैन |
| ८ | के गणना शुरू हुनुअघि नै सबै मतपेटिकाहरू प्राप्त गरिएको र आवश्यक कामहरू पूरा गरिएको थियो ? | | | |
| ९ | गणना शुरू हुनुअघि, के निर्वाचन अधिकृतले मतगणना शुरू हुने समयको बारेमा सूचना प्रकाशित गरे ? | | | |
| १० | गणना शुरू हुनुअघि, के निर्वाचन अधिकृतले सबै मतपेटिकाहरूको जाँच गरे ? | | | |
| ११ | गणना शुरू हुनुअघि, के सबै सुरक्षा सिल नम्बरहरू मतदान केन्द्रमा गरिएको अभिलेखसँग दुरूस्त थिए ? | | | |
| १२ | गणना शुरू हुनुअघि के सबै मतपेटिकाहरूको सिल राम्ररी लगाइएको थियो र तिनीहरू नोक्सानी हुनबाट जोगिएका थिए ? | | | |
| | **गणना** | | | |
| १३ | गणना कुन समयमा शुरू भयो ? (२४ घण्टे समयमा) | | | |
| १४ | मतदान केन्द्रमा उपस्थित प्रतिनिधिहरूमध्ये कुन राजनीतिक दल वा उम्मेदवारका प्रतिनिधिहरू उपस्थित थिए ? क. एनेकपा(माओवादी) ख. नेपाली कांग्रेस ग. नेकपा(एमाले) घ. राप्रपा ङ. राप्रपा-नेपाल च. मधेशी जनाधिकार फोरम-नेपाल छ. मधेशी जनाधिकार फोरम लोकतान्त्रिक ज. तमलोपा झ. अन्य | | | |
| १५ | राजनीतिक दल वा उम्मेदवारका तर्फबाट जम्मा कतिजना प्रतिनिधिहरू उपस्थित थिए ? | | | |
| १६ | कतिजना घरेलु पर्यवेक्षकहरू उपस्थित थिए ? | | | |
| १७ | यदि प्रश्न नं. १६ को उत्तर ० (शुन्य) भन्दा बढी भए, घरेलु पर्यवेक्षकहरूमध्ये कुन संस्थाका पर्यवेक्षकहरू गणना स्थलमा उपस्थित थिए ? नियोक इओसी डिउ इन्सेक डियोक अन्य कुनै पनि होइन | | | |
| १८ | के अधिकारप्राप्त व्यक्तिहरूलाई उनीहरूको काममा अवरोध गरिएको थियो ? | | | |
| १९ | यदि हो भने, कुन व्यक्तिहरूलाई अवरोध गरिएको थियो ? दलका प्रतिनिधि घरेलु पर्यवेक्षकहरू अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू मतदान कर्मचारीहरू | | | |
| २० | के कुनै अनधिकृत व्यक्ति उपस्थित थिए ? | | | |
| २१ | के पुनः मतदानका कारण गणनामा ढिलाई भएको थियो ? | | | |
| २२ | के गणना कर्मचारीले पेटिकामा कतिवटा मतहरू छन् भन्ने निश्चित गर्न सबै मतपत्रहरूलाई घोप्टो पारेर गणना गरे ? | | | |
| २३ | हरेक पेटिका खोलीसकेपछि, के निर्वाचन अधिकृतले हरेक पेटिकामा रहेका मतहरूको संख्या फारम नं. ७ मा अभिलेखित गरे ? | | | |
| २४ | के गणना गर्नुपूर्व फरक फरक मतदान केन्द्रका मतपत्रहरूलाई एकै ठाउँमा मिसाइयो ? | | | |
| २५ | के गणना कर्मचारीले सदर मतपत्र, बदर मतपत्र, खाली मतपत्र र विवादित मतपत्रलाई अलग अलग छुट्याए ? | | | |
| २६ | गणना शुरू भएपछि, के गणना कर्मचारीले दल वा उम्मेदवारका प्रतिनिधि तथा पर्यवेक्षकहरूलाई हरेक मतपत्र देखाए ? | | | |
| २७ | के पहिचानका कार्यहरू (फारम नं. १५) प्रत्यक्ष तथा समानुपातिक दुवैतर्फका मतगणनाको अन्त्यमा भरिएका थिए ? ध्भचभ चभअयनलष्शबलअभ मभभमक ९ँयचक ज्ञछ० र्षिभिम ष्ल बत तजभ भलम या खयतभ अयगलतष्लन ायच दयतज ँएतए बलम एच्रू | | | |
| २८ | के मतहरूलाई बदर गर्ने निर्णयहरू नियमसम्मत ढंगमा गरिएका थिए ? | | | |
| २९ | के विवादित मतपत्रहरूलाई प्रमाणिकरणका लागि छेउमा राखिएको थियो ? | | | |
| ३० | के दल वा उम्मेदवारका प्रतिनिधिहरूले कुनै समयमा पुनः गणना गर्न आग्रह गरे ? | | | |
| ३१ | के निर्वाचन अधिकृतले प्रत्यक्ष तथा समानुपातिकका गणना परिणामहरू सार्वजनिक गर्नका लागि सूचना पाटीमा टाँस गरे ? | | | |
| ३२ | बदर मतको प्रतिशत कति थियो ? | | | |
| ३३ | के गणना निरन्तर प्रक्रियाका रूपमा चलिरह्यो | | | |

# गणना सूचि
*(निरन्तरता)*

| | |
|---|---|
| ३४ | गणना पूरा नभईसकेका स्थानमा, के मतपत्रहरू पेटिकामा राखिएका र सुरक्षित ढंगमा भण्डारण गरिएका थिए ? |
| ३५ | गणनाको समाप्तिमा, के दलका प्रतिनिधिहरूले अन्तिम कागजातहरूमा हस्ताक्षर गरे ? |
| ३६ | के गणना कर्मचारीहरू उनीहरूले अनुसरण गर्नुपर्ने पद्धतिहरूबारे सुपरिचित थिए ? |
| ३७ | के गणना अधिकृतहरूले गणना फारम भरे र हस्ताक्षर गरे ? |
| ३८ | के तपाईं हिँड्नु अघिसम्म गणना केन्द्रमा कुनै औपचारिक उजुरी दर्ता भएका थिए ? |
| ३९ | यदि थिए भने, के उजुरीहरूको सम्बोधन पद्धतिअनुरूप गरिएको थियो ? |
| ४० | उजुरीकर्ता को थिए ? दलका प्रतिनिधि उम्मेदवार मतदाता अन्य |
| ४१ | के तपाईं गणना प्रक्रियाका सबै पक्षहरूको पर्यवेक्षण गर्न सक्षम हुनुहुन्थ्यो ? |
| **प्रक्रियाको समग्र मूल्यांकन** | |
| निर्देशनहरू: यो स्थानको निर्वाचन वातावरण तथा मतदान प्रक्रियाबारे तपाईंको मूल्यांकनलाई सबैभन्दा राम्ररी जनाउने वयानमा ✓ चिन्ह लगाउनुहोस् । यदि तपाईंको जवाफ “कमजोर” वा “धेरै कमजोर” भन्ने छ भने, तपाईंले प्रतिक्रियाको खण्डमा थप स्पष्टीकरण उल्लेख गर्नु जरूरी हुनेछ । | |
| य धेरै राम्रो - पद्धतिहरूको संचालन व्यवसायिक ढंगमा गरिएको । उल्लेखयोग्य अनियमितता नभएको । अधिकांश प्रश्नहरूको सकारात्मक मूल्यांकन गरिएको ।<br>य राम्रो - पद्धतिहरूको सम्मान गरिएको । सामान्य समस्याहरू । तिनीहरूको निराकरण पाइएको । सकारात्मक पर्यवेक्षण ।<br>य कमजोर - केही पद्धतिहरूको सम्मान नगरिएको । जे भएपनि समग्र मतदानको प्रक्रिया नराम्ररी प्रभावित नभएको ।<br>य धेरै कमजोर - पर्यवेक्षण गरिएका समस्याहरूको मतदान प्रक्रियामा नकारात्मक असर परेको । धेरै अथवा प्रमुख प्रश्नहरूको नकारात्मक मूल्यांकन गरिएको । यस मतदानस्थलको परिणामको बैधतामाथि सन्देह हुन सक्ने । | |
| ४२ | पर्यवेक्षक क, यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे तपाईंको मूल्यांकनलाई सबैभन्दा राम्ररी व्यक्त गर्ने विकल्प छान्नुहोस् :<br>अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर |
| ४३ | पर्यवेक्षक ख, यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे तपाईंको मूल्यांकनलाई सबैभन्दा राम्ररी व्यक्त गर्ने विकल्प छान्नुहोस् :<br>अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर |
| ४४ | यस मतदान केन्द्रको निर्वाचनको वातावरण र मतदान प्रक्रियाबारे संयुक्त मूल्यांकन कस्तो छ ? :<br>अत्यन्त राम्रो राम्रो कमजोर अत्यन्त कमजोर |
| ४५ | तपाईंको समूहले गरेका मूल्यांकनका मूख्य कारणहरू के हुन् ? |
| **प्रतिक्रियाहरु** | |
| ४६ | छाडेको समय (२४ घण्टे समयमा): ..................................... |
| निर्देशनहरू: कृपया तपाईंले पर्यवेक्षण गर्नुभएको मतदान केन्द्रमा भएका उजुरी वा अनियमितताको विवरण दिनुहोस्, साथै केन्द्रमा उपस्थित रहेका व्यक्तिहरूले जानकारी दिएका घटनाहरूको विवरण पनि उल्लेख गर्नुहोस् । तपाईले होइन भनी जवाफ दिएका हरेक पर्यवेक्षण प्रश्नको सम्बन्धमा व्याख्या गर्नुपर्नेछ । तलको प्रतिकृया खण्ड पनि तपाईंले गरेका अप्रत्यक्ष पर्यवेक्षणका लागि हो, जुन तपाईंले प्राप्त गर्नुभएको जानकारी अन्य कोहीबाट आएको हो, तपाईले आफैं प्रत्यक्ष पर्यवेक्षण गर्नुभएको होइन । माथिको चेकलिस्टका जवाफहरूमा अप्रत्यक्ष पर्यवेक्षणलाई आधार बनाइनु हुँदैन । यदि थप स्थान आवश्यक भएमा कृपया रिपोर्ट फारममा थप कागज संलग्न गर्नुहोस् । | |
| | |

अनुसूची जः

# अनुमतिपत्रहरू

महामहिम,

नेपाल तथा यहाँका जनताप्रति यहाँको उत्कट आकर्षणका साथसाथै गएको एक दशकदेखि नेपालमा शान्ति प्रक्रिया तथा स्थायित्वको प्रबर्द्धन गर्ने कार्यमा कार्टर सेन्टरको सक्रिय संलग्नतालाई सम्मानित गर्न पाउनु मेरो लागि गौरवको विषय हो । म यसै वर्षको मार्च महिनामा यहाँले गर्नुभएको नेपाल भ्रमणलाई सम्झन चाहन्छु जसमा यहाँले संविधानसभाको नयाँ निर्वाचनका तयारीहरुप्रति व्यक्तिगत रुपमा धेरै चासो राख्नुभयो ।

तत्कालीन संविधानसभाको कार्य पूर्ण सम्पन्न नभै मे २०१२ मा समयावधि सकिएपछि लम्बिएका राजनीतिक समस्याहरु समाधान गर्नेतर्फ राजनीतिक दलहरुद्वारा श्रृंखलाबद्ध प्रयासहरु गरिए । तथापि, ती प्रयासहरु साझा धरातल प्राप्त गर्न असफल रहे । अन्ततः, प्रमुख राजनीतिक दलहरुको समग्र बुद्धिमत्ताद्वारा स्वतन्त्र र निष्पक्ष तवरमा संविधानसभाको निर्वाचन गर्ने मुख्य अभिप्रायका साथ मेरो नेतृत्वमा एक तटस्थ र निष्पक्ष निर्वाचन सरकार गठन गर्ने निर्णय गरियो ।

मेरो नेतृत्वको सरकारले आफ्नो सम्पूर्ण प्रयास १९ नोभेम्बर २०१३ मा निर्वाचन सम्पन्न गराउनमा केन्द्रित गरेको छ । आवश्यक तयारीहरु सम्पन्न भैसकेका वा तीव्रताका साथ जारी अवस्थामा छन् । निर्वाचनले नयाँ संविधान निर्माणका लागि ताजा जनादेश प्राप्त गर्ने र नेपाली जनताको अपेक्षाबमोजिम शान्ति प्रक्रियाको तार्किक निष्कर्षमा पुग्ने हामीले ठानेका छौं ।

कार्टर सेन्टरको निर्वाचन पर्यवेक्षणमा लामो अनुभव छ । यसले सन् २००८ मा नेपालमा भएको संविधानसभाको निर्वाचन पर्यवेक्षणमा महत्वपूर्ण भूमिका खेलेको थियो । सेन्टरको नेपालसँगको लामो सम्बन्ध तथा नेपालको शान्ति, प्रगति तथा स्थायित्वप्रति यहाँको व्यक्तिगत अभिलाषाको परिप्रेक्ष्यमा, यहाँलाई संविधानसभाको निर्वाचनको दौरानमा एक अन्तर्राष्ट्रिय पर्यवेक्षकको रुपमा नेपाल भ्रमणको निम्ता गर्न पाउँदा म गौरवान्वित भएको छु ।

महामहिम, म यहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

खिलराज रेग्मी
अध्यक्ष

महामहिम श्री जिम्मी कार्टर
द कार्टर सेन्टर

एटलान्टा, जर्जिया

मन्त्रीपरिषद् अध्यक्षको लेटरहेडमा लेखिएको यो पत्र अनुवाद गरिएको हो । यसको सक्कल अंग्रेजी भाषामा लेखिएको छ ।

प.सं./च.नं.: २०७०/७१/८०

१९ सेप्टेम्बर २०१३

द कार्टर सेन्टर, नेपाल
हात्तिसार, काठमाडौं

विषयः मान्यता दिइएको सूचना ।

महोदय,

मिति ९ सेप्टेम्बर २०१३ मा प्राप्त भएका तहाँको आवेदन तथा कागजातहरुको सन्दर्भमा, निर्वाचन आयोग, नेपालले द कार्टर सेन्टर, नेपाललाई आगामी १९ नोभेम्बर २०१३ का दिन सम्पन्न हुने संविधानसभा निर्वाचनको पर्यवेक्षण गर्नका लागि मान्यता दिने निर्णय गरेको जानकारी गराउन पाउँदा हामी हर्षित छौं । सो सम्बन्धमा त्यस कार्यालयबाट खटाइने पर्यवेक्षकहरुको विवरण निर्दिष्ट ढाँचामा तयार गरी यथाशीघ्र पेश गर्नुहुन अनुरोध छ । पर्यवेक्षकहरुको विवरण सफ्ट कपी (एक्सेल सिट) मा प्रदान गरिदिन समेत अनुरोध छ । थप जानकारीका लागि कृपया हाम्रो वेबसाइटमा हेर्नुहोलाः www.election.gov.np/observer

यहाँका जिज्ञासाहरुलाई हामी ध्यान दिनेछौं ।

शुभेच्छासहित,

ऋषिराज आचार्य
शाखा अधिकृत
निर्वाचन आयोग नेपाल

निर्वाचन आयोगको लेटरहेडमा लेखिएको यो पत्र अनुवाद गरिएको हो । यसको सक्कल अंग्रेजी भाषामा लेखिएको छ ।

# कार्टर सेन्टरबारे एक झलक

कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा विश्वमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो । लाभरहित उद्देश्यको एक गैरसरकारी संस्था, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रबर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै ८० देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ । कार्टर सेन्टरबारे थप जान्नका लागि कृपया www.cartercenter.org मा जानुहोस् ।


Martin Frank

THE
CARTER CENTER

वन कोपेनहिल
४५३ फ्रिडम पार्कवे
एटलान्टा, जीए ३०३०७
(४०४) ४२०-५१८८
www.cartercenter.org